# स्थिति सूचक

नेपाल मानव अधिकार वर्ष पुस्तकको
त्रैमासिक प्रकाशन

वर्ष २८, अङ्क १-२ (संयुक्त)
साउन, २०७७

## प्रदेशगत आधारमा महिला हिंसाबाट पीडित सङ्ख्या (जनवरी-जुन २०२०)

कुल: ९४६

**कर्णाली प्रदेश – ९६**
- (४) कथित बोक्सीको आरोपमा
- (१५) बलात्कार
- (५) बलात्कारको प्रयास
- (१३) बहुविवाह
- (५१) घरेलु हिंसा
- (८) यौन दुर्व्यवहार

**गण्डकी प्रदेश – १२०**
- (२०) बलात्कार
- (३) बलात्कारको प्रयास
- (४) बहुविवाह
- (९०) घरेलु हिंसा
- (३) यौन दुर्व्यवहार

**बागमती प्रदेश – १७१**
- (२) बेचबिखन तथा ओसारपसार प्रयास
- (८८) बलात्कार
- (१६) बलात्कारको प्रयास
- (३३) बहुविवाह
- (४) बेचबिखन तथा ओसारपसार
- (२२) घरेलु हिंसा
- (६) यौन दुर्व्यवहार

**प्रदेश १ – १११**
- (१) बेचबिखन तथा ओसारप्रसार प्रयास
- (४३) बलात्कार
- (१५) बलात्कारको प्रयास
- (२१) बहुविवाह
- (७) बेचबिखन तथा ओसारपसार
- (२४) घरेलु हिंसा




**सुदूरपश्चिम प्रदेश – १११**
- (२) कथित बोक्सीको आरोपमा
- (२५) बलात्कार
- (३) बलात्कारको प्रयास
- (१) बहुविवाह
- (१) बेचबिखन तथा ओसारपसार प्रयास
- (७६) घरेलु हिंसा
- (३) यौन दुर्व्यवहार

**प्रदेश ५ – २६८**
- (१) कथित बोक्सीको आरोपमा
- (३४) बलात्कार
- (९) बलात्कारको प्रयास
- (७) बहुविवाह
- (९) बेचबिखन तथा ओसारपसार
- (२०७) घरेलु हिंसा
- (१) यौन दुर्व्यवहार

**प्रदेश २ – ६९**
- (१०) कथित बोक्सीको आरोपमा
- (२५) बलात्कार
- (१३) बलात्कारको प्रयास
- (७) बहुविवाह
- (३) बेचबिखन तथा ओसारपसार
- (९) घरेलु हिंसा
- (२) यौन दुर्व्यवहार

## मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाको सारांश

मानव अधिकार र सामाजिक न्यायका निम्ति
**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित**

**प्रधान सम्पादक**
श्रीराम बजगाईं

**सम्पादन**
गोविन्दप्रसाद त्रिपाठी
रमेशप्रसाद तिमिल्सिना

**तथ्याङ्क प्रशोधन**
अनुज केसी

पोष्ट बक्स नं. २७२६
नागार्जुन नपा–१०, स्यूचाटार
काठमाडौँ, नेपाल
फोन : ५२१८७७०
फ्याक्स : ५२१८२५१
Email : insec@insec.org.np
Web site : www.insec.org.np
www.inseconline.org

# यस अङ्कमा ....

स्थापनाकालदेखि मानव अधिकारको अवस्था अनुगमन तथा प्रलेख गर्ने कार्य इन्सेकको प्रमुख कार्यक्रम रहँदै आएको छ। सन् १९९२ मा पहिलो पटक नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशनमार्फत सुरुवात गरिएको मानव अधिकार प्रलेखको कार्यलाई इन्सेकले संस्थागत गरेको छ। प्रत्येक वर्ष फागुन ७ गते नेपाल मानव अधिकार वर्ष पुस्तक र आवधिक रूपमा मानव अधिकार स्थितिसूचक प्रकाशन गरी इन्सेकले प्रलेख गरेका घटनाका तथ्य तथ्याङ्क सार्वजनिक गर्ने गरेको छ। नेपालको मानव अधिकार संरक्षण र संवर्धनको अभियानमा इन्सेकका प्रकाशनले महत्त्व राखेका छन्। मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाका पीडितहरू, नागरिक समाज, सञ्चार जगत, तथा अन्तर्राष्ट्रिय समुदायका लागि इन्सेकका प्रकाशनले पैरवीको लागि प्रमाणको रूपमा सहयोग गरेको महसुस गरेका छौँ। साथै, न्याय सम्पादन गर्ने निकाय, कानुन कार्यान्वयन गर्ने नियामक निकाय र नीति निर्माताहरूलाई इन्सेकका प्रकाशन तथा प्रलेखले अध्ययन तथा श्रोत सामग्रीको रूपमा सहयोग गरेको अनुभव हामीले गरेका छौँ।

इन्सेकले गर्ने मानव अधिकार प्रलेखको कार्यको मानकका रूपमा नेपालको संविधान, मानव अधिकारको विश्वव्यापी घोषणापत्र तथा नेपाल अनुबन्धित मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि तथा महासन्धिहरू रहेका छन्। मानव अधिकार अनुगमन तथा प्रलेखको कार्य गर्न इन्सेकले ७७ जिल्लामा आफ्ना प्रतिनिधिहरूसँग हातेमालो गर्दै आएको छ। मानव अधिकार उल्लङ्घन घटनाहरूको अनुगमन तथा पीडितसँग सम्पर्क गरी सङ्कलन गरिएका घटना तथा तथ्याङ्कहरूको सार्वजनिक निकाय र कानुन कार्यान्वयन गर्ने निकायसँग पुनःपुष्टि गरी घटनाको सङ्ग्रह गरिएको छ। न्याय प्रक्रियामा प्राप्त परिणामको आधारमा परीक्षण समेत गरी प्रशोधन गरिएको तथ्याङ्क र विवरण यस प्रकाशनमा सामेल गरिएको छ। इन्सेकले आफूले गरेको प्रलेख कार्यमा नेपालमा भएका अधिकतम घटनाहरूको अनुगमन तथा प्रलेख गर्न गरेको प्रयत्नमा सुधारका लागि यहाँहरूको रचनात्मक सुझाव र अमुल्य सहयोग सदैव स्वीकार्य रहनेछ।

गएको ६ महिनाको अवधि विश्व इतिहासको सापेक्षतामा अत्यन्त कठिन समयमध्ये भएको अनुभव मानव जातिले गर्नु परेको छ। यही अवधिमा कोरोना भाइरस (कोभिड–१९) नामक महाव्याधिले जनजीवन आक्रान्त पारेको छ। अभ्यासरत तथा कानुन र संविधानप्रदत्त हक अधिकारहरू स्वास्थ्य जोखिम न्यूनीकरण र रोकथामका प्रयत्नहरूका कारण कुण्ठित भएका छन्। कोभिड–१९ को प्रकोपले विश्व जगतमा त्रास र भयको सञ्चार गर्नुका साथै स्थापित संरचना र प्रणालीको प्रभावकारिताप्रति संशय पैदा गरेको छ। मानव अधिकार संरक्षण, संवर्धन तथा परिपालनामा सहकार्य र संयुक्त प्रयासहरू थप सुदृढ गरिनु पर्ने आवश्यकता देखिएको छ।

कोभिड–१९ को महाव्याधिको समयमा समेत नेपालमा ज्यादती र मानव अधिकार उल्लङ्घनका घटनामा कमी आएका छैनन्। विगतमा झैँ यस अर्धवार्षिक अवधिमा पनि राज्यले नागरिकको आधारभूत अधिकारको रक्षा र सुनिश्चितता गर्न नसकेका २ सय ६५ घटनाहरू इन्सेकले प्रलेख गरेको छ। त्यसैगरी अन्यपक्षबाट भएका १ हजार ८ सय ६१ घटनाहरू अभिलेखित छन्। महिला र बालबालिका माथि हुने हिंसा तथा अधिकार उल्लङ्घनका घटनाहरू अधिक सङ्ख्यामा देखिएका छन्। नेपालको संविधानले मानव अधिकारका आधारभूत मान्यताहरूलाई सुनिश्चित गरे पश्चात राज्यले सामाजिक न्याय र विधिको शासन पालनाको अवस्थामा सुधार गर्नु पर्ने थुप्रै कार्यहरू अझै अधुरा छन्।

मानव अधिकार स्थिति सूचकको यो अङ्क २०७६ पुस १६ गतेदेखि २०७७ असार १६ गतेसम्मका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाका तथ्य–तथ्याङ्क र प्रतिनिधिमूलक घटना विवरण समेटेर प्रकाशन गरिएको छ। घटना तथा तथ्यहरूको विश्लेषण गरी नागरिक समाजको तर्फबाट प्रदान गर्नु पर्ने सुझावहरू प्रदेशगत रूपमा सम्पन्न गर्न यस प्रकाशनले महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास इन्सेकले लिएको छ।

# तथ्याङ्कमा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाको सारांश

### (२०७६ पुस १७ देखि २०७७ असर १६ सम्मको मानव अधिकारको अवस्था)

इन्सेकको अभिलेख अनुसार सन् २०२० को पहिलो ६ महिना (जनवरी–जुनसम्म) मा देशभर मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा २ हजार १ सय २६ जना पीडित भएको देखिन्छ। यो सङ्ख्या इन्सेकले सोही अवधिमा गरेका अघिल्लो वर्षको भन्दा १ हजार ७ सय २६ ले कम हो। मानव अधिकार उल्लङ्घनका घटनामा राज्यपक्षबाट २३ जना महिलासहित २ सय ६५ जना पीडित भएका छन् । अभिलेखित घटना अनुसार गिरफ्तारीका घटनामा ११ जना महिलासहित १ सय ६६ जना, कुटपिटका घटनामा १० जना महिलासहित ५७ जना र धम्कीका घटनामा पाँच जना पीडित भए। यो अवधिमा राज्यपक्षबाट दुई जनाको हत्या भयो भने चार जना प्रहरी हिरासतमा भएको यातनाका कारण पीडित भए।

अन्यपक्षबाट एक जना तेस्रो लिङ्गी, २ सय ३५ जना पुरुष र १ हजार ६ सय २४ जना महिला गरी १ हजार ८ सय ६१ जना पीडित भए। अभिलेखित घटना अनुसार एक जना तेस्रो लिङ्गी, ६२ जना महिलासहित १ सय २७ जनाको हत्या भयो। यो अवधिमा सबैभन्दा बढी महिलाविरुद्ध हुने हिंसाका घटनामा ९ सय ४६ जना महिला पीडित भए । बालबालिकाविरुद्ध भएका हिंसाका कारण २६ जना बालकसहित ५ सय ९६ जना पीडित भए। अपहरणका घटनामा एक जना पुरुषसहित पाँच जना, जातीय विभेदका घटनामा तीन जना महिलासहित १४ जना, कुटपिटका घटनामा २६ जना महिलासहित १ सय ३८ जना पीडित भए।

**प्रदेशगत आधारमा हत्या भएका व्यक्तिहरूको सङ्ख्या (जनवरी–जुन २०२०)**



## बालबालिकाविरुद्ध हुने हिंसा

इन्सेकले राखेको अभिलेख अनुसार सन् २०२० को पहिलो ६ महिना (जनवरी–जुनसम्म) देशभर बालबालिकाविरुद्ध भएका हिंसाका घटनामा २६ जना बालकसहित ५ सय ९६ जना पीडित भए। अभिलेखित घटना अनुसार यो अवधिमा बलात्कार घटनाबाट ३ सय ७६ बालिका, यौन दुर्व्यवहार घटनाबाट आठ जना बालकसहित १ सय ५२ जना बालबालिका पीडित भए। त्यसैगरी बेचबिखनका घटनामा १२ जना बालिका, बालश्रमका घटनामा तीन जना बालकसहित आठ जना, बालविवाहका घटनामा चार जना बालकसहित २८ जना र विद्यालयमा दिइने शारीरिक दण्ड सजायबाट तीन जना बालिकासहित १२ जना पीडित भए।

### घटनाका प्रकार अनुसार पीडित सङ्ख्या (जनवरी–जुन २०२०)

| | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | तेस्रो लिङ्गी | नखुलेको | जम्मा | कूल जम्मा |
| अपहरण | | | | ४ | १ | | | ५ | ५ |
| गिरफ्तार | ११ | १५५ | १६६ | | | | | | १६६ |
| कुटपिट | १० | ४७ | ५७ | २६ | ११२ | | | १३८ | १९५ |
| बाल अधिकार | | | | ५७० | २६ | | | ५९६ | ५९६ |
| जेलमा मृत्यु | | ५ | ५ | | | | | | ५ |
| आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | १ | २ | ३ | ३ | ५ | | १ | ९ | १२ |
| अमानवीय व्यवहार | १ | २ | ३ | १ | ५ | | | ६ | ९ |
| घाइते | | ११ | ११ | ७ | ६ | | | १३ | २४ |
| हत्या | | २ | २ | ६२ | ६४ | १ | | १२७ | १२९ |
| जातीय विभेद | | | | ३ | ११ | | | १४ | १४ |
| धम्की | | ५ | ५ | २ | ५ | | | ७ | १२ |
| यातना | | ४ | ४ | | | | | | ४ |
| महिला अधिकार | | | | ९४६ | | | | ९४६ | ९४६ |
| भेला/सङ्गठित हुने अधिकार | | ९ | ९ | | | | | | ९ |
| जम्मा | २३ | २४२ | २६५ | १६२४ | २३५ | १ | १ | १८६१ | २१२६ |


प्रदेशगत आधारमा बाल अधिकार उल्लङ्घनका पीडित सङ्ख्या (जनवरी–जुन २०२०)
५९६
कर्णाली प्रदेश ४७
२ विद्यालयमा शारीरिक सजाय
१ नवजात शिशुको हत्या
२१ बलात्कार
११ यौन दुर्व्यवहार
१२ बालविवाह
गण्डकी प्रदेश ५३
२ विद्यालयमा शारीरिक सजाय
४ बालविवाह
२५ बलात्कार
२२ यौन दुर्व्यवहार
बागमती प्रदेश १३३
४ बेचबिखन तथा ओसारपसार
१ बालविवाह
८८ बलात्कार
३ नवजात शिशुको हत्या
२ विद्यालयमा शारीरिक सजाय
३५ यौन दुर्व्यवहार
प्रदेश १ १३०
३ बेचबिखन तथा ओसारपसार
८ बालश्रम
१ बालविवाह
८५ बलात्कार
४ नवजात शिशुको हत्या
२९ यौन दुर्व्यवहार
सुदूरपश्चिम प्रदेश ४०
२९ बलात्कार
११ यौन दुर्व्यवहार
प्रदेश ५ ९०
५ बेचबिखन तथा ओसारपसार
३ बालविवाह
५५ बलात्कार
५ विद्यालयमा शारीरिक सजाय
२२ यौन दुर्व्यवहार
प्रदेश २ १०३
७ बालविवाह
७३ बलात्कार
१ विद्यालयमा शारीरिक सजाय
२२ यौन दुर्व्यवहार
लिङ्गगत आधारमा पीडित सङ्ख्या
५७०
२६


बाल अधिकार उल्लङ्घन पीडित सङ्ख्या
(जनवरी–जुन २०२०)
५९६
८
८
१२
१२
२८
१५२
३७६
बालश्रम
नवजात शिशुको हत्या
बेचबिखन तथा ओसारपसार
विद्यालयमा शारीरिक सजाय
बालविवाह
यौन दुर्व्यवहार
बलात्कार

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस अवधिमा देशभर महिला हिंसा तथा दुर्व्यवहारका घटनामा ९ सय ४६ जना पीडित भए। अभिलेखित घटना अनुसार यो अवधिमा बलात्कार घटनाबाट २ सय ५०, बलात्कार प्रयासका घटनामा ६४ र यौन दुर्व्यवहार घटनाबाट २३ जना पीडित भए। त्यसैगरी बेचबिखनका घटनामा २३ र बेचबिखनको प्रयासका घटनामा चार जना पीडित भए। कथित बोक्सीको आरोपमा १७ जना, बहुविवाहका घटनामा ८६ जना र घरेलु हिंसाबाट ४ सय ७९ जना पीडित भए।

## मानव अधिकार उल्लङ्घन र ज्यादतीका प्रतिनिधिमूलक घटना

इन्सेकले गरेको अभिलेख अनुसार विगत ६ महिनामा नेपालमा गम्भीर प्रकृतिका मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरू बढेका छन्। महिला तथा दलित हरूमाथि हुने संरचनागत हिंसा र दुर्व्यवहारका घटनामा वृद्धि भएको छ। घटना सङ्ख्या र प्रकृतिका आधारमा गरिएको विश्लेषण अनुसार विगत वर्षहरू भन्दा यस वर्ष यस्ता घटनामा राज्यको पनि संग्लनता बढेको पाइयो। निर्वाचित जनप्रतिनिधिमार्फत स्थानीय सरकार सञ्चालित भएको अवस्थामा विधिको शासनको अभ्यास सुदृढ भएर जानुको सट्टा प्रतिनिधिमूलक घटनामा जनप्रतिनिधिको समेत संलग्नता हुनुले गम्भीर चिन्ता उत्पन्न गरेको छ। सामाजिक न्याय, विधिको शासन र मानव अधिकार लोकतन्त्रका मुख्य आधार स्तम्भ हुन्। सामाजिक न्याय शासन पद्धतिको अभिन्न अङ्ग बन्न सकेन भने स्थिरता र विकासको जनचाहनालाई अस्थिरता र अराजकताले प्रतिस्थापन गर्ने खतरा बढेर जान्छ।

नेपालको संविधानले छुवाछूत र जातीय विभेद कल्पना समेत गरेको छैन। जातका आधारमा असमानता र विभेद गर्ने कार्यलाई प्रचलित कानुनले दण्डनीय अपराध भनेको छ। तर, यस अवधिमा इन्सेकले १४ जातीय विभेदका घटना अभिलेख गरेको छ। कथित उपल्लो जातकी बालिकासँगको प्रेम सम्बन्धका कारण रुकुम पश्चिममा जाजरकोटका युवा र उनका साथीहरूको हत्या गरिएको घटनाले नेपालमा जातीय छुवाछुतको संरचनागत विभेदलाइ प्रकट गरेको छ।

राजनीतिक तथा नागरिक अधिकार रक्षा र पालनाका दृष्टिबाट समेत यो अवधिमा राज्यले कानुनको परिपालना गर्न चुकेको घटनाहरू इन्सेकले सङ्ग्रह गरेको छ। राजनीतिक दल सम्बद्ध कार्यकर्ताहरूको गैरन्यायिक गिरफ्तारी र अदालतको आदेश विपरित अदालत परिसरमै पुनः गिरफ्तारीका घटना सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालमा दोहोरिनु बिडम्बना हो। महिला र बालबालिकामाथि हुने गरेका संरचनागत विभेदको निरन्तरता र जटिल प्रकृतिका घटनाको उदय हुनुले महिला अधिकार र बाल अधिकारको सुनिश्चिततामा प्रश्नहरू खडा भएका छन्। प्रकाशनको यो भागमा केही प्रतिनिधिमुलक घटनाको विश्लेषण प्रस्तुत गरिएको छ।

### (क) नागरिक तथा राजनीतिक अधिकार उल्लङ्घन

नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको प्रतिबन्धित नेपाल कम्युनिष्ट पार्टीका कार्यकर्ताहरूमध्ये केन्द्रीय सदस्य ४२ वर्षीय उमा भुजेललाइ नेपाल प्रहरीले अदालतको आदेश उल्लङ्घन गर्दै निरन्तर गिरफ्तार गर्दै आएको छ। २०७७ जेठ २० गते कैलाली प्रहरीले गोरखा नगरपालिका–१३ बाट गिरफ्तार गरी गोरखा प्रहरीलाई जिम्मा लगायो। भुजेलविरुद्ध प्रहरीले जेठ २१ गते सार्वजनिक शान्तिविरुद्धको कसुरमा गोरखा अदालतमा दर्ता गरेको मुद्दामा अदालतले भुजेललाई जेठ २२ गते ५ हजार रुपियाँ धरौटी तारेखमा रिहा गर्ने आदेश दियो। प्रहरीले भुजेललाई जेठ २२ गते पुनः गिरफ्तार गरी हातहतियार तथा खरखजना मुद्दामा अनुसन्धानका लागि जेठ २२ गते नै ललिपुर पठाइएको छ। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

गोरखा नगरपालिका–१२ दशकिलो निवासी नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको प्रतिबन्धित नेकपाका कार्यकर्ता ४७ वर्षीय योगेन्द्र कुमाललाई २०७६ चैत २१ गते गोरखा नगरपालिका–१२ दशकिलोस्थित कुन्दुरटारबाट प्रहरीले गिरफ्तार गरी प्रारम्भिक अनुसन्धान पश्चात प्रतिबन्धित नेकपाका पूर्व सेक्रेटरी रहेको दावीसहित सार्वजनिक शान्तिविरुद्धको कसुरमा चैत २२ गते जिल्ला अदालत गोरखामा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतले २०७७ वैशाख १४ गते उनलाई २० हजार रुपियाँ धरौटी तारेखमा रिहा गर्ने आदेश दियो। धरौटी रकम बुझाउन नसकेपछि वैशाख १४ गते थुनामा पठाइएका कुमाल वैशाख २९ गते तोकिएको धरौटी रकम बुझाएर रिहा भएका कुमालको मुद्दाको फैसला यो वर्षको अन्त्यसम्म भएन।

### (ख) जातीय छुवाछूत र विभेदको बर्बरता

जाजरकोट जिल्ला भेरी नपा–४ का २१ वर्षीय नवराज

## प्रदेशगत आधारमा महिला हिंसाबाट पीडित सङ्ख्या (जनवरी–जुन २०२०)




## महिला हिंसाबाट पीडित सङ्ख्या (जनवरी–जुन २०२०)



बिकसहित १८ जना रुकुम पश्चिमको चौरजहारी नपाकी १७ वर्षीया बालिकालाई विवाह गर्ने उद्धेश्यले लिन भनी २०७७ जेठ १० गते सोती पुगेका बेला सोतीका स्थानीय बासिन्दाहरूले पीडितहरूलाई लखेट्दै भेरी नदीको किनारमा पुऱ्याई कुटपिट तथा आक्रमण गर्दा नवराज बिकसहित ६ जनाको मृत्यु भयो। घटनामा रुकुम पश्चिम जिल्ला चौरजहारी नपा–१ का २० वर्षीय टिकाराम नेपाली, जाजरकोट जिल्ला भेरी नपा–४ का २१ वर्षीय सन्जु बिक, १७ वर्षीय गोविन्द शाही, १७ वर्षीय गणेश बीएम, सोही नपा–११ का १८ वर्षीय लोकेन्द्र सुनारको मृत्यु भयो। जिल्ला प्रहरी कार्यालय, रुकुम पश्चिमले ३४ जनाविरूद्ध कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग र जातीय भेदभाव कसुरमा जेठ ३२ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। रुकुम पश्चिम जिल्ला अदालतका न्यायाधीश विद्याराज पौडेलको असार १० गतेको इजलासले चौरजहारी नपा–८ सोतीका वडाध्यक्ष ४१ वर्षीय डम्मर मल्लसहित २३ जनालाई पुर्पक्षका लागि थुनामा पठायो। इन्सेकसहित मानव अधिकार संस्थाका प्रतिनिधिहरूले जेठ १३ गतेदेखि जेठ १५ गतेसम्म घटनाको स्थलगत अध्ययन गरी सार्वजनिक गरेको प्रतिवेदनमा जातीय छुवाछुत प्रेरित पूर्ववत योजना अनुसार गरिएको हत्या भएको उल्लेख छ।

कास्की जिल्ला पोखरा महागरपालिका–१६ का ६० वर्षीय मोहन सुनारले पोखरा मनपा–१६ मा रहेको किरियापुत्री घरमा दलित समुदायलाई रोक लगाइएको भन्दै पोखरा महानगरपालिका–१६ बाटुलेचौरका ४० वर्षीय जनक थापा, ४३ वर्षीय देवबहादुर थापा र ४८ वर्षीय राम जिसीविरुद्ध २०७७ वैशाख १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितले दलित समुदायलाई काजकिरिया बस्न दिन मिल्दैन भनी ४९ वर्षीय दाजू सम्मरबहादुर सुनारको काजकिरिया गरिरहेका मोहन सुनारलाई घरमै पुगी छुवाछुतजन्य जातीय अपमान, गाली र धाकधम्की दिँदै सामुदायिक किरियापुत्री घरमा निषेध गरेको पीडितले बताए। प्रहरीले आरोपितहरूलाई गिरतार गरी जातीय छुवाछुत अभियोगमा जिल्ला अदालत कास्कीमा वैशाख २६ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश डण्डपाणी शर्माको वैशाख ३१ गतेको इजलासले रामबहादुर जीसी, जनक थापा र देवबहादुर थापालाई जनही १ लाख ७० हजार रुपियाँ धरौटी राखी तारेखमा रिहा गर्ने आदेश दियो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

## (ग) बाल अधिकार उल्लङ्घन : गम्भीर प्रकृतिका घटनाको पुनरावृत्ति

रूपन्देही जिल्ला देवदह नपा–११ की १३ वर्षीया अंगीरा पासीलाई २०७७ जेठ ९ गते साँझ बलात्कारपछि हत्या गरेको भन्दै पीडित पक्षले २५ वर्षीय कोइला भनिने वीरेन्द्र भर, भरकी ५० वर्षीया आमा अकाली भर र ५५ वर्षीया सितली भरविरुद्ध जेठ १३ गते इलाका प्रहरी कार्यालय बुटवलमा उजुरी दियो। आरोपित वीरेन्द्र भरले बालिकालाई गाउँ नजिकैको खरयानमा लगेर बलात्कार गरेको र गाउँलेहरूले देखेपछि नियन्त्रणमा लिई जेठ १९ गते बिहान देवदह नपा–११ का वडा अध्यक्ष अमरबहादुर चौधरीसहित गाउँलेले पीडित बालिकालाई आरोपित भरको जिम्मा लगाएको पीडित परिवारले आरोप लगायो। आरोपित कथित माथिल्लो जात भनिने र बालिका दलित समुदायको भएकोले बलात्कारको घटनाबाट जोगाउन बालिकालाई जेठ १० गते भरको जिम्मा लगाएर पठाइएको थियो। पीडित पक्षले घटना बारेमा जेठ १२ गते उजुरी दिँदा प्रहरीले नलिएपछि अधिकारकर्मीहरूको पहल र दबाबमा जेठ १३ गते इलाका प्रहरी कार्यालय बुटवलमा उजुरी दर्ता भयो। जिल्ला अदालतको असार ११ गतेको आदेशले आरोपितहरूलाई पुपर्क्षका लागि थुनामा पठायो। इन्सेकले घटनाका बारेमा जेठ १५ देखि १७ गतेसम्म स्थलगत अध्ययन गऱ्यो। स्थलगत अध्ययनमा बालिकामाथि भएको बलात्कार जस्तो जघन्य अपराधमा कानुनी उपचारको साटो आरोपितको जिम्मा लगाउने कार्य भएकाले जनप्रतिनिधि र समाजका अगुवाले नै कानुन विपरीत कार्य गर्दा थप अपराध जन्मिएको निश्कर्ष निकालिएको छ। घटना गम्भीर मानव अधिकारको उल्लङ्घन, जातीय भेदभाव र रहस्यमय रूपमा मृत्यु भएकाले अनुसन्धानको दायरा फराकिलो बनाउँदै पीडितलाई न्याय दिलाउन प्रहरी प्रशासनले गहिरो अनुसन्धान गर्नुपर्ने साउन ४ गते सार्वजनिक गरिएको अध्ययन प्रतिवेदनमा उल्लेख गरिएको छ।

## (घ) महिला अधिकार उल्लङ्घन : घरेलु हिंसाको बर्बरता

पर्सा जिल्ला बहुदरमाई नपा–८ रामनगरी टोलकी २५ वर्षीया उर्मीलादेवी पण्डितको चैत २२ गते परपुरुषसँग लागेको भनी हत्या गरेको आरोपमा प्रहरीले ५० वर्षीय ससुरा सुरेश पण्डित, ४५ वर्षीया सासू फूलकुमारी देवी पण्डित र उनीहरूकी कान्छी

बुहारी २३ वर्षीया मालती देवी पण्डितलाई चैत २२ गते गिरफ्तार गऱ्यो। शवलाई घाटमा लगेर अन्तिम संस्कार गरिरहेको अवस्थामा प्रहरीले चैत २२ गते बेलुकी ११:३० बजे उनीहरूलाई गिरफ्तार गरेको थियो। आधा भाग जलिसकेको अवस्थामा लाश नियन्त्रणमा लिइएको एसपी सोमेन्द्र सिंह राठोरले बताए। शवको पोष्टमार्टम चैत २३ गते वीरगञ्जको नारायणी अस्पतालमा भयो। उर्मिलाका पति वैदेशिक रोजगारमा रहेको प्रहरीले जनायो। टेम्पु चलाउने पेसामा संलग्न ससुरा पण्डितले आफ्नै टेम्पुमा शव राखेर बत्ति समेत नबाली अध्यारोमै घाटमा पुऱ्याएको स्थानीयले बताए। प्रहरीले आरोपित विरुद्ध कर्तव्य ज्यान मुद्दा चलाइएकोमा जिल्ला अदालत पर्साले आरोपितहरूलाई ०७७ वैशाख २१ गते पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

भक्तपुर जिल्ला सूर्यविनायक नगरपालिका–९ नंखेलकी ३२ वर्षीया पवित्रा ब्याञ्जुको २०७६ फागुन ३० गते हत्या गरेको भन्दै पति ३३ वर्षीय राजन ब्याञ्जुविरुद्ध पवित्राका दाजु साजन ब्याञ्जुले फागुन ३० गते महानगरीय प्रहरी वृत्त जगातीमा उजुरी दिए। आरोपितलाई प्रहरीले फागुन ३० गते घरबाटै गिरफ्तार गऱ्यो। आफ्नै घरमा मादक पदार्थ सेवन गरेका दुवै जनाबीच खाना पकाउने विषयमा विवाद हुँदा पतिले लात्ती, मुक्का र दाउराले हानेर हत्या गरेको अनुसन्धानमा खुलेको महानगरीय प्रहरी वृत्त जगातीका डिएसपी चक्रराज जोशीले बताए। शवको पोष्ट मार्टम त्रिवि शिक्षण अस्पताल महाराजगञ्जमा फागुन ३० गते गरिएको डिएसपी जोशीले बताए। जिल्ला अदालतको २०७६ चैत १२ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा छन्।

## (ङ) आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

अर्घाखाँची जिल्ला सितगङ्गा नपा–११ को प्रगतिशील सामुदायिक वन उपभोक्ता समितिको काठ २०७६ माघ १४ गते नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको प्रतिबन्धित नेकपाले पार्टीको झण्डा गाडेर कब्जामा लिएको विज्ञप्तिमार्फत जनायो। बनको काठ अवैध रूपमा उपभोक्ता समितिका अध्यक्ष र काठ ठेकेदारले मिलेमतोमा काठ विक्री वितरण गरेको आरोपमा कब्जा गरेको विज्ञप्तिमा उल्लेख गरिएको थियो। उक्त घटनाको आरोपमा यो वर्षको मध्यसम्म कोही गिरफ्तार नभएको प्रहरीले जनायो।

सल्यान जिल्ला कपुरकोट गाउँपालिका–५ को वडा कार्यालयमा २०७६ माघ १५ गते राति पहिचान नखुलेको समूहले आगजनी गर्दा सम्पूर्ण कागजात र सामग्री जलेर नष्ट भएको वडा कार्यालयले जनायो। वडा कार्यालयले माघ २६ गते इलाका प्रहरी कार्यालय लुहाममा उजुरी दियो। आगलागीबाट पञ्जिकरणका सम्पूर्ण श्रेष्तासहितका कागजात, डेक्सटप कम्प्यूटर एक थान, प्रिन्टर एक थान, सोफा सेट दुई थान, घुम्ने कुर्सी पाँच ओटा, टेबुल ६ ओटा, कार्पेट, पर्दा, इन्टरनेट सम्बन्धी सामग्री, दुई ओटा दराज लगायतका सामग्री पूर्ण रूपमा जलेको प्रहरीले जनायो। यसवर्षको मध्यसम्म घटनामा संलग्नको खोजी भइरहेको प्रहरीले जनायो। क्षति आगजनीबाट ७ लाख रुपियाँ बराबरको क्षति भएको वडा कार्यालयले जनायो।

डडेल्धुरा जिल्ला अमरगढी नगरपालिका–५ किर्तिपुरस्थित सुदूरपश्चिम प्रदेश अन्तर्गतको पूर्वाधार विकास कार्यालयमा २०७६ माघ १२ गते राति प्रतिबन्धित नेकपाका कार्यकर्ताहरूले आगजनी गरे। प्रतिबन्धित नेकपाका डडेल्धुरा जिल्ला इन्चार्ज विजयद्वारा हस्ताक्षरित माघ १४ गतेको विज्ञप्तिमा उक्त आगजनी आफूहरूले गरेको स्वीकार गरेका छन्। आगजनीबाट कार्यालयको मुख्य ढोकामा क्षति हुनुका साथै झ्यालका सिसाहरू फुटेको जिल्ला प्रहरी कार्यालय, डडेल्धुराका डिएसपी दधिराम न्यौपानेले बताए। आगजनीबाट ५ हजार रुपियाँ बराबरको क्षति भएको पूर्वाधार विकास कार्यालयका प्रमुख रामचन्द्र भट्टले बताए। घटनामा संलग्नहरूको खोजी भइरहेको र हालसम्म गिरफ्तार गर्न नसकिएको जिल्ला प्रहरी कार्यालय, डडेल्धुराका डिएसपी न्यौपानेले बताए।

# प्रदेश १ को मानव अधिकार अवस्था : ६ महिनाका प्रतिनिधिमूलक घटना

## (०७६ पुस १६ गतेदेखि ०७७ असार १६ गतेसम्म)

### गिरफ्तार

**भोजपुर**

भोजपुर नगरपालिका-११ आम्तेक निवासी प्रतिबन्धित नेकपा निकट भातृ सङ्गठन अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) भोजपुर जिल्ला समिति सदस्य १९ वर्षीय आत्मा राईलाई २०७६ फागुन २४ गते प्रहरीले पौवादुङमा गाउँपालिका-१ श्यामशिलाको एलम्बर चोकमा रहेको एक होटलबाट गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालयका डिएसपी नरबहादुर सलामी मगरले बताए। राईको स्वास्थ्य परीक्षण फागुन २४ गते जिल्ला अस्पताल भोजपुरमा भयो। राईविरूद्ध प्रहरीले राज्यविरूद्ध गतिविधि गरेको आरोपमा जिल्ला अदालतमा फागुन २६ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको २०७७ जेठ १६ गतेको आदेशले आरोपितलाई १० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश सुनायो। यस वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

टेम्केमैयुम गाउँपालिका-१ निवासी प्रतिबन्धित नेकपाका कार्यकर्ता भएको आरोपमा ३३ वर्षीय सुमित भनिने सुमत परियारलाई २०७६ फागुन २१ गते प्रहरीले टेम्केमैयुम गाउँपालिका-६ स्थित घरैबाट हतियारसहित गिरफ्तार गऱ्यो। गोप्य सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालयको टोलीले आरोपितको घरबाट बम बनाउन प्रयोग हुने डेटोनेटर दुई थान, थ्री नट थ्री राइफल तथा कटुवा पेस्तोलमा लाग्ने गोली तीन थान, तारसहितको डेटोरेनेटर दुई थान बरामद गरेको जिल्ला प्रहरी कार्यालयका डिएसपी नरबहादुर सलामी मगरले बताए। परियारको स्वास्थ्य परीक्षण फागुन २१ गते जिल्ला अस्पताल भोजपुरमा भयो। परियारविरूद्ध प्रहरीले फागुन २१ गते जिल्ला अदालतमा राज्यविरूद्ध सङ्गठित अपराध तथा हातहतियार खरखजाना शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश गेहेन्द्रराज पन्तको २०७७ वैशाख २ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यस वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

### कुटपिट/धम्की

**अन्यपक्षबाट**

**सङ्खुवासभा**

खाँदबारी नगरपालिका-५ का ४२ वर्षीय वडाध्यक्ष श्याम निरौलालाई २०७७ जेठ २ गते खुकुरी प्रहार गरी घाइते बनाएको आरोपमा सोही ठाउँका २८ वर्षीय सुरेश तामाङलाई जेठ २ गते प्रहरीले खाँदबारी नगरापालिका-५ कार्यालय नजिकबाट गिरफ्तार गऱ्यो। आरोपितले वडा कार्यालयका विषयमा विवाद निकाली खुकुरी प्रहार गरेको पीडितले बताए। खुकुरी प्रहारबाट टाउकोमा चोट लागेका पीडितको सोही दिन जिल्ला अस्पतालमा उपचार भयो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा जेठ ५ गते ज्यान मार्ने शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश शान्तिप्रसाद आचार्यको जेठ २५ गतेको इजलासले आरोपितलाई ५० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो। यस वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

### बाल अधिकार

**बेचबिखन तथा ओसारपसार प्रयास**

**झापा**

१७ वर्षीया बालिकालाई २०७६ माघ १५ गते बेचबिखन गर्न भारततर्फ लैजाँदै गरेको आरोपमा दोलखा जिल्ला तामाकोशी गाउँपालिका-४ का २१ वर्षीय सुदीपबाबु पोखरेलविरूद्ध पीडित पक्षले माघ १६ गते इलाका प्रहरी कार्यालय काँकडभिट्टामा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ १६ गते काँकडभिट्टाबाट गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले माघ २४ गते जिल्ला अदालतमा मानव बेचबिखन तथा ओसारपसार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन ४ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यस वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

**बलात्कार, यौन दुर्व्यवहार**

**ओखलढुङ्गा**

१५ वर्षीया बालिकालाई २०७७ जेठ २० गते बलात्कार गरेको आरोपमा १७ वर्षीय बालकविरूद्ध पीडित पक्षले जेठ २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ २० गते घरबाट गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण जेठ २० गते जिल्ला अस्पतालमा भयो। आरोपितविरूद्ध प्रहरीले जेठ २१ गते जिल्ला अदालतमा हाडनाता करणी शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दलबहादुर केसीको जेठ २९ गतेको आदेशले आरोपितलाई बालसुधार गृहमा राख्न आदेश दियो। आरोपित बालकलाई जेठ ३० गतेदेखि बालसुधार गृह विराटनगरमा राखिएको छ। यस वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

१५ वर्षीया बालिकालाई विवाह गर्ने प्रलोभनमा २०७६ फागुन १५ गते बलात्कार गरेको आरोपमा भद्रपुर नगरपालिका-९ मोलचोक बस्ने ३४ वर्षीय किरण दर्जीविरूद्ध पीडित पक्षले फागुन २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण मेची अञ्चल अस्पतालमा फागुन २८ गते भयो। आरोपितलाई प्रहरीले फागुन २८ गते घरबाटै गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरूद्ध जिल्ला अदालतमा चैत ६ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गरी कारबाही अघि बढायो। जिल्ला अदालतका न्यायाधीश नारायणप्रसाद पराजुलीको चैत २८ गतेको इजलाशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**उदयपुर**

१२ वर्षीया बालिकालाई २०७६ माघ १९ गते बलात्कार गरेको आरोपमा ४५ वर्षीय बाबुविरूद्ध पीडित पक्षले माघ २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ २० गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितलाई माघ २१ गते घरबाटै गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा फागुन १६ गते हाडनाता करणी शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश मनोज केसीको फागुन २२ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यस वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

१४ वर्षीया बालिकालाई २०७६ पुस १७ गते यौन दुर्व्यवहार गरेको आरोपमा कटारी नगरपालिका-२ का ३० वर्षीय रुद्रप्रसाद गौतमविरूद्ध पीडित पक्षले पुस १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई पुस २६ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण पुस १८ गते जिल्ला अस्पतालमा भयो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा माघ २० गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दीपक खनालको माघ २१ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यस वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

नौ वर्षीया बालिकालाई २०७६ पुस १६ गते बलात्कार गरेको आरोपमा १४ वर्षीय बालकविरूद्ध पीडित पक्षले पुस १६ गते इलाका प्रहरी कार्यालय रामपुरमा उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण पुस १६ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितलाई पुस १६ गते घरबाटै गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा पुस २८ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश मनोज केसीको पुस २८ गतेको आदेशले आरोपितलाई बालसुधार गृह विराटनगर पठाउने आदेश दियो। यस वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

**मोरङ**

१४ वर्षीया बालिकालाई २०७७ जेठ ३ गते बलात्कार गरेको आरोपमा विराटनगर महानगरपालिका-४ इक्राहीका २४ वर्षीय वीरेन गडेरीविरूद्ध पीडित पक्षले जेठ ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई जेठ ३ गते इक्राहीबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ ३ गते कोशी अस्पतालमा भयो। आरोपितविरूद्ध प्रहरीले जेठ १० गते जिल्ला अदालतमा बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश किशोर घिमिरेको जेठ २७ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। जिल्ला अदालतका न्यायाधीश राजकुमार कोइरालाको साउन २६ गतेको आदेशले आरोपित २ लाख रुपियाँ धरौटी बुझाएर रिहा भए। यस वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

**इलाम**

१७ वर्षीया बालिकालाई २०७६ चैत १३ गते बलात्कार गरेको आरोपमा इलाम नगरपालिका-५ का ३८ वर्षीय होमनाथ आचार्यविरूद्ध पीडित पक्षले २०७७ वैशाख ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई वैशाख २० गते घरैबाट

गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख ११ गते जिल्ला अस्पतालमा भयो। आरोपितविरूद्ध प्रहरीले वैशाख २२ गते जिल्ला अदालतमा बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ ६ गतेको आदेशले आरोपित ७५ हजार रुपियाँ धरौटीमा रिहा भए। यस वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

**सङ्खुवासभा**

१४ वर्षीया बालिकालाई २०७७ वैशाख १५ गते बलात्कार गरेको आरोपमा चिचिला गाउँपालिका-१ का ३५ वर्षीय भक्त राईविरूद्ध पीडित पक्षले वैशाख १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा वैशाख १५ गते भयो। प्रहरीले आरोपितलाई वैशाख १५ गते घरैबाट गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा वैशाख १८ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश शान्तिप्रसाद आचार्यको वैशाख ३० गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यस वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

१४ वर्षीया बालिकालाई ०७७ वैशाख १५ गते बलात्कार गरेको आरोपमा पीडित पक्षले चिचिला गाउँपालिका-१ का ३५ वर्षीय भक्त राईविरूद्ध वैशाख १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण वैशाख १५ गते जिल्ला अस्पतालमा भयो। पीडित पक्षको उजुरीका आधारमा आरोपितलाई प्रहरीले सोही दिन घरबाटै गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा वैशाख १८ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश शान्तिप्रसाद आचार्यको वैशाख ३० गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यस वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

## महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

**ताप्लेजुङ**

२२ वर्षीया युवतीलाई २०७७ वैशाख ७ गते बलात्कार गरेको आरोपमा मेरिङदेन गाउँपालिका-४ लिङतेपका नाताले दाजु पर्ने ३६ वर्षीय पुरुषविरूद्ध पीडित पक्षले वैशाख १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित युवतीको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा वैशाख १७ गते भयो। आरोपितलाई प्रहरीले सोही दिन घरबाटै गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदातमा वैशाख २१ गते हाडनाता करणी शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश प्रकाश राईको जेठ ४ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**पाँचथर**

४० वर्षीया महिलालाई २०७७ वैशाख १६ गते बलात्कार गरेको आरोपमा मिक्लाजुङ गाउँपालिका-३ का ४५ वर्षीय रुमान फियाकविरूद्ध पीडित पक्षले वैशाख १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण वैशाख १७ गते जिल्ला अस्पतालमा भयो। आरोपितलाई प्रहरीले वैशाख १६ गते फिदिम बजारबाट गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा वैशाख २१ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश मोहनराज भट्टराईको वैशाख २८ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यस वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

**तेह्रथुम**

२२ वर्षीया युवतीलाई २०७६ चैत ३० गते बलात्कार गरेको आरोपमा आठराई गाँउपालिका-३ का २९ वर्षीय प्रकाश थिङलाबुविरूद्ध पीडित पक्षले २०७७ वैशाख ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा वैशाख ५ गते भयो। आरोपितलाई प्रहरीले वैशाख ५ गते घरबाटै गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा वैशाख ९ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गरी कारबाही अघि बढायो। जिल्ला अदालतका न्यायाधीश महेन्द्र पोखरेलको जेठ २४ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**सङ्खुवासभा**

शारीरिक अपाङ्गता भएकी २४ वर्षीया महिलालाई २०७७ वैशाख ४ गते बलात्कार गरेको आरोपमा खाँदबारी नगरपालिकाका-१४ वर्षीय बालकविरूद्ध पीडित पक्षले वैशाख १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण वैशाख १० गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितलाई वैशाख १० गते घरबाट गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले वैशाख ११ गते जिल्ला अदालतमा

बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश शान्तिप्रसाद आचार्यको वैशाख १९ गतेको आदेशले आरोपित बालकलाई अभिभावकको जिम्मामा रहने गरी रिहा गर्न आदेश दियो। यस वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

## घरेलु हिंसा

### सङ्खुवासभा

मोरङ जिल्ला रतुवामाइ नगरपालिका-२ स्थायी घर भई खाँदबारी नगरपालिका-९ तुम्लिङटारमा बस्दै आएकी पत्नी ३४ वर्षीया बालकुमारी लिम्बूलाई २०७७ वैशाख १ गते घरायसी विवादका क्रममा घाँटीमा खुकुरी प्रहार गरेको आरोपमा ३३ वर्षीय डोमन हस्दालाई प्रहरीले वैशाख १ गते घरैबाट गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध पीडितकी दिदीले उजुरी दिएपछि गिरफ्तार गरेको प्रहरीले जनायो। घाँटीमा चोट लागेकी पीडितको उपचार वैशाख २ गते मनकामना सामुदायिक अस्पताल खाँदबारी नपा-९ तुम्लिङटारमा भयो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा वैशाख १८ गते ज्यान मार्ने शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश शान्तिप्रसाद आचार्यको वैशाख ३० गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यस वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

### उदयपुर

त्रियुगा नगरपालिका-२ खोरियाका ३६ वर्षीया सुनिता चौधरीले पति ४० वर्षीय चुडामणी चौधरीविरुद्ध घरेलुहिंसाको आरोप लगाउँदै २०७६ माघ १६ गते जिल्ला अदालतमा उजुरी दिइन्। पतिले सासूको कुरा सुनेर दाइजो मागेको जति नदिए अर्को विवाह गर्ने भन्दै माघ २ गते कुटपिट गरी घर निकाला गरेको पीडितले बताइन्। पीडितको मागअनुसार आरोपितविरुद्ध अदालतले माघ १९ गते तत्कालका लागि अन्तरिम संरक्षणात्मक आदेश दियो। यस वर्षको मध्यसम्म मुद्दाको फैसला भएन। अदालतको माघ १९ गतेको आदेशपछि सुरक्षाको कारण देखाउँदै पीडित हाल माइती घरमा बस्दै आएकी छिन्।

## सबै प्रकारका जातीय विभेद

### सोलुखुम्बु

सोलुदूधकुण्ड नगरपालिका-९ का १६ वर्षीय बालक दीपक विश्वकर्मालाई २०७७ जेठ ३१ गते निर्माणाधीन घरको ढोका छोएर अशुभको सङ्केत गरेको भन्दै कुटपिट गरेको आरोपमा इन्सेक सोलुखुम्बुले आरोपितविरूद्ध असार ७ गते जिल्ला प्रहरी कार्यालयमा निवेदन दियो। इन्सेकको निवेदनका आधारमा प्रहरीले आरोपितद्वय सोलुदूधकुण्ड नगरपालिका-९ का २७ वर्षीय श्याम थापा मगर र ३१ वर्षीया तारा थापा मगरलाई असार २३ गते गिरफ्तार गऱ्यो। आरोपितहरू विरूद्ध प्रहरीले जिल्ला अदालतमा असार २३ गते जातीय विभेद शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश महेन्द्रराज काफ्लेको इजलासले असार ३० गते आरोपितहरूलाई जनही ३०/३० हजार रुपियाँ धरौटी बुझाएर रिहा गर्ने आदेश दियो। मुद्दा कानुनी प्रक्रियामा छ। कुटपिटबाट टाउकोमा चोट लागेका बालकको उपचारका लागि आरोपितहरूले असार १ गते पीडित पक्षलाई २० हजार रुपियाँ दिए। बालकको असार १ गते ओखलढुङ्गामा रहेको मिशन अस्पतालमा उपचार भयो।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### भौतिक संरचनामा क्षति

#### अन्यपक्षबाट

#### भोजपुर

षडानन्द नगरपालिका-४ मुलपानी र सोही नपा-८ टावर डाँडा भन्ने ठाउँमा रहेको एनसेलको टावरमा २०७६ माघ १३ गते राति पहिचान नखुलेको पक्षले आगजनी गऱ्यो। आगजनीबाट टावरमा क्षति पुगेको षडानन्द नगरपालिकाका नगर प्रहरी द्रोण राईले बताए। यो वर्षको मध्यसम्म घटनाका आरोपितलाई गिरफ्तार गर्न नसकिएको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर पाण्डवकुमार राजवंशीले बताए।

#### मोरङ

केराबारी गाउँपालिका कार्यालयमा २०७६ माघ १० गते राति पहिचान नखुलेको समूहले बम विस्फोट गराएको प्रहरीले जनायो। विस्फोटबाट कार्यालयको जेनेरेटर, पर्खाल, झ्याल, सीसी क्यामेरा, १० ओटा झ्याल तथा ढोका र कार्यालय नजिकै राखिएको स्थानीयको एउटा स्कुटरमा क्षति पुगेको गाउँपालिका अध्यक्ष रोहित कार्कीले बताए। विष्फोटमा २० लाख रुपियाँ बराबरको क्षति भएको गाउँपालिका अध्यक्षले बताए। घटनामा संलग्नहरू फरार रहेको र यो वर्षको मध्यसम्म उनीहरूको खोजी जारी रहेको प्रहरी चौकी कानेपोखरीका इन्स्पेक्टर सुवाश राईले बताए।

# प्रदेश २ को मानव अधिकार अवस्था : ६ महिनाका प्रतिनिधिमूलक घटना

## (०७६ पुस १६ गतेदेखि ०७७ असार १६ गतेसम्म)

**नागरिक तथा राजनीतिक अधिकार**

**सम्मानित रूपले बाँच्न पाउने अधिकार**

**हत्या**

**राज्य पक्षबाट**

**महोत्तरी**

रामगोपालपुर नपा-७ सहसौलाका १६ वर्षीय राजन यादवको २०७७ जेठ ११ गते राति प्रहरी र लागू औषध कारोबारीसँग भिडन्त हुँदा प्रहरीको गोली लागी उनको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका एसपी श्यामकृष्ण अधिकारीले बताए। जारी लकडाउनका बेलामा ठूलो मात्रामा लागू औषध कारोबार गरेको गोप्य सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालयबाट खटिएका सादा पोसाकका प्रहरी र लागू औषध कारोबारीबिच रामगोपालपुर नपा-७ स्थित सडकमा राति ८ बजेतिर भिडन्त भएको प्रहरीले जनायो। एसपी अधिकारीका अनुसार चारैतिरबाट घेरा हाली लागू औषध कारोबारीले आक्रमण गर्न थालेपछि प्रहरीले आत्मरक्षाका लागि गोली चलाउदा गोली लागी राजनको घटनास्थलमा मृत्यु भयो। मृतकको शरीरका विभिन्न भागमा ६ राउण्ड गोली लागेको थियो। शवको पोष्टमार्टम जेठ १२ गते जिल्ला अस्पताल जलेश्वरमा भयो। शवको दाहसंस्कार जेठ १३ गते भयो। घटनास्थलबाट केही मात्रामा लागू औषध नाइट्रोभेट ट्याबलेट पनि बरामद गरिएको प्रहरीले जनायो। भिडन्तमा २६ वर्षीय प्रहरी हवल्दारसञ्जीव पासवान तथा २४ वर्षीय प्रहरी जवान रामविहारी पासवान, २८ वर्षीय मनोज साह र २६ वर्षीय लालबाबु यादव घाइते भए। घाइते प्रहरीहरूको उपचार जिल्ला अस्पताल जलेश्वरमा भयो।

**अन्य पक्षबाट**

**धनुषा**

मिथिला नपा-५ श्रीपुरका २५ वर्षीय दिलिप भनिने ओमप्रकाश महतोको ०७६ पुस २५ गते बिहान ४ बजे औरही खोलामा श्री चुरियामाई बालुवा प्रशोधन केन्द्रका क्रसर सञ्चालक तथा त्यहाँ कार्यरत टिपर चालकहरू मिलेर कुटपिट गरेर हत्या गरेको भन्दै पीडित परिवारले पुस २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। घटनाका आरोपित मिथिला नपा-५ बस्ने चुरियामाई बालुवा प्रशोधन उद्योगका सञ्चालक २७ वर्षीय विपिनकुमार महतो, महोत्तरी जिल्ला बर्दिवास नपा-९ बस्ने टिपर चालक ३४ वर्षीय मुनिन्द्र महतो, बर्दिवास नपा-२ बस्ने अनटेस्ट लोडरका चालक २४ वर्षीय रञ्जित भनिने जितेन्द्रकुमार महतो, मिथिला नपा-५ बस्ने २७ वर्षीय रोशनकुमार यादव, सोही ठाउँका २५ वर्षीय शत्रुधनम महतो र सत्यनारायण महतोलाई प्रहरीले पुस २६ गते गिरफ्तार गर्‍यो। पुस २६ गते जनकपुरस्थित प्रादेशिक अस्पतालमा शवको पोस्टमार्टम भयो। शवको दाहसंस्कार पुस २७ गते भयो। जिल्ला अदालत धनुषाले फागुन २ गते हत्या आरोपित क्रसर सञ्चालक विपिन, टिपर चालक मुनिन्द्र, लोडर चालक जितेन्द्रलाई पुर्पक्षका लागि थुनामा पठायो। आरोपितहरू हालसम्म पुर्पक्षका लागि सिन्धुली कारागारमा छन्। हत्या आरोपमै गिरफ्तार भएका रोशन, सत्यनारायण महतो र शत्रुधन जनही २५ हजार रुपियाँ धरौटी बुझाएर साधारण तारेखमा रिहा गरिएको जिल्ला अदालत धनुषाले जनायो।

**सर्लाही**

रामनगर गाउँपालिका-४ बैरिया टोल निवासी नेकपाका कार्यकर्ता ४० वर्षीय रामजुलुम राय यादवको हत्या गरिएको अवस्थामा २०७७ असार ७ गते बिहान शव फेला परेको जिल्ला प्रहरी कार्यालय मलङ्गवाका डिएसपी मदन कुँवरले बताए। दुवै हात-गोडा बाँधिएको अवस्थामा यादवको शव खेतमा फेला परेको थियो। मृतकका २२ वर्षीय छोरा रामसिंह राय यादवले रामनगर गाउँपालिका-४ का वडा अध्यक्ष ३४ वर्षीय नरेश महतोले बुबाको हत्या गरेको भन्दै असार ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। रामनरेश महतोलाई आसर ७ गते अनुसन्धानका लागि प्रहरीले गिरफ्तार गरेको रामनगर गाउँपालिकाका अध्यक्ष कृष्णप्रसाद बर्माले बताए। घरेलु हतियार प्रहारबाट रामजुलुमको हत्या भएको प्रहरीले जनायो। हत्या कसले

र किन गरेको हो ? नखुलेको कारण मृतकका छोराले गरेको आशङ्काका आधारमा महतोलाई अनुसन्धानका लागि गिरफ्तार गरिएको जिल्ला प्रहरी कार्यालय मलङ्गवाका डिएसपी कुँवरले बताए। शवको पोष्टमार्टम असार ७ गते जिल्ला अस्पताल मलङ्गवामा भयो। शवको दाहसंस्कार असार १२ गते भयो। जिल्ला अदालतको २०७७ साउन ४ गतेको आदेशले आरोपित रामनरेशलाई पुर्पक्षका लागि थुनामा पठायो।

## गोली/विस्फोटक पदार्थबाट घाइते

### सर्लाही

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) कार्यकर्ता र नेपाली काँग्रेस कार्यकर्ताहरू बिच धनकौल गाउँपालिका-२ हरकठवामा २०७७ असार १४ गते साँझ झडप हुँदा गोलीको छर्रा लागेर १८ जना घाइते भए। गोलीको छर्रा लागेर घाइते हुनेहरूमा नेपाली काँग्रेसका कार्यकर्ताहरू धनकौल गाउँपालिका-२ हरकठबाका ६५ वर्षीय रामचन्द्र हजारी, ५५ वर्षीय नागेश्वर सहनी, २४ वर्षीय मेहबुब अन्सारी, २५ वर्षीय राकेशकुमार सिंह, २३ वर्षीय रामविनय हजारी, ३४ वर्षीय विलास राय, २४ वर्षीय विजय साह, २२ वर्षीय सुरजकुमार सिंह, २५ वर्षीय सुनिल महतो, ३५ वर्षीय विजय सिंह, २५ वर्षीय मोहमद शेख इन्ताज, १९ वर्षीय सुनिल साह, २३ वर्षीय नितेश कुमार सिंह, १९ वर्षीय रञ्जित यादव, ३१ वर्षीय अरुण यादव घाइते भएको जिल्ला प्रहरी कार्यालयका एसपी विश्वमणी पोखरेलले बताए। झडपमा नेकपाका कार्यकर्ता धनकौल गाउँपालिका-२ हरकठवाका ५५ वर्षीय लक्ष्मण साह, ४३ वर्षीय रधिर रञ्जन बर्मा र ४७ वर्षीय बैधनाथ सहनी घाइते भए। घाइतेहरूको उपचार जिल्ला अस्पताल मलङ्गवामा भयो। झडपलाई नियन्त्रणमा लिन प्रहरीले चार सेल अश्रु ग्याँस प्रहार गरेको एसपी पोखरेलले बताए। रामनगर गाउँपालिका-४ निवासी नेकपाका स्थानीय नेता ६० वर्षीय रामजुलुम यादवको असार ७ गते हत्या भएको घटनालाई लिएर नेकपाले धनकौल गाउँपालिकामा असार १४ गते साँझ निकालेको ऱ्यालीकै क्रममा झडप भएको थियो। रामनगर गाउँपालिका-४ का वडा अध्यक्ष तथा काँग्रेस नेता रामनरेश महतोसँग बाटो बनाउने विषयमा विवाद भएपछि नेकपा कार्यकर्ता रामजुलुमको हत्या भएको भन्दै ऱ्याली निकालेको र घटना शङ्कास्पद भएकाले छानबिन गर्न माग गरेको नेकपाका जिल्ला सदस्य मलङ्गवा नगरपालिका-६ खुटौनाका समिम खान पठानले बताए।

## हिरासतमा मृत्यु

### धनुषा

सबैला नपा-१२ रघुनाथपुरका २२ वर्षीय शम्भु सदाको इलाका प्रहरी कार्यालय, सबैलाको हिरासत कक्षको शौचालयमा झुण्डिएको अवस्थामा शव फेला पऱ्यो। ट्र्याक्टर दुर्घटनामा परी इलाका प्रहरी कार्यालय धनुषाधाममा आत्मसमर्पण गरेका सदा जेठ २८ गते बिहान शौचालयमा शङ्कास्पद अवस्थामा झुण्डिरहेको घटनाले छोराको हत्या गरी झुण्ड्याई दिएको मृतककी आमा शियालीदेवी सदाको आरोप छ। इलाका प्रहरी कार्यालय सबैलाका इन्स्पेक्टर चन्द्रभुषण यादवले पटकपटक कुटपिट गर्दै पैसा नदिए ज्यान मार्ने धम्की दिँदै आएको फोनमा बताएको मृतककी सासू तेतरीदेवी सदाले बताइन्। जेठ २८ गते बिहान पोस्टमार्टमको लागि शव प्रादेशिक अस्पताल, जनकपुरमा ल्याइएको भए पनि पीडित परिवारको असहमितका कारण आठ दिनपश्चात असार ३ गते पोस्टमार्टम गरियो। मृतककी आमा शियालीदेवी सदाले सरकारी वकिलको कार्यालयमार्फत असार २ गते घटनामा संलग्न रहेको आरोपमा इन्स्पेक्टर चन्द्रभुषण यादव, सबैला नगरपालिका-२ का अध्यक्ष पारस साह, वडा नम्बर ३ का अध्यक्ष सन्तोष साह, वडा नम्बर ४ का स्थानीय राजकुमार यादव, वडा नम्बर २ का स्थानीय कारी यादव र सञ्जय साह तथा वडा नम्बर ३ का स्थानीय कालीप्रसाद साहविरुद्ध उजुरी दर्ता गराएकी छिन्। प्रहरीले हालसम्म आरोपितहरूलाई गिरफ्तार गरेको छैन्। घटनाका बारेमा अनुसन्धान जारी नै रहेकोले आरोपितहरूलाई गिरफ्तार नगरिएको जिल्ला प्रहरी कार्यालयका डिएसपी मकेन्द्र कुमार मिश्रले बताए।

## धम्की/कुटपिट

### राज्य पक्षबाट

### सप्तरी

बलान बिहुल गाउँपालिका-३ मौवाहाका २६ वर्षीय हरेकृष्ण साह र २४ वर्षीय चन्द्र यादवलाई २०७६ चैत १६ गते सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोस्ट रामनगर कोदरकट्टीका सशस्त्र प्रहरी जवान मनोज चौधरीले निर्घात कुटपिट गरेर घाइते बनाएको पीडितहरूले बताए। भारत बिहारको लौकहा बजारबाट औषधिलगायत खाद्य सामग्री लिएर नेपाल

फर्कने क्रममा दुर्व्यवहार गर्नुका साथै भुइँमा घोप्टो पारेर निर्घात कुटपिट गरेको भिडियो र फोटोहरू सामाजिक सञ्जालमा सार्वजनिक भयो। घाइतेहरूको स्थानीय स्वास्थ्य चौकीमा चैत १६ गते उपचार भयो। भारतबाट अवैध रूपमा निरन्तर समान ओसारपसार गर्नेहरूलाई पटक-पटक सम्झाउँदा पनि नेपाल-भारत सीमा नाका बन्द र लकडाउनको उपेक्षा गर्दै आएकाले दशगजा क्षेत्रमा नियन्त्रणमा लिई सम्झाउन खोज्दा गालीगलौज गरेकाले कुटपिट गरेको आरोपित चौधरीले बताए। कुटपिट गरेको आरोप लागेका चौधरीलाई सशस्त्र प्रहरी बलले चैत २७ गते निलम्बन गरी छानबिन थाल्यो।

### पर्सा

बीरगञ्ज महानगरपालिका-८ नयाँबसपार्कका ६५ वर्षीय नागेन्द्र पटेललाई २०७७ जेठ ५ गते बिहान बच्चाहरूका लागि दुध किन्न बजार जाँदा लकडाउन उल्लङ्घन गरेको भन्दै नेपाल प्रहरी बीरगञ्ज बसपार्क चौकीका असई २२ वर्षीय लालबाबु साहले कुटपिट गरेको पीडितले आरोप लगाए। आरोपित प्रहरीलाई प्रदेश प्रहरी कार्यालयले अनुसन्धानका लागि जेठ ६ गते प्रदेश कार्यालय जनकपुरमा झिकाएको प्रहरीले जनायो। बीरगञ्ज नयाँ बसपार्क प्रहरी चौकीबाट खटेका असई साहको कुटपिटबाट पटेलको गोडा भाँच्चिएको पीडितले इन्सेक पर्सा प्रतिनिधिलाई टेलिफोन मार्फत बताए। पीडित पटेल बसपार्क नजिकै रहेको होटल ऋद्धि सिद्धिका सञ्चालक हुन्। प्रदेश २ को प्रहरी कार्यालयले असई साहलाई जनकपुर झिकाएर प्रारम्भिक अनुसन्धान गर्दा कुटपिट गरेको देखिएको प्रदेश २ का डिआइजी धिरजप्रताप सिंहले बताए। प्रदेश प्रहरी प्रमुख धिरज प्रताप सिंहले कुटपिट घटनामा संलग्न प्रहरीलाई प्रदेश प्रहरी कार्यालयमा तानिएको र सो घटनाको अनुसन्धान जारी नै रहेको बताउनु भयो। घटनामा दोषी देखिए विभागीय कारबाहीका लागि केन्द्रमा पठाउने उनले बताए। पीडित पटेलको उपचार जेठ ५ गते बीरगञ्ज महानगरपालिका-१५ इतियाहि स्थित नेसनल मेडिकल कलेजमा भयो।

## दुर्व्यवहार

### धनुषा

जनकपुरधाम उमनपा-४ पिडरियामाइस्थान निवासी नेपाल पत्रकार महासङ्घ धनुषा शाखाका अध्यक्ष ४५ वर्षीय अनिल मिश्रलाई राष्ट्रिय जनता पार्टी (राजपा) का सोही ठाउँका कार्यकर्ता ४६ वर्षीय धर्मेन्द्र साहले २०७६ पुस २२ गते अमानवीय व्यवहार गर्नुको साथै दुर्व्यवहार गरेको आरोपमा पीडितले जिल्ला प्रहरी कार्यालय धनुषामा माघ १५ गते उजुरी दिए। जनकपुरधाम उपमहानगरपालिकाका मेयर लालकिशोर साहको कार्यकक्षमा रिपोर्टिङ्का लागि पुगेका पत्रकार ३७ वर्षीय अमरकान्त ठाकुर र २६ वर्षीय सुमित मिश्र लगायतका पत्रकारहरूमाथि पुस २२ गते कुटपिट भएको घटनाबारे बुझ्न गएका बेलामा नेता साहले मिश्रलाई दुर्व्यवहार गरेको उजुरीमा उल्लेख छ। उजुरीको आधारमा प्रहरीले माघ १९ गते आरोपित साहलाई गिरफ्तार गर्दै सोही दिन जिल्ला प्रशासन कार्यालय धनुषाबाट म्याद थप गरी अनुसन्धान गऱ्यो। जिल्ला प्रशासन कार्यालयले धर्मेन्द्र साहलाई माघ २१ गते धरौटीमा रिहा गरेको जिल्ला प्रहरी कार्यालय धनुषाका डिएसपी रामेश्वर कार्कीले बताए।

## गिरफ्तारी

### धनुषा

धनुषाधाम नपा-६ सरस्वतीपुर निवासी प्रतिबन्धित नेकपाका प्रदेश व्युरो सदस्य सास भनिने ३४ वर्षीय इन्दल साहलाई २०७६ माघ २९ गते जिल्ल्ला प्रहरी कार्यालय धनुषाले सप्तरीको मलहनीयाबाट गिरफ्तार गऱ्यो। साहको स्वास्थ्य परीक्षण प्रादेशिक अस्पताल जनकपुरधाममा माघ २९ गते नै गरिएको जिल्ला प्रहरी कार्यालयले जनायो। हत्या, ज्यान मार्ने उद्योग, बम विष्फोटन, धम्की, चन्दा सङ्कलन, सङ्गठित अपराधलगायतका घटनामा प्रहरीको 'मोस्ट वाण्टेड' सूचीमा रहेका साहलाई चन्दा सङ्कलनका लागि सप्तरी पुगेको बेला गिरफ्तार गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाका एसपी कृष्ण प्रसाईले बताए। आरोपित विरुद्ध हत्या, ज्यान मार्ने उद्योग, बम विष्फोटन, धम्की, चन्दा सङ्कलन, सङ्गठित अपराध लगायतका मुद्दा चलाइएकोमा जिल्ला अदालत धनुषाले फागुन ७ गते पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

### रौतहट

चितवन जिल्ला खैरेनी नपा–१ घर भई प्रतिबन्धित नेकपाको रौतहट जिल्ला सेक्रेटरी क्रियाशील सृजना शाही भनिने ३४ वर्षीया दिर्शनाकुमारी शाही र चन्द्रपुर नपा-३ इपिलबस्ती

निवासी प्रतिबन्धित नेकपा जिल्ला समिति सदस्य ३९ वर्षीय दुर्गा बललाई २०७६ माघ १३ गते इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले आपराधिक क्रियाकलाप तथा गतिविधिमा संलग्न रहेको सूचनाको आधारमा चन्द्रपुर नपा-३ इपिलघारीस्थित अलगअलग घरबाट गिरफ्तार गरेको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका डिएसपी हेमबहादुर शाहीले बताए। गिरफ्तार बलको सोही दिन जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण गरिएको प्रहरीले जनायो। उनीहरूले विषेश आर्थिक अभियानका नाममा रौतहटका जनप्रतिनिधि, उद्योगी, व्यवसायी र कर्मचारीलाई डरत्रास देखाइ चन्दा सङ्कलन गर्ने गरेको प्रहरीको आरोप छ। प्रहरीले उनीहरूको साथबाट पार्टीको दस्तावेजहरू, मोबाइल, सिमकार्ड, विस्फोटका लागि राखिएको तार, विस्फोटका लागि प्रयोग गर्ने साना पेचकस समेत बरामद गरेको प्रहरीले जनायो। उनीहरूमाथि पुस १५ गते गुजरा नपा-८ जुगौलिया टोलमा रहेको एनसेलको टावर र माघ १३ गते चन्द्रपुर नपा-२ कलटोलमा रहेको एनसेल टावरमा आगजनी गरी क्षति पुर्‍याएको, अपराधिक क्रिलयाकलाप र गतिविधि गरेको आरोप समेत लगाइएको छ। प्रहरीले चैत ११ गते जिल्ला सरकारी वकिल कार्यालयमार्फत अदालतमा हातहतियार खरखाजाना तथा विस्फोटक पदार्थ मुद्दा दर्ता गरेकोमा २०७७ वैशाख ७ गते जिल्ला अदालतले आरोपितहरूलाई जनही ५० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो। शाही र बललाई जिल्ला अदालतले तोकको धरौटी रकम बुझाउन नसकेपछि सोही दिन थुनामा पठायो। हालसम्म मुद्दाको फैसला हुन सकेको छैन। माघ १४ गते चन्द्रनिगापुर अस्पतालमा दुवै जनाको स्वास्थ्य परीक्षण गरिएको प्रहरीले जनायो।

चन्द्रपुर नपा-५ थलाही टोल निवासी नेत्रविक्रम चन्द ( विप्लव) नेतृत्वको प्रतिबन्धित नेकपाका रौतहट जिल्ला इञ्चार्ज कुमार भनिने ३५ वर्षीय मानबहादुर राई र बाग्लुङ जिल्ला ढोरपाटन नपा–२ बुर्तिवाङका सोही पार्टीका कार्यकर्ता जगत भनिने ४० वर्षीय कमल गुरुङलाई २०७६ चैत ७ गते राति इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका प्रमुख डिएसपी हेमबहादुर शाहीको नेतृत्वको टोलीले गिरफ्तार गर्‍यो। गुरुङ प्रतिबन्धित नेकपाको भातृ सङगठन युवा संघ नेपालका जिल्ला अध्यक्ष हुन्। उनीहरूको साथबाट ग्रिनेड बम, एक थान पेस्तोल, त्यसमा लाग्ने गोली, मोबाइल सात थान केही सिमकार्ड, पार्टीको दस्तावेज बरामद गरिएको डिएसपी शाहीले बताए। उनीहरूमाथि रौतहटका जनप्रतिनिधिलाई चन्दा मागेर हैरान पारेको र एनसेल टावरमा आगजानी गरेको आरोप छ। प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमा चैत ३० गते हातहतियार खरखाजाना तथा विस्फोटक पदार्थ मुद्दा पेस गर्‍यो। जिल्ला अदालतको २०७७ वैशाख ७ गतेको आदेशले उनीहरूलाई जनही ५० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दिए पनि धरौटी रकम बुझाउन नसकेपछि सोही दिन थुनामा पठायो। दुवै जनाको स्वास्थ्य परीक्षण चन्द्रनिगाहपुर अस्पतालमा चैत ८ गते गरिएको प्रहरीले जनायो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएको छैन।

## बाल अधिकार

### हत्या

### सिरहा

कर्जन्हा नपा-४ की १५ वर्षीया सलोनी नायकलाई ०७६ माघ १० गते मृतककी आमा ३३ वर्षीया आशादेवी व्यारले घरायसी झगडामा रिसले आगो लगाइ हत्या गरेको आरोपमा मृतकका बुबा शम्भु व्यारले इलाका प्रहरी कार्यालय मिर्चैयामा माघ १० गते उजुरी दिए। हत्या घटनामा आमाको संलग्ता देखिएकोले प्रहरी प्रतिवेदनको आधारमा आरोपितलाई माघ २९ गते गिरफ्तार गरिएको इलाका प्रहरी कार्यालय मिर्चैयाका डिएसपी सन्तुलालप्रसाद जैसवारले बताए। शवको पोष्टमार्टम लहान स्थित रामकुरमार उमाप्रसाद स्मारक अस्पतालमा माघ १० गते भयो। शवको माघ ११ गते दाहसंस्कार गरिएको थियो। आरोपित विरुद्ध माघ १० गते कर्तव्य ज्यान मुद्दा चलाइएकोमा जिल्ला अदालतको आदेशको फागुन २३ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको मध्यसम्म आरोपित थुनामा रहेकी छिन्।

### पर्सा

सात वर्षीया अंशुकुमारी सर्राफलाई घाँटी थिचेर हत्या गरेको आरोपमा प्रहरीले बीरगञ्ज महानगरपालिका-१ का २९ वर्षीय बाबु सञ्जयकुमार सर्राफलाई २०७७ वैशाख ४ गते गिरफ्तार गर्‍यो। आरोपित सर्राफले हत्या गरेको अनुसन्धानबाट खुलेपछि गिरफ्तार गरिएको जिल्ला प्रहरी कार्यालय पर्साकी एसपी गङ्गा पन्तले बताए। लकडाउन घोषणा भएको चैत ११ गतेका दिन पसलमा काइयो किन्न छान्छु भनी जिद्धी गरेकी छोरीलाई जान नदिन घाँटी थिच्दा उनको मृत्यु भएको अनुसन्धानबाट खुलेको हो। मृत्युपछि आरोपितले कोठामा रहेको भित्ताको किलामा सलको

पासो लगाई झुण्ड्याएका थिए। बालिका झुण्डिएको अवस्थामा ०७६ चैत ११ गते फेला परेकी थिइन्। आरोपित विरुद्ध अनुसन्धान पश्चात वडा प्रहरी कार्यालय बिर्ताका इन्स्पेक्टर निर्मल पनेरुले ०७६ चैत २६ मा जिल्ला प्रहरी कार्यालय पर्सामा जाहेरी दिए। जिल्ला प्रहरी कार्यालयमा ०७६ चैत २६ गते उजुरी दर्ता भयो। शवको सोही दिन बीरगञ्जको नारायणी अस्पतालमा पोष्टमार्टम भयो। शवको दाहसंस्कार चैत ११ गते भयो। आरोपित विरुद्ध कर्तव्य ज्यानमा मुद्दा चलेको थियो। जिल्ला अदालतले वैशाख २२ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

## बलात्कार, यौन दुर्व्यवहार

### सप्तरी

चार वर्षीया बालिकालाई २०७६ माघ ३ गते खडक नपा-५ का २५ वर्षीय प्रेम भनिने रामभगत चौधरीले बलात्कार गरेको भन्दै पीडितका बाबुले माघ ५ गते इलाका प्रहरी कार्यालय कल्याणपुरमा उजुरी दिए। पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ ८ गते राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा भयो। आरोपितलाई इलाका प्रहरी कार्यालय कल्याणपुरले माघ ७ गते घरैबाट गिरफ्तार गऱ्यो। प्रहरीले जिल्ला अदालतमा फागुन १ गते जबरजस्तीकरणी मुद्दा दायर गरेकोमा अदालतले फागुन ४ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको मध्यसम्म आरोपित थुनामा छन्।

### सिरहा

१४ वर्षीया बालिकालाई २०७६ पुस २२ गते बलात्कार गरेको आरोपमा धनगढीमाई नपा-१२ का २३ वर्षीय राकेशकुमार यादवविरूद्ध पीडित परिवारले इलाका प्रहरी कार्यालय लहानमा पुस २२ गते उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण पुस २२ गते जिल्ला अस्पताल सिरहामा भयो। प्रहरीले आरोपितलाई पुस २२ गकेबाट गिरफ्तार गऱ्यो। प्रहरीले जिल्ला अदालतमा माघ १२ गते जबरजस्ती करणी मुद्दा पेश गरेकोमा अदालतको माघ १९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

१७ वर्षीया बालिकालाई २०७६ माघ १९ गते बलात्कार गरेको आरोपमा लहान नपा-१२ घर भई हाल गोलबजार नपा-२ बस्ने १९ वर्षीय चन्दनकुमार यादवविरूद्ध पीडित बालिकाको परिवारले माघ २१ गते इलाका प्रहरी कार्यालय गोलबजारमा उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ २१ गते जिल्ला अस्पताल सिरहामा भयो। यो वर्षको मध्यसम्म आरोपित फरार रहेकाले खोजतलास भइरहेको इलाका प्रहरी कार्यालय गोलबजारका इन्स्पेक्टर जनक पुरीले बताए।

### महोत्तरी

१३ वर्षीया बालिकालाई २०७६ फागुन १५ गते जलेश्वर नपा-६ साहुजीपट्टी गाउँमा लागेको मेला हेर्न गएको अवस्था बलात्कार गरेको भन्दै जलेश्वर नपा-६ का २१ वर्षीय राजु ठाकुरविरूद्ध पीडित परिवारले फागुन १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण फागुन १६ गते जिल्ला अस्पताल जलेश्वरमा भयो। प्रहरीले आरोपित ठाकुरलाई फागुन १६ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपित विरुद्ध फागुन २० गते जबरजस्तीकरणी मुद्दा जिल्ला अदालतमा दर्ता भयो। जिल्ला अदालत महोत्तरीको चैत ७ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको मध्यसम्म आरोपित हालसम्म थुनामा छन्।

### धनुषा

११ वर्षीया बालिकालाई २०७६ फागुन १० गते सामूहिक बलात्कार गरी भिडियो बनाएको आरोपमा लक्ष्मीनिया गाउँपालिका-३ गजरीया टोलका ३२ वर्षीय श्रीकिसुन दास र २२ वर्षीय अनिल ठाकुरविरूद्ध पीडितले फागुन १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन। अरोपितहरू मध्ये श्रीकिसुन दासलाई जिल्ला प्रहरी कार्यालय धनुषाले फागुन १२ गते घरैबाट गिरफ्तार गऱ्यो। आरोपित ठाकुर फरार रहेकाले यो वर्षको मध्यसम्म खोजी कार्य भइरहेको प्रहरीले जनायो। पीडित बालिकाको स्वास्थ्य परीक्षण फागुन ११ गते प्रादेशिक अस्पताल जनकपुरधाममा भयो। आरोपित विरुद्ध जबरजस्ती करण मुद्दा जिल्ला अदालतमा दर्ता भएकोमा जिल्ला अदालत धनुषाले फागुन २१ गते पुर्पक्षका लागि थुनामा पठायो।

**रौतहट**

१५ वर्षीया बालिकालाई २०७६ माघ २८ गते बलात्कार गरेको आरोपमा फतुवा विजयपुर गाउँपालिका–४ का अर्जुन मेडिकल हल विजयपुरका सञ्चालक ५२ वर्षीय डाक्टर टेकबहादुर चौधरीविरूद्ध पीडितकी आमाले २०७७ वैशाख २३ गते इलाका प्रहरी कार्यालय, विजयपुरमा उजुरी दर्ता गराइन। प्रहरीले आरोपितलाई वैशाख २३ गते राति घरबाट गिरफ्तार गऱ्यो। चौधरीले आफ्नै सहयोगी बालिकालाई अनैतिक कार्य गरेको लिखित उजुरी आएपछि मुद्दा दर्ता गरिएको इलाका प्रहरी कार्यालय विजयपुरका इन्स्पेक्टर चन्द्रकिशोर साहले बताए। पीडित बालिकाको स्वास्थ्य परीक्षण वैशाख २४ गते सरकारी अस्पताल चन्द्रनिगाहापुरमा गर्दा गर्भवती रहेको परीक्षण रिपोर्ट आएको इलाका प्रहरी कार्यालय विजयपुरले जनायो। प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमार्फत जेठ १८ गते जिल्ला अदालतमा जबरजस्ती करणी मुद्दा दायर गऱ्यो। जिल्ला अदालतको जेठ २० गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

**बारा**

१७ वर्षीया बालिकालाई २०७६ चैत १ गते राति कलैया उपमहानगरपालिका-६ स्थित पूजा लजमा कलैया उपमहानगरपालिका-९ रामपुर टोलका ४० वर्षीय अब्दुला अन्सारीले बलात्कार गरेको भन्दै पीडितले चैत १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडित बालिकाको स्वास्थ्य परीक्षण चैत १८ गते कलैया अस्पतालमा भयो। पीडित बालिकालाई अन्सारीले छोरासित विवाह गराई बुहारी बनाउँछु भनी भेट्न कलैया बोलाएका थिए। होटलको रेकर्डमा बहिनी भनेर दर्ता गरेको होटलका सञ्चालकले बताए। आरोपित अन्सारीले बालिकालाई चैत २ गते बेलुका पीडितको घर कटरिया बजार पुऱ्याएर छाडेको पीडितकी हजुरआमाले बताइन। घटनालाई गाउँमै मिलाउने प्रयास भए पनि सहमति नजुटेपछि पीडितले २० दिनपछि प्रहरीमा उजुरी दिएको डिएसपी गौतम मिश्रले बताए। प्रहरीले आरोपितलाई चैत २० गते होटलबाट गिरफ्तार गऱ्यो। आरोपित विरुद्ध जिल्ला सरकारी वकिलको कार्यालयले ०७७ वैशाख ३ गते जिल्ला अदालतमा जबरजस्तीकरणी मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको वैशाख ८ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको छ। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

१५ वर्षीया बालिकालाई २०७७ वैशाख ९ गते बलात्कार गरेको भन्दै आदर्शकोटवाल गाउँपालिका-१ बोधा टोलका २३ वर्षीय सोनालाल साहविरूद्ध पीडितका परिवारले वैशाख ११ गते प्रहरी चौकी इनर्वामालको सम्पर्कमा गएको र इनर्वामाल प्रहरीको सल्लाह अनुसार जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएको जिल्ला प्रहरी कार्यालयका डिएसपी गौतम मिश्रले बताए। पीडित बालिकाको स्वास्थ्य परीक्षण वैशाख ११ गते कलैया अस्पतालमा भयो। प्रहरीले वैशाख १४ गते आरोपितविरूद्ध जिल्ला अदालतमा बलात्कारको मुद्दा दर्ता गऱ्यो। घटनाका आरोपित हालसम्म फरार रहेको प्रहरी चौकी इनर्वामालका सई रामप्रसाद साहले बताउनु भयो।

**पर्सा**

१४ वर्षीया बालिकालाई २०७६ चैत ३ गते सामूहिक बलात्कार गरेको आरोपमा पोखरिया नपा-८ मननपुरका २० वर्षीय राजेश मुखिया र २२ वर्षीय राजु मुखियाविरूद्ध पीडितका बाबुले चैत ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितहरूलाई प्रहरीले चैत ७ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण चैत ७ गते नारायणी अस्पताल बीरगञ्जमा भयो। पर्सा जिल्ला अदालतको २०७७ वैशाख ५ गतेको आदेशले आरोपितहरूलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

**बारा**

१७ वर्षीया बालिकालाई २०७६ माघ २ गते यौन दुर्व्यवहार गरेको आरोपमा परवानीपुर गाउँपालिका-३ का ३५ वर्षीय सुभनारायण साह तेलीविरुद्ध पीडित परिवारले माघ २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण माघ २ गते कलैया अस्पतालमा भयो। आरोपितलाई इलाका प्रहरी कार्यालयको प्रहरी टोलीले माघ ३ गते उनकै घरबाट गिरफ्तार गरेको सई नन्दलाल साहले

बताए। जिल्ला प्रहरी कार्यालयले माघ २४ गते जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा माघ २७ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ २८ गतेको आदेशले आरोपितलाई १ लाख रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दिए पनि धरौटी रकम बुझाउन नसकेपछि सोही दिन थुनामा पठायो। आरोपित हालसम्म थुनामा छन्। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

## महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

**सप्तरी**

२७ वर्षीया महिलालाई २०७६ चैत ७ गते बलात्कार गरेको भन्दै हनुमाननगर कङ्कालिनी नपा-६ जोगिनिया मुसलमान टोलका ३० वर्षीय जसमुल मियाँविरुद्ध पीडितले चैत ८ गते इलाका प्रहरी कार्यालय हनुमाननगरमा र जिल्ला प्रहरी कार्यालयमा चैत ११ गते उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण चैत १७ गते राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा भयो। आरोपितलाई प्रहरीले २०७७ असार ३ गते गिरफ्तार गऱ्यो। जिल्ला प्रहरी कार्यालय, सप्तरीले आरोपित विरुद्ध वैशाख २९ गते उजुरी दर्ता गऱ्यो। जिल्ला अदालतमा असार २६ गते जबरजस्ती करणी मुद्दा दर्ता भएकोमा जिल्ला अदालतको असार २८ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

**सिरहा**

३५ वर्षीया महिलालाई २०७६ फागुन २७ गते सामूहिक बलात्कार गरेको आरोपमा धनगढीमाई नपा-७ का ३५ वर्षीय वीरेन्द्र मण्डल, ३१ वर्षीय जितन मण्डल र ३३ वर्षीय रमेश महतोविरुद्ध पीडित पक्षले फागुन २९ गते इलाका प्रहरी कार्यालय गोलबजारमा उजुरी दियो। पीडित महिलाको स्वास्थ्य परीक्षण फागुन २९ गते जिल्ला अस्पताल सिरहामा भयो। प्रहरीले आरोपितहरूलाई फागुन २९ गते घरबाट गिरफ्तार गऱ्यो। आरोपितहरू विरुद्ध चैत २८ गते जबरजस्ती करणी मुद्दा जिल्ला अदालतमा दर्ता भयो। जिल्ला अदालतको अदालतको चैत ३० गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

**धनुषा**

२८ वर्षीया महिलालाई २०७७ वैशाख २६ गते जनकपुरधाम उमनपा-४ स्थित प्रादेशिक अस्पताल जनकपुरमा कार्यरत र अस्पतालकै छेउमा फिजियोथेरापीको क्लिनिक सञ्चालन गर्दै आएका ४० वर्षीय चिकित्सक राजेश मण्डलविरूद्ध पीडितले वैशाख २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितले आफ्नै फिजियोथेरापीमा कार्यरत महिलालाई बलात्कार गरेको उजुरीमा उल्लेख छ। प्रहरीले आरोपितलाई वैशाख २९ गते गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण वैशाख २७ गते प्रादेशिक अस्पताल जनकपुरमा भयो। आरोपित विरुद्ध जबरजस्ती करणी शीर्षकमा मुद्दा दर्ता भएकोमा जिल्ला अदालत धनुषाको जेठ १० गतेको आदेशले आरोपितलाई पुर्पक्षको लागि थुनामा पठायो। यो वर्षको मध्यसम्म फैसला भएको छैन।

**रौतहट**

२४ वर्षीया महिलालाई २०७६ माघ २८ गते बलात्कार गरेको आरोपमा दुर्गाभगवती गाउँपालिका–३ का ५५ वर्षीय कोर्हिया भनिने विरेन्द्र बैठा र सोही गाउँपालिका–८ पचरुखी टोलका ५५ वर्षीय साधु भनिने नागेन्द्र मिश्रविरुद्ध पीडितले माघ २८ गते जिल्ला प्रहरी कार्यालय गौरमा उजुरी दर्ता गरिन्। पीडितको स्वास्थ्य परीक्षण माघ २८ गते जिल्ला अस्पताल गौरमा भयो। प्रहरीले आरोपितलाई माघ २८ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला अदालतमा फागुन १ गते जबरजस्ती करणी शीर्षकमा मुद्दा पेस गरेकोमा जिल्ला अदालतको फागुन ३ गतेको आदेशले आरोपितहरूलाई थुनामा पठायो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

### परिवारजनबाट हत्या

**पर्सा**

बहुदरमाई नपा-८ रामनगरी टोलकी २५ वर्षीया उर्मीलादेवी पण्डितको चैत २२ गते परपुरुषसँग लागेको भनी हत्या गरेको आरोपमा प्रहरीले ५० वर्षीय ससुरा सुरेश पण्डित, ४५ वर्षीया सासू फूलकुमारी देवी पण्डित र उनीहरूकी कान्छी बुहारी २३ वर्षीया मालती देवी पण्डितलाई चैत २२ गते गिरफ्तार गऱ्यो। शवलाई घाटमा लगेर अन्तिम संस्कार गरिरहेको अवस्थामा प्रहरीले चैत २२ गते बेलुकी ११:३० बजे उनीहरूलाई गिरफ्तार गरेको थियो। आधा भाग जलिसकेको अवस्थामा शव

नियन्त्रणमा लिइएको एसपी सोमेन्द्र सिंह राठोरले बताए। शवको पोष्टमार्टम चैत २३ गते वीरगञ्जको नारायणी अस्पतालमा भयो। उर्मिलाका पति वैदेशिक रोजगारमा रहेको प्रहरीले जनायो। टेम्पु चलाउने पेसामा संलग्न ससुरा पण्डितले आफ्नै टेम्पुमा शव राखेर बत्ति समेत नबाली अँध्यारोमै घाटमा पुऱ्याएको स्थानीयले बताए। आरोपित विरुद्ध कर्तव्य ज्यान मुद्दा चलाइएकोमा जिल्ला अदालत पर्साले आरोपितहरूलाई ०७७ वैशाख २१ गते पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

### दाइजोका कारण हत्या

**पर्सा**

जगरनाथपुर गाउँपालिका-६ की २० वर्षीया सुनरीदेवी यादवको दाइजो नल्याएको भन्दै हत्या गरेको आरोपमा प्रहरीले परिवारका सदस्यहरू ५० वर्षीया सासु रम्भादेवी यादव, २२ वर्षीय पति मुकेश यादव, ५२ वर्षीय ससुरा राचन्द्र राउत अहिरलाई २०७७ जेठ २२ गते गिरफ्तार गऱ्यो। आरोपितहरूले जेठ ७ गते सुनरी देवीलाई कोठामा थुनी हत्या गर्ने उद्देश्यले मट्टितेल छर्केर आगो लगाएको आरोप छ। आगोले जलेर घाइते भएकी सुनरी देवीको उपचारको क्रममा जेठ २१ गते मृत्यु भयो। उनको उपचारको क्रममा काठमाडौँमा मृत्यु भएको र त्यहीं पोष्टमार्टम गरिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता वीरेन्द्र शाहीले बताए। सुनरीलाई घरपरिवारले मानसिक तथा शारीरिक यातना दिँदै आएको उनका बाबु विषराज यादवले बताए। जातीय परम्परा अनुसार विवाह भएको केही दिनपछि दाइजोको निहुँमा विभिन्न किसिमको शारीरिक तथा मानसिक यातना दिन थालेको मृतकका बाबुले बताए। सासु, ससुरा, मृतकका पति समेत मिलेर कुट्ने, तुच्छ बचन लगाउने जस्ता कामहरू हुँदै आएको मृतकका बाबुले बताए। आरोपितहरूविरूद्ध मृतकका बाबु विषराज यादवले जेठ १९ गते जिल्ला प्रहरी कार्यालय पर्सामा दिए। जिल्ला अदालत पर्साले आरोपित तीनै जनालाई ०७७ असार १७ गते पूर्पक्षका लागि बीरगञ्ज कारागार चलान गर्ने आदेश दियो।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

**भौतिक संरचना, सम्पत्ति क्षति**

**सप्तरी**

राजगढ गाउँपालिका-४ बेल्ही चपेना बस्ने दलित मुसहरका १४ घर २०७६ माघ १८ गते सोही ठाउँका ५८ वर्षीय रामबहादुर मण्डलले भत्काएर विस्थापित बनाएको भन्दै पीडितहरूले माघ १९ गते जिल्ला प्रशासन कार्यालय सप्तरीमा ज्ञापन-पत्र बुझाए। टाउको र हातमा भाँडाकुँडा, नाङ्लो, कुर्सी बोकेर राजविराज आएका १४ घर परिवारका करिव ७० जनाले संविधानको धारा ३७, आवासको अधिकारसम्बन्धी ऐन २०७५ को दफा ३ (१) र ३(३) बमोजिम आवासको हक बमोजिम व्यवस्थापनका लागि माग गरे। अदालतको फैसला बमोजिम अदालत, प्रहरी, गाउँपालिकाको उपस्थितिमा घर भत्काइएको आरोपितले बताए। तीन पुस्तादेखि बस्दै आएको घरहरू भत्काएर घरवारविहिन बनाएपछि विचल्लीमा परेका उनीहरू जनता मावि बेल्ही चपेना अगाडि पोखरी किनार आँपको बगैंचामा आश्रय लिएर बसेका छन्। सोही ठाउँका रामबहादुर मण्डलले कब्जा खिचोला मेटाई चलनचलाई पाउँ भनेर जिल्ला अदालतमा दिएको मुद्दा जिते र उच्च अदालतले समेत जिल्लाकै फैसला सदर गऱ्यो।

**सर्लाही**

लालबन्दी नपा-१६ परवानीपुरस्थित महादेवस्थान एकान्त बाटोदेखि अन्दाजी ७/८ सय मिटर पश्चिम खेतमा रहेको एनसेल टावरमा २०७६ माघ १२ गते पहिचान नखुलेको समूहले विस्फोट गरायो। तारको घेरा रहेको उक्त टावरको सुरक्षार्थ सुरक्षा गार्ड नभएको मौका पारेर रातको समयमा विस्फोट गराएको तथा विस्फोटबाट सोलार प्यानल, युपिएस तथा तारहरूमा क्षति पुगेको जिल्ला प्रहरी कार्यालयका एसपी विश्वमणी पोखरेलले बताए। राति ठूलो आवाज सहित विस्फोट भएपछि गाउँलेहरूले अस्थायी इलाका प्रहरी कार्यालय परवानीपुरमा खबर गरेपछि राति नै सुरक्षा निकायका प्रमुखहरू घटनास्थल पुगेर निरीक्षण गरेको र मातहतका सबै प्रहरी चौकीका सुरक्षाकर्मीहरूलाई परिचालन गरी विस्फोट गराउने व्यक्तिहरूको खोजी कार्य भइरहेको एसपी पोखरेलले बताए। ७ लाख रुपियाँसम्मको क्षति पुग्यो।

# बागमती प्रदेशको मानव अधिकार अवस्था : ६ महिनाका प्रतिनिधिमूलक घटना

## (०७६ पुस १६ गतेदेखि ०७७ असार  १६ गतेसम्म)

**नागरिक तथा राजनीतिक अधिकार**

**सम्मानित रूपले बाँच्न पाउने अधिकार**

**हत्या**

**अन्य पक्षबाट**

**मकवानपुर**

हेटौँडा उपमहानगरपालिका-११ की २९ वर्षीया तेस्रो लिङ्गी अजिता भुजेलको ०७६ माघ ४ गते राति घाँटीमा तार बेरिएको र अर्धनग्न अवस्थामा हेटौँडा उपमहानगरपालिका-५ क्याम्पाडाँडामा शव फेला पऱ्यो। शवको पोष्टमार्टम माघ ७ गते काठमाडौँ स्थित टिचिङ अस्पतालमा भयो। प्रहरीले हत्या अभियोगमा संलग्न रहेको आरोपमा हेटौँडा उपमहानगरपालिका-९ का १८ वर्षीय सिमोन परियार, सोही उपमनपा-११ की २० वर्षीया एलिसा पाखिन, सोही उपमनपा-४ का २५ वर्षीय सुशील थापा मगर, २४ वर्षीय आशिष बल र २१ वर्षीय बुद्ध लामालाई माघ २१ गते गिरफ्तार गऱ्यो। प्रहरीले उनीहरूविरुद्ध बलात्कार पश्चात हत्या गरेको अभियोगमा जिल्ला अदालत मकवानपुरमा ०७६ माघ २१ गते मुद्दा दर्ता गऱ्यो। प्रहरीका अनुसार ना ६ ख ६५२७ नम्बरको ट्रकका सहचालक परियार र थापा मगरले भुजेलसँग हेटौँडा उपमनपा-११ थानाभर्याङमा ७ हजार रूपियाँमा यौन सम्पर्क गरी विवाद भएपछि उनीहरू सहित चार जनाले हत्या गरेका थिए। हत्या गरेर शव क्याम्पाडाँडामा फालेको प्रहरी उपरीक्षक सुशीलसिंह राठौरले बताए। जिल्ला अदालतका न्यायाधीश कमलराज विष्टको फागुन १९ गतेको आदेशले आरोपितहरूलाई पुर्पक्षका लागि थुनामा पठायो भने एलिशा पाखिनलाई १ लाख रुपियाँ धरौटीमा रिहा गर्न आदेश दियो। पाखिनले तत्काल १ लाख रुपियाँ धरौटी बुझाउन नसकेपछि उनलाई थुनामा पठाइएको जिल्ला अदालतका श्रेस्तेदार केशवराज कौशिकले बताए। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

**धादिङ**

खनियाबास गाउँपालिका-४ निवासी नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का वडा कमिटी सचिव ३२ वर्षीय सन्तबहादुर तामाङको हत्यामा संलग्न भएको आरोपमा खनियाबस गाउँपालिका-४ का ३८ वर्षीय अशोक तामाङ, नेत्रावतीडबजोङ गाउँपालिका-१ मार्पाकका २५ वर्षीय राम तामाङ, २९ वर्षीय रोशन तामाङ र २५ वर्षीय पानमाया तामाङलाई २०७६ माघ ८ गते प्रहरीले गिरफ्तार गऱ्यो। आरोपितहरूले हतियार सहित आक्रमण गर्दा सन्तबहादुरको माघ ८ गते बिहान मृत्यु भएको थियो। घटनामा नेकपा कार्यकर्ता रबिन तामाङ, फत्तबहादुर गुरुङ र पूर्णबहादुर घले घाइते भएका छन्। लाठी र धारिलो हतियारले आक्रमण भएपछि सन्तबहादुरको मृत्यु भएको छ भने रविनको उपचार काठमाडौँको ग्रिनसिटी अस्पतालमा भयो। प्रहरीले गिरफ्तार गरेका अशोक तामाङ र राम तामाङ यस अघि पनि विभिन्न आपराधिक घटनामा संलग्न रहँदै पटकपटक गिरफ्तार पर्दै छुट्दै आइरहेका व्यक्तिहरू हुन्। रोशन तामाङ नेपाली सेनाका भगौडा समेत हुन्। जिल्ला अदालतको फागुन ७ गतेको आदेशले रोशन तामाङ र राम तामाङलाई पुर्पक्षका लागि थुनामा पठायो। पानमाया र अशोकलाई १/१ लाख रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो। रोशन र राम दाजुभाइ हुन्। शवको पोष्टमार्टम माघ ९ गते धादिङ अस्पतालमा गरियो। पोष्टमार्टम रिपोर्टमा धारिलो हतियार प्रहारबाट रक्तश्राब भई मृत्यु भएको उल्लेख छ।

**गोली प्रहारबाट घाइते**

**काठमाडौँ**

सिन्धुपाल्चोक जिल्ला जुगल गाउँपालिका-३ घर भई काठमाडौँ महानगरपालिका-६ जोरपाटी बस्ने २८ वर्षीय विष्णु लामा २०७६ पुस २७ गते प्रहरीले प्रहार गरेको गोली लागी घाइते भए। प्रहरीले काठमाडौँको बौद्धमा लामालाई नियन्त्रणमा लिनका लागी गोली प्रहार गरेको महानगरीय प्रहरी वृत्त, बौद्धका डीएसपी रमेशबहादुर सिंहले बताए। लामाको दुईटै गोडाको पिडुलामा गोली लागेको थियो। लामाको उपचारका काठमाडौँको वीर अस्पतालमा भयो। प्रहरीका अनुसार लामामाथि २०७५ भदौमा नेपाल मेडिकल कलेजका विद्यार्थीलाई खुकुरी प्रहार गरेर घाइते



***प्रहरीको गोली प्रहारबाट घाइते भएका विष्णु लामाको बिरअस्पतालमा उपचार हुँदै***

बनाएको अभियोग छ। त्यस्तै, २०७३ सालमा सिन्धुपाल्चोकमा भएको विवादका क्रममा एक महिलाले पिठ्यूँमा बोकेको १७ महिने बालिकाको हत्या गरेको अभियोग पनि तामाङमाथि छ। लामा विरुद्ध प्रहरीले २०७५ भदौ १८ गते नै ज्यान मार्ने उद्योग अर्न्तगत मुद्दा दर्ता गऱ्यो। लामालाई वीर अस्पतालमा २८ दिन उपचार गरी माघ २६ गते पुर्पक्षका लागी सुन्धारा कारागारमा राखिएको छ। घटनाको इन्सेक तथा एड्भोकेसी फोरमले स्थलगत अध्ययन गरेको थियो। अध्ययनका क्रममा निशस्त्र व्यक्तिलाई गिरफ्तार गरेको चार-पाँच घण्टापछि साँझ पारेर बागमती खोला किनारमा गोली प्रहार गरिनु दण्डहीनता भएको र सो घटनामा संलग्न प्रहरी र निर्देशन दिने अधिकारीलाई समेत कारबाही गर्नुपर्ने सुझाव राष्ट्रिय मानव अधिकारलाई बुझाएको प्रतिवेदनमा उल्लेख छ।

## गिरफ्तार

### नुवाकोट

ककनी गाउँपालिका-२ निवासी प्रतिबन्धित नेकपाका जिल्ला सेक्रेटरी ३२ वर्षीय विन्तोष सिलवालले २०७६ माघ १८ गते विदुर नपा- ५ पिपलटारमा चन्दा असुल गरिरहेको भन्ने सूचनाको आधारमा प्रहरीले माघ १८ गते गिरफ्तार गऱ्यो। सिलवाललाई माघ १९ गते चन्दा सम्बन्धी कसुरमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन ८ गतेको आदेशले आरोपितलाई २० हजार रुपियाँ धरौटीमा रिहा गर्न आदेश दियो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

तारकेश्वर गाउँपालिका- ५ डाँडाथोकमा रहेको एनसेलको टावरमा २०७६ पुस २४ गते राती आगजनी गरेको आरोपमा भोजपुर षडानन्द नगरपालिका-१ नेपालेडाँडाका ३५ वर्षीय तीर्थबहादुर राईलाई २०७६ माघ २० गते प्रहरीले गिफ्तार गरी सोही दिन जिल्ला प्रहरी कार्यालयले मुद्दा दर्ता गरायो। आरोपित नेत्रविक्रम चन्द विप्लब नेतृत्वको प्रतिबन्धित नेकपाको कार्यकर्ता भएको प्रहरीले जनायो। आरोपितलाई जिल्ला अदालतले ०७६ माघ २८ गते साधारण तारेखमा रिहा गर्ने आदेश दियो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

### सिन्धुपाल्चोक

बाह्रविसे नपा-३ स्थित धार्पा निवासी प्रतिबन्धित नेकपाको भातृ सङ्गठन अनेरास्ववियु (क्रान्तिकारी) का केन्द्रीय सदस्य २९ वर्षीय मुकुन्द श्रेष्ठ र काभ्रे जिल्ला चौरी देउराली गाउँपालिका-५ निवासी प्रतिबन्धित नेकपाका दलित मुक्ति मोर्चाका केन्द्रीय सदस्य तथा सिन्धुपाल्चोक जिल्ला इन्चार्ज ३५ वर्षीय लेखराज गजमेरलाई २०७६ फागुन ८ गते राती प्रहरीले चौतारा साँगाचोकगढी नपा- ८ स्थित चिलाउनेबाट गिरफ्तार गऱ्यो। प्रतिबन्धित नेकपाका कार्यकर्ताहरू इर्खुको चिलाउने गाउँका स्थानीय दलित समुदायको घरमा जबरजस्ती बस्न खोज्दा समुदायले समातेर प्रहरीलाई बुझाएको स्थानीयले बताए। प्रहरीले उनीहरू विरुद्ध सार्वजनिक अभद्र व्यवहारको मुद्दा फागुन ९ गते जिल्ला प्रशासन कार्यालयमा दर्ता गऱ्यो। जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी उमेर कुमार ढकालको इजलासले चैत ३ गते उनीहरूलाई २०/२० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो। जिल्ला प्रशासन कार्यालयले तोकेको धरौटी रकम बुझाउन नसकेपछि उनीहरू थुनामा रहेकोमा चैत ४ गते तोकिएको धरौटी रकम बुझाएर रिहा भए। रिहा पछि जिल्ला प्रहरी कार्यालयको गेटबाट प्रहरीले पुन:गिरफ्तार गरी दोलखा जिल्ला पठाएको जिल्ला प्रहरी कार्यालयका डिएसपी माधव काफ्लेले बताए।

### ललितपुर

काठमाडौँ जिल्ला, नागार्जुन नगरपालिका, रामकोट निवासी प्रतिबन्धित नेकपाका कार्यकर्ता ५१ वर्षीय माइला लामा, कालिकोट जिल्ला घर भई हाल ललितपुर महालक्ष्मी नगरपालिका-८ लुभुमा निवासी ४३ वर्षीय नविन विश्वकर्मा 'हितमान, कालिकोट जिल्ला घर भई अखिल नेपाल महिला संघ ( क्रान्तिकारी) का महासचिव ४१ वर्षीया धिरेन्द्राकुमारी उपाध्याय (भृकुटी) र बाग्लुङ जिल्ला घर भई पशुपति फुड्सको मजदुर सङ्गठनका अध्यक्ष रहेका ३४ वर्षीय ईश्वर परियारलाई २०७६ माघ १९ गते प्रहरीले गिरफ्तार गर्‍यो। उनीहरूलाई २०७६ असोज ६ गते प्रहरीले गिरफ्तार गरी नख्खु कारागारमा राखेको थियो। उनीहरूलाई नख्खु कारागारबाट रिहा भए लगत्तै अदालत परिसरबाट माघ १९ गते गिरफ्तार गरेको थियो। उनीहरूमाथि ललितपुरको नख्खु विष्फोट प्रकरणमा मुद्दा चलाइएको थियो। पाटन उच्च अदालतका मुख्य न्यायाधीश नहकुल सुवेदीको संयुक्त इजलासले उनीहरूलाई रिहा गर्न आदेश दिएको थियो। मुख्य न्यायाधीश सुवेदी र न्यायाधीश श्रीकान्त पौडेलको इजलासले माघ १६ गते रिहा गर्न आदेश दिएको थियो। सुनसरी जिल्लामा उनीहरूको नाममा हातहतियार तथा खरखजना सम्बन्धी मुद्दा रहेकाले नियन्त्रणमा लिएको महानगरीय प्रहरी परिसर, जावलाखेल, ललितपुरका प्रमुख एवम् एसएसपी टेकप्रसाद राईले बताए। प्रहरीले लामासहितका चारै जनालाई माघ २० गते सुनसरी पठायो।

### चितवन

भरतपुर महानगरपालिका-११ निवासी प्रतिबन्धित नेकपाका चितवन जिल्ला सेक्रेटरी विजय शर्मा भनिने ४५ वर्षीय दुर्गा सुवेदीलाई प्रहरीले २०७७ वैशाख २३ गते घरबाट गिरफ्तार गर्‍यो। उनलाई चितवनमा विभिन्न समयमा एनसेल टावरमा बम विस्फोट गराएको आरोपमा गिरफ्तार गरिएको थियो। प्रहरीले उनी विरुद्ध राज्यविरुद्धको सङ्गठित अपराधमा वैशाख २६ गते जिल्ला अदालतमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश हेमन्त रावलको इजलासले जेठ १८ गते सुवेदीलाई शुद्ध तारेखमा रिहा गर्न आदेश दियो। आरोपितको स्वास्थ्य परीक्षण वैशाख २४ गते भरतपुर अस्पतालमा भयो।

रत्ननगर नपा-१९ का ४६ वर्षीय गञ्जसिं गुरुङलाई २०७६ फागुन २५ गते चन्दा आतंक मच्चाउदै आएको आरोपमा प्रहरीले सोही नपा-१० बाट गिरफ्तार गर्‍यो। आरोपित प्रतिबन्धित नेकपाको रत्ननगर नगर सचिव रहेको चितवन प्रहरी प्रवक्ता डिएसपी एकनारायण कोइरालाले बताए। प्रहरीले उनीविरुद्ध राज्यविरुद्धको अपराधमा फागुन २५ गते राज्यविरुद्धको अपराधमामा जिल्ला अदालतमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायधीश हेमन्त रावलको चैत २१ गतेको इजलासले शुद्ध तारेखमा रिहा गर्ने आदेश दियो।

## पुनः गिरफ्तार

### काभ्रे

चौरीदेउराली गाउँपालिका-५ निवासी प्रतिबन्धित नेकपाका नेता ३८ वर्षीय लेखराज गजमेरलाई प्रहरीले जेठ १४ गते पुनः गिरफ्तारमा गर्‍यो। धुलिखेल स्थित जिल्ला प्रहरी कार्यालयको हिरामत रहेका गजमेरलाई सर्वोच्च अदातलले २०७७ जेठ १४ रिहा गर्न आदेश दिएको थियो। सर्वोच्चको आदेशपछि जिल्ला अदालत काभ्रेका श्रेस्तेदार गोविन्दप्रसाद घिमिरेको र इन्सेक काभ्रेका प्रतिनिधि हिरामान लामाको रोहवरमा रिहा गरिएको थियो। गजमेरले ०७७ जेठ २ गते सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको निवेदन दिएका थिए। तर, सादा पोसाकमा रहेका जिल्ला प्रहरी कार्यालय काभ्रेका इन्स्पेक्टर सुरेश खत्रीको टोलीले लगत्तै गजमेरलाई गिरफ्तार गर्‍यो। गजमेरलाई ०७७ वैशाख १८ गते जिल्ला प्रहरी कार्यालय रामेछापको हिरासतबाट काभ्रे ल्याई सङ्गठित अपराध अन्तर्गत विष्फोटक पदार्थ मुद्दामा जिल्ला प्रहरी कार्यालय काभ्रेमा थुनामा राखिएको थियो। पुनःगिरफ्तारमा परेका नेता गजमेरलाई प्रहरीले बा १२ च २५७४ नम्बरको गाडीमा राखी सोही दिन जिल्ला प्रहरी कार्यालय सिन्धुलीको जिम्मा लगायो।

## धम्की/कुटपिट

### राज्यपक्षबाट

### ललितपुर

सङ्खुवासभा जिल्ला पाँचखपन नगरपालिका-९ जलजला घर भइ काठमाडौँ कागेश्वरी मनोहरा नगरपालिका-८ बस्ने ३३ वर्षीया हेमा श्रेष्ठलाई १० महिनाको बच्चा पिठ्युँमा च्यापेर हिँडिरहेको अवस्थामा महानगरीय प्रहरी प्रभाग बुंगमती, भैंसेपाटीका इन्सपेक्टर देवीप्रसाद पौडेलले ०७६ फागुन १५ गते दिउँसो दुर्व्यहार गरे। पीडित श्रेष्ठ ललितपुर महानगरपालिका-

२५, भैंसेपाटीस्थित पूर्व जर्नेल हेम खत्रीको घरमा गएर अभद्र व्यवहार तथा हुलउज्जत गरेको आरोपमा प्रहरीले लाठी प्रहार गरेको इन्सपेक्टर पौडेलले बताए। महिलाको समूह घरभित्र छिरेर तोडफोड गर्न थालेपछि त्यहाँबाट हटाउन खोज्दा स्थिति त्यस्तो भएको इन्सपेक्टर पौडेलले बताए। श्रेष्ठको स्वास्थ्य उपचार फागुन १५ गते ग्रिनसिटी अस्पताल, काठमाडौंमा भयो। पीडितले दुर्व्यवहार गर्ने इन्सपेक्टर पौडेल विरुद्ध फागुन १८ गतेसम्म कतै उजुरी नगरेको तर इन्सेक ललितपुर जिल्ला प्रतिनिधिलाई न्यायको लागि पहल गरिदिन निवेदन दिएकी थिइन्। श्रेष्ठले महिलामाथि दुर्व्यवहार गरेको आरोपमा छानबिनका लागि महानगरीय प्रहरी परिसरका एसपी दुर्गा सिंहको संयोजकत्वमा गठित समितिले फागुन २५ गते इन्सपेक्टर पौडेललाई विभागीय कारबाहीका लागि सिफारिस गऱ्यो। विभागीय कारबाहीका कारण बढुवा तथा वृत्ति विकासमा अवरोध पुगेको इन्सपेक्टर पौडेल स्वयम्ले बताए।

### धादिङ

सिद्धलेक गाँउपालिका-५ का ४० वर्षीय जीतबहादुर घले, ३५ वर्षीय अशोक श्रेष्ठ, ३३ वर्षीय कमल सिलवाल, ३४ वर्षीय राजु उपाध्याय, ३२ वर्षीय अरुण थपलिया, ३५ वर्षीय अशोक श्रेष्ठलाई २०७६ चैत १९ गते लकडाउन उल्लङ्घन गरेको आरोपमा सशस्त्र प्रहरीले सिद्धलेक गाउँपालिका-५ बुङचुङमा कुटपिट गरेको उनीहरूले आरोप लगाए। लकडाउनको समयमा निर्माण व्यवसायीले कामदारलाई घर फर्काउने सम्बन्धमा छलफल गरिरहेको बेला सशस्त्र प्रहरी घरभित्र छिरेर कुटपिट गरेको कमल कन्ट्रक्सन प्रालिका प्रमुख केशव सिलवालले बताए। आफ्ना कामदारहरूलाई घर फर्काउने विषयमा निर्माण व्यवसायी अशोक श्रेष्ठको घरमा जिल्ला प्रशासन कार्यालयमा जानकारी गराउने भन्ने विषयमा छलफल गर्दै गर्दा एक्कासी सशस्त्र प्रहरी धादिङका सहायक निरीक्षक हरिबहादुर केसीको नेतृत्वमा आएको टोलीले घरभित्रै छिरेर कुटपिट गरेको सिलवालले बताए। घाइतेहरूको उपचार स्थानीय मेडिकल भयो। आँखामा चोट लागेका जीतबहादुरको थप उपचार काठमाडौँ स्थित त्रिपुेश्वर आँखा अस्पतालमा भयो। सशस्त्र प्रहरी बल धादिङका प्रमुख डिएस्पी धिरेन्द्रराज न्यौपानेले घटनाका विषयमा सशस्त्र प्रहरीले सम्झाई बुझाई मात्र गरेको र कुटपिट नगरेको बताए।

### अन्य पक्षबाट

### धादिङ

त्रिपुरासुन्दरी गाउँपालिका- ५ निवासी युवा सङ्घ धादिङका सदस्य ३० वर्षीय शम्भु थापालाई ०७६ माघ १४ गते सोही गाउँपालिका-७ सुकौरामा विवाहको भोज खाएर घर फर्कन लागेको अवस्थामा त्रिपुरासुन्दरी गाउँपालिका-५ का २७ वर्षीय बलराम खड्का र सोही गाउँपालिका -७ का २७ वर्षीय केशव थापा मगरले आक्रमण गरी घाइते बनाए। घाइतेको प्राथमिक उपचार स्थानीय स्वास्थ्य चौकीमा र थप उपचार काठमाडौँको ग्रान्डी अस्पतालमा भएको जिल्ला प्रहरी कार्यालय धादिङका प्रमुख एसपी रविन्द्र रेग्मीले बताए। आरोपितहरूको खोजी कार्य भइरहेको प्रहरीले बतायो। यो वर्षको मध्यसम्म आरोपितहरू फरार छन्।



*कुटपिटमा परी गरी घाइते भएका युवा सङ्घ धादिङका सदस्य शम्भु थापा*

### सिन्धुपाल्चोक

इन्द्रावती गाउँपालिका–११ बोडगाउँ स्थित

भिमटार स्वस्थ्य चौकीमा कार्यरत स्वास्थ्यकर्मी २८ वर्षीय वासुदेव न्यौपानेलाई २०७७ वैशाख १५ गते बिहान स्वास्थ्य चौकीको आवास भवनमा बसेको अवस्थामा ढुङ्गा प्रहार गरी घरमा आगो लगाएर जिउँदै जलाएर मार्ने धम्की दिएर अभद्र व्यवहार गरेको आरोपमा इन्द्रवती गाउँपालिका- ११ बाडेगाउँका ४८ वर्षीय प्रदिप मगर माझीलाई वैशाख २६ गते प्रहरीले गिरफ्तार गऱ्यो। आरोपितले स्वास्थ्यकर्मी बसेको घरको झ्यालमा ढुङ्गा हानी कोठाको झ्यालमा क्षति पुऱ्याएको इन्द्रावती गाउँपालिका–११ का वडा अध्यक्ष मने माझीले बताए। बिहान निवासमा बसेको अवस्थामा ढुङ्गा प्रहार गरी घरमा आगो लगाएर जिउदै जलाएर मार्ने धम्की दिएपछि सुरक्षाको लागि प्रहरी चौकीमा खबर गरेको स्वास्थ्य कर्मी बासुदेव न्यौपानेले बताए। जिल्ला प्रहरी कार्यालयका डिएसपी माधवप्रसाद काफ्लेका अनुसार आरोपितलाई गिरफ्तार गरी अभद्र व्यवहार कसुरमा इलाका प्रहरी कार्यालय नवलपुरले बैशाख २६ गते जिल्ला प्रशासन कार्यालयमा मुद्दा दर्ता गऱ्यो। जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालको ०७७ जेठ ९ गतेको इजलासले आरोपितलाई ५ हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दिए।

पाँचपोखरी थाम्पाल गाउँपालिका-४ स्थित मानेखर्क प्रहरी चौकीमा कार्यरत असइ बिगबहादुर तामाङलाई कुटपिट गरी घाइते बनाएको आरोपमा सोही ठाउँका २८ वर्षीय आकाश तामाङलाई ०७७ जेठ ७ गते बेलुका प्रहरीले घरबाट गिरफ्तार गऱ्यो। चौकी अगाडी डिउटीमा बसेका प्रहरीले लकडाउनको समयमा बिनापास किन मोटरसाइकल चलाएको भनी सम्झाइ बुझाई गर्दा आरोपित आकाश तामाङले असइ तामाङलाई 'वडा अध्यक्षको छोरा हुँ जे पनि हुन सक्छ' भन्दै धम्की दिइ ढुङ्गा प्रहार गरी घाइते बनाएको जिल्ला प्रहरी कार्यालयका डिएसपी माधवप्रसाद काफ्लेले बताए। घाइतेको धुलिखेल अस्पतालको शाखा कार्यालय मानेखर्कमा उपचार भयो। आरोपित सोही गाउँपालिका- ४ का वडा अध्यक्षका छोरा भएको इलाका प्रहरी कार्यालयका इन्स्पेक्टर फलबहादुर तामाङले बताए। आरोपितलाई इलाका प्रहरी कार्यालय मेलम्चीले गिरफ्तार गरी कुटपिट तथा अङ्गभङ्ग सम्बन्धी मुद्दा जिल्ला अदालतमा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधिस टिकाराम आचार्यको ०७७ जेठ २९ गतेको इजलाशले आरोपितलाई २० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

जुगल गाउँपालिका- ५ का वडा अध्यक्ष सनतकुमार अधिकारीलाई २०७६ माघ २० गते साँझ कुटपिट गरी घाइते बनाएको आरोपमा सोही ठाउँका १९ वर्षीय सुरेश आलेमगर, सोही ठाउँका २१ वर्षीय समुन्द्र श्रेष्ठ, २० वर्षीय रत्नबहादुर मगर, २१ वर्षीय सुभाष मगर र २० वर्षीय कमल थापामगरलाई ०७६ माघ २१ गते प्रहरीले सोही वडा स्थित घ्यादुङबाट गिरफ्तार गऱ्यो। आरोपितहरूले चनौटे स्थित श्री रत्नराज्य माविको वार्षिक उत्सव कार्यक्रम सकेर साँझ विद्यालयको क्यान्टिनमा खाजा खानलाग्दा कुटपिट गरी घाइते बनाएको पीडितपक्षले बताए। घाइतेको भक्तपुर स्थित ठिमीको नागरिक अस्पतालमा उपचार भयो। आरोपितहरू विरुद्ध पीडितका भाइले माघ २१ गते जिल्ला प्रहरी कार्यालयमा ज्यानमार्ने उद्योगमा उजुरी दिएकोमा जिल्ला प्रहरी कार्यालयले माघ २२ गते मुद्दा दर्ता गरेको डिएसपी माधवप्रसाद काफ्लेले बताए। घाइते वडा अध्यक्ष नेपाली कांग्रेसबाट निर्वाचित भएका हुन भने कुटपिट गर्नेपक्ष नेकपाका गाउँस्तरीय कार्यकर्ता भएको वडा सचिव रामचन्द्र घिमिरेले बताए। आरोपितहरूलाई जिल्ला अदालतका जिल्ला न्यायाधिस टिकाराम आचार्यको इजलाशले २०/२० हजार धरौटीमा ०७६ फागुन १३ गते रिहा गऱ्यो। आरोपितहरूलाई थुनामा राखेर पुर्पक्ष गर्नुपर्ने जिकीर गर्दै जिल्ला सरकारी वकीलको कार्यालयले ०७६ चैत ५ गते उच्च अदालतमा रिट दिएको जिल्ला सरकारी वकिल बद्रिबहादुर कार्कीले बताए।

## झडप

### रामेछाप

उमाकुण्ड गाउँपालिका-१ गुम्देलको टाङ्गिङमा ०७६ फागुन २८ गते प्रहरी र स्थानीय बिच झडप हुँदा २ प्रहरी सहित १४ जना घाइते भए। लिखु १ जलविद्युत आयोजनाले नागरिकका माग पूरा नगरेको भन्दै आन्दोलनमा उत्रिएका स्थानीय र प्रहरी बीच झडप हुँदा प्रहरीले कुटपिट गर्दा उमाकुण्ड गाउँपालिका-१ गुम्देलका ३५ वर्षीय ग्युर्मे शेर्पा, ३८ वर्षीय आङभाई शेर्पा, ३२ वर्षीय कान्छिमा शेर्पा, ३० वर्षीय दाली शेर्पा, २८ वर्षीय फ्युग्याल्जे शेर्पा, ३४ वर्षीय पेमाकुडा शेर्पा, ३६ वर्षीय पेम्बा शेर्पा लगायत घाइते भए । घाइतेको स्थानीय मेडिकलमा उपचार भयो। नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोलीले स्थानीय माथि बुट र बन्दुकको कून्दाले प्रहार गरेको स्थानीयले आरोप छ। रामेछापका प्रहरी प्रवक्ता टेकन्द्र पौडेलले भने आयोजनाको तोडफोडमा संलग्नलाई

प्रहरीले गिरफ्तार गर्न खोज्दा स्थानीयले प्रहरी माथि नै आक्रमण गर्न खोजेपछि सामान्य झडप भएको बताए। आयोजना पुग्ने प्रवेश मार्ग निर्माण गर्दा स्थानीयलाई मुआब्जा नदिएको, सामाजिक उत्तरदायित्व निर्वाह नगरेको, स्थानीयलाई रोजगारी नदिएको लगायतको स्थानीयले गुनासो गरेका छन्। यस बारेमा पटक/पटक आयोजनाको निर्माण कम्पनि दुगड समूहसँग छलफल गर्दा पनि चासो नदिएको गाउँपालिका अध्यक्ष शेरबहादुर सुनुवारले बताए। प्रहरीले दुई जना प्रहरी घाइते भएको बताए पनि उनीहरूको नाम बताएन।

## बालअधिकार

### बलात्कार, यौन दुर्व्यवहार

#### नुवाकोट

१५ वर्षीया बालिकालाई २०७७ वैशाख २४ गते बलात्कार गरेको भन्दै विदुर नपा-४ का २१ वर्षीय मोहन असरपति विरुद्ध पीडितले वैशाख २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन। आरोपितले बालिकालाई विदुर नपा-२ बट्टार स्थित एक होटेलमा लगेर बलात्कार गरेको पीडितले दिएको उजुरीमा उल्लेख छ। आरोपितलाई प्रहरीले वैशाख २६ गते निजकै घरबाट गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण वैशाख २६ गते जिल्ला अस्पताल त्रिसुलीमा भयो। प्रहरीले जबरजस्ती करणी अभियोगमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतको जेठ १९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

१५ वर्षीया बालिकालाई २०७७ वैशाख ३० गते बलात्कार गरेको भन्दै विदुर नपा- १२ का १८ वर्षीय केदार पौडेलविरुद्ध पीडित पक्षले वैशाख ३१ गते जिल्ला प्रहरी कार्यालयमो उजुरी दर्ता गऱ्यो। प्रहरीले आरोपितलाई वैशाख ३० गते घटनास्थलबाट नै गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण वैशाख ३१ गते जिल्ला अस्पताल त्रिशूलीमा भयो। प्रहरीले जबर्जस्ती करणी अभियोगमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतको जेठ २५ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

१६ वर्षीया बालिकालाई २०७७ जेठ २६ गते बलात्कार गरेको भन्दै शिवपुरी गाउँपालिका- ८ का २७ वर्षीय जीवन श्रेष्ठ विरुद्ध पीडित पक्षले जेठ २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितले बालिकालाई रोकी राखेको आइचर गाडीमा लगेरे बलात्कार गरेको उजुरीमा उल्लेख छ। प्रहरीले आरोपितलाई जेठ २८ गते घरैबाट गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण जेठ २८ गते जिल्ला अस्पताल त्रिशूलीमा भयो। प्रहरीले जबजस्ती करणी अभियोगमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतको असार १९ गतेको आदेशले आरोपितलाई पुर्पक्षको लागि थुनामा पठायो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

मामा घरमा बस्दै आएकी ६ वर्षीया बालिकालाई २०७७ वैशाख ५ गते यौन दुर्व्यवहार गरेको भन्दै लिखु गाउँपालिका- ४ का ६० वर्षीय कृष्ण पण्डित विरुद्ध पीडित बालिकाकी आमाले वैशाख ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई वैशाख ७ गते घरबाट गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण वैशाख ७ गते जिल्ला अस्पताल त्रिशूलीमा भयो। पीडित बालिका मामाघरमा बस्दे आएकी थिइन। प्रहरीले जबजस्ती करणी उद्योग अभियोगमाा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतको वैशाख ३० गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। मुद्दाको अन्तिम किनारा लागेको छैन। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

१७ वर्षीया बालिकालाई २०७६ चैत १७ गते बलात्कार गरेको भन्दै भोजपुर जिल्ला पिठुम्बा गाउँपालिका- ५ घर भई हाल नुवाकोट जिल्ला रातमाटे क्षेत्रमा यातायात मजदुरको रुपमा काम गर्दै आएका २१ वर्षीय सत्यकुमार राई विरुद्ध पीडितले चैत २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन। प्रहरीले आरोपितलाई चैत २० गते रातमाटेबाट गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण चैत २० गते जिल्ला अस्पताल त्रिशूलीमा भयो। प्रहरीले जबर्जस्ती करणी अभियोगमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतको वैशाख १५ गतेको आदेशले आरोपितलाई पुर्पक्षको लागि थुनामा पठायो। मुद्दाको अन्तिम किनारा लागेको छैन। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

#### धादिङ

१२ वर्षीया बालिकालाई ०७७ वैशाख २ गते बलात्कार प्रयास गरेको भन्दै गल्छी गाउँपालिका-८ गोगनपानीका ४८ वर्षीय खड्गबहादुर मगर विरुद्ध पीडित पक्षले वैशाख २ गते गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितले बालिकालाई बाटोमा बाटोमा हिँडिरहेको अवस्था बलात्कार प्रयास

गरेको उजुरीमा उल्लेख छ। आरोपितलाई प्रहरीले वैशाख २ गते घरबाट बाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख २ गते धादिङ अस्पतालमा भयो। जिल्ला अदालतको वैशाख २८ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१६ वर्षीया बालिकालाई ०७६ चैत १ गते सामूहिक बलात्कार गरेको आरोपमा निलकण्ठ नगरपालिका-३ का ३२ वर्षीय बुद्धिमान तामाङ, २४ वर्षीय राजकुमार तामाङ र १६ वर्षीय बालक विरुद्ध पीडित पक्षले चैत २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितहरूले नीलकण्ठ नगरपालिका-३ स्थित सन्तोष गेष्ट हाउसमा लगेर सामुहिक बलात्कार गरेको उजुरीमा उल्लेख छ। प्रहरीले आरोपितहरूमध्ये बुद्धिमान र राजकुमारलाई चैत १ गते नीलकण्ठ नपा-३ घरबाट गिरफ्तार गऱ्यो भने अर्का आरोपित बालक फरार रहेका छन्। बालिकाको स्वास्थ्य परीक्षण चैत २ गते धादिङ अस्पतालमा भयो। बालिका चैत २४ देखि सुरक्षित आवास गृहमा बसेकी छिन्। बलात्कारबाट बालिका गर्भवती भएको स्वास्थ्य परीक्षणबाट खुलेको थियो। जिल्ला अदालतको चैत २४ गतेको अनुमतिले बालिकाको उमेर सानो भएका कारण गर्भपतन गराइएको छ। जिल्ला अदालतको वैशाख ३ गतेको आदेशले आरोपितहरूलाई पुर्पक्षका लागि थुनामा पठाइएको छ।

**भक्तपुर**

१७ वर्षीया बालिकालाई २०७६ चैत ४ गते बलात्कार गरेको आरोपमा दाङ जिल्ला घोराही नगरपालिका-१७ घरभई सूर्यविनायक नगरपालिका-८ स्थित हनुमान इँटा भट्टामा काम गर्ने १९ वर्षीय सुरेश वादी विरुद्ध पीडितले चैत ४ गते महानगरीय प्रहरी वृत्त जगातीमा उजुरी दिइन। आरोपितलाई प्रहरीले चैत ४ गते इँटा भट्टाबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत ४ गते प्रसूति गृह थापाथलीमा भयो भने आरोपितको स्वास्थ्य परीक्षण चैत ४ गते भक्तपुर अस्पतालमा गरिएको महानगरीय प्रहरी वृत्त जगातीका डिएसपी चक्रराज जोशीले बताए। उक्त घट्नामा आरोपित सुरेश वादीलाई २०७६ चैत ३० गते भक्तपुर जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

**सिन्धुली**

चार वर्षीय बालिकालाई २०७६ माघ ७ गते बलात्कार गरेको आरोपमा ६५ वर्षीय हजुरबुबा विरुद्ध बालिकाकी आमाले माघ ७ गते मौखिक र माघ १५ गते जिल्ला प्रहरी कार्यालयमा लिखित उजुरी दिइन। आरोपितलाई प्रहरीले माघ १४ गते दुधौली नगरपालिका- ११ माथिल्लो धनसरेबाट गिरफ्तार गऱ्यो। आरोपितले घरमा कोही नभएको अवस्थामा ललाई फकाई बलात्कार गरेको उजुरीमा उल्लेख छ। जिल्ला अदालतको माघ १९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि सिन्धुली कारागारमा थुनामा पठायो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

१५ वर्षीय बालिकालाई २०७७ वैशाख ३१ गते राति यौन दुर्व्यवहार गरेको आरोपमा घ्याङलेख गाउँपालिका-१ अमलेका २० वर्षीय सुनिल स्याङतान विरुद्ध बालिकाकी आमाले जेठ २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले जेठ १ गते अमलेबाट गिरफ्तार गऱ्यो। आरोपितले बालिकालाई ललाई फकाई पीडितको घर नजिकैको खोल्सीमा लगेर यौन दुर्व्यवहार गरेको आरोप उजुरीमा उल्लेख छ। बालिकाको स्वास्थ्य परीक्षण जेठ २ गते सिन्धुली अस्पतालको एकद्धार संकट व्यवस्थापन केन्द्रमा भयो। प्रहरीले आरोपित विरुद्ध यौन दुर्व्यवहार गरेको अभियोगमा जेठ १९ गते सिन्धुली जिल्ला अदालतमा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ २० गतेको आदेशले आरोपितलाई २० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

१४ वर्षीया बालिकालाई २०७६ पुस २७ गते बलात्कार गरेको आरोपमा बाजुरा जिल्ला बडेमालिका गाउँपालिका घर भई हाल काठमाडौँ जिल्ला काठमाडौँ महानगरपालिका- १५ डल्लु बस्दै आएका ५० वर्षीय चन्द्र कार्कीविरुद्ध पीडित पक्षले पुस २८ गते महानगरीय प्रहरी वृत्त स्वयम्भूमा उजुरी दियो। आरोपितलाई प्रहरीले पुस २९ गते डल्लुबाट गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण पुस २८ गते प्रसुती गृह थापाथलीमा भयो। प्रहरीले पुस २९ गते बलात्कार आरोपमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको पुस २९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन ।

१५ वर्षीया बालिकालाई २०७६ पुस २२ गते बलात्कार गरेको आरोपमा दोलखा जिल्ला भिमेश्वर नगरपालिका वडा- १ घर भई हाल काठमाडौँ जिल्ला तार्केश्वर नगरपालिका- ६ धर्मस्थली बस्दै आएका ४३ वर्षीय रन्जित थामीविरुद्ध पीडित पक्षले पुस २७ गते महानगरीय प्रहरी वृत्त बालाजुमा उजुरी दियो।

आरोपितलाई प्रहरीले पुस २८ गते निजको घरैबाट गिरफ्तार गऱ्यो। आरोपित विरुद्ध प्रहरीले पुस २७ गते बलात्कार आरोपमा मुद्दा दर्ता गर्‍यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण पुस २७ गते प्रसुती गृह थापाथलीमा भयो। जिल्ला अदालतको पुस २८ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१६ वर्षीया बालिकालाई ०७६ माघ ४ गते बलात्कार गरेको आरोपमा जिल्ला चितवन भरतपुर महानगरपालिका- १९ स्थायी घर भएका २८ वर्षीय खुशे गुरुङविरुद्ध पीडित पक्षले माघ ७ गते महानगरीय प्रहरी वृत बालाजुमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ ७ गते काठमाडौं महानगरपालिका ९ सिनामंगलबाट गिरफ्तार गयो। आरोपित विरुद्ध प्रहरीले माघ ७ गते बलात्कार आरोपमा मुद्दा जिल्ला अदालतमा दर्ता गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ ७ गते प्रसुती गृह थापाथलीमा भयो। जिल्ला अदालतको माघ ८ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१७ वर्षीया बालिकालाई ०७६ माघ २३ गते बलात्कार गरेको आरोपमा जिल्ला भोजपुर षडानन्द नगरपालिका ९ स्थायी घर भई जिल्ला काठमाडौं तारकेश्वर नगरपालिका- ५ बस्दै आएका २६ वर्षीय पूर्णप्रसाद दर्जी विरुद्ध पीडित पक्षले फागुन ४ गते महानगरीय प्रहरी वृत बालाजुमा उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण फागुन ४ गते प्रसुती गृह थापाथलीमा भयो। आरोपितलाई प्रहरीले फागुन ५ गते काठमाडौं जिल्ला तार्केश्वर नगरपालिका- ५ गोलढुगाबाट गिरफ्तार गऱ्यो। आरोपित विरुद्ध प्रहरीले माघ ५ गते बलात्कार आरोपमा मुद्दा जिल्ला अदालतमा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ ६ गते आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

६ वर्षीया बालिकालाई ०७६ फागुन २४ गते बलात्कार गरेको आरोपमा ललितपुर जिल्ला महानगरपालिका- २० घर भएका ३२ वर्षीय पूर्ण खड्की विरुद्ध पीडित पक्षले चैत २ गते महानगरीय प्रहरी वृत्त कालिमाटी स्थित महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण चैत २ गते प्रसुती गृह थापाथलीमा भयो। प्रहरीले आरोपितलाई चैत २ गते निजको घरबाट गिरफ्तार गऱ्यो। बालिकालाई फकाई फुल्याइ बलात्कार गरेको पीडितको भनाइ छ। प्रहरीले आरोपित विरुद्ध जिल्ला अदालतमा चैत २ गते बलात्कार आरोपमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत ३० गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१७ वर्षीया बालिकालाई ०७६ चैत १० गते बलात्कार गरेको आरोपमा सिराहा जिल्ला कमलादी गाउँपालिका- १ घर भई हाल काठमाडौं जिल्ला नार्गाजुन नगरपालिका- ४ सितापाइला बस्दै आएका २८ वर्षीय भुवन विक विरुद्ध पीडित पक्षले चैत १२ गते महानगरीय प्रहरी वृत्त कालिमाटी स्थित महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण चैत १२ गते प्रसुती गृह थापाथलीमा भयो। प्रहरीले आरोपितलाई चैत १२ गते सितापाइला चोकबाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपित विरुद्ध चैत १२ गते बलात्कार आरोपमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत ३० गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१७ वर्षीया बालिकालाई ०७६ चैत २ गते बलात्कार गरेको आरोपमा रामेछाप जिल्ला गोकुलगंगा गाउँपालिका-४ स्थायी ठेगाना भई हाल चन्द्रागिरी नगरपालिका- १४ बस्दै आएका १९ वर्षीय कपिल खड्का, सिन्धुली जिल्ला सुनकोशी गाउँपालिका- ९ स्थायी ठेगाना भई हाल चन्द्रागिरी नगरपालिका- १४ बस्दै आएका १९ वर्षीय पासाङ तामाङ, सिन्धुली जिल्ला सुनकोशी गाउँपालिका- ९ स्थायी ठेगाना भई हाल चन्द्रागिरी नगरपालिका- १४ बस्दै आएका २० वर्षीय उमेश योञ्जन र रोल्पा जिल्ला माडी गाउँपालिका- ७ घर भएका सञ्जय घर्तिमगर विरुद्ध पीडित पक्षले चैत ४ गते महानगरीय प्रहरी वृत्त कालिमाटीमा उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण चैत ४ गते प्रसुती गृह थापाथलीमा भयो। प्रहरीले आरोपितहरूलाई चैत ४ गते चन्द्रागिरी नगरपालिका- १४ नैकापबाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपित विरुद्ध चैत ४ गते बलात्कार आरोपमा जिलला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत ३० गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

आठ वर्षीया बालिकालाई ०७६ चैत ३० गते बलात्कार गरेको आरोपमा उदयपुर जिल्ला गाईघाट नगरपालिका- ३ घर भई हाल काठमाडौं जिल्ला काठमाडौं महापालिका- ५ हाडिगाउँ बस्दै आएका १९ वर्षीय जोशन थापा विरुद्ध पीडित पक्षले २०७७ वैशाख ४ गते महानगरीय प्रहरी वृत गौशालामा उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण वैशाख ४ गते प्रसुती गृह थापाथलीमा भयो। प्रहरीले आरोपितलाई वैशाख ४ गते निजको डेराबाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपित विरुद्ध वैशाख ५ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको वैशाख

१९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

दुई वर्षीया बालिकालाई ०७७ वैशाख ९ गते बलात्कार गरेको आरोपमा १६ वर्षीय बालक विरुद्ध पीडित पक्षले वैशाख १० गते महानगरीय प्रहरी वृत्त महाराजगञ्जमा उजुरी दियो। प्रहरीले आरोपितलाई वैशाख १० गते काठमाडौँ महानगरपालिका-४ रानीघाटबाट गिरफ्तार गऱ्यो। बालिकाको घरमा कोही नभएको मौकामा बालकले बालिकालाई बलात्कार गरेको पीडित पक्षको भनाइ छ। पीडित बालिकाको स्वास्थ्य परीक्षण वैशाख १० गते प्रसुती गृह थापाथलीमा भयो। प्रहरीले आरोपित विरुद्ध वैशाख १० गते बलात्कार आरोपमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको वैशाख २८ गतेको आदेशले आरोपित बालकलाई बाल सुधार गृह भक्तपुर पठाइयो।

१५ वर्षीया बालिकालाई २०७७ जेठ ५ गते बलात्कार गरेको आरोपमा भारत स्थायी घर भई हाल काठमाडौँ जिल्ला बुढानिलकण्ठ नगरपालिका- ८, भंगल बस्दै आएका २० वर्षीय कन्हैया ठाकुर विरुद्ध पीडित पक्षले जेठ ५ गते महानगरीय प्रहरी वृत्त महाराजगञ्जमा उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण जेठ ५ गते प्रसुती गृह थापाथलीमा भयो। प्रहरीले आरोपितलाई जेठ ५ गते भंगाल चोकबाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपित विरुद्ध जेठ ५ गते बलात्कार आरोपमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ १५ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

सात वर्षीया बालिकालाई ०७७ जेठ २१ गते बलात्कार गरेको आरोपमा काठमाडौँ जिल्ला कीर्तिपुर नगरपालिका- ५ भत्केपाटीका ३२ वर्षीय बाबु विरुद्ध पीडित पक्षले जेठ २१ गते महानगरीय प्रहरी वृत्त कीर्तिपुरमा उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण जेठ २१ गते प्रसुती गृह थापाथलीमा भयो। प्रहरीले आरोपितलाई जेठ २१ गते उनको कोठाबाट गिरफ्तार गऱ्यो। आरोपितले पत्नी माइत गएको बेला फकाएर बालिकालाई बलात्कार गरेको पीडित पक्षको भनाइ छ। प्रहरीले आरोपित विरुद्ध जेठ २१ गते बलात्कार आरोपमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असार १२ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लाथि थुनामा पठायो।

१३ वर्षीया बालिकालाई ०७७ वैशाख १ गते बलात्कार गरेको आरोपमा काठमाडौँ जिल्ला गोकर्णेश्वर नगरपालिका- ८ बेशीगाउँ स्थायी घर भएका २६ वर्षीय मनोज तामाङ विरुद्ध पीडित पक्षले जेठ २३ गते महानगरीय प्रहरी वृत्त बौद्धमा उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण जेठ २३ गते प्रसुती गृह थापाथलीमा भयो। प्रहरीले आरोपितलाई जेठ २३ गते उनको घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपित विरुद्ध जेठ २३ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असार १६ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लाथि थुनामा पठायो।

१८ वर्षीया बालिकालाई २०७६ चैत १ गते बलात्कार गरेको आरोपमा काठमाडौँ जिल्ला काठमाडौँ महापालिका-२२ दरबारमार्ग बस्दै आएका ४६ वर्षीय हेम सिहं शाही विरुद्ध पीडित पक्षले चैत २ गते महानगरीय प्रहरी वृत्त दरबारमार्गमा उजुरी दियो। प्रहरीले आरोपितलाई चैत २ गते घरबाट गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण चैत २ गते प्रसुती गृह थापाथलीमा भयो। प्रहरीले आरोपित विरुद्ध चैत २ बलात्कार आरोपमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत ३ गतेको आदेशले आरोपितलाई ७ दिनको म्याद थप गर्दै चैत १० गतेको आदेशमा पुर्पक्षका लागि थुनामा पठायो।

**सिन्धुपाल्चोक**

१३ वर्षीया बालिकालाई ०७६ पुस १९ गते बलात्कार गरेको आरोपमा मेलम्ची नपा- १३ का २४ वर्षीय सरोज विक विरुद्ध पीडित पक्षले पुस २३ गते इलाका प्रहरी कार्यालय मेलम्चीमा उजुरी दिइन्। पीडितपक्षले दिएको उजुरी प्रहरीले पुस २४ गते बलात्कार कसुरमा मुद्दा दर्ता गरेको पीडितका बाबुले बताए। आरोपितलाई प्रहरीले माघ ५ गते बेलुकी लुकिछिपि बसेको अवस्थामा मेलम्ची बजारबाट गिरफ्तार गऱ्यो। आरोपितले बालिकालाई विवाह गर्छु भनी घरमा ल्याई बलात्कार गरेको पीडित पक्षको आरोप छ। पीडितको स्वास्थ्य परीक्षण पुस २३ गते मेलम्ची स्थित प्राथमिक स्वास्थ्य केन्द्रमा भएको जिल्ला प्रहरी कार्यालयका डिएसपी माधवप्रसाद काफ्लेले बताए। जिल्ला अदालतका न्यायाधिस टिकाराम आचार्यको इजलासले माघ १८ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१४ वर्षीया बालिकालाई २०७६ माघ २४ गते बलात्कार गरेको आरोपमा साँगाचोकगढी नपा- ३ बतासेका १८ वर्षीय उमेश नेपाली विरुद्ध पीडित पक्षले माघ २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ २९ गते स्याउले बजारबाट गिरफ्तार गऱ्यो। आरोपितले बालिकालाई आफ्नै घरमा पुऱ्याइ बलात्कार गरेको पीडित पक्षको आरोप छ। पीडित

बालिकाको स्वास्थ्य परीक्षण माघ २८ गते चौतारा अस्पतालमा भयो। आरोपितलाई जिल्ला अदालतमा माघ २९ गते उपस्थित गराएर म्यादथप गरी अनुसन्धानको लागी प्रहरी हिरासतमा राखेको डिएसपी माधवप्रसाद काफ्लेले बताए। जिल्ला अदालतको आदेशले बालकलाई ०७६ फागुन २२ गते देखि बालसुधार गृह भक्तपुरमा राखिएको छ।

११ वर्षीया बालिकालाई २०७६ माघ १० गते बलात्कार गरेको आरोपमा चौतारा सागाचोकगढी नपा- १० खत्रीथोकका ७० वर्षीय चन्द्रबाहादुर मगरान्ती विरुद्ध पीडित आमाले माघ २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन। आरोपितलाई प्रहरीले माघ २१ गते घरैबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ २१ गते चौतारा अस्पतालमा भयो। प्रहरीले आरोपित विरुद्ध माघ २१ गते बलात्कार अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन १६ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको जिल्ला सरकारी वकील बद्रिबहादुर कार्कीले बताए।

१८ वर्षीया बालिकालाई २०७७ जेठ ११ गते बलात्कार गरेको आरोपमा ४३ वर्षीय पुरुष विरुद्ध पीडितले जेठ १४ गते इलाका प्रहरी कार्यालय, मेलम्चीमा उजुरी दिइन। प्रहरीले आरोपितलाई जेठ १४ गते छिमेकीको घरबाट गिरफ्तार गऱ्यो। आरोपितले यस अघि पनि विभिन्न मितिमा तीन पटक बलात्कार गरेको समेत पीडितले बताइन। पीडितको स्वास्थ्य परीक्षण जेठ १४ गते प्राथमिक स्वास्थ्य केन्द्र मेलम्चीमा भयो। पीडित बालिका इन्दावती नदीमा आत्महत्या गर्न हिँडेको अवस्थामा छिमेकीले सम्झाइ बुझाइ गर्दा घटना खुलेको स्थानीय हरि धितालले बताए। छिमेकीको घरमा बसेर आफूलाई बाबुले पटक पटक बलात्कार गर्दै आएको घटना विवरण पीडितले बताएपछि छिमेकीले प्रहरीलाई खबर गरेपछि आरोपितलाई गिरफ्तार गरिएको इलाका प्रहरी कार्यालय मेलम्चीका प्रहरी हवल्दार भोजबहादुर खत्रीले बताए। प्रहरीले आरोपित विरुद्ध जेठ १४ गते बलात्कार कसुमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला न्यायाधिस टिकाराम आचार्यको ०७७ असार ७ गतेको इजलाशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको जिल्ला सरकारी वकिल बद्रिबहादुर कार्कीले बताए।

**दोलखा**

१३ वर्षीया बालिकालाई २०७६ पुस २५ गते बलात्कार गरेको आरोपमा जिरी नपा-३ कालीका २५ वर्षीय रामबहादुर सुनुवार विरुद्ध पीडित पक्षले माघ ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ ५ गते घरैबाट गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ ५ गते प्राथमिक स्वास्थ्य केन्द्र, चरिकोटमा भयो। आरोपित विरुद्ध जबरजस्ती करणी मुद्दा चलाईकोमा जिल्ला अदालतको फागुन ९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**रामेछाप**

१५ वर्षीया बालिकालाई २०७६ पुस २२ गते साँझ यौन दुर्व्यवहार गरेको आरोपमा रामेछाप नगरपालिका-१ गोठगाउँका १८ वर्षीय विक्रम भुजेलविरुद्ध पीडित पक्षले पुस २३ उजुरी दियो। आरोपितलाई प्रहरीले पुस २३ गते घरै बाट गिरफ्तार गऱ्यो। आरोपितलाई पुस २३ गते स्थानीयले नियन्त्रणमा लिएर प्रहरीको जिम्मा लगाएका थिए। पीडित बालिकाको स्वास्थ्य परीक्षण पुस २३ गते मन्थली स्थित प्राथमिक स्वास्थ्य केन्द्रमा भयो। प्रहरीले आरोपित विरुद्ध बलात्कारको आरोपमा जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतको माघ १७ गतेको आदेशले आरोपितलाई थुनामा पठायो।

१८ वर्षीय युवतीलाई ०७६ पुस २८ गते यौन दुर्व्यवहार गरेको आरोपमा मन्थली नगरपालिका-१ का ६३ वर्षीय केदारप्रसाद दाहाल विरुद्ध पीडित पक्षले पुस २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले पुस २९ गते साँझ घरबाट गिरफ्तार गऱ्यो। मन्थलीमा लेखापढी व्यवसाय गर्दै आएका दाहालले युवतीलाई आफ्नै कार्यालयमा बोलाई दुर्व्यवहार गरेको पीडितले बताइन्। दुवैजनाको स्वास्थ्य परीक्षण पुस २८ गते मन्थली स्थित प्राथमिक स्वास्थ्य केन्द्रमा भयो। आरोपित विरुद्ध जबरजस्ती करणी उद्योगमा मुद्दा दर्ता भएकोमा जिल्ला अदालतको चैत १३ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

## बेचबिखन तथा ओसारपसार

**काठमाडौँ**

१७ वर्षीया बालिका र १९ वर्षीया युवतीलाई २०७६ पुस २५ गते राम्रो कामको प्रलोभनमा पारी बेचबिखन गर्न खोजेको आरोपमा सिन्धुपाल्चोक जिल्ला सागाँचोक गाउँपालिका- ३ की ३७ वर्षीया रमा गिरी र काभ्रे जिल्ला भुम्लुसल्ले गाउँपालिका- ४ घर भई

हाल काठमाडौं जिल्ला नार्गार्जुन नगरपालिका- २ बस्दै आएकी ३० वर्षीया अनिता महतलाई प्रहरीले ०७६ पुस २७ गते निजको कोठबाट गिरफ्तार गऱ्यो। आरोपितले पीडितहरूलाई विभिन्न बाहाना बनाई काठमाडौं बोलाई कामको बाहाना बनाई बेच्नका लागी कोठामा राखेको भन्दै पीडित पक्षले महानगरीय प्रहरी परिसर टेकुमा पुस २७ गते उजुरी दियो। प्रहरीले आरोपित दुवैलाई मानव बेचबिखन तथा ओसारपसार अर्न्तगत पुस २७ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ ३ गतेको आदेशले ७ दिन, माघ १० गते ५ दिनको म्या थप गर्दै माघ १५ गते आरोपितहरूलाई पुर्पक्षका लागी थुनामा पठायो।

१६ वर्षीया दुई बालिकाहरू र १९ वर्षीया युवतीलाई २०७७ जेठ १५ गते राम्रो कामको प्रलोभनमा पारी बेचबिखन गर्न खोजेको आरोपमा दाङ जिल्ला तुल्सीपुर उपमहानगरपालिका-११ घर भई हाल काठमाडौं जिल्ला महानगरपालिका- ८ गौशाला बस्दै आएकी ३३ वर्षीया मिना वलीलाई प्रहरीले ०७७ जेठ १७ गते गौशालाबाट गिरफ्तार गऱ्यो। आरोपितले पीडितहरूलाई विभिन्न बाहाना बनाई काठमाडौं बोलाई कामको बाहाना बनाई बेच्नका लागी कोठामा राखेको भन्दै पीडित पक्षले महानगरीय प्रहरी वृत्त महाराजगञ्जमा जेठ १६ गते उजुरी दियो। प्रहरीले आरोपितलाई जेठ १७ गते नै मानव बेचबिखन तथा ओसारपसार अर्न्तगत जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ १८ गतेको आदेशले ७ दिनको म्याद थप गरी जेठ २५ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

#### चितवन

१९ वर्षीया महिलालाई २०७६ माघ २७ गते माडी नगरपालिका-५ ब्रहमपुरीका २१ वर्षीय इश्वर विकले बलात्कार गरेको भन्दै पीडितले ०७६ माघ २९ गते जिल्ला प्रहरी कार्यालय चितवनमा उजुरी दिइन। आरोपितलाई माघ २९ गते जिल्ला प्रहरी कार्यालय चितवनले गिरफ्तार गऱ्यो। पीडितको माघ २९ गते भरतपुर अस्पतालमा स्वास्थ्य परीक्षण भयो। प्रहरीले आरोपित विरुद्ध जबरजस्ती करणी अन्तर्गत मुद्दा चलाएकोमा जिल्ला अदालतको फागुन २२ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

७० वर्षीया महिलालाई २०७६ फागुन १० गते बलात्कार गरेको भन्दै भरतपुर महानगरपालिका-२७ सिसौघारीका २७ वर्षीय बेलबहादुर गन्धर्व विरुद्ध पीडितको छोरा अर्जुन विकले फागुन ११ गते जिल्ला प्रहरी कार्यालय चितवनमा उजुरी दिए। आरोपितलाई फागुन ११ गते चितवन प्रहरीले घरबाटै गिरफ्तार गऱ्यो। महिलाको स्वास्थ्य परीक्षण फागुन ११ गते भरतपुर अस्पतालमा भयो। प्रहरीले आरोपित विरुद्ध जबरजस्ती करणी अन्तर्गत मुद्दा चलाएकोमा जिल्ला अदालतको चैत ४ गतेको आदेशले आरोपितलाई पूर्पक्षका लागि थुनामा पठायो।

२१ वर्षीया महिलालाई भरतपुर महानगरपालिका-३ कमलनगरमा श्रृङ्गार पसल गर्ने भारत मोतीहारीका ३२ वर्षीय गजेन्द्र पटवाले ०७६ माघ १६ गते आफूलाई बलात्कार गरेको भन्दै पीडितले फागुन २९ गते जिल्ला प्रहरी कार्यालय चितवनमा उजुरी दिनुभयो। प्रहरीले आरोपितलाई फागुन २९ गते कमलनगर स्थित पसलबाटै गिरफ्तार गऱ्यो। प्रहरीले जबरजस्तकी करणी अन्तर्गत मुद्दा चलाएकोमा जिल्ला अदालतको चैत २१ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

२१ वर्षीया महिलालाई ०७६ चैत ३ गते इच्छाकामना गाउँपालिका-४ लेवाटारको मनकामना रिर्सोट पोखरा महानगरपालिका-१० का ६१ वर्षीय श्रीमान गुरुङले बलात्कार गरेको भनी पीडितले चैत ४ गते इलाका प्रहरी कार्यालय मुग्लिनमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले चैत ३ गते गिरफ्तार गऱ्यो। पीडितकाको चैत ४ गते भरतपुर अस्पतालमा स्वास्थ्य परीक्षण भयो। प्रहरीले आरोपित विरुद्ध जबरजस्ती करणी अन्तर्गत मुद्दा चलाएकोमा जिल्ला अदालतका न्यायधीश केशव अधिकारीको असार १६ गतेको इजलासले गुरुङलाई सात वर्ष कैद सजायको फैसला सुनायो।

२० वर्षीया महिलालाई २०७७ वैशाख १ गते भरतपुर महानगरपालिका-१ रामनगरका २२ वर्षीय अभिषेक धमालाले आफ्नै घरमा लगेर बलात्कार गरेको भनी पीडितले वैशाख २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन। प्रहरीले आरोपितलाई वैशाख २ गते गिरफ्तार गऱ्यो। महिलाको स्वास्थ्य परीक्षण वैशाख ३ गते भरतपुर अस्पतालमा भयो। प्रहरीले जबरजस्तीकरणी अन्तर्गत मुद्दा चलाएकोमा जिल्ला अदालतको ०७७ वैशाख २६ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**सिन्धुपाल्चोक**

१९ वर्षीया महिलालाई २०७६ फागुन २१ गते वैवाहिक बलात्कार गरेको आरोपमा चौतारा साँगाचोकगढी नपा- ६ कुविण्डेका २० वर्षीय राजन नेपाली विरुद्ध पीडितले फागुन २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई फागुण २८ गते चौतारा बजारबाट गिरफ्तार गऱ्यो। आरोपित र पीडित बीच ०७५ माघमा प्रेम विवाह भएको पीडितले बताइन्। पीडितको स्वास्थ्य परीक्षण ०७६ फागुन २७ गते चौतारा अस्पतालमा भयो। पीडितले इन्सेक जिल्ला प्रतिनिधिको कार्यालयमा सहयोगका लागी फागुण २७ गते अनुरोध गरिन्। आरोपित विरुद्ध इन्सेक प्रतिनिधिको सहयोगमा फागुण २८ गते कार्यालयमा मुद्दा दर्ता भयो। जिल्ला अदालतका न्यायाधीश टीकाराम आचार्यको ०७६ चैत २८ गतेको आदेशले आरोपितलाई ६० हजार रुपियाँ धरौटीमा रिहा गरेको जिल्ला सरकारी वकिल बद्रिबहादुर कार्कीले बताए।

**काठमाडौँ**

४६ वर्षीया महिलालाई २०७६ पुस २३ गते बलात्कार गरेको आरोपमा सिन्धुपाल्चोक जिल्ला बाह्रविसे नगरपालिका-२ घर भई हाल काठमाडौँ महानगरपालिका- ४ धुम्बाराही बस्दै आएका २८ वर्षीय शम्भुमाया तामाङ विरुद्ध पीडित पक्षले पुस २४ गते महानगरीय प्रहरी वृत गौशालामा उजुरी दियो। आरोपितलाई प्रहरीले पुस २४ गते धुम्बाराहीबाट गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण पुस २४ गते प्रसुती गृह थापाथलीमा भयो। प्रहरीले अरोपीत विरुद्ध पुस २४ गते बलात्कार आरोपमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालत काठमाडौँको ०७६ पुस २५ गते आदेशले आरोपितलाई ५ दिन, माघ १ गते ७ दिनको म्याद थप गर्दै फागुन १२ गते पुर्पक्षका लागि थुनामा पठायो।

२१ वर्षीया महिलालाई २०७६ पुस १६ गते बलात्कार गरेको आरोपमा काभ्रे जिल्ला पनौति नगरपालिका-२ घर भई हाल काठमाडौँ महानगरपालिका- १६ माछापोखरी बस्दै आएका ५४ वर्षीय सार्की तामाङविरुद्ध पीडित पक्षले पुस १८ गते महानगरीय वृत्त बालाजुमा उजुरी दियो। आरोपितलाई प्रहरीले पुस १९ गते माछापोखरीबाट गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण पुस १९ गते प्रसुती गृह थापाथलीमा भयो। आरोपितले पीडित महिलालाई माछापोखरी स्थित पाँचथर होटलमा लगेर बलात्कार गरेको आरोपमा पीडित पक्षले लगायो। प्रहरीले आरोपित विरुद्ध पुस १९ गते बलात्कार आरोपमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको पुस १९ गतेको आदेशले सात दिन, पुस २६ गते पाँच दिनको म्याद थप गर्दै माघ १८ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

३० वर्षीया महिलालाई २०७६ माघ २३ गते बलात्कार गरेको आरोपमा बर्दिया जिल्ला बर्दियालाल गाउँपालिका- २ घर भई हाल काठमाडौँ जिल्ला दक्षिणकाली नगरपालिका- ५ फर्पिङ बस्दै आएका ३३ वर्षीय रमेश प्रसाद सापकोटाविरुद्ध पीडित पक्षले माघ २६ गते महानगरीय प्रहरी वृत्त किर्तिपुरमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ २६ गते फर्पिङबाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपित विरुद्ध माघ २६ गते बलात्कार आरोपमा मुद्दा दर्ता गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण माघ २६ गते प्रसुती गृह थापाथलीमा भयो। जिल्ला अदालतको माघ २७ गतेको आदेशले सात दिन, फागुन ४ गते पाँच दिनको म्याद थप गर्दै फागुन ९ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१९ वर्षीया महिलालाई ०७६ माघ १७ गते बलात्कार गरेको आरोपमा काभ्रे जिल्ला महाभारत गाउँपालिका- ७ घर भई हाल काठमाडौँ जिल्ला महानगरपालिका- १६ नयाँबजार बस्दै आएका २० वर्षीय अनिल मोक्तानविरुद्ध पीडित पक्षले माघ २० गते महानगरीय प्रहरी वृत्त लैनचौरमा उजुरी भयो। आरोपितलाई प्रहरीले माघ २० गते नयाँबजारबाट गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण माघ २० गते प्रसुती गृह थापाथलीमा भयो। प्रहरीले आरोपित विरुद्ध माााघ २० गते बलात्कार आरोपमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ २१ गतेको आदेशले सात दिन, माघ २७ गते पाँच दिनको म्याद थप गर्दै फागुन ३ गते आरोपितलाई पुर्पक्षका लागी थुनामा पठायो।

२१ वर्षीया महिलालाई २०७६ चैत १० गते बलात्कार गरेको आरोपमा हुम्ला जिल्ला अदाङचुली गाउँपालिका- २ स्थायी ठेगाना भई हाल कागेश्वरी मनोहरा नगरपालिका- ६ मुलपानी बस्दै आएका २२ वर्षीय आकाश भण्डारी विरुद्ध पीडित पक्षले चैत १० गते महानगरीय प्रहरी वृत्त बौद्धमा उजुरी दियो। प्रहरीले आरोपितलाई चैत १० गते मुलपानीबाट गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण चैत १० गते प्रसुती गृह थापाथलीमा भयो। प्रहरीले

आरोपित विरुद्ध चैत १० गते बलात्कार आरोपमा जिल्ला अदालतमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालत काठमाडौँको चैत ११ गतेको आदेशमा आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

३० वर्षीया महिलालाई २०७६ चैत ३ गते बलात्कार गरेको आरोपमा रामेछाप जिल्ला मन्थली नगरपालिका- ७ स्थायी ठेगाना भई हाल काठमाडौँ महानगरपालिका- ३ बाँसबारी बस्दै आएका ३० वर्षीय भीमबहादुर थापा विरुद्ध पीडित पक्षले चैत ७ गते महानगरीय प्रहरी वृत्त महाराजगञ्जमा उजुरी दियो। प्रहरीले आरोपितलाई चैत ७ गते निजको कोठाबाट गिरफ्तार गर्‍यो। पीडित महिलाको स्वास्थ्य परीक्षण चैत ७ गते प्रसुती गृह थापाथलीमा भयो। प्रहरीले अरोपित विरुद्ध चैत ७ गते नै बलात्कार आरोपमा जिल्ला अदालतमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालत काठमाडौँको चैत ८ गतेको आदेशले सात दिनको म्याद थप गरी चैत १५ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

२२ वर्षीया महिलालाई २०७६ चैत ३० गते बलात्कार गरेको आरोपमा झापा जिल्ला गौरीगञ्ज गाउँपालिका- १ घर भई हाल काठमाडौँ जिल्ला चन्द्रागिरी नगरपालिका- ४ नागढुङ्गा बस्दै आएका २५ वर्षीय कृष्ण मुर्मुर सतार विरुद्ध पीडित पक्षले २०७७ वैशाख २ गते महानगरीय प्रहरी वृत्त थानकोटमा उजुरी दियो। प्रहरीले आरोपितलाई वैशाख २ गते नागढुङ्गाबाट गिरफ्तार गर्‍यो। पीडित महिलाको स्वास्थ्य परीक्षण वैशाख २ गते प्रसुती गृह थापाथलीमा भयो। प्रहरीले आरोपित विरुद्ध बैशाख २ गते बलात्कार आरोपमा जिल्ला अदालतमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालत काठमाडौँको वैशाख ३ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

५२ वर्षीया महिलालाई २०७७ जेठ ३ गते बलात्कार गरेको आरोपमा भोजपुर जिल्ला अरुण गाउँपालिका- ५ घर भई हाल काठमाडौँ जिल्ला बुढानिलकण्ठ नगरपालिका- १३ चुनिखेल बस्दै आएका ३५ वर्षीय राम थापा विरुद्ध पीडित पक्षले जेठ ४ गते महानगरीय प्रहरी वृत्त महाराजगञ्जमा उजुरी दियो। प्रहरीले आरोपितलाई जेठ ४ गते निजको कोठाबाट गिरफ्तार गर्‍यो। पीडित महिलाको स्वास्थ्य परीक्षण जेठ ४ गते प्रसुती गृह थापाथलीमा भयो। प्रहरीले आरोपित विरुद्ध जेठ ४ गते बलात्कार आरोपमा जिल्ला अदालतमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको जेठ ५ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

२० वर्षीया युवतीलाई २०७७ जेठ १७ गते बलात्कार गरेको आरोपमा रामेछाप जिल्ला खाडादेवी गाउँपालिका- ६ स्थायी घर भई हाल काठमाडौँ महानगरपालिका- ३२, महादेवस्थान बस्दै आएका २९ वर्षीय प्रकाश श्रेष्ठ विरुद्ध पीडित पक्षले जेठ १८ गते महानगरीय प्रहरी वृत्त बानेश्वरमा उजुरी दियो। प्रहरीले आरोपितलाई जेठ १८ गते कोटेश्वरबाट गिरफ्तार गर्‍यो। आरोपितले झारफुक गर्ने बहाना बनाएर बलात्कार गरेको पीडितको भनाइ छ। पीडित युवतीको स्वास्थ्य परीक्षण जेठ १८ गते प्रसुती गृह थापाथलीमा भयो। प्रहरीले आरोपित विरुद्ध जेठ १८ गते जिल्ला अदालतमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको जेठ १९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

२२ वर्षीया महिलालाई ०७७ असार ११ गते बलात्कार गरेको आरोपमा काठमाडौँ जिल्ला टोखा नगरपालिका- ५ का २६ वर्षीय केशव थपलिया विरुद्ध पीडित पक्षले असार १२ गते महानगरीय प्रहरी वृत्त महाराजगञ्जमा उजुरी दियो। प्रहरीले आरोपितलाई असार १२ गते धापारीबाट गिरफ्तार गर्‍यो। पीडित महिलाको स्वास्थ्य परीक्षण असार १२ गते प्रसुती गृह थापाथलीमा भयो। प्रहरीले आरोपित विरुद्ध असार १२ गते बलात्कार आरोपमा जिल्ला अदालतमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको असार १३ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**भक्तपुर**

२० वर्षीया युवतीलाई २०७७ जेठ ८ गते सामुहिक बलात्कार गरेको आरोपमा काभ्रेपलाञ्चोक जिल्ला तेमाल गाउँपालिका घरभई मध्यपुरथिमी नगरपालिका-६ पुरानोथिमी बस्ने २९ वर्षीय कवाङ लामा र सिन्धुपाल्चोक इन्द्रावती गाउँपालिका २ घरभई मध्यपुर थिमि नगरपालिका-६ पुरानोथिमिमा डेरागरी बस्ने २१ वर्षीय रोहित गिरी विरुद्ध पीडित परिवारले जेठ ९ गते महानगरीय प्रहरी वृत्त थिमीमा उजुरी दियो। आरोपित कवाङलाई प्रहरीले जेठ ९ गते सानोठिमीबाट गिरफ्तार गर्‍यो। आरोपितहरूले युवतीलाई ललाइफकाई आर्थिक प्रलोभनमा पारेर आफ्नै कोठामा लगेर बलात्कार गरी अन्य तीनजनालाई समेत बोलाई रातभरी बन्दक बनाई बलात्कार गरेको उजुरीमा उल्लेख छ। प्रहरीले आरोपित लामा विरुद्ध जेठ ११ गते जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान सुरु गरेको महानगरीय प्रहरी कार्यालय भक्तपुरका प्रहरी नायब उपरीक्षक दीपक गिरीले

बताए। आरोपित गिरी सहित तीन अन्य फरार रहेकाले खोजी भइरहेको उनले बताए। पीडित र आरोपित लामाको स्वास्थ्य परीक्षण जेठ ९ गते चाँगुनारायण नगरपालिका दुवाकोटस्थित काठमाडौँ मेडिकल कलेजमा भयो। जिल्ला अदालतको असार १३ गतेको आदेशले आरोपित लामालाई पुर्पक्षका लागि थुनामा पठायो।

**रामेछाप**

४६ वर्षीया महिलालाई ०७६ माघ १७ गते बलात्कार गरेको आरोपमा खाँडादेवी गाउँपालिका-३ को कुर्तुसा जङ्गलमा खाँडादेवी गाउँपालिका-६ का २४ वर्षीय प्रकाश बुढाथोकी विरुद्ध पीडित पक्षले माघ १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित महिला फुपुको छोराको विवाहमा जाँदै गरेको अवस्थामा आरोपितले खाँडादेवी गाउँपालिका-३ को कुर्तुसा जङ्गलमा बलात्कार गरेको पीडित पक्षले आरोप लगायो। आरोपितलाई प्रहरी चौकी सित्खाको प्रहरीले माघ १७ गते गिरफ्तार गरी सोही दिन जिल्ला प्रहरी कार्यालय रामेछापमा पठाएको जिल्ला प्रहरी कार्यालय रामेछापका इन्सपेक्टर टेकेन्द्र पौडेलले बताए। पीडित महिलाको स्वास्थ्य परीक्षण माघ १७ गते प्राथमिक स्वास्थ्य केन्द्र मन्थलीमा भयो। प्रहरीले आरोपित विरुद्ध माघ २९ गते गते जिल्ला अदालत रामेछापमा बलात्कारको मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन २३ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**सिन्धुली**

४१ वर्षीय अपाङ्गता भएकी महिलालाई २०७६ फागुन ८ गते राती आफ्नै घरमा लगेर ललाई फकाई बलात्कार गरेको भन्दै मरिण गाउँपालिका- ७ बाह्रविसेका ५० वर्षीय नारायण घोले विरुद्ध पीडित पक्षले फागुन ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन १० गते सर्लाही जिल्ला लालबन्दी नगरपालिका कार्यालय नजिकैबाट गिरफ्तार गऱ्यो। आरोपितले महिलालाई विवाह गर्छु भनी ललाई फकाई आफ्नै घरमा लगेर पटक पटक बलात्कार गरेको उजुरीमा उल्लेख छ। पीडितको स्वास्थ्य परीक्षण फागुन ११ गते सिन्धुली अस्पतालमा रहेको एकद्धार संकट व्यवस्थापन केन्द्रमा भयो। प्रहरीले आरोपित विरुद्ध बलात्कार अभियोगमा चैत ३ गते सिन्धुली जल्ला अदालत मुद्दा पेश गरेकोमा अदालतले चैत ४ गते दर्ता गऱ्यो। जिल्ला अदालतको चैत ४ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको मध्यसम्म मुद्दा फैसला भएन।

१९ वर्षीय शारीरिक अपाङ्गता भएकी युवतीलाई २०७७ जेठ २६ गते राति बलात्कार गरेको भन्दै मन्थली नगरपालिका-७ जमुनबोट घरका २४ वर्षीय सरोज नेपाली विरुद्ध पीडितले जेठ २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन। आरोपितलाई इलाका प्रहरी कार्यालय खुर्कोटको प्रहरी टोलीले जेठ २७ गते घरबाट गिरफ्तार गऱ्यो। आरोपितले बालिकालाई राती सुतिरहेको कोठामा गई जवरजस्ती मुख थुनेर बलात्कार गरेको पीडित पक्षले आरोप लगायो। घटनालाई लुकाउन पीडक पक्षबाट ३ लाख रुपियाँ आर्थिक प्रलोभन समेत देखाएर दबाब दिइएको पीडितका बाबुले बताए। पीडितको स्वास्थ्य परीक्षण जेठ २८ गते सिन्धुली अस्पतालमा रहेको एकद्धार संकट व्यवस्थापन केन्द्रमा भयो। आरोपित विरुद्ध प्रहरीले असार १८ गते जबरजस्ती करिणीको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असार १८ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

## परिवारजनबाट हत्या

**धादिङ**

नीलकण्ठ नगरपालिका-१४ की ४५ वर्षीया कान्छीमाया परियारको २०७६ फागुन २३ गते घरायसी झगडाको कारण ढुङ्ग्रा र लाठी प्रहार गरी हत्या गरेको आरोपमा पति ६० वर्षीय लुरेबहादुर नेपालीलाई फागुन २४ गते बिहान गाउँमा लुकिरहको स्थानबाट प्रहरीले गिरफ्तार गऱ्यो। आरोपित विरुद्ध प्रहरीले कर्तव्य ज्यान मुद्दा फागुन २७ गते जिल्ला अदालत दर्ता गऱ्यो। घरायसी झगडामा कुटपिट गर्दा मृत्यु भएपछि स्वास्थ्यकर्मी बोलाएर उपचारको प्रयास गरिए पनि सफल नभएको पीडितका आफन्तले बताए। शवको पोष्टमार्टम फागुन २५ गते धादिङ अस्पतालमा भयो। पोष्टमार्टम रिपोर्टमा अत्याधिक रक्तश्राबबाट उनको मृत्यु भएको उल्लेख छ। जिल्ला अदालतको चैत १९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

**भक्तपुर**

सूर्यविनायक नगरपालिका-९ नंखेलकी ३२ वर्षीया पवित्रा ब्याञ्जुको २०७६ फागुन ३० गते हत्या

गरेको भन्दै पति ३३ वर्षीय राजन ब्याञ्जुविरुद्ध पवित्राका दाजु साजन ब्याञ्जुले फागुन ३० गते महानगरीय प्रहरी वृत्त जगातीमा उजुरी दिए। आरोपितलाई प्रहरीले फागुन ३० गते घरबाटै गिरफ्तार गऱ्यो। आफ्नै घरमा मादक पदार्थ सेवन गरेका दुवै जनाबीच खाना पकाउने विषयमा विवाद हुँदा पतिले लात्ती, मुक्का र दाउराले हानेर हत्या गरेको अनुसन्धानमा खुलेको महानगरीय प्रहरी वृत्त जगातीका डिएसपी चक्रराज जोशीले बताए। शवको पोष्ट मार्टम त्रिवि शिक्षण अस्पताल महाराजगञ्जमा फागुन ३० गते गरिएको डिएसपी जोशीले बताए। जिल्ला अदालतको २०७६ चैत १२ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**मकवानपुर**

हेटौंडा उपमहानगरपालिका-४ कर्राकी सुस्मिता थापाको २०७७ असार १ गते आफ्नै घरको भान्सा कोठामा रहश्यमय मृत्यु भयो। प्रहरीले घटना बारे अनुसन्धान सुरु गरेको १३ दिनपछि सुस्मिताको सुनियोजित रुपमा परिवारजनबाटै हत्या भएको निश्कर्ष निकाल्दै ससुरा ५८ वर्षीय प्रकाश थापा र नन्द २३ वर्षीया सीतालाई असार ४ गते तथा सासू ५० वर्षीया तुलसा थापा, र आमाजू २७ वर्षीया दुर्गा थापालाई असार १४ गते गिरफ्तार गऱ्यो। सुस्मितामाथि आर्थिक, मानसिक र यौनजन्य हिंसापश्चात् सुनियोजित रुपमा परिवारबाटै हत्या भएको प्रहरीको प्रतिवेदन सहित मृतकका ससुरा र नन्दलाई ज्यानसम्बन्धी कसुर मुद्दामा तथा सासू र आमाजूलाई मतियारको रुपमा ०७७ असार १५ गते जिल्ला अदालत मकवानपुरमा दर्ता गऱ्यो। मृतकका पति नौ महिना अगाडि (०७६ कात्तिक) मा ससुराली कपिलवस्तुबाट फर्कने क्रममा नवलपरासीको दाउन्नेमा सवारी दुर्घटनामा मृत्यु भएको थियो। 'पतिको मृत्युपश्चात् नियमितजसो सुस्मितालाई परिवारबाटै यातना भइरहेको देखिन्छ' प्रहरी उपरीक्षक सुशील सिहराठौर बताए। ससुराले बुहारीलाई बाथरुममा जबर्जस्ती करणीको प्रयाससमेत गरेको अनुसन्धानको क्रममा खुलेको छ। 'आफूले गरेको करणी प्रयास बाहिर आउँदा सामाजिक प्रतिष्ठा जाने' र छोराको निधनपश्चात् प्राप्त रकमको विषयलाई लिएर सुनियोजित रुपमा हत्या गरेको अनुसन्धानबाट खुलेको प्रहरी उपरिक्षक राठौरले बताए। प्रहरीका अनुसार पतिको निधनपश्चात् दुर्घटना बिमा, सामाजिक सुरक्षा कोष तथा कार्यरत संस्थाबाट करिब ५५ लाख ६० हजार ३ सय २४ रुपैयाँ प्राप्त भएको रकमको विषयलाई लिएर समेत परिवारमा झगडा भएको थियो। बिमाको रकम १० लाख ६३ हजार ९ सय १४ रुपैयाँ समेत भने ससुराले झिकिसकेको प्रहरीले जनायो। जिल्ला अदालतको असार ३० गतेको आदेशले आरोपितहरूलाई पुर्पक्षका लागि थुनामा पठायो। आरोपित प्रकाश मकवानपुरको भीमफेदी कारागारमा छन् भने अन्य तीनजनालाई चितवनस्थित महिला कारागारमा राखिएको छ। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

**चितवन**

खैरहनी नगरपालिका-९ सिमलटाँडीकी ३४ वर्षीया अञ्जु अधिकारीलाई घरायसी विवादको क्रममा २०७७ वैशाख २७ गते राति पति ४५ वर्षीय कृष्णप्रसाद अधिकारीले घाँटीमा खुकुरी प्रहार गरी हत्या गरेको आरोपमा जिल्ला प्रहरी कार्यालय चितवनले आरोपितलाई वैशाख २८ गते गिरफ्तार गऱ्यो। हत्यामा प्रयोग भएको खुकुरी प्रहरीले बरामद गरेको छ। आरोपित विरुद्ध कर्तव्य ज्यान मुद्दामा मृतकका बाबुले वैशाख २८ गते इलाका प्रहरी कार्यालय खैरहनीमा उजुरी दिए। जिल्ला अदालतको जेठ २२ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। शवको पोष्टमार्टम वैशाख २९ गते भरतपुर अस्पतालमा भयो।

**सिन्धुपाल्चोक**

हेलम्बु गाउँपालिका- ७ स्थित बंगारेकी ३० वर्षीया अस्मिता तामाङलाई २०७७ वैशाख १८ गते बिहान पति ३५ वर्षीय रामबहादुर तामाङले किलो प्रहार गरी हत्या गरेको आरोपमा वैशाख १८ गते इलाका प्रहरी कार्यालय मेलम्चीका प्रहरीले गिरफ्तार गरेकोमा बैशाख १८ गते प्रहरीले कर्तव्य ज्यान सम्बन्धी मुद्दा दर्ता गरेको थियो। आरोपितले घरायसी विवादको कारण बिहानको खाना खाएर चुठ्न लाग्दा पछाडिबाट किलोले पत्नीको टाउकोमा प्रहार गरी हत्या गरेको वडाअध्यक्ष खेतनाथ घिमिरेले बताए। शवको पोष्टमार्टम वैशाख १८ गते प्राथमिक स्वास्थ्य केन्द्र मेलम्चीमा भयो। जिल्ला अदालतका न्यायाधिस टिकाराम आचार्यको ०७७ जेठ ७ गतेको इजलाशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको जिल्ला सरकारी वकिल बद्रिबहादुर कार्कीले बताए।

## सबै प्रकारका जातीय विभेद

**सिन्धुपाल्चोक**

बलेफी गाउँपालिका-७ का ४५ वर्षीय मनिक गहतराजलाई २०७६ फागुन ५ गते बिहान जातीय विभेद गरेको

भन्दै बलेफी गाउँपालिका-८ लामोसाँघुका ४५ वर्षीय नेत्रबाहादुर कार्की विरुद्ध पीडितले फागुन ६ गते इलाका प्रहरी कार्यालय बाह्रविसेमा उजुरी दिए। आरोपितलाई प्रहरीले फागुन ६ गते घर बाट गिरफ्तार गऱ्यो। पीडितले लामोसाँघु बजार स्थित सन्तोषी होटलमा खाजा खान लाग्दा चुलो नजिक आएको भन्दै आरोपितले जातीय विभेद गरेको पीडितले बताए। आरोपित विरुद्ध प्रहरीले फागुन ७ गते जातीय विभेद विरुद्ध मुद्दा जिल्ला अदालतमा दर्ता गऱ्यो। जिल्ला अदालतका जिल्ला न्यायाधिस टिकाराम आचार्यको फागुन १९ गते बसेको इजलाशले आरोपितलाई २० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दिएको जिल्ला सरकारी वकील बद्रिबहादुर कार्कीले बताए।

मेलम्ची नपा- ९ ज्यामिरेका २४ वर्षीय प्रेम भुजेललाई २०७६ फागुन २१ गते जातीय भेदभाव तथा छुवाछूत गरी बाबुको काजकिरिया समेत गर्न नदिएको भन्दै मेलम्ची नपा- ९ ज्यामिरेका ६२ वर्षीय पण्डित रमेश कुइकेल विरुद्ध पीडितले ०७६ चैत ७ गते इलाका प्रहरी कार्यालय मेलम्चीमा उजुरी दिए। पीडितले दिएको उजुरी प्रहरीले चैत १० गते जातिय विभेद विरुद्ध मुद्दा दर्ता गरी आरोपितलाई प्रहरीले चैत ११ गतेघरबाट गिरफ्तार गऱ्यो। पीडित भूजेल बाबु दिर्गबहादुर भूजेलको मृत्युको खबर पाउना साथ काठमाडौंबाट मेलम्ची घाटमा पुगेपछि दलितसँग विवाह गर्ने व्यक्तिलाई बाबुको सद्गत्मा संलग्न नगराउन पण्डितले दबाब दिए। पण्डितको दबाब पछि पीडित प्रेम भूजेलका दाजु बेलबहादुरले गाउँमा किरिया बसे पण्डित नआउने भनेपछि बाबुको काजकिरिया गर्न छाडेर उनी काठमाडौँ फर्केका थिए। जिल्ला अदालतका न्यायाधीश टीकाराम आचार्यको ०७७ जेठ २९ गतेको इजलासले आरोपितलाई २० हजार रुपियाँ धरौटीमा रिहा गरेको जिल्ला सरकारी वकिल बद्रिबहादुर कार्कीले बताए।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### भौतिक संरचनामा क्षति

#### रामेछाप

दोरम्बा गाउँपालिका- ७ गुन्सीमा रहेको एनसेलको टावरमा ०७६ माघ १३ गते बिहान ३ बजेतिर पहिचान नखुलेको पक्षले आगजनी गरे। जिल्ला प्रहरी कार्यालय रामेछापका इन्सपेक्टर टेकेन्द्र पौडेलका अनुसार आगलागीबाट टावरको जेनेरेटर लगायतका उपकरणमा क्षति पुग्यो। जिल्ला प्रहरी कार्यालयले आगलागीबाट करिब ३ लाख बराबरको क्षति भएको जनायो।

#### चितवन

भरतपुर महानगरपालिका-१० मा रहेको सुशान्त अस्पतालमा २०७६ फागुन २७ गते पहिचान नखुलेको समूहले तोडफोड र आजगनी गऱ्यो। औषधि किन्ने बहानामा आएका तीन जना युवाहरूले रातको समयमा अस्पतालमा तोडफोड र आगजनी गरेको अस्पतालका सञ्चालक नविन पौडेलले बताए। तोडफोडबाट औषधि राख्ने ऱ्याकका सिसाहरू फुटेका छन्। संलग्नताका आरोपमा कोही पनि गिरफ्तार भएनन्। अस्पतालका सञ्चालक पौडेलले करिब ५ लाख बराबरको क्षति भएको बताए।

#### भक्तपुर

मध्यपुरथिमि नगरपालिका-१ लोकन्थलीस्थित मनोहरा फाँटमा रहेको पूर्वसञ्चार, सूचना तथा प्रविधि मन्त्री गोकुल बास्कोटाको नवनिर्मित घरमा २०७६ फागुन २८ गते बिहान प्रेसर कुकर बम विस्फोट गराएको आरोपमा लमजु जिल्ला मर्स्याङ्दी गाउँपालिका-५ घरभई लोकन्थलीको सुकुम्बासी बस्ती निवासी प्रतिबन्धित नेकपको भक्तपुर जिल्ला सदस्य ५४ वर्षीय देव भनिने देवीबहादुर गुरुङ, कैलाली जिल्ला टीकापुर नगरपालिका-२ का ३१ वर्षीय लक्ष्मण सेट्ठी, कैलाली जिल्ला भजनी नगरपालिका-४ का ३२ वर्षीय अमृतबहादुर कुमाल र कालिकोट जिल्ला सान्नेत्रिवेणी गाउँपालिका-८ का २७ वर्षीय अभिषेक गिरी भनिने टेकबहादुर बिकलाई २०७६ चैत ७ गते प्रहरीले जडिबुटी सुकुम्वासी बस्तीबाट गिरफ्तार गरेको महानगरीय प्रहरी परिसर भक्तपुरका एसपी सविन प्रधानले बताए। विस्फोटबाट घरको पर्खाल, सिसा र बा.१९ च. ४७८१ नम्बरको निजी भ्यानको सिसामा क्षति पुग्नुको साथै छिमेकी कुबेर केसी, भुवन केसी र कपिल घिमिरेको घरका सिसा समेत फुटेको महानगरीय प्रहरी वृत्त थिमीका प्रहरी नायब उपरीक्षक शान्तिराज कोइरालाले बताए। गिरफ्तार परेका तीनै जनालाई चैत ७ गते जिल्ला अदालत भक्तपुरबाट म्याद थप गरि थप अनुसन्धान सुरु गरेको महानगरीय प्रहरी वृत्त थिमीका इन्स्पेक्टर राजिब गिरीले बताए। गिरफ्तार भएका मध्ये अभिषेक भन्ने टेकबहादुर बिक, अमृतबहादुर कुमाल, लक्ष्मण सेठीलाई जिल्ला अदालत भक्तपुरको चैत ३० गतेको आदेशले पुर्पक्षका लागि डिल्लीबजार कारागार पठायो। गिरफ्तार भएका मध्ये देवीबहादुर गुरुङलाई सामान्य तारेखमा रिहा गऱ्यो।

# गण्डकी प्रदेशको मानव अधिकार अवस्था : ६ महिनाका प्रतिनिधिमूलक घटना

## (०७६ पुस १६ गतेदेखि ०७७ असार १६ गतेसम्म)

### गोली/विस्फोटक पदार्थबाट घाइते

**राज्यपक्षबाट**

**नवलपरासी पूर्व**

मध्यविन्दु नपा-२ नन्दपुरका ३४ वर्षीय प्रेम महतो २०७६ फागुन २४ गते मध्यविन्दु नपा-३ कोल्हुवा प्रहरी चौकीमा कार्यरत सई गङ्गाराम कोइरीले चलाएको गोली लागेर घाइते भए। महतोको कोखा र गोडामा गोली लागेको थियो। घाइते महतोको उपचार भरतपुर चितवनमा रहेको पुरानो मेडिकल कलेजमा फागुन २४ देखि चैत ११ गतेसम्म भयो। सई कोइरीको नेतृत्वमा गस्तीमा रहेको टोलीमाथि ढुङ्गामुढा सहित खुकुरी प्रहार गर्न खोज्दा प्रहरीले आत्मरक्षाका लागि गोली प्रहार गरेको जिल्ला प्रहरी कार्यालय नवलपरासी पूर्वका एसपी दीपक रेग्मीले बताए। प्रहरीले महतोमाथि दुई राउण्ड गोली चलाएको उनले बताए। गस्तीमा रहेको टोलीले एउटा मोटरसाइकलमा तीन जना चढेर आएको देखेपछि रोकेर चेकजाँच गर्न खोज्दा नरोकी भाग्न खोजेको र मोटरसाइकलले सई कोइरीलाई लडाउनुका साथै ढुङ्गा प्रहार गरेपछि आत्मरक्षाका लागि गोली चलाएको एसपी रेग्मीले बताए। उनीहरूको साथबाट एक थान खुकुरी र उनीहरूले प्रयोग गरेको ना ४९ प ६५१३ नम्बरको मोटरसाइकल बरामद गरेको रेग्मीले बताए। उपचार पछि घाइते सामान्य हिँडडुल गर्न सक्छन्। यो वर्षको मध्यसम्म उपचारको खर्च अस्पतालमा भुक्तानी नभएको र लेखापढी भइरहेको जिल्ला प्रशासन कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व)का प्रशासकीय अधिकृत आनन्द भुसालले बताए।

### गिरफ्तार

**गोरखा**

पालुङटार नगरपालिका-७ च्याङली निवासी नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको प्रतिबन्धित नेकपाका गोरखा जिल्ला सदस्य ४२ वर्षीय ओमप्रकाश गुरुङलाई २०७६ पुस २६ गते जिल्ला प्रहरी कार्यालयबाट खटिएका प्रहरीले पालुङटार नगरपालिका-७ च्याङलीस्थित उनकै घरबाट गिरफ्तार गरेको एसपी ओमप्रसाद अधिकारीले बताए। गुरुङको स्वास्थ्य परीक्षण पुस २६ गते गोरखा अस्पतालमा भयो। उनीविरूद्ध प्रहरीले पुस २७ गते गोरखा जिल्ला अदालतमा सार्वजनिक शान्ति विरुद्धको कसुरमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको माघ २० गतेको आदेशले गुरुङ साधारण तारेखमा रिहा भएको डिएसपी वासुदेव खतिवडाले बताए। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

शहीद लखन गाउँपालिका-४ ताक्लुङ निवासी नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको प्रतिबन्धित नेकपाका कार्यकर्ता तथा किसान सङ्गठनका जिल्ला अध्यक्ष ४८ वर्षीय रोहितप्रसाद पन्त र गण्डकी गाउँपालिका-७ घ्याल्चोक निवासी प्रतिबन्धित नेकपाका कार्यकर्ता तथा जनपरिषद् प्रमुख ६७ वर्षीय विष्णुप्रसाद रिजाललाई २०७६ माघ १० गते जिल्ला प्रहरी कार्यालय गोरखाबाट खटिएका प्रहरीले गोरखा नगरपालिका-१० विरेन्चोकबाट गिरफ्तार गरेको एसपी ओमप्रसाद अधिकारीले बताए। उनीहरूविरूद्ध प्रहरीले माघ १२ गते जिल्ला प्रशासन कार्यालयमा सार्वजनिक शान्ति विरुद्धको कसुरमा मुद्दा दर्ता गर्‍यो। जिल्ला प्रशासन कार्यालयले उनीहरूलाई फागुन ५ गते साधारण तारेखमा रिहा गरेको डिएसपी वासुदेव खतिवडाले बताए। उनीहरू रिहा भए लगतै दुवै जनाले पार्टी गतिविधिमा संलग्न नहुने लिखित प्रतिबद्धता जनाए। उनीहरूको स्वास्थ्य परीक्षण माघ १० गते गोरखा अस्पतालमा भएको डिएसपी खतिवडाले बताए। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

दाङ जिल्ला तुलसीपुर उपमहानगरपालिका-५ निवासी नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको प्रतिबन्धित नेकपाका गोरखा सेक्रेटरी ४४ वर्षीय लोकबहादुर वली र गोरखा जिल्ला गण्डकी गाउँपालिका-४ फुजेल निवासी ४३ वर्षीय कृष्ण पन्तलाई २०७६ फागुन २ गते प्रहरीले गोरखा नगरपालिका-१३ मझुवा देउरालीबाट गिरफ्तार गरेको डिएसपी वासुदेव खतिवडाले बताए। उनीहरूको स्वास्थ्य परीक्षण फागुन २ गते गोरखा अस्पतालमा भयो। प्रहरीले उनीहरूविरूद्ध सार्वजनिक शान्ति विरुद्धको कसुरमा

जिल्ला प्रशासन कार्यालय गोरखामा फागुन ३ गते मुद्दा दर्ता गर्‍यो। उनीहरू दुवैलाई फागुन २८ गते १५-१५ हजार रुपियाँ धरौटी तारेखमा जिल्ला प्रशासन कार्यालयले रिहा गरेको डिएसपी खतिवडाले बताए। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

प्युठान जिल्ला माण्डपी गाउँपालिका-३ निवासी नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको प्रतिबन्धित नेकपाका प्युठान जिल्ला सदस्य ३७ वर्षीय खेमबहादुर कार्कीलाई २०७६ चैत ३ गते जिल्ला प्रहरी कार्यालयको प्रहरीले गोरखा नगरपालिका-११ बाह्र किलोबाट गिरफ्तार गरेको डिएसपी वासुदेव खतिवडाले बताए। कार्कीको स्वास्थ्य परीक्षण चैत ३ गते गोरखा अस्पतालमा भयो। प्रहरीले कार्कीविरूद्ध चैत ४ गते जिल्ला प्रशासन कार्यालयमा सार्वजनिक शान्ति विरुद्धको कसुरमा मुद्दा दर्ता गर्‍यो। जिल्ला प्रशासन कार्यालयले चैत १२ गते कार्कीलाई २० हजार रुपियाँ धरौटी तारेखमा रिहा गर्ने आदेश दियो। धरौटी रकम बुझाउन नसकेपछि कार्कीलाई जिल्ला प्रशासन कार्यालयले चैत १२ गते थुनामा पठायो। वैशाख २८ गते जिल्ला प्रशासन कार्यालयले तोकेको धरौटी रकम बुझाएर रिहा भएको डिएसपी खतिवडाले बताए। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

रोल्पा जिल्ला सुनछहरी गाउँपालिका-६ निवासी नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको प्रतिबन्धित नेकपाका तनहुँ जिल्ला इन्चार्ज ३९ वर्षीय जितबहादुर पुन र तनहुँ जिल्ला बन्दिपुर गाउँपालिका-५ निवासी प्रतिबन्धित नेकपाका कार्यकर्ता २१ वर्षीय पर्वतबहादुर सेढाईंलाई २०७६ फागुन २८ गते जिल्ला प्रहरी कार्यालयका प्रहरीले गोरखा नगरपालिका-९ लक्ष्मिबजारबाट गिरफ्तार गरेको एसपी ओम अधिकारीले बताए। उनीहरूको स्वास्थ्य परीक्षण फागुन २८ गते गोरखा अस्पतालमा भयो। प्रहरीले उनीहरूविरूद्ध फागुन २९ गते सार्वजनिक शान्ति विरूद्धको कसुरमा जिल्ला प्रशासन कार्यालयमा मुद्दा दर्ता गर्‍यो। चैत ११ गते उनीहरू साधारण तारेखमा रिहा भएको जिल्ला प्रहरी कार्यालय गोरखाका डिएसपी वासुदेव खतिवडाले बताए। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

बागलुङ जिल्ला वडागाउँ गाउँपालिका-५ ग्वालीचौर निवासी नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको प्रतिबन्धित नेकपाका बागलुङ जिल्लाका पूर्व सेक्रेटरी ३४ वर्षीय रामबहादुर कुँवर 'नविन' लाई २०७६ फागुन १७ गते जिल्ला प्रहरी कार्यालयका प्रहरीले गोरखा नगरपालिका-९ लक्ष्मिबजारबाट गिरफ्तार गरेको डिएसपी वासुदेव खतिवडाले बताए। प्रहरीले फागुन १९ गते जिल्ला प्रशासन कार्यालयमा सार्वजनिक शान्ति विरूद्धको कसुरमा मुद्दा दर्ता गर्‍यो। कुँवरको स्वास्थ्य परीक्षण फागुन १७ गते गोरखा अस्पतालमा भयो। जिल्ला प्रशासनको चैत ९ गतेको आदेशले कुँवरलाई ५ हजार रुपियाँ धरौटी तारेखमा रिहा गर्ने आदेश दियो। धरौटी रकम बुझाउन नसकेपछि चैत ९ गते कुँवरलाई थुनामा पठाइयो। कुँवरले चैत १७ गते तोकिएको धरौटी बुझाएर रिहा भएको डिएसपी वासुदेव खतिवडाले बताए। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

गोरखा नगरपालिका-१२ दशकिलो निवासी नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको प्रतिबन्धित नेकपाका कार्यकर्ता ४७ वर्षीय योगेन्द्र कुमाललाई २०७६ चैत २१ गते प्रहरीले गोरखा नगरपालिका-१२ दशकिलोस्थित कुन्दुरटारबाट गिरफ्तार गरेको एसपी ओमप्रसाद अधिकारीले बताए। प्रारम्भिक अनुसन्धानको क्रममा कुमाल प्रतिबन्धित नेकपाका पूर्व सेक्रेटरी रहेको खुल्न आएको प्रहरीले जनाएको छ। प्रहरीले उनीविरूद्ध सार्वजनिक शान्ति विरूद्धको कसुरमा चैत २२ गते जिल्ला अदालत गोरखामा मुद्दा दर्ता गर्‍यो। उनको स्वास्थ्य परीक्षण चैत २१ गते गोरखा अस्पतालमा भयो। जिल्ला अदालतले वैशाख १४ गते उनलाई २० हजार रुपियाँ धरौटी तारेखमा रिहा गर्ने आदेश दियो। कुमाललाई धरौटी रकम बुझाउन नसेपछि वैशाख १४ गते थुनामा पठायो। कुमाल वैशाख २९ गते तोकिएको धरौटी रकम बुझाएर रिहा भएको डिएसपी वासुदेव खतिवडाले बताए। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

अजिरकोट गाउँपालिका-४ काफलडाँडा निवासी नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको प्रतिबन्धित नेकपाकी केन्द्रीय सदस्य ४२ वर्षीय उमा भुजेललाई २०७७ जेठ २० गते कैलाली प्रहरीले गोरखा नगरपालिका-१३ बाट गिरफ्तार गरी गोरखा प्रहरीलाई जिम्मा लगायो। उनको स्वास्थ्य परीक्षण जेठ २० गते जिल्ला अस्पताल गोरखामा भयो। उनीविरूद्ध प्रहरीले जेठ २१ गते सार्वजनिक शान्ति विरूद्धको कसुरमा गोरखा अदालतमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतले भुजेललाई जेठ २२ गते ५ हजार रुपियाँ धरौटी तारेखमा रिहा गर्ने आदेश दिएको जिल्ला प्रहरी कार्यालय गोरखाका डिएसपी वासुदेव खतिवडाले बताए। भुजेललाई प्रहरीले जेष्ठ २२ गते पुन गिरफ्तार गरेको छ। सार्वजनिक शान्ति विरुद्धको कसुरमा ५ हजार धरौटी बुझाएर जिल्ला अदालतले रिहा गर्ने आदेश दिए लगतै भुजेल पक्राउ पर्नुभएको हो। उहाँलाई

हातहतियार तथा खरखजना मुद्दामा अनुसन्धानका लागि जेठ २२ गते नै ललिपुर पठाइएको एसपी ओम अधिकारीले बताउनुभयो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

**म्याग्दी**

बेनी नगरपालिका-२ भकुण्डे निवासी नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको प्रतिबन्धित नेकपाका म्याग्दी जिल्ला सेक्रेटरी ३० वर्षीय रेशम सापकोटालाई २०७६ पुस २७ गते उनकै घरबाट जिल्ला प्रहरी कार्यालय म्याग्दीका इन्स्पेक्टर ध्रुवप्रसाद शर्माको नेतृत्वमा गएको प्रहरी टोलीले गिरफ्तार गऱ्यो। प्रहरीले सापकोटाको घरबाट ३०३ भि ८९४० नम्बरको राइफल, भरुवा बन्दुक तथा सात राउण्ड गोली र बारुद छर्राको तीन बट्टा समेत बरामद गरेको जनायो। सापकोटाको स्वास्थ्य परीक्षण पुस २८ गते बेनी अस्पतालमा भयो। उनीविरूद्ध प्रहरीले माघ २३ गते जिल्ला अदालतमा हातहतियार तथा खरखजाना मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतलको माघ २३ गतेको आदेशले सापकोटालाई पुर्पक्षका लागि थुनामा पठायो। यस वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

मालिका गाउँपालिका-३ आदिवाग निवासी नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको प्रतिबन्धित नेकपाका म्याग्दी जिल्ला जनपरिषद् प्रमुख ५६ वर्षीय जगेन्द्रबहादुर पुनलाई २०७६ फागुन ९ गते राति इलाका प्रहरी कार्यालय दरवाङको प्रहरीले उनकै घरबाट गिरफ्तार गऱ्यो। उनको स्वास्थ्य परीक्षण फागुन १० गते बेनी अस्पतालमा भयो। प्रहरीले उनीविरूद्ध चैत ४ गते जिल्ला अदालतमा राज्यविरुद्धको कसुर मुद्दा पेश गरेकोमा अदालतले १५ हजार रुपियाँ धरौटीमा चैत ५ गते रिहा गर्ने आदेश दियो। यस वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

मालिका गाउँपालिका-१ निस्कोट निवासी नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको प्रतिबन्धित नेकपाका म्याग्दी जिल्ला सदस्य २७ वर्षीय पतनबहादुर पुनलाई २०७६ फागुन १८ गते इलाका प्रहरी कार्यालय दरवाङको प्रहरीले उनकै घरबाट गिरफ्तार गऱ्यो। उनको स्वास्थ्य परीक्षण फागुन १९ गते बेनी अस्पतालमा भयो। प्रहरीले उनीविरूद्ध नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, अखण्डता वा राष्ट्रिय एकतामा खलल पारेको भन्दै राज्यविरूद्धको कसुर अभियोगमा चैत २८ गते जिल्ला अदालतमा मुद्दा पेस गरेकोमा अदालतले सोही दिन १५ हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो। यस वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

बझाङ जिल्ला केदारस्यूँ गाउँपालिका-४ निवासी नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको प्रतिबन्धित नेकपाका कास्की जिल्ला पूर्व सेक्रेटरी ३३ वर्षीय लोकेन्द्र विश्वकर्मा र गोरखा जिल्ला सिरानचोक गाउँपालिका-३ निवासी गोरखा जिल्ला सदस्य चिनकाजी बिकलाई २०७७ वैशाख २ गते जिल्ला प्रहरी कार्यालयको प्रहरीले बेनी नगरपालिका-१ रत्नेचौरबाट गिरफ्तार गऱ्यो। उनीहरूको स्वास्थ्य परीक्षण वैशाख २ गते बेनी अस्पतालमा भयो। जिल्ला पप्रहरी कार्यालयले लोकेन्द्र र चिनकाजीलाई वैशाख २ गते जिल्ला प्रशासन कार्यालयमा पेश गऱ्यो। उनीहरूलाई जिल्ला प्रशाासन कार्यालयले वैशाख १५ गते साधारण तारेखमा रिहा गर्ने आदेश गऱ्यो।

**कास्की**

नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको प्रतिबन्धित नेकपाका कार्यकर्ताहरू पोखरा महानगरपालिका-१४ का २६ वर्षीय विकास सुनार, पोखरा महानगरपालिका-१४ बस्ने २७ वर्षीय लोकेन्› राई, पोखरा महानगरपालिका-१४ का २४ वर्षीय चट्टान हितानलाई ०७६ पुस २५ गते प्रहरीले पोखरा महानगरपालिका-१५ चाउथे नयाँबजार स्थित घरबाट गिरफ्तार गऱ्यो। उनीहरूको स्वास्थ्य परीक्षण पुस २५ गते पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा भएको वडा प्रहरी कार्यलय रामबजारमा डिएसपी प्रकाश थापाले बताए। प्रहरीले उनीहरू विरुद्ध पुस २६ गते जिल्लला अदालत कास्कीमा राज्यद्रोह अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालत कास्कीको फागुन ४ गतेको आदेशले उनीहरू ५ हजार रुपियाँ धरौटी बुझाएर रिहा भए। मध्यसम्म फैसला भएन।

बागलुङ जिल्ला ताराखोला गाउँपालिका-२ निवासी नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको प्रतिबन्धित नेकपाका कार्यकर्ता २४ वर्षीय उपेन› परियार, दार्चुला थाल गाउँपालिका-५ का २५ वर्षीय प्रमोद सिंह, कास्की जिल्ला मादी गाउँपालिका-७ का २३ वर्षीय सागर बिक र २३ वर्षीय दिपक परियारलाई २०७६ माघ २९ गते साँझ प्रहरीले पोखरा मनपा-१३ कुडहरबाट गिरफ्तार गऱ्यो। सार्वजनिक स्थलमा मसाल जुलुस निकाल्ने क्रममा गिरफ्तार गरिएको जिल्ला प्रहरी कार्यालय कास्कीका डिएसपी राजकुमार केसीले बताए। उनीहरू माथि सार्वजनिक स्थानमा अभद्र व्यवहार गरेको भनी जिल्ला प्रशासन कार्यालयमा मुद्दा दर्ता गरिएको डिएसपी केसीले बताए। जिल्ला प्रशासन कार्यालय

कास्कीको आदेशमा उनीहरू फागनु २ गते ३ हजार रुपियाँ धरौटीमा रिहा भए। यो वर्षको मध्यसम्म मुद्दा फैसला भएन।

**तनहुँ**

बन्दिपुर गाउँपालिका-६ निवासी नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको प्रतिबन्धित नेकपाका तनहुं जिल्ला इन्चार्ज ४० वर्षीय पूर्णजित पुन र बन्दिपुर गाउँपालिका-४ निवासी प्रतिबन्धित नेकपाका जिल्ला सदस्य १८ वर्षीय पर्वत सेढाईलाई २०७६ माघ २८ गते प्रहरीले म्याग्दे गाउँपालिका-२ जामुनेबाट गिरफ्तार गऱ्यो। उनीहरूको स्वास्थ्य परीक्षण सोही दिन राति नै दमौली अस्पतालमा भयो। प्रतिबन्धित नेकपाले फागुन १ गते जनयुद्ध दिवस मनाउन प्रचार प्रसारका लागि पोष्टर टाँस्दै गरेका पुन र सेढाईलाई गिरफ्तार गरिएको जिल्ला प्रहरी कार्यालय तनहुँका एसपी विनोद सिलवालले बताए। प्रहरीले उनीहरूविरुद्ध माघ २९ गते जिल्ला प्रशासन कार्यालयबाट म्याद थप गरी थप अनुसन्धानका लागि हिरासतमा राखिएकोमा फागुन २८ गते जिल्ला प्रशासन कार्यालयले ५ हजार रुपियाँ धरौटी लिई तारेखमा रिहा गर्ने आदेश दियो। सेढाई ५ हजार रुपियाँ धरौटी बुझाइ सोही दिन रिहा भए भने प्रशासनको आदेश विपरीत पुनलाई फागुन २८ गते पुनः गिरफ्तार गरी गोरखा जिल्ला पठाइयो। गोरखामा उनीविरुद्ध मुद्दा रहेको कारण गोरखा पठाइएको जिल्ला प्रहरी कार्यालयका डिएसपी लिलाराज लामिछानेले बताए।

**नवलपरासी पूर्व**

बागलुङ जिल्ला ढोरपाटन नपा-६ अधिकारीचौर निवासी नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको प्रतिबन्धित नेकपाका बाग्लुङ जिल्ला सदस्य ३१ वर्षीय महेन› भण्डारीलाई जिल्ला प्रहरी कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व) ले २०७६ माघ १३ गते गिरफ्तार गऱ्यो। उनको स्वास्थ्य परीक्षण माघ १३ गते नवलपुर अस्पतालमा भयो। जिल्ला प्रशासन कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा भण्डारीले प्रहरीलाई अभद्र व्यवहार गरेको भन्दै प्रहरीले माघ १३ गते मुद्दा चलायो। जिल्ला प्रशासन कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व)ले २ हजार रुपियाँ धरौटीमा माघ २२ गते भण्डारीलाई तारेखमा रिहा गरेलगत्तै कार्यालयबाटै पुनः गिरफ्तार गरी उनीविरुद्ध चितवन जिल्लामा मुद्दा रहेको कारण जिल्ला प्रहरी कार्यालय चितवनको जिम्मा लगाएको सई टिकाराम पोखरेलले बताए।

चितवन जिल्ला रत्ननगर नपा-१० निवासी नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको प्रतिबन्धित नेकपाका कार्यकर्ता २४ वर्षीय प्रविण आचार्यलाई २०७६ चैत ३० गते इलाका प्रहरी कार्यालय गैँडाकोट नवलपरासी (बर्दघाट सुस्ता पूर्व)ले गैँडाकोट नपा-२ बाट गिरफ्तार गऱ्यो। उनको स्वास्थ्य परीक्षण माघ १३ गते भरतपुर अस्पतालमा भयो। उनलाई प्रहरी माथि अभद्र व्यवहार गरेको आरोपमा प्रहरीले चैत ३० गते जिल्ला प्रशासन कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा मुद्दा चलाएकोमा जिल्ला प्रशासन कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व) ले २०७७ वैशाख २ गते ७ हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो। यो वर्षको मध्यसम्म मुद्दा फैसला भएन।

कपिलवस्तु जिल्ला शिवराज नपा-९ निवासी नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको प्रतिबन्धित नेकपाका कार्यकर्ता ३५ वर्षीय दिलिप चन्दलाई २०७७ वैशाख ११ गते जिल्ला प्रहरी कार्यालय नवलपरासी ( बर्दघाट सुस्ता पूर्व) ले कावासोती नपा-१६ बाट गिरफ्तार गऱ्यो। चन्दलाई प्रहरीमाथि अभद्र व्यवहार गरेको आरोपमा वैशाख ११ गते जिल्ला प्रशासन कार्यालयमा मुद्दा चलाइएकोमा जिल्ला प्रशासन कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व)ले वैशाख २२ गते साधारण तारिखमा रिहा गर्ने आदेश दियो। यो वर्षको मध्यसम्म मुद्दा फैसला भएन।

**पर्वत**

प्युठान जिल्ला माण्डवी गाउँपालिका-३ निवासी नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको प्रतिबन्धित नेकपाका प्युठान जिल्ला सदस्य ३७ वर्षीय बुलेट भनिने चिमबहादुर कार्कीलाई २०७६ माघ २० गते जिल्ला प्रहरी कार्यालयका प्रहरीले कुश्मा नपा-६ शिवालय चोकबाट गिरफ्तार गऱ्यो। उनको स्वास्थ्य परीक्षण माघ २० गते जिल्ला अस्पताल पर्वतमा भयो। उनले प्रहरीलाई अभ› व्यवहार गरेको आरोपमा गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालय पर्वतका इन्स्पेक्टर विकास थापाले बताए। कार्कीलाई सार्वजनिक हित विपरीत कार्य गरेको आरोप लगाउँदै जिल्ला प्रहरी कार्यालय पर्वतले सरकारी वकिल कार्यालय, पर्वतमार्फत जिल्ला अदालतमा माघ २१ गते अभद्र व्यवहारमा मुद्दा दायर गऱ्यो। उनलाई माघ २७ गते बन्दी प्रत्यक्षीकरणको रिट दायर भएपछि सर्वोच्च अदालतको आदेश अनुसार माघ २७ गते रिहा गरियो। यसअघि चिमबहादुर कार्कीलाई २०७६ असार ४ गते

कास्की प्रहरीले गिरफ्तार गरी असार ३० गते कास्की जिल्ला अदालतबाट १५ हजार धरौटीमा रिहा गर्ने आदेश दिएको थियो।

नवलपरासी पूर्व जिल्ला कावासोती नगरपालिका- १ निवासी नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको प्रतिबन्धित नेकपाका कार्यकर्ता ३४ वर्षीय धनसिंह ठगुन्ना र कावासोती नगरपालिका-५ का ५२ वर्षीय विरबहादुर थापालाई २०७६ फागुन १९ गते प्रहरीलाई अभ› व्यवहार गरेको आरोपमा जिल्ला प्रहरी कार्यालयका प्रहरीले कुश्मा नपा-६ शिवालय चोकबाट गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालय पर्वतका इन्स्पेक्टर विकास थापाले बताए। उनीहरूको स्वास्थ्य परीक्षण फागुन १९ गते जिल्ला अस्पताल भयो। उनीहरूलाई प्रहरीले अदालत पेश नगरी स्याङ्जा जिल्ला प्रहरी कार्यालयमा फागुन २० गते बुझायो।

बागलुङ जिल्ला बडीगाड गाउँपालिका-५ निवासी नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको प्रतिबन्धित नेकपाका कार्यकर्ता २५ वर्षीय रामबहादुर कुँवरलाई २०७७ वैशाख २२ गते जिल्ला प्रहरी कार्यालय पर्वतले कुश्मा नगरपालिका-१ मालढुङ्गाबाट गिरफ्तार गर्‍यो। प्रहरीले उनीविद्ध वैशाख २३ गते जिल्ला प्रशासन कार्यालय पर्वतमा अभद्र व्यवहार अन्तर्गत मुद्दा दर्ता गरी हिरासतमा राख्यो। उनको स्वास्थ्य परीक्षण वैशाख २२ गते जिल्ला अस्पतालमा भयो। कुँवरकी बहिनी सारदा कुँवरले वैशाख २८ गते बन्दी प्रत्यक्षीकरणको मुद्दा दर्ता गरेपछि वैशाख २९ गते सर्वोच्च अदालतको आदेशले कानुन व्यवसायी, सञ्चारकर्मीको रोहबरमा रिहा गर्‍यो।

**बागलुङ**

बागलुङ नगरपालिका-४ कुडुले निवासी नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको प्रतिबन्धित नेकपाका बागलुङ नगर इन्चार्ज ५५ वर्षीय मुरारी पौडेललाई जिल्ला प्रहरी कार्यालय बागलुङले २०७६ फागुन १ गते उनकै घरबाट गिरफ्तार गर्‍यो। उनको स्वास्थ्य परीक्षण फागुन १ गते धौलागिरी अञ्चल अस्पताल बागलुङमा भयो। प्रहरीले उनी विरुद्ध फागुन २ गते राज्य विरुद्धको अपराधको मुद्दा जिल्ला प्रशासन कार्यालयमा दर्ता गर्‍यो। पौडेलले जिल्ला प्रशासन कार्यालय बागलुङमा फागुन २३ गते पार्टी परित्यागको घोषणा गरेपछि ५ हजार रुपियाँ धरौटीमा रिहा भए। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन। अभिलेख नम्बर १७

म्याग्दी जिल्ला मालिका गाउँपालिका-१ निस्कोट निवासी नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको प्रतिबन्धित नेकपाको युवा सङ्गठन म्याग्दी जिल्ला अध्यक्ष २६ वर्षीय धनबहादुर पुनलाई २०७६ फागुन ६ गते जिल्ला प्रहरी कार्यालय बागलुङले कालिका मन्दिर नजिकबाट गिरफ्तार गर्‍यो। उनको स्वास्थ्य परीक्षण फागनु ६ गते धौलागिरी अञ्चल अस्पतालमा भयो। प्रहरीले पुनविरुद्ध जिल्ला प्रशासन कार्यालयमा सार्वजनिक कसुर ऐन अन्तर्गत फागुन ६ गते मुद्दा दर्ता गर्‍यो। जिल्ला प्रशासन कार्यालय बागलुङको फागुन १६ गतेको आदेशले पुन: साधारण तारेखमा रिहा भए। चैत्र महिनापछि पुनलाई नबोलाएकोले यो वर्षको मध्यसम्म मुद्दा फैसला भएन।

## कुटपिट/धम्की

### राज्यपक्षबाट

**तनहुँ**

काठमाडौं महानगरपालिका गोंगबु बस्दै आएका लोकदोहोरी ३६ वर्षीय गायक प्रकाश कटुवाललाई जिल्ला प्रहरी कार्यालयका डिएसपी लिलाराज लामिछानेले २०७६ फागुन १९ गते राति ९ बजे पाइपले दाहिने गोडाको साप्रामा कुटपिट गरेको प्रकाशका साथी रमेश दुलालले बताए। कुटपिटबाट घाइते भएपछि प्रहरीले उनलाई राति नै दमौली अस्पतालमा लगेर उपचार गराएको थियो। डिएसपी लामिछानेले भने आफूले कटुवाललाई कुटपिट नगरेको बताए। उनले कटुवालको मुद्दाको बारेमा सोधपुछ गर्न आफ्नो कार्यकक्षमा बोलाई धेरै बेरसम्म उभ्याएको कारण गोडाबाट रगत बगेको देखेपछि आफैंले उपचारका लागि पठाएको बताए। यस सम्बन्धमा फागुन ३ गते पीडित कटुवालका आफन्तले जिल्ला प्रहरी कार्यालयमा विरोध जनाएपछि डिएसपी लामिछानेले माफी मागेका थिए। बन्दिपुर गाउँपालिका- १ डुम्रेका होटल व्यवसायी ५० वर्षीय लालकाजी गुरुङलाई २०७६ फागुन २ गते राति होटलमा खाना खाइरहेको बेला कुटपिट गरेको भन्दै रामेछाप जिल्ला घर भई काठमाडौं महानगरपालिका गोंगबु बस्दै आएका लोकदोहोरी गायक ३६ वर्षीय प्रकाश कटुवालविरुद्ध गुरुङका आफन्तले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएका थिए। कुटपिटबाट घाइते भएका गुरुङको पोखरा स्थित मणिपाल अस्पतालमा प्राथमिक उपचार भयो भने थप उपचार काठमाडौंको नर्भिक अस्पतालमा भयो। प्रहरीले आरोपित प्रकाश कटुवाललाई फागुन ५ गते गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयको हिरासतमा राख्यो। हिरासतमा नै

उनलाई दुई प्रहरीले कुटपिट गरेको पीडित पक्षको आरोप छ। ज्यान मार्ने उद्योग मुद्दामा जिल्ला प्रहरी कार्यालयको हिरासतमा रहेका कटुवाल जिल्ला अदालतको आदेशमा चैत ४ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

व्यास नगरपालिका-१३ घर भई सोही नगरपालिका- १ बस्दै आएका ३४ वर्षीय कृषक ईश्वरराज पन्थलाई २०७६ चैत १२ गते साँझ प्रहरीले व्यास नपा-१ भादगाउँमा कुटपिट गर्‍यो। साँझ भैंसीको दुध स्कुटरमा राखी बिक्रीका लागि व्यास नपा-१ को भादगाउँतर्फ जाँदै गरेको अवस्थामा प्रहरीले लकडाउनको उल्लङ्घन गरेको भन्दै कुटपिट गरेको पीडितको आरोप छ। कुटपिटपछि करिब तीन घण्टा जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखेको पन्थले बताए। लकडाउनको उल्लङ्घन गर्नेलाई कडाइका साथ रोक्न निर्देशन दिएको कारण ड्युटीमा बसेका प्रहरीले पन्थलाई दुर्व्यवहार गरेर प्रहरी कार्यालय ल्याए पनि पछि दुध बिक्री गर्न हिँडेको पुष्टि भएपछि ससम्मान रिहा गरेको जिल्ला प्रहरी कार्यालयका डिएसपी लिलाराज लामिछानेले बताए।

**अन्यपक्षबाट**

कास्की

अखिल नेपाल फुटबल सङ्घ (एन्फा) कास्कीका अध्यक्ष ३९ वर्षीय मिलन गुरुङलाई हातपात गरेको आरोपमा २०७६ माघ ७ गते गण्डकी प्रदेश सभा सांसद राजीव गुरुङ 'दीपक मनाङे' लाई माघ ९ गते प्रहरीले गिरफ्तार गर्‍यो। राष्ट्रिय सभा निर्वाचनमा मतदान गरेपछि लेकसाइड पुगेका गुरुङलाई पोखरा महानगरपालिका-६ लेकसाइडस्थित होटल प्याराडाइजबाट गिरफ्तार गरिएको जिल्ला प्रहरी कार्यालयका डिएसपी राजकुमार केसीले बताए। पोखरा मनपा-२९ भण्डारढिकमा माघ ७ गते 'मुख्यमन्त्री कप फुटबल प्रतियोगिता' को उद्घाटन कार्यक्रममा आफूलाई हातपात गरेको भन्दै पोखरा मनपा-११ बस्ने एन्फा कास्की अध्यक्ष मिलन गुरुङले सांसद गुरुङविरुद्ध माघ ८ गते जिल्ला प्रहरी कार्यलय कास्कीमा जाहेरी दिए। मनाङ क्षेत्र नं १ 'ख' बाट निर्वाचित सांसद गुरुङले आफ्ना जिल्लाबाट खेल खेल्न आएका खेलाडीहरूको व्यवस्थापन नगरेको भन्दै कार्यक्रम सुरू हुनु भन्दा अगावै आफूले हातपात गरेको बताए। जिल्ला प्रशासन कार्यालय कास्कीले सांसद गुरुङविरुद्ध माघ ९ गते पक्राउ पुर्जी जारी गरेको थियो। सांसद गुरुङ माघ १२ गते जिल्ला प्रशासन कार्यालयको आदेशले ६ हजार रुपियाँ धरौटीमा रिहा भए।

**पर्वत**

बिहादी गाउँपालिका-२ बर्राचौरमा सञ्चालित आम्बारी माध्यमिक विद्यालयमा अध्यापनरत शिक्षक ३६ वर्षीय कृष्ण ढकाललाई कुटपिट गरेको आरोपमा २०७६ फागुन ३० गते सोही ठाउँका २८ वर्षीय विमल पराजुली र २६ वर्षीय गणेश पराजुलीलाई जिल्ला प्रहरी कार्यालय पर्वतले चैत ३ गते गिरफ्तार गर्‍यो। फागुन ३० गते विद्यालयमा पठनपाठन सकेर घर फर्किँदै गर्दा शिक्षक ढकाललाई विमल पराजुली र गणेश पराजुलीले बाटोमा कुटपिट गरेका थिए। कुटपिटबाट शिक्षक ढकालको आँखामा गम्भीर चोट लागेको छ। शिक्षक ढकालले चैत १ गते जिल्ला प्रहरी कार्यालय पर्वतमा किटानी उजुरी दिए। प्रहरीले आरोपित दुवै युवाहरूलाई सार्वजनिक हित विपरीत कार्य गरेको भन्दै जिल्ला प्रशासन कार्यालय पर्वतबाट चैत ४ गते थप अनुसन्धानका लागि सात दिनको म्याद थप गरेको इन्स्पेक्टर विकास थापाले बताए। जिल्ला प्रशासन कार्यालय पर्वतले २०७७ साउन २९ गते आरोपित विमल पराजुलीलाई ३ हजार ५ सय रुपिया र अर्का आरोपित गणेश पराजुलीलाई ६ हजार ५ सय रुपियाँ जरिवाना सजाय तोकेर मुद्धाको फैसला गर्दै रिहा गर्ने आदेश दियो। पीडित शिक्षक ढकालको पर्वत जिल्ला अस्पतालमा उपचार भयो।

महाशिला गाउँपालिकाको इलाका प्रहरी कार्यालय लुंखुका असई ३७ वर्षीय कृष्णप्रसाद पनेरुलाई २०७६ चैत ११ गते कुटपिट गरेको आरोपमा पैंयु गाउँपालिका–७ का २१ वर्षीय रोशन तिवारी र २५ वर्षीय सुवास तिवारीलाई प्रहरीले गिरफ्तार गरेको छ। चैत ११ गते दिउँसो कार्यालय समयमा महाशिला गाउँपालिकाको कार्यालयमा प्रवेश गरी त्यहाँ कार्यरत कर्मचारीहरूलाई हातपात गर्न खोजेको र तत्काल इलाका प्रहरी कार्यालय लुंखुबाट गएको प्रहरी टोलीले युवाहरूलाई नियन्त्रणमा लिन खोज्दा उल्टै प्रहरीलाई कुटपिट गरेको आरोप छ। पीडित पनेरुका अनुसार हतकडी लगाउने क्रममा आफूलाई कन्चटमा हानेर भागेको र तत्काल महाशिला गाउँपालिकामा कार्यरत कर्मचारीहरूको सहयोगमा गिरफ्तार गरिएको थियो। पीडितको उपचार स्थानीय लुंखुदेउराली प्राथमिक स्वास्थ्य केन्)मा उपचार भयो। आरोपित युवाहरूलाई जिल्ला प्रहरी कार्यालय पर्वतले चैत १२ गते जिल्ला

प्रशासन कार्यालय पर्वतबाट सार्वजनिक अपराध मुद्दामा सात दिनको म्याद थप गरी कारबाही प्रक्रिया बढायो। आरोपित युवाहरूको स्वास्थ्य परीक्षण जिल्ला अस्पताल पर्वतमा चैत १२ गते गरिएको प्रहरी कार्यालय मुद्दा शाखाका सबइन्स्पेक्टर मोहन खड्काले बताए। जिल्ला प्रशासन कार्यालयले आरोपितहरूलाई चैत २१ गते साधारण तारेखमा रिहा गऱ्यो। मुद्दा विचाराधीन अवस्थामा रहेको छ।

**झडप**

**कास्की**

पोखरा मनपा-३२ बस्ने ५० वर्षीय भिमराज गुरुङ, १७ वर्षीय रितबहादुर गुरुङ, २६ वर्षीय अमृत गुरुङ, ४७ वर्षीय लिलबहादुर गुरुङ, २२ वर्षीय समिर गुरुङ, ३३ वर्षीय भक्तबहादुर गुरुङ, ३० वर्षीय सोनु गुरुङ, ३७ वर्षीय सिता गुरुङ र उदयपुर जिल्ला घर भई तनहुँ जिल्ला शुक्लागण्डकी नगरपालिका-२ बस्ने ४१ वर्षीय फक्त राईलाई २०७७ असार ११ गते कोरोना सङ्क्रमितको मृत्युपछि शव व्यवस्थापन गर्ने क्रममा पोखरा महानगरपालिका-३२ स्थित मझुवामा प्रहरी र स्थानीय बिच झडप हुँदा प्रहरीले गिरफ्तार गऱ्यो। शव व्यवस्थापनका लागि डोजरले खाडल खन्न लागेको अवस्थामा स्थानीय युवाहरूले तोडफोड र ढुङ्गामुढा गर्न थालेपछि प्रहरीले आठ राउण्ड हवाइ फायर समेत गरेको जिल्ला प्रहरी कार्यालय कास्कीका डिएसपी सुवास हमालले बताए। स्थानीयले सडकमा टायर बालेर विरोध प्रर्दशन गर्दै नेपाल प्रहरीको दुई बाइक, एक स्कुटर र सशस्त्रको एउटा भ्यानमा समेत तोडफोड गरेका थिए। गिरफ्तार गरिएका मध्ये भीमराज गुरुङ, रितबहादुर गुरुङ, र फत्तबहादुर राईविरुद्ध असार १२ गते अभ› व्यवहारसम्बन्धी मुद्दाको प्रक्रिया सुरु गरेको र अन्यलाई रिहा गरिएको जिल्ला प्रहरी कार्यालय कास्कीका डिएसपी तथा प्रवक्ता सुवास हमालले बताए। यो वर्षको मध्य सम्म फैसला भएन। अभिलेख नम्बर ३७

**बाल अधिकार**

**विद्यालयमा कुटपिट**

**नवलपरासी पूर्व**

विनयी त्रिवेणी गाउँपालिका-५ मा रहेको भानुदय माध्यमिक विद्यालयमा कक्षा ८ मा अध्ययनरत १६ वर्षीय बालक रेजन खाम्चालाई सोही विद्यालयका कम्पुटर शिक्षक शिव केसीले २०७६ माघ १४ गते कुटपिट गरेको भन्दै पीडित रेजनकी आमा बसन्ती खाम्चाले माघ २१ गते इन्सेक नवलपुर र प्रहरीमा उजुरी दिइन्। कुटपिटबाट बालकको कानको जाली चर्केको र कानमा रगत जमेको देखिएको बालककी आमाले बताइन। पछि पीडित पक्षको माग बमोजिम बालकलाई कुटपिट गर्ने शिक्षकलाई माघ २८ गतेदेखि शैक्षिक शत्र २०७६ को लागि विद्यालय प्रशासनले निलम्बन गऱ्यो।

**बलात्कार, यौन दुर्व्यवहार**

**गोरखा**

१४ वर्षीया बालिकालाई विवाहको प्रलोभन देखाइ २०७६ माघ २९ गतेदेखि पटकपटक बलात्कार गरेको भन्दै १८ वर्षीय बालक शहिद लखन गाउपालिका-८ का प्रकाश परियार हुन्, उमेर १८ नै हो १८ वर्षीय बालक विरुद्ध पीडितले फागुन ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन। पीडितको स्वास्थ्य परीक्षण फागुन ७ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितलाई फागुन ६ गते बुङ्कोटबाट गिरफ्तार गरेको डिएसपी वासुदेव खतिवडाले बताए। प्रहरीले फागुन ७ गते आरोपितविरुद्ध जिल्ला अदालत गोरखामा जबरजस्ती करणी शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत १८ गतेको आदेशले आरोपितलाई पुर्पक्षको लागि पोखरास्थित बाल सुधार केन्द्र सराङकोट पठायो। यो वर्षको मध्यसम्म मुद्दा फैसला भएन।

१६ वर्षीया बालिकालाई २०७७ वैशाख ३ गते विवाह गर्ने प्रलोभन देखाएर बलात्कार गरेको भन्दै गोरखा नगरपालिका-७ बेलडाँडाका २६ वर्षीय रामशरण सिर्मलविरुद्ध पीडित पक्षले वैशाख ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण वैशाख ७ गते गोरखा अस्पतालमा भयो। आरोपितलाई प्रहरीले वैशाख ७ गते बेलडाँडाबाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध वैशाख ८ गते जबरजस्ती करणी शीर्षकमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। वैशाख २६ गतेको जिल्ला अदालतको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको मध्यसम्म मुद्दा फैसला भएन।

१४ वर्षीया बालिकालाई २०७७ वैशाख १८ गते यौन दुर्व्यवहार गरेको भन्दै गोरखा नगरपालिका-१४ उपल्लो हटियाका ५६ वर्षीय गोपिबहादुर श्रेष्ठविरुद्ध पीडित पक्षले वैशाख २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण वैशाख २१ गते गोरखा अस्पतालमा भयो। प्रहरीले आरोपितलाई वैशाख २१ गते देउरालीबाट गिरफ्तार गऱ्यो। प्रहरीले

आरोपितविरुद्ध वैशाख २१ गते जिल्ला अदालतमा बाल यौन दुरुपयोग शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको वैशाख ३१ गतेको आदेश अनुसार आरोपित ६० हजार रुपियाँ धरौटी बुझाएर तारेखमा रिहा भए। यो वर्षको मध्यसम्म मुद्दा फैसला भएन।

१५ वर्षीया बालिकालाई २०७७ वैशाख २० गते बलात्कार गरेको भन्दै १७ वर्षीय बालकविरुद्ध पीडित पक्षले जेठ ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जेठ ११ गते गोरखा अस्पतालमा भयो। आरोपितलाई प्रहरीले जेठ ११ गते च्याङलीबाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जेठ ११ गते जिल्ला अदालतमा जबरजस्ती करणी शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ १९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि बाल सुधार केन्द्र पोखरा सराङकोट पठाएको जिल्ला प्रहरी कार्यालय गोरखका डिएसपी वासुदेव खतिवडाले बताए। यो वर्षको मध्यसम्म मुद्दा फैसला भएन।

**म्याग्दी**

१४ वर्षीया बालिकालाई बेनी नगरपालिका-५ का ४७ वर्षीय पहलबहादुर घर्तीले विभिन्न प्रलोभन देखाएर २०७७ जेठ २९ गते बलात्कार गरेको भन्दै पीडित पक्षले असार १२ गते जिल्ला प्रहरी कार्यालय म्याग्दीमा उजुरी दियो। प्रहरीले आरोपितलाई असार १२ गते बेनी नगरपालिका-५ भिरमुनीबाट गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण असार १२ गते बेनी अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध साउन ५ गते म्याग्दी जिल्ला अदालतमा मुद्दा पेश गरेकोमा अदालतले सोही दिन आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको मध्यसम्म मुद्दा फैसला भएन।

**कास्की**

१४ वर्षीया बालिकालाई २०७६ माघ १५ गते बलात्कार गरेको भन्दै रुपा गाउँपालिका-४ खाल्टेका ३१ वर्षीय चन्द्रबहादुर ठकुरीविरुद्ध पीडितकी आमाले जिल्ला प्रहरी कार्यालय कास्कीमा माघ १६ गते उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण माघ १७ गते पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो। प्रहरीले आरोपितलाई माघ १९ गते उनकै घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध माघ २० गते जिल्ला अदालत कास्कीमा जबरजस्ती करणीमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन १२ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको मध्यसम्म मुद्दा फैसला भएन।

१५ वर्षीया बालिकालाई २०७६ फागुन २ गते यौन दुर्व्यवहार गरेको भन्दै पोखरा मनपा–११ बस्ने ५४ वर्षीय विश्वराज बास्तोलाविरुद्ध पीडितले जिल्ला प्रहरी कार्यालय कास्कीमा फागुन २ गते उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण फागुन २ गते पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो। वडा प्रहरी कार्यालय रामबजारको प्रहरीले आरोपितलाई फागुन २ गते गिरफ्तार गरेर जिल्ला प्रहरी कार्यालयमा बुझायो। प्रहरीले बाल यौन दुरुपयोग अभियोगमा फागुन २२ गते जिल्ला अदालत कास्कीमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन २३ गतेको आदेशले आरोपितलाई २ लाख रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो। यो वर्षको मध्यसम्म फैसला भएन।

१० वर्षीया बालिकालाई २०७७ वैशाख २ गते यौन दुर्व्यवहार गरेको भन्दै मादी गाउँपालिका-८ नागीधारका ६० वर्षीय खुसबहादुर गुरुङविरुद्ध पीडितका बाबुले वैशाख ३० गते जिल्ला प्रहरी कार्यालय कास्कीमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण वैशाख ३१ गते पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो। जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरीले आरोपितलाई जेठ १ गते आरोपितले उनकै घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध बाल यौन दुरुपयोग अभियोगमा जेठ १९ गते जिल्ला अदालत कास्कीमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालत कास्कीको जेठ २० गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको मध्यसम्म फैसला भएन।

पाँच वर्षीया बालिकालाई २०७७ वैशाख १५ गते बलात्कार गरेको भन्दै पोखरा महानगरपालिका-२७ बस्ने १९ वर्षीय विवेक धमला क्षेत्रीविरुद्ध पीडितकी आमाले वैशाख १५ गते जिल्ला प्रहरी कार्यालय कास्कीमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण वैशाख १६ गते पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा भयो। इलाका प्रहरी कार्यालय डाँडाको नाकले आरोपितलाई वैशाख १५ गते घरैबाट गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय कास्कीमा बुझायो। प्रहरीले आरोपितविरुद्ध जेठ १५ गते जिल्ला अदालत कास्कीमा करणी सम्बन्धी कसुर, अप्राकृतिक मैथुन अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला आदलत कास्कीको वैशाख १६ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको मध्यसम्म मुद्दा फैसला भएन।

१५ वर्षीया बालिकालाई २०७७ वैशाख १५ गते बलात्कार गरेको आरोपमा माछापुच्छे गाउँपालिका-८ घर भई पोखरा मनपा -१६ महेन्द्रगुफा बस्ने २० वर्षीय कुमार रिमालविरुद्ध पीडितले वैशाख १६ गते जिल्ला प्रहरी कार्यालय कास्कीमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण वैशाख १६ गते पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा भयो। प्रहरीले आरोपितलाई वैशाख १६ गते महेन्द्र गुफाबाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जबरजस्ती कारणी शीर्षकमा वैशाख १५ गते जिल्ला अदालत कास्कीमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालत कास्कीको वैशाख १७ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको मध्यसम्म फैसला भएन।

सात वर्षीया बालिकालाई २०७७ वैशाख २३ गते बलात्कार गरेको भन्दै माछापुच्छे गाउँपालिका-२ च्याम्लुंगका ४२ वर्षीय चन्द्रबहादुर गुरुङविरुद्ध पीडितकी आमाले वैशाख २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण वैशाख २३ गते पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा भयो। प्रहरीले आरोपितलाई च्याम्लुंगबाट वैशाख २३ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध वैशाख २४ गते जिल्ला अदालत कास्कीमा जबरजस्ती करणी शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालत कास्कीको जेठ १६ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागी थुनामा पठायो। यो वर्षको मध्यसम्म फैसला भएन।

१४ वर्षीया बलिकालाई २०७७ जेठ ११ गते होटलमा लगेर बलात्कार गरेको भन्दै पोखरा मनपा-१२ मियापाटन बस्ने ३२ वर्षीय रहमत मिया, होटल सञ्चालक पाल्पा जिल्ला रामपुर नपा घर भई पोखरा मनपा-६ बस्ने ४२ वर्षीय विष्णुप्रसाद आचार्य र बालिकालाई होटलसम्म पुऱ्याउन सहयोग गरेको आरोपमा पोखरा मनाप-१३ बस्ने २७ वर्षीया पुजा बिकविरुद्ध पीडितकी दिदीले जेठ १२ गते जिल्ला प्रहरी कार्यालय कास्कीमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण जेठ १२ गते क्षेत्रीय अस्पतालमा भयो। प्रहरीले जेठ १२ गते आरोपितहरू रहमत मियाँ र विष्णु आचार्यलाई पोखरा मनपा-६ लेकसाइडबाट र पुजा विकलाई पोखरा मनपा-१३ बाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितहरूविरुद्ध जेठ १३ गते जिल्ला अदालतमा जबरजस्ती करणी अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दीपक खरेलको जेठ २९ गते बसेको इजलासले मियाँलाई पुर्पक्षका लागि थुनामा, होटल सञ्चालक आचार्यलाई ४ लाख रुपियाँ धरौटीमा र बिकलाई ५० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो। यो वर्षको मध्यसम्म मुद्दा फैसला भएन।

**लमजुङ**

११ वर्षीया बालिकालाई २०७६ माघ २७ गते यौन दुर्व्यवहार गरेको भन्दै दोर्दी गाउँपालिका-३ का ३२ वर्षीय पदमप्रसाद घिमिरेविरुद्ध पीडितकी आमाले माघ २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण माघ २८ गते जिल्ला सामुदायिक अस्पतालमा भयो। प्रहरीले आरोपितलाई माघ २८ गते घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला अदालतमा फागुन १८ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन १९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको मध्यसम्म मुद्दा फैसला भएन।

१३ वर्षीया बालिकालाई २०७७ वैशाख २८ गते बलात्कार गरेको भन्दै मध्य नेपाल नगरपालिका-६ का २५ वर्षीय सोनाम दुरा धिंदालविरुद्ध पीडितकी आमाले वैशाख २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण वैशाख २९ गते जिल्ला सामुदायिक अस्पतालमा भयो। आरोपितलाई जिल्ला प्रहरी कार्यालय दमौलीले तनहुँ जिल्लास्थित दमौलीबाट वैशाख ३० गते गिरफ्तार गरेको डिएसपी रवीन्द्रमान गुरुङले बताए। प्रहरीले आरोपितविरुद्ध जिल्ला अदालतमा जेठ १९ गते जबरजस्ती करणी अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ २० गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

१५ वर्षीया बालिकालाई २०७७ जेठ २ गते यौन दुर्व्यवहार गरेको भन्दै सुन्दरबजार नगरपालिका-६ का ४१ वर्षीय दुर्गाबहादुर परियारविरुद्ध पीडितका बुबाले जेठ २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई जिल्ला प्रहरी कार्यालयका प्रहरीले जेठ ७ गते सुन्दरबजारस्थित आफ्नै घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ ७ गते जिल्ला सामुदायिक अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला अदालतमा जेठ ३२ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असार २ गतेको आदेशले आरोपितलाई पुर्पक्षको लागि थुनामा पठायो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

**नवलपरासी पूर्व**

आठ वर्षीया बालिकालाई २०७६ माघ ४ गते १४ वर्षीय बालकले यौन दुर्व्यवहार गरेको आरोपमा पीडित बालिकाकी आमाले माघ १२ गते इलाका प्रहरी कार्यालय गैंडाकोटमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण २०७६ माघ १२ गते चितवन जिल्ला अस्पताल भरपुरमा भयो। प्रहरीले आरोपित बालकलाई माघ १२ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपित बालक बिरुद्ध बाल यौन दुरुपयोग अर्न्तगत मुद्दा जिल्ला अदालतमा दर्ता गऱ्यो। जिल्ला अदालतले माघ २४ गते आरोपित बालकलाई अभिभावकको जिम्मामा लगायो।

१४ वर्षीया बालिका २०७६ माघ १० गतेदेखि हराएको भन्दै पीडित बालिकाकी आमाले माघ १५ गते इलाका प्रहरी कार्यालय गैंडाकोटमा माघ १५ गते उजुरी दिइन्। पीडित पक्षको उजुरी पछि हराएको छोरी उनकै झट्केलो बुबाले भगाई विवाह गरी सँगै बस्दै आएको भन्ने सूचनाको आधारमा माघ १९ गते प्रहरीले आरोपित २२ वर्षीय झड्केलो बाबुलाई गिरफ्तार गऱ्यो। पीडित बालिकाको आमाले माघ २० गते झट्केलो बाबुविरुद्ध प्रहरीमा उजुरी दिइन्। पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ २० गते चितवन जिल्ला अस्पताल भरतपुरमा भयो। आरोपित विरुद्ध प्रहरीले फागुन १४ गते जिल्ला अदालतमा जबरजस्ती करणी मुद्दा दर्ता गऱ्यो। नवलपुर जिल्ला अदालतले आरोपितलाई फागनु १६ गते पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको मध्यसम्म मुद्दा फैसला भएन।

१६ वर्षीया बालिकालाई २०७६ फागुन २ गते बलात्कार गरेको भन्दै मध्यविन्दु नगरपालिका-७ का २१ वर्षीय विक्रम नेपालीविरुद्ध पीडितको परिवारले २०७७ असार १ गते जिल्ला प्रहरी कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण असार १ गते भरतपुर अस्पताल चितवनमा भयो। आरोपित यो वर्षको मध्यसम्म फरार रहेको र उनको खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालयका सई टिकाराम पोखरेलले बताए।

**पर्वत**

१५ वर्षीया बालिकालाई २०७६ माघ ३ गते यौन दुर्व्यवहार गरेको आरोपमा ५५ वर्षीय बाबुविरुद्ध बालिकाकी आमाले माघ ७ गते जिल्ला प्रहरी कार्यालयमा मौखिक जानकारी गराइन्। आरोपितलाई जिल्ला प्रहरी कार्यालय पर्वतले माघ ७ गते बिहादी गाउँपालिकाबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ ७ गते जिल्ला अस्पताल पर्वतमा भयो। इन्सेकका पर्वत जिल्ला प्रतिनिधिको पहलमा पीडितलाई पोखराको एक सुरक्षा गृहमा राखिएको र आरोपित बाबुलाई हिरासतमा राखी बाल यौन दुर्व्यवहार अन्तर्गत माघ ८ गते प्रहरीले जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ २९ गतेको आदेशले आरोपितलाई २ लाख रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दिए पनि धरौटी रकम बुझाउन नसकेपछि थुनामा पठायो। यो वर्षको मध्यसम्म मुद्दा फैसला भएन।

१४ वर्षीया बालिकालाई २०७६ पुस २९ गते बलात्कार गरेको आरोपमा पैयूँ गाउँपालिका-७ भोर्लेका २५ वर्षीय मनोज बिकविरुद्ध पीडितका आफन्तले माघ २ गते इलाका प्रहरी कार्यालय हुवासमा उजुरी दिए। आरोपितलाई इलाका प्रहरी कार्यालय हुवासले माघ २ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ २ गते जिल्ला स्वास्थ्य कार्यालयमा भयो। प्रहरीले आरोपितलाई माघ २७ गते गिरफ्तार गरी जिल्ला अदालतमा पेश गरेकोमा अदालतले माघ २७ गते पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

१५ वर्षीया बालिकालाई २०७६ फागुन १६ गते यौन दुर्व्यवहार गरेको आरोपमा कालिकोट जिल्ला खाँडाचक्र नगरपालिका-११ घर भई पैयूँ गाउँपालिका-४ हुवास बस्ने २५ वर्षीय एलनबहादुर शाही विरुद्ध पीडितका आफन्तले फागुन १९ गते हुवास इलाका प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई इलाका प्रहरी कार्यालयले फागुन १९ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन १९ गते जिल्ला अस्पतालमा भयो । प्रहरीले आरोपितलाई जिल्ला अदालतबाट फागुन २६ गते यौन दुर्व्यवहार मुद्दा दर्ता गरी कानुनी प्रक्रिया अघि बढायो। जिल्ला अदालतको चैत ११ गतेको आदेशले आरोपितलाई १ लाख रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

११ वर्षीया बालिकालाई २०७७ जेठ २ गते यौन दुर्व्यवहार गरेको आरोपमा कुश्मा नगरपालिका-७ खरेहाका ६५ वर्षीय रमाकान्त शर्माविरुद्ध पीडित पक्षले जेठ २ गते जिल्ला प्रहरी कार्यालय पर्वतमा प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ २ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ २ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितविरूद्ध बाल यौन दुरूपयोग शीर्षकमा जिल्ला

अदालतमा जेठ ९ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ ११ गतेको आदेशले आरोपितलाई १ लाख ७० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

१३ वर्षीया बालिकालाई २०७७ असार १२ गते राति यौन दुर्व्यबहार गरेको आरोपमा जलजला गाउँपालिका-२ घर भई हाल मल्लाजमल्लाज गाउँपालिका-४ बस्ने ५० वर्षीय सर्भलाल परियारविरुद्ध पीडित पक्षले असार १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले असार १३ गते जलजला गाउँपालिका-४ मल्लाजबाट गिरफ्तार गऱ्यो। पीडितलाई आरोपितले घरमा काम गर्दै गरेको अवस्थामा यौन दुर्व्यवहार गरेको पीडित पक्षले दिएको उजुरीमा उल्लेख छ। प्रहरीले आरोपितविरूद्ध असार १३ गते बालयौन दुरूपयोग अपराध शीर्षकमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण असार १३ गते जिल्ला अस्पताल पर्वतमा भयो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

**बागलुङ**

१६ वर्षीया बालिकालाई २०७७ जेठ १ गतेडर धम्की देखाएर बलात्कार गरेको भन्दै ढोरपाटन नगरपालिका-९ का १८ वर्षीय पूर्णलाल बिकविरुद्ध पीडित पक्षले जेठ ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जेठ ७ गते धौलागिरी अस्पताल भयो। आरोपितलाई प्रहरीले जेठ ७ गते उनकै घरबाट गिरफ्तार गऱ्यो। आरोपित विरुद्ध प्रहरीले अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ २१ गतेको आदेशले आरोपितलाई सारङकोटको बाल सुधार गृहमा पठायो। यो वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

## महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, दुर्व्यवहार

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्ब्यवहार

**गोरखा**

२६ वर्षीया महिलालाई २०७६ माघ २७ गते बलात्कार प्रयास गरेको भन्दै रुकुम जिल्ला चौरजहारी नगरपालिका-६ स्थायी घर भएका २० वर्षीय राज बिक र रुकुम जिल्ला चौरजहारी नगरपालिका-७ का ३४ वर्षीय प्रेमबहादुर नेपालीविरुद्ध पीडित पक्षले माघ २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण माघ २९ गते गोरखा अस्पतालमा भयो। पीडित पक्षले माघ २७ गते जिल्ला प्रहरी कार्यालयमा मौखिक उजुरी दिएको आधारमा आरोपितलाई प्रहरीले माघ २८ गते भिमसेन थापा गाउँपालिका-३ वासभञ्ज्याङबाट गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले माघ २९ गते जिल्ला अदालतमा जबरजस्तीकरणी उद्योग शीर्षकमा मुद्दा दर्ता गरेको डिएसपी मित्रवन्धु शर्माले बताए। जिल्ला अदालतको चैत १५ को आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको मध्यसम्म मुद्दा फैसला भएन ।

**म्याग्दी**

सुस्तश्रवण भएकी ५४ वर्षीया महिलालाई २०७६ माघ २ गते बलात्कार गरेको भन्दै रघुगङ्गा गाउँपालिका-२ का ५२ वर्षीय दिलबहादुर केसीविरुद्ध पीडित पक्षले माघ ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण माघ ४ गते बेनी अस्पतालमा भयो। आरोपितलाई प्रहरीले माघ ४ गते घरैबाटबाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध माघ २८ गते म्याग्दी जिल्ला अदालत मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतले आरोपितलाई माघ २८ गते पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको मध्यसम्म मुद्दा फैसला भएन।

४९ वर्षीया महिलालाई २०७७ जेठ ११ गते बलात्कार गरेको भन्दै रघुगङ्गा गाउँपालिका-३ पिप्लेका ४० वर्षीय क्षेत्रबहादुर चन्दविरुद्ध पीडितका आफन्तले जेठ १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण जेठ १२ गते बेनी अस्पतालमा भयो। आरोपितलाई प्रहरीले जेठ १२ गते घरैबाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध असार ३ गते जिल्ला अदालत म्याग्दीमा मुद्दा पेश गरेकोमा अदालतले पुर्पक्षका लागि ०७७ असार ३ थुनामा पठायो। यो वर्षको मध्यसम्म मुद्दा फैसला भएन।

**कास्की**

२३ वर्षीया जर्मन युवतीलाई २०७६ चैत २७ गते बलात्कार गरेको भन्दै माछापुच्छ्रे गाउँपालिका-४ लाहाचोकका २२ वर्षीय अर्जुन रानाभाटविरुद्ध पीडितले चैत २८ गते जिल्ला प्रहरी कार्यालयमा पीडितले उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण चैत २८ गते पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा भयो। जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरीले आरोपितलाई चैत २८ गते लाहाचोकबाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध २०७७ वैशाख १२ गते जिल्ला अदालत कास्कीमा

जबरजस्ती करणी उद्योग अभियोमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालत कास्कीको वैशाख १४ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको मध्यसम्म मुद्दा फैसला भएन।

२३ वर्षीया युवतीलाई २०७७ वैशाख २२ गते बलात्कार गरेको भन्दै मादी गाउँपालिका-४ तारकांगका २२ वर्षीय विष्णु सापकोटाविरुद्ध पीडितले वैशाख २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन। पीडितको स्वास्थ्य परीक्षण वैशाख २३ गते पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा भयो। जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरीले आरोपितलाई वैशाख २३ गते गिरफ्तार गर्‍यो। प्रहरीले आरोपितविरुद्ध जेठ १४ गते जिल्ला अदालत कास्कीमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालत कास्कीको जेठ १५ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको मध्यसम्म मुद्दा फैसला भएन।

२३ वर्षीया युवतीलाई २०७६ चैत ४ गते बलात्कार गरेको भन्दै पोखरा महानगरपालिका-३२ का ४१ वर्षीय विराज खाँड ठकुरीविरुद्ध पीडितले २०७७ वैशाख २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण वैशाख २८ गते पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा भयो। जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरीले आरोपितलाई वैशाख २८ गते घरबाट गिरफ्तार गर्‍यो। प्रहरीले आरोपितविरुद्ध जेठ १४ गते जिल्ला अदालत कास्कीमा जबरजस्ती करणी अभियोमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालत कास्कीको जेठ १५ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको मध्यसम्म फैसला भएन।

**लमजुङ**

२७ वर्षीया महिलालाई २०७७ जेठ १८ गते बलात्कार गरेको भन्दै राइनास नगरपालिका-६ निवासी २८ वर्षीय पृथ्वी श्रेष्ठविरुद्ध पीडितले जिल्ला प्रहरी कार्यालयमा असार ३ गते उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण असार ३ गते जिल्ला सामुदायिक अस्पतालमा भयो। आरोपितलाई प्रहरीले असार ३ गते गिरफ्तार गरेको डिएसपी गङ्गाबहादुर थापाले बताए। प्रहरीले आरोपितविरुद्ध जिल्ला अदालतमा जर्वजस्ती करणी अभियोगमा असार २४ गते मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको असार २५ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**तनहुँ**

१९ वर्षीया युवतीलाई २०७६ फागुन ५ गते बलात्कार गरेको आरोपमा भानु नपा-९ बाइसजाँगरका २७ वर्षीय श्रवणकुमार श्रेष्ठविरुद्ध पीडितले फागुन १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितले भानु नपा-९ स्थित ठुलो वन भन्ने स्थानमा लगी बलात्कार गरेको उजुरीमा उल्लेख छ। आरोपितलाई प्रहरीले चैत ३ गते घरबाट गिरफ्तार गर्‍यो। उनीविरुद्ध जिल्ला अदालतमा चैत ५ गते बलात्कारसम्बन्धी मुद्दा दर्ता गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण फागुन १९ गते दमौली अस्पतालमा भयो। प्रहरीले आरोपितलाई चैत ४ गते जिल्ला अदालतबाट म्याद थप गरी थप अनुसन्धानका लागि हिरासतमा राखेको थियो। जिल्ला अदालतको चैत ३० गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको मध्यसम्म मुद्दा फैसला भएन।

**नवलपरासी पूर्व**

६९ वर्षीया वृद्धा महिलालाई २०७६ पुस २४ गते बलात्कार गरेको भन्दै विनयी त्रिवेणी गाउँपालिका-३ का ३३ वर्षीय सागर बिक भन्ने मोहन सिंह वि.क. विरुद्ध पीडितले पुस २५ गते जिल्ला प्रहरी कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व)मा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण पुस २५ गते भरतपुर जिल्ला अस्पताल चितवनमा भयो। प्रहरीले आरोपितलाई पुस २५ गते उनको घरबाट गिरफ्तार गर्‍यो। प्रहरीले आरोपित विरुद्ध जिल्ला अदालतमा माघ १९ गते जबरजस्ती करणी शिर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतले आरोपितलाई माघ २२ गते पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको मध्यसम्म मुद्धा फैसला भएन।

४० वर्षीया महिलालाई २०७६ माघ २ गते राति बलात्कार गरेको भन्दै अर्खला स्वास्थ्य चौकी बुलिङटार गाउँपालिका-४ उपल्लो अर्खलाका प्रमुख ४२ वर्षीय टोकबहादुर सुस्लि मगरविरुद्ध पीडितका पतिले माघ ३ गते प्रहरी र इन्सेक जिल्ला प्रतिनिधिलाई जानकारी गराए। पीडितले आरोपितविरुद्ध माघ ४ गते जिल्ला प्रहरी कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व)मा उजुरी दिइन्। आरोपितलाई प्रहरीले माघ १२ गते गाउँबाट गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण माघ ३ गते भरतपुर जिल्ला अस्पताल चितवनमा भयो। प्रहरीले फागुन ८ गते जिल्ला अदालतमा जबरजस्ती करणी शिर्षकमा मुद्दा

दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन ११ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको मध्यसम्म मुद्धा फैसला भएन।

२२ वर्षीया युवतीलाई २०७६ माघ १७ गते बलात्कार गरेको भन्दै कावासोती नपा-४ बस्ने ३७ वर्षीय केशबहादुर चिदी मगरविरुद्ध पीडितले माघ १९ गते जिल्ला प्रहरी कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा उजुरी दर्ता गराइन्। पीडितको स्वास्थ्य परीक्षण २०७६ माघ १९ गते चितवन जिल्ला अस्पताल भरतपुरमा भयो। आरोपितलाई प्रहरीले माघ १९ गते गिरफ्तार गऱ्यो। प्रहरीले फागुन १५ गते जिल्ला अदालतमा जबरजस्ती करणी उद्योग शिर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन १८ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको मध्यसम्म मुद्दा फैसला भएन।

७० वर्षीया महिलालाई २०७६ फागुन २९ गते यौन दुर्व्यवहार गरेको भन्दै मध्यविन्दु नपा-४ का ४० वर्षीय लिलाराज पोखेलविरुद्ध पीडितले फागुन ३० गते जिल्ला प्रहरी कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व)मा उजुरी दिइन। पीडितको स्वास्थ्य परीक्षण २०७६ फागुन ३० गते चितवन जिल्ला अस्पताल भरतपुरमा भयो। प्रहरीले आरोपितलाई फागुन २९ गते गिरफ्तार गऱ्यो । प्रहरीले जिल्ला प्रशासन कार्यालयमा चैत ९ गते जिल्ला अदालतमा अभद्र व्यवहार अर्न्तगत मुद्दा चलायो। जिल्ला प्रशासन कार्यालयले आरोपिलाई चैत १२ गते १० हजार रुपैया धरौटीमा रिहा गऱ्यो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

**पर्वत**

२२ वर्षीया युवतीलाई २०७७ जेठ १६ गते बलात्कार गरेको आरोपमा जलजला गाउँपालिका-४ का ३२ वर्षीय रविन जिसीविरुद्ध पीडितले असार ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले असार ५ गते उनकै घरबाट गिरफ्तार गऱ्यो। आरोपितले युवतीलाई जलजला गाउँपालिका-७ धाइरिङमा बलात्कार गरेको र सामाजिक रूपमा असह्य हुने गरी हिंसात्मक तवरबाट प्रचारबाजी गरेकाले उजुरी दिएको इन्सेक प्रतिनिधिलाई फोन सम्पर्कमा बताइन्। पीडितको स्वास्थ्य परीक्षण असार ५ गते जिल्ला अस्पताल पर्वतमा भयो। प्रहरीले आरोपितलाई असार ७ गते सरकारी वकिल कार्यालयमार्फत जिल्ला अदालतबाट अनुसन्धानका लागि म्याद थप गरी असार १४ गते जबरजस्ती करणी मुद्दा दर्ता गरिएको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर बुद्धिप्रसाद सुवेदीले बताए। जिल्ला अदालतको असार २३ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको मध्यसम्म मुद्दा फैसला भएन।

## सबै प्रकारका जातीय विभेद

**कास्की**

पोखरा महागरपालिका-१६ का ६० वर्षीय मोहन सुनारले पोखरा मनपा-१६ मा रहेको किरियापुत्री घरमा दलित समुदायलाई रोक लगाइएको भन्दै पोखरा महानगरपालिका-१६ बाटुलेचौरका ४० वर्षीय जनक थापा, ४३ वर्षीय देवबहादुर थापा र ४८ वर्षीय राम जिसीविरुद्ध २०७७ वैशाख १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितहरूलाई प्रहरीले वैशाख २३ गते गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालयका डिएसपी राजकुमार केसीले बताए। आरोपितले दलित समुदायलाई काजकिरिया बस्न दिन मिल्दैन भनी ४९ वर्षीय दाजु सम्मरबहादुर सुनारको काजकिरिया गरिरहेका मोहन सुनारलाई घरमै पुगी छुवाछूतजन्य जातीय अपमान, गाली र धाकधम्की दिँदै सामुदायिक किरियापुत्री घरमा निषेध गरेको पीडितले बताए। प्रहरीले जातीय छुवाछूत अभियोगमा जिल्ला अदालत कास्कीमा वैशाख २६ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश डण्डपाणी शर्माको वैशाख ३१ गतेको इजलाशले रामबहादुर जीसी, जनक थापा र देवबहादुर थापालाई जनही १ लाख ७० हजार रुपियाँ धरौटी राखी तारेखमा रिहा गर्ने आदेश दिएको र सोही दिन रिहा भएको कास्की जिल्ला अदालतका श्रेस्तेदार हरिश्चन्› गौतमले बताए । यो वर्षको मध्यसम्म मध्यसम्म मुद्दा फैसला भएन।

## आर्थिक सामाजिक तथा साास्कृतिक अधिकार

**सम्पत्ति/भौतिक संरचनाक्षति**

**अन्यबाट**

**गोरखा**

शहीद लखन गाउँपालिका-१ वक्राङस्थित भोगटिनिको एनसेल टावरमा २०७६ पुस २५ गते राति पहिचान नखुलेको समूहले आगजनी गऱ्यो। टावरमा जडित तारमा आगो लगाएर आगजनी भएको जिल्ला प्रहरी कार्यालयका एसपी ओमप्रसाद अधिकारीले बताए। आगजनीबाट मेसिनरी सामग्रीमा क्षति

नभएपनि टावरबाट इक्वीपमेन्ट जडान गरिएको तारमा क्षति पुगेको छ। आगजनी अनुसन्धानकै क्रममा रहेको डिएसपी वासुदेव खतिवडाले बताए।

**म्याग्दी**

मालिका गाउँपालिका-१ निस्कोटमा रहेको एनसेल कम्पनिको टावरमा २०७६ पुस २५ गते पहिचान नखुलेको समूहले आगजनी गरी क्षति पुऱ्याएको जिल्ला प्रहरी कार्यालयले जनायो। आगजनीबाट ७ लाख रुपियाँ बराबरको क्षती भयो।

**तनहुँ**

भीमाद नपा-५ मिर्छुलुङमा रहेको एनसेलको टावरमा २०७६ पुस २६ गते राति पहिचान नखुलेको समूहले आगजनी गऱ्यो। आगजनीबाट टावरको सबै उपकरण जलेर नष्ट भएको इलाका प्रहरी कार्यालय भीमादका सई भेषराज रेग्मीले बताए। आगजनीबाट टावरको जेनेरेटर, व्याट्री, टावरका तारलगायतका सामग्री जलेको थियो।

**नवलपरासी पूर्व**

बौदीकाली गाउँपालिका-२ मा रहेको एनसेल टवारमा २०७६ माघ १२ गते राति पहिचान नखुलेको समूहले आगजनी गर्दा टावरको पावर सकेटमा क्षति पुगेको छ। आगजनी गर्ने समूहको पहिचान हुन नसकेको र खोजि कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व) का सई टिकाराम पोखरेलले बताए।

कावासोती नगरपालिका-१७ मा रहेको एनसेल टवारमा २०७६ माघ १२ गते राति पहिचान नखुलेको पक्षले आगजनी गर्दा जेनेटर र तारमा क्षति पुगेको छ। आगजनी गर्ने समूहको पहिचान हुन नसकेको र खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय नवलपरासी ( बर्दघाट सुस्ता पूर्व) का सई टिकाराम पोखरेलले बताए।

# प्रदेश ५ को मानव अधिकार अवस्था : ६ महिनाका प्रतिनिधिमूलक घटना

**(०७६ पुस १६ गतेदेखि ०७७ असार १६ गतेसम्म)**

## बम विष्फोटबाट मृत्यु/घाइते

**रोल्पा**

त्रिवेणी गाउँपालिका-७ का १४ वर्षीय लोकिराम डाँगी, ११ वर्षीया बिमला डाँगी, १३ वर्षीय गौरव नेपाली र पाँच वर्षीय विजय खत्रीको २०७७ वैशाख १८ गते सोही गाउँपालिकास्थित गैरीगाउँमा बम विष्फोट हुँदा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका डिएसपी चित्रबहादुर गुरुङले बताए। सशस्त्र द्वन्द्वको बेला लुकाएर राखेको बम बालबालिकाले भेट्टाएर खेलाउने क्रममा विस्फोट भएको हुन सक्ने उनले बताए। शवको पोष्टमार्टम वैशाख १९ गते राप्ति स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो। केन्द्रीय सरकारबाट जनही ५ लाख रुपियाँ र प्रदेश सरकारबाट जनही १ लाख रुपियाँ जिल्ला प्रशासन कार्यालयमा आएपनि पीडित पक्षले जनही १० लाख रुपियाँ पाउनु पर्ने भन्दै उक्त रकम नलिएको त्रिवेणी गाउँपालिका अध्यक्ष शान्तकुमार वलीले बताए। मृतकहरूको अन्तिम संस्कार वैशाख २० गते गाँउमै गरियो।

## धम्की/कुटपिट

**नवलपरासी पश्चिम**

पाल्हीनन्दन गाँउपालिका- ५ का १४ वर्षीय अखिलेश कोहार, ६५ वर्षीया पुर्णमासी कोहार र २४ वर्षीय मुन्ना कोहारलाई सशस्त्र प्रहरी समा सुरक्षा बल २६ नं गणमा कार्यरत सुरक्षा गस्ती टोलीले मादक पदार्थ भारततर्फ निकासी गरेको आरोपमा २०७७ वैशाख १७ गते सिमा नजिक लाठी प्रहार गरी कुटपिट गरेको पीडितहरूले आरोप लगाए। कुटपिटबाट अखिलेसको दायाँ हात भाँचिएको, पूर्णमासीको टाउकोमा चोट लागेको र मुन्नाको ढाडमा लाठीको निलडाम भएको पीडितहरूले बताए। उनीहरूको उपचार पृथ्वीचन्द्र जिल्ला अस्पतालमा वैशाख १७ देखि वैशाख १८ गतेसम्म भयो। तस्करी रोक्न खोज्दा गाउँले जम्मा भई सशस्त्र प्रहरीमाथि आक्रमण गरेको र आत्म रक्षाका लागि प्रहरीले लाठी चार्ज गर्दा घटना भएको सशस्त्र प्रहरीका एसपी भरत खनियाले बताए। यस वर्षको मध्यसम्म पीडित पक्षले कहीँ उजुरी दिएनन्।

## गिरफ्तार

**गुल्मी**

मदाने गाउँपालिका-६ निवासी नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको प्रतिबन्धित नेकपाका कार्यकर्ता ४६ वर्षीय वसन्त गैरे भनिने सन्ते नेपालीलाई २०७६ फागुन २७ गते प्रहरीले मदाने गाउँपालिकाबाट गिरफ्तार गऱ्यो। मदाने गाउँपालिकामा सङ्गठनको कामको सिलसिलामा हिँडिरहेको अवस्थामा विशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय पुर्कोटदहको टोलीले गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालय गुल्मीका इन्स्पेक्टर राजकुमार रावलले बताए। प्रहरीले जिल्ला प्रशासन कार्यालयमा चैत ८ गते अभद्र व्यवहारसम्बन्धी मुद्दा दर्ता गऱ्यो। वसन्तको स्वास्थ्य परीक्षण नगरिएको असई तिर्थराज गौतमले बताए। जिल्ला प्रशासन कार्यालयले चैत १० गते वसन्तलाई ५ हजार रुपियाँ धरौटी तारेखमा रिहा गऱ्यो। यो वर्षको मध्यसम्म फैसला भएन।

**बर्दिया**

बारबर्दिया नगरपालिका-८ निवासी नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको प्रतिबन्धित नेकपाका कार्यकर्ता ३८ वर्षीय बमबहादुर खड्कालाई २०७६ माघ १० गते बारबर्दिया नगरपालिका-८ बाट प्रहरीले घरबाट गिरफ्तार गऱ्यो। खड्काको स्वास्थ्य परीक्षण माघ १० गते जिल्ला अस्पताल गुलरियामा भयो। जिल्ला प्रहरी कार्यालय बर्दियामा माघ ११ गते बमबहादुरविरुद्ध सार्वजनिक हित नैतिकता विरुद्ध अपराधमा उजुरी दर्ता भयो। जिल्ला सरकारी वकिल कार्यालयमार्फत जिल्ला प्रशासन कार्यालय बर्दियामा फागुन ५ गते मुद्दा दर्ता भयो। जिल्ला प्रशासन कार्यालय बर्दियाले बमबहादुरलाई ०७६ फागुन ५ गते सादा तारेखमा रिहा गर्ने आदेश दियो। यस वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

**रोल्पा**

त्रिवेणी गाउँपालिका-३ जुगार निवासी नेत्रविक्रम चन्द (

विप्लव) नेतृत्वको प्रतिबन्धित नेकपाका कार्यकर्ता ४० वर्षीय पूर्णबहादुर बिक र सोही गाउँपालिका-६ का ३८ वर्षीय खेमराज पुन मगरलाई २०७६ फागुन २२ गते प्रहरीले त्रिवेणी गापाबाट-५ गिरफ्तार गऱ्यो। यसअघि पुर्णबहादुर बिकलाई अपराधिक प्रवेश तथा उपद्रो व्यवहारसम्बन्धी कसुरमा मुद्दा चलाइ ०७६ कात्तिक २१ गते कारागार चलान गरियो। उनले ०७६ कात्तिक २० गते जिल्ला प्रशासन कार्यालयलमा ५ हजार रुपियाँ धरौटी बुझाएको तर जिल्ला अदालतले ३० हजार धरौटी माग गरेपछि बुझाउन नसकेर कारागार बसेका थिए। खेमराज पुनमगरलाई सार्वजनिक शान्ति विरुद्धको कसुरमा ०७६ कात्तिक २७ गते थुनामा पठाएको थियो। रोल्पा कारागारमा रहेका थिए। उनीहरूलाई फागुन २२ गते गिरफ्तार गरी प्युठान कारागार पठाइयो। यस वर्षकोमध्यसम्म मुद्दाको फैसला भएन।

**दाङ**

तुलसीपुर उमनपा-५ निवासी नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको प्रतिबन्धित नेकपा निकट भातृ सङ्गठन युवा सङ्घ दाङका जिल्ला सदस्य २८ वर्षीय अर्जुन शाहीलाई प्रहरीले २०७६ पुस २० गते शान्तिनगर गाउँपालिका-४ भलानेटीबाट गिरफ्तार गऱ्यो। पसलमा क्यारेम बोर्ड खेल्दै गरेको अवस्थामा गिरफ्तार गरी पुस २० गते नै राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा स्वास्थ्य परीक्षण भयो। प्रहरीले माघ ९ गते सार्वजनिक मुद्दा चलाएकोमा जिल्ला प्रशासन कार्यालयले माघ १० गते २५ हजार रुपियाँ धरौटीमा रिहा गर्न आदेश दियो। धरौटी बुझाउन नसकेपछि माघ १० गते थुनामा पठाइएकोमा शाहीले फागुन १५ गते २५ हजार रुपियाँ धरौटी रकम बुझाइ विज्ञप्ति निकालेर पार्टी र संगठन परित्याग गरी स्वतन्त्र रहेको घोषणा गरेपछि रिहा भए।

**नवलपरासी पश्चिम**

बर्दघाट नपा-४ निवासी नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको प्रतिबन्धित नेकपाका कार्यकर्ता २५ वर्षीय मोहन सापकोटालाई २०७६ पुस २५ गते अराजक गतिविधि गर्न सक्ने आशङ्कामा प्रहरीले सरावल गाउँपालिका-१ स्थित आफन्तको घरबाट गिरफ्तार गरेको जनायो। प्रहरीले आरोपितविरूद्ध बम विष्फोटन र सङ्गठित अपराध शीर्षकमा जिल्ला अदालतमा पुस २५ गते उपस्थित गरायो। जिल्ला अदातलको माघ १९ गतेको आदेशमा ५५ हजार रुपियाँ धरौटीमा रिहा गर्न आदेश दिए पनि आरोपितले धरौटी रकम बुझाउन नसकेपछि थुनामा पठाइयो। यस वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

**प्यूठान**

माण्डवी गाँउपालिका-४ निवासी नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको प्रतिबन्धित नेकपाका कार्यकर्ता ४२ वर्षीय भक्तबहादुर बुढालाई २०७६ फागुन ७ गते प्रहरीले घरबाट गिरफ्तार गरी फागुन ७ गते नै जिल्ला प्रशासन कार्यालयमा सार्वजनिक मुद्दा चलायो। समाजमा अशान्ति फैलाएको भन्दै शान्ति सुरक्षालाई ध्यानमा राखी गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालयले जनायो। बुढाको स्वास्थ्य परीक्षण फागुन ७ गते जिल्ला अस्पताल बिजुवारमा भयो। जिल्ला प्रशासन कार्यालयले फागुन १६ गते २ हजार रुपियाँ धरौटीमा उनलाई रिहा गऱ्यो। यस वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

## जेल र बन्दी

### कारागारमा मृत्यु

**बाँके**

नेपालगञ्ज उमनपा–८ का ६० वर्षीय अस्ताक अहमद सिद्दिकीको २०७६ चैत १७ गते बाँके कारागारमा कैद सजाय भोगिरहेको अवस्थामा मृत्यु भएको कारागार प्रशासनले जनायो। सिद्दिकी एक्कासी बेहोस भएपछि उपचारको लागि भेरी अस्पतालमा पुऱ्याए लगत्तै मृत्यु भएको कारागार प्रशासनले जनायो। सिद्दिकीलाई २०७४ फागुन २३ गतेको जिल्ला अदालतको आदेशले आपराधिक लाभको मुद्दामा तीनवर्ष कैद र ३० हजार रुपियाँ जरिबानाको सजाय तोकेको थियो। शवको पोष्टमार्टम चैत १८ गते भेरी अस्पतालमा गरी परिवारको जिम्मा लगाएको कारागारका जेलर देवेन्द्र कुमार श्रेष्ठले बताए। उनी सुगर रोगको बिरामी रहेको अस्पताल प्रशासनले जनायो।

नेपालगञ्ज उमनपा-४ का ६१ वर्षीय सिताराम वैश्यको २०७७ वैशाख २५ गते बाँके कारगारमा कैद भोगिरहेको अवस्थामा उपचारको क्रममा मृत्यु भएको जेलर देवेन्द्रकुमार श्रेष्ठले बताए। जिल्ला अदालतबाट पाँच वर्ष कैद सजाय पाएका वैश्य २०७३ सालदेखि लागुऔषध मुद्दामा कैद सजाय भोगिरहेका थिए। उनी सुगर र जन्डिसको बिरामी रहेकाले वैशाख २० गतेदेखि भेरी अस्पतालमा नियमित उपचार भइरहेको कारागार प्रशासनले जनायो। भेरी अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट डाक्टर प्रकाश

थापाले वैश्यको उपचारका क्रममा मृत्यु भएको र दीर्घरोगी भएकाले शवको पोष्टमार्टम नगरिएको बताए। वैशाख २५ गते शव परिवारको जिम्मा लगाइयो।

**कपिलवस्तु**

बाणगङ्गा नपा-८ घर भई इलाका प्रहरी कार्यालय पिपराको हिरासतमा रहेका ३८ वर्षीय किस्मत भनिने राजु श्रेष्ठले २०७६ चैत २० गते तन्नाको पासो लगाएर आत्महत्या गरेको प्रहरीले जनायो। हिरासतमा रहेका उनले हिरासत भित्रको शौचालयमा पासो लगाएर झुण्डिएको अवस्थामा उनको शव बिहान ७ बजे फेला परेको थियो। उनलाई बलात्कारको आरोपमा फागुन १८ गते गिरफ्तार गरिएको थियो। कोराना भाइरस सङ्क्रमण फैलिएका कारण लामो समय हिरासतमा राख्नु परेको प्रहरीले जनायो। जिल्लाका विभिन्न सरोकारवालाहरूको रोहवरमा मुचुल्का तयार गरी शवको पोष्टमार्टम चैत २१ गते जिल्ला अस्पताल तौलिहवामा गरियो। पोष्टमार्टम पश्चात शव आफन्तलाई बुझाइएको जिल्ला प्रहरी कार्यालयका डिएसपी सुनिल मल्लले बताए। यो वर्षको मध्यसम्म मृतकपक्षले कहीँ पनि उजुरी दिएन।

**प्यूठान**

स्वर्गद्वारी नपा-३ का ७२ वर्षीय खगिराम रामजालीको २०७७ जेठ २८ गते कारागारमा मृत्यु भएको कारागार प्रशासनले जनायो। रामजाली २०७२ साउन १७ गतेदेखि कर्तव्य ज्यान मुद्दामा १५ वर्ष कैद सजाय भुक्तान गरिरहेका थिए। एक्कासी मुटु दुख्यो भनेपछि उपचारका लागि जिल्ला अस्पताल बिजुवारमा लगिएकोमा मृत्यु भएको जेलर सूर्यबहादुर पन्तले बताए। मृतकमा कुनै पुरानो रोग नभएको तर सामान्य आँखा नदेख्ने समस्या रहेको कारागार प्रशासनले जनायो। शवको पोष्टमार्टम जेठ २९ गते जिल्ला अस्पताल बिजुवारमा गरेर आफन्तको जिम्मा लगाइयो।

## अभिव्यक्ति स्वतन्त्रता

**दाङ**

नेपाल पत्रकार महासङ्घ दाङका अध्यक्ष तथा घोराही उमनपा-१५ का ४० वर्षीय सविन प्रियासनलाई २०७७ जेठ २९ गते घोराही उपमनपा-१५ का ३७ वर्षीय साजन भण्डारीले दुर्व्यवहार गरेको भन्दै पीडित पक्षले जेठ ३० गते जिल्ला प्रहरी कार्यालय दाङमा उजुरी दिए। सोनापुर सिमेन्ट कारखानाका लागि चुनढुङ्गा बोकेका ट्रिपर घोराही उमनपा-१५ का स्थानीयले रोकेपछि समाचार सङ्कलनका लागि गएका प्रियासनको मोटरसाइकलको चावी साजनले खोस्नुको साथै अपशव्द बोल्दै दुर्व्यवहार गरेको पीडितले बताए। नेपाल पत्रकार महासङ्घ दाङ शाखाका सचिव भुपेन्द्र वलीले जेठ ३० गते विज्ञप्ति निकालेर घटनाका दोषीमाथि कारबाहीको माग गरे। प्रहरीले आरोपितलाई असार ७ गते गिरफ्तार गरी सार्वजनिक ऐनसम्बन्धी मुद्दा चलाएकोमा असार ९ गते जिल्ला प्रशासन कार्यालयले १ हजार रुपियाँ जरिबाना तिराई रिहा गर्ने आदेश दियो।

## अमानवीय व्यवहार

**दाङ**

ललितपुर जिल्ला हात्तिवन निवासी डिभिजन सडक कार्यालय दाङका प्रमुख इन्जिनियर ५३ वर्षीय जितेन्द्र चौधरीलाई २०७६ पुस २७ गते प्रतिबन्धित नेकपाका कार्यकर्ताहरूले कार्यकक्षमै मोसो र जुत्ताको माला लगाउँदै साङ्लोले बाँधेर दुर्व्यवहार गरे। ५/६ जनाको समूहमा आएका उनीहरूले भ्रष्टाचार गरेको, दाङका भौतिक पूर्वाधारका काममा ढिलासुस्ती गरेको लगायतका १५ ओटा आरोप लगाउँदै दुर्व्यवहार गरेको प्रहरीले जनायो। घटना लगत्तै जिल्ला जनपरिषद् दाङका प्रमुख भगवान दास चौलागाईको नाममा विज्ञप्ति जारी गर्दै प्रतिबन्धित नेकपाले विभिन्न आर्थिक अनियमितता र विकासे काममा ढिलासुस्ती गरेको लगायत १५ ओटा आरोप उल्लेख गर्दै कार्यालय प्रमुख चौधरीमाथि कारवाही गरिएको जनायो। प्रहरीले दुर्व्यवहार गर्नेहरूको खोजी भइरहेको जनायो। पीडित पक्षले यो वर्षको मध्यसम्म कहीँ पनि उजुरी दिएनन्।

## बाल अधिकार

### बलात्कार, यौन दुर्व्यवहार

**बाँके**

१२ वर्षीया बालिकालाई २०७६ फागुन १० गते बलात्कार गरेको भन्दै कोहलपुर नपा-१२ निबुवाका ३० वर्षीय भोजबहादुर थापाविरूद्ध पीडित पक्षले फागुन १० गते इलाका प्रहरी कार्यालय कोहलपुरमा उजुरी दियो। घटनापछि फरार रहेका आरोपितलाई प्रहरीले बर्दिया जिल्ला बासगढी नपाबाट फागुन १३ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन १० गते भेरी अस्पताल, नेपालगञ्जमा भयो। इलाका प्रहरी कार्यालय कोहलपुरले

बलात्कार आरोपमा चैत ३ गते जिल्ला अदालतमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको चैत ४ गतेको आदेशमा आरोपितलाई पुर्पक्षको लागि थुनामा पठायो। यस वर्षको मध्यसम्म मुद्दाको फैसला भएको छैन।

**दाङ**

१५ वर्षीया बालिकालाई २०७६ माघ २० गते बलात्कार गरेको भन्दै बबई गाउँपालिका-३ का २२ वर्षीय मेघलाल बिकविरुद्ध पीडित पक्षले माघ २८ गते इलाका प्रहरी कार्यालय तुलसीपुरमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण माघ २८ गते राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा भयो। प्रहरीले आरोपित बिकलाई माघ २८ गते गिरफ्तार गर्‍यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला अदालतमा फागुन २० गते अभियोगमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतले फागुन २२ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लाथि थुनामा पठायो। यस वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

**बर्दिया**

१२ वर्षीया बालिकालाई २०७६ माघ ८ गते यौन दुर्व्यवहार गरेको भन्दै १५ वर्षीय बालकविरुद्ध पीडित पक्षले माघ ९ गते इलाका प्रहरी कार्यालय राजापुरमा उजुरी दियो। आरोपित बालकलाई प्रहरीले माघ ९ गते गिरफ्तार गरी अनुसन्धानका लागि हिरासतमा राख्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ ९ गते बर्दिया अस्पताल गुलरियामा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकील कार्यालय मार्फत बर्दिया जिल्ला अदालतमा माघ १९ गते मुद्दा दर्ता गर्‍यो। बर्दिया जिल्ला अदालतको माघ २० गतेको आदेशले आरोपित बालकलाई बालसुधार केन्द्र नेपालगञ्जमा पठायो। यस वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

**कपिलवस्तु**

६ वर्षीया बालिकालाई २०७६ चैत ९ गते बलात्कार गरेको भन्दै बाणगङ्गा नपा- १ उप्टहवा बस्ने १९ वर्षीय अर्जुन राना विरुद्ध पीडित पक्षले चैत ९ गते इलाका प्रहरी कार्यालय पिपरामा उजुरी दियो। खोलामा गिट्टी बालुवाको काम गरेर घर फर्कने क्रममा बालिकालाई आरोपितले घरमा पुर्‍याइ दिने बहानामा बलात्कार गरिरहेको अवस्थामा पीडित बालिकाको आफन्तले फेला पारेका थिए। आरोपितलाई चैत ९ गते इलाका प्रहरी कार्यालय पिपराले गिरफ्तार गर्‍यो। बालिकाको स्वास्थ्य परीक्षण चैत ९ गते जिल्ला अस्पतालल तौलिहवामा भयो। प्रहरीले चैत ९ गते बलात्कार आरोपमा जिल्ला अदालतमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको २०७७ वैशाख ४ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यस वर्षको मध्यसम्म मुद्दाको फैसला भएको छैन।

**नवलपरासी पश्चिम**

पाँच वर्षीया बालिकालाई २०७७ वैशाख २४ गते बलात्कार गरेको भन्दै रामग्राम नपा- १८ का ५४ वर्षीय छन्नुकुमार योगी कुँवर विरुद्ध पीडितकी आमाले वैशाख २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई वैशाख २५ गते घरबाट गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख २५ गते पृथ्वीचन्द्र जिल्ला अस्पतालमा भयो। प्रहरीले जिल्ला अदालतमा जेठ १४ गते बलात्कार अभियोगमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको जेठ १५ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुना पठायो। यस वर्षको मध्यसम्म मुद्दाको फैसला भएको छैन।

**रुपन्देही**

पाँच वर्षीया बालिकालाई २०७७ वैशाख ३० गते यौन दुर्व्यवहार गरेको भन्दै भारतको उत्तर प्रदेश गोनाहा थाना स्थायी घरभई बुटवल उमनपा-१२ बस्ने २६ वर्षीय सरदाम अन्सारीविरुद्ध पीडितकी आमाले सोही दिन इलाका प्रहरी कार्यालय बुटवलमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई वैशाख ३० गते बुटवल नयाँगाउँबाट गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख ३० गते नै लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा भयो। प्रहरीले जबरजस्ती करणी उद्योग गरेको आरोपमा जिल्ला अदालतमा वैशाख ३० गते मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको असार २२ गतेको आदेशले आरोपितलाई पुपर्क्षका लागि थुनामा पठायो। यस वर्षको मध्यसम्म मुद्दा फैसला भएन।

**पाल्पा**

१३ वर्षीया बालिकालाई २०७७ असार ४ गते यौन दुर्व्यवहार गरेको भन्दै रिब्दीकोट गाउँपालिका-३ बतासेका ७६ वर्षीय कुलबहादुर रानाविरुद्ध पीडित पक्षले असार ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई असार ५ गते घरबाट गिरफ्तार गर्‍यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण असार ५ गते जिल्ला अस्पताल पाल्पामा भयो। प्रहरीले जिल्ला अदालतमा साउन १९ गते यौन दुर्व्यवहार मुद्दा

दर्ता गऱ्यो। जिल्ला अदालत पाल्पाको साउन १९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यस वर्षको मध्यसम्म फैसला भएको छैन।

**गुल्मी**

१४ वर्षीया बालिकालाई २०७६ माघ १९ गते मुसिकोट नगरपालिका-७ का ३१ वर्षीय चुराबहादुर राना, १९ वर्षीय टेकबहादुर कुमाल र बाग्लुङ जिल्ला बडिगाड गाउँपालिका-४ का १९ वर्षीय सनु दगामीले स्थानीय खोलामा लगेर बलात्कार गरेको भन्दै पीडित पक्षले माघ २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित पक्षको सूचनाको आधारमा बामी प्रहरी चौकी र जिल्ला प्रहरी कार्यालयको संयुक्त टोलीले आरोपितहरूलाई माघ २० गते घरैबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ २० गते जिल्ला अस्पतालमा भयो। प्रहरीले जिल्ला अदालतमा माघ २१ गते बलात्कार अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन १४ गतेको आदेशले आरोपित तीनै जनालाई पुर्पक्षका लागि थुनामा पठायो। यस वर्षको मध्यसम्म मुद्दाको फैसला भएको छैन।

**प्यूठान**

१२ वर्षीया बालिकालाई २०७७ जेठ १९ गते ऐरावती गाँउपालिका-२ का ३२ वर्षीय रमेश जिसीले बलात्कार गरेको भन्दै पीडित पक्षले जेठ २० गते बालिकाका आफन्तले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई प्रहरीले घरबाट जेठ २० गते गिरफ्तार गरी बलात्कार शीर्षकमा जेठ २० गते मुद्दा चलायो। बालिकाको स्वास्थ्य परीक्षण जेठ २० गते जिल्ला अस्पताल बिजुवारमा भयो। जिल्ला अदालतले असार ११ गते पुर्पक्षका लागि थुनामा पठायो। यस वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

**बलात्कारपछि हत्या**

**रूपन्देही**

देवदह नपा-११ की १३ वर्षीया बालिकालाई २०७७ जेठ ९ गते साँझ बलात्कारपछि हत्या गरेको भन्दै पीडित पक्षले २५ वर्षीय कोइला भनिने वीरेन्द्र भर, भरकी ५० वर्षीया आमा अकाली भर र ५५ वर्षीया सितली भर विरुद्ध जेठ १३ गते इलाका प्रहरी कार्यालय बुटवलमा उजुरी दियो। आरोपित वीरेन्द्र भरले बालिकालाई गाउँ नजिकैको खरयानमा लगेर बलात्कार गरेको र गाउँलेहरूले देखेपछि नियन्त्रणमा लिई जेठ १० गते बिहान देवदह नपा-११ का वडा अध्यक्ष अमरबहादुर चौधरीसहित गाउँलेले पीडित बालिकालाई आरोपित भरको जिम्मा लगाएको पीडित परिवारले आरोप लगायो। आरोपित कथित माथिल्लो जात भनिने र बालिका दलित समुदायको भएकोले बलात्कारको घटनाबाट जोगाउन बालिकालाई जेठ १० गते भरको जिम्मा लगाएर पठाइएको थियो। आरोपित भरले बालिकालाई आफ्नो घरमा लगेपछि वीरेन्द्रको आमा र ठूली आमाले हाम्रो जात मिल्दैन यसलाई घरमा पस्न दिँदैनौ भनी, कुटपिट तथा लछारपछार गरेपछि वीरेन्द्रले देवदह नपा-२ पेटवनियास्थित अर्को आफ्नै घर लिएर गएको स्थानीय प्रत्यक्षदर्शी अमन खत्रीले बताए। बालिका जेठ १० गते साँझ देवदह नपा-२ पेटवनियाको घरदेखि पश्चिमतर्फ रहेको रोहिणी खोलाको छेउमा रहेको भेलोरको रुखमा झुण्डिएको, शरीरमा लगाएको माथिल्लो बस्त्र दुई तीन ठाउँमा च्यातिएको, शरीरमा निलडामहरू देखिएको आरोपित वीरेन्द्र भरले लगाएको चाँदीको सिक्री मृतकको भित्री बस्त्रमा अड्किएको अवस्थामा फेला परेकोले छोरीले आत्महत्या नगरी झुण्ड्याएर मारिएको पीडित पक्षले आरोप लगाए। पीडित पक्षले घटना बारेमा जेठ १२ गते उजुरी दिँदा प्रहरीले नलिएपछि विभिन्न अधिकारकर्मीहरूको पहल र दबाबमा जेठ १३ गते इलाका प्रहरी कार्यालय बुटवलमा उजुरी दर्ता भयो। प्रहरीले जेठ १५ गते आरोपितहरूलाई गिरफ्तार गरेर जिल्ला अदालत रूपन्देहीबाट सात दिनको म्याद थपेर हिरासतमा राख्यो। जिल्ला अदालतको असार ११ गतेको आदेशले आरापितहरूलाई पुपर्क्षका लागि थुनामा पठायो। इन्सेकले घटनाका बारेमा जेठ १५ देखि १७ गतेसम्म स्थलगत अध्ययन गऱ्यो। स्थलगत अध्ययनमा बालिकामाथि भएको बलात्कार जस्तो जघन्य अपराधमा कानुनी उपचारको साटो आरोपितको जिम्मा लगाउने कार्य भएको भएकाले जनप्रतिनिधि र समाजका अगुवाले नै कानुन विपरीत कार्य गर्दा थप अपराध जन्मिएको देखिन्छ। घटना गम्भीर मानव अधिकारको उल्लङ्घन, जातीय भेदभाव र रहस्यमय रूपमा मृत्यु भएकाले अनुसन्धानको दायरा फराकिलो बनाउँदै पीडितलाई न्याय दिलाउन प्रहरी प्रशासनले गहिरो अनुसन्धान गर्नुपर्ने साउन ४ गते सार्वजनिक गरिएको अध्ययन प्रतिवेदनमा उल्लेख गरिएको छ।

## महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

**बालात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहार**

**बर्दिया**

२२ वर्षीया महिलालाई २०७७ जेठ ७ गते बलात्कार

गरेको भन्दै राजापुर नपा-१० कालाबञ्जरका २३ वर्षीय कालुराम थारु विरूद्ध पीडित पक्षले जेठ ८ गते इलाका प्रहरी कार्यालय राजापुरमा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ ८ गते गिरफ्तार गरी अनुसन्धानका लागि हिरासतमा राख्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ ७ गते जिल्ला अस्पताल गुलरियामा भयो। प्रहरीले आरोपित विरुद्ध जिल्ला सरकारी वकिल कार्यालयमार्फत जिल्ला अदालतमा जेठ २८ गते बलात्कार आरोप लगाउँदै मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ २८ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यस वर्षको मध्यसम्म मुद्दाको फैसला भएको छैन।

**बाँके**

३४ वर्षीया महिलालाई २०७६ माघ १० गते बलात्कार गरेको आरोपमा राप्ती सोनारी गाउँपालिकाका-१ का २५ वर्षीय विक्रम चौधरीविरूद्ध पीडित पक्षले माघ १० गते इलाका प्रहरी कार्यालय कोहलपुरमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण माघ १० गते भेरी अस्पतालमा भयो। आरोपितलाई प्रहरीले माघ १० गते गिरफ्तार गरी बलात्कार शीर्षकमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालत बाँकेको फागुन १५ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

**दाङ**

६१ वर्षीया वृद्धालाई २०७६ फागुन २७ गते सामुहिक बलात्कार गरेको भन्दै लमही नपा-९ का ५४ वर्षीय शुक्रबहादुर कुमाल र सोही ठाउँका ४७ वर्षीय गुरु भनिने दुर्गाप्रसाद कुमाल विरुद्ध पीडित पक्षले फागुन २८ गते प्रहरी चौकी अमेलियामा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण फागुन २८ गते लमही अस्पतालमा भयो। प्रहरीले आरोपितहरूलाई फागुन २८ गते लमहीबाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितहरूविरुद्ध चैत ३० गते सामूहिक करणीसम्बन्धी मुद्दा जिल्ला अदालतमा दर्ता गऱ्यो। जिल्ला अदालतको २०७७ वैशाख ३ गतेको आदेशले आरोपितहरूलाई पुर्पक्षका लागि थुनामा पठायो। यस वर्षको मध्यसम्म फैसला भएन।

**प्यूठान**

नौबहिनी गाउँपालिका–४ की २७ वर्षीया महिलालाई २०७६ फागुन १ गते बलात्कार गरेको भन्दै सोही ठाउँका ३० वर्षीय सुवास सुनारविरुद्ध पीडितका आफन्तले फागुन २ गते जिल्ला प्रहरी कार्यालय प्यूठानमा उजुरी दिए। प्रहरीले आरोपितलाई फागुन २ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन २ गते जिल्ला अस्पताल बिजुवारमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला अदालतमा फागुन २ गते बलात्कार अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालत प्यूठानको फागुन १५ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यस वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

**पाल्पा**

३१ वर्षीया महिलालाई २०७७ जेठ ३२ गते धम्की दिएर बलात्कार गरेको भन्दै ५९ वर्षीय बाबुविरुद्ध पीडित पक्षले असार ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई असार ५ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण असार ५ गते जिल्ला अस्पताल पाल्पामा भयो। प्रहरीले आरोपितविरुद्ध असार ५ गते बलात्कार अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालत पाल्पाको असार ३० गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यस वर्षको मध्यसम्म मुद्दाको फैसला भएको छैन।

**गुल्मी**

६७ वर्षीया वृद्धालाई २०७६ माघ १२ गते बलात्कार गरेको भन्दै इस्मा गाउँपालिका-६ अमरपुरका ४७ वर्षीय भिमप्रसाद पोखेलविरुद्ध पीडितले माघ १५ गते पीडितले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई माघ १५ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ १५ गते गुल्मी अस्पताल, तम्घासमा भयो। प्रहरीले माघ १५ गते बलात्कार अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन ७ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यस वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

**कपिलवस्तु**

४७ वर्षीया महिलालाई ०७६ चैत २८ गते बलात्कारको प्रयास गरेको भन्दै मायाँदेवी गाउँपालिका- ७ गणेशपुरका ३८ वर्षीय ऋषिराम यादवविरुद्ध पीडित पक्षले ०७७ जेठ १२ गते जिल्ला प्रहरी कार्यालय कपिलवस्तुमा उजुरी दियो। पीडित युवतीको स्वास्थ्य परीक्षण जेठ १२ गते जिल्ला अस्पत्ताल तौलिहवामा भयो। प्रहरीले आरोपितविरुद्ध जेठ १८ गते जबरजस्ती करणी उद्योगमा मुद्दा दर्ता गऱ्यो। असार २९ गते गणेशपुरबाट गिरफ्तार गऱ्यो। साउन ११ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो।

जिल्ला अदालतले साउन ११ गते १ लाख धरौटीमा रिहा गर्‍यो। यो वर्षको मध्यसम्म फैसला भएन।

### बेचबिखन तथा ओसारपसार प्रयास

**रुपन्देही**

२३ वर्षीया र २५ वर्षीया दुई जना महिलाहरूलाई राम्रो जागिर लगाइदिने प्रलोभन देखाएर भारत लैजाँदै गरेको अवस्थामा प्रहरीले स्याङ्जा जिल्ला चापाकोट गाउँपालिका-२ स्थायी घर भई बुटवल उमनपा-५ गोलपार्क बस्ने ४० वर्षीय मिठ्ठु परियारलाई फागुन १८ गते साँझ बेलहिया भैरहवाबाट गिरफ्तार गर्‍यो। पीडित महिलाहरूलाई आरोपितले फागुन १८ गते कुवेत पठाइदिने प्रलोभन देखाएर भारत लैजाँदै गरेको अवस्थामा नेपाल प्रहरी र माइती नेपालको सहकार्यमा पीडितको उद्दार गरी सोधपुछ गर्दा पीडितसँग वैदेशिक रोजगारीमा जाने कुनै कागजात नभएको अवस्थामा पीडितको उद्धार गरी आरोपितलाई फागुन १८ गते गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालयका डिएसपी खडकबहादुर खत्रीले बताए। पीडित महिलाहरूले घटनाका विषयमा फागुन १८ गते दिएको उजुरीका आधारमा प्रहरीले मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी मुद्दा फागुन १८ गते दर्ता गर्‍यो। जिल्ला अदालतमा चैत १० गते पेश गरेकोमा दर्ता गर्‍यो। पीडितद्वयको स्वास्थ्य परीक्षण फागुन १९ गते भीम अस्पताल भैरहवामा भयो। जिल्ला अदालतको चैत १० गतेको आदेशले आरोपितलाई पुपर्क्षका लागि थुनामा पठायो। यस वर्षको मध्यमसम्म मुद्दा फैसला भएन।

**बाँके**

सुर्खेत जिल्ला विरेन्द्रनगर नपा-११ बस्ने १६ र १७ वर्षीया बालिका र १८ वर्षीया युवतीलाई बेचबिखन तथा ओसारपसार गर्न लागेको आरोपमा बर्दिया जिल्ला ठाकुरबाबा नपा-१ घर भई नेपालगञ्ज उमनपा-१२ कोरियनपुर बस्ने २५ वर्षीया रञ्जना थारूलाई प्रहरीले २०७६ माघ २० गते गिरफ्तार गर्‍यो। बालिकाहरू ग्याँस चुलो किन्न भनेर माघ १९ गते भारततिर जाँदै गरेको अवस्थामा मानव बेचबिखनको क्षेत्रमा काम गर्ने संस्था साना हातका कर्मचारीले सोधपुछ गरी शङ्का लागेर प्रहरीमा बुझाएका थिए। उनीहरूले बयानको क्रममा आरोपित थारूको नाम लिएपछि प्रहरीले घरमा छापा मारेर थारूलाई गिरफ्तार गरेको थियो। पीडित दुई जना बालिकालाई माघ २० गते आफन्तको जिम्मा लगाइयो भने युवतीलाई माघ २२ गते परिवारको जिम्मा लगाइयो। पीडित पक्षले आरोपितविरूद्ध माघ २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दर्ता गरायो। जिल्ला प्रहरी कार्यालयले आरोपितविरुद्ध फागुन १८ गते जिल्ला अदालतमा मानव बेचबिखन र यौनजन्य कार्यमा लगाएको अभियोगमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको फागुन १९ गतेको आदेशले आरोपितलाई पुर्पक्षको लागि थुनामा पठायो। यस वर्षको मध्यसम्म फैसला भएन।

### परिवारजनबाट हत्या

**रुकुम पुर्व**

भूमे गाउँपालिका-३ सीमाकी ६० वर्षीया दिलमाया पुनलाई २०७६ माघ २६ गते घरायसी विवादमा कुटपिट गरी हत्या गरेको आरोपमा ७९ वर्षीय पीत नरबहादुर पुनविरुद्ध पीडित पक्षले माघ २७ गते जिल्ला प्रहरी कार्यालय रुकुम पूर्वमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ २७ गते घरबाट गिरफ्तार गर्‍यो। आरोपित पुनले कुटपिटबाट घाइते भएकी दिलमायाको जिल्ला अस्पताल, रुकुमकोटमा उपचारको क्रममा माघ २७ गते मृत्यु भएको प्रहरीले जनायो। शवको पोष्टर्माटम माघ २७ गते जिल्ला अस्पताल, रुकुमकोटमा गरिएको प्रहरीले जनायो। प्रहरीले आरोपित विरुद्ध माघ २८ गते जिल्ला अदालतमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको फागुन १९ गतेको आदेशले आरोपितलाई पुर्पक्षको लागि रुकुम पश्चिम कारागार पठायो। यस वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

**गुल्मी**

इस्मा गाउँपालिका-३ दर्लामचौर तल्लो सिम्पानीकी ७६ वर्षीया कौशिला बिकको २०७६ पुस १७ गते हत्या प्रयास भन्दै २८ वर्षीया बुहारी लक्ष्मी बिक र २३ वर्षीया देवी बिक विरुद्ध ससुरा शेरबहादुर बिक्ले पुस २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई प्रहरीले ०७६ पुस २१ गते गिरफ्तार गर्‍यो। आरोपितद्वयले गहना लुट्ने योजनाका साथ कुटपिट गरेको र गोठमा गोरूले घाइते भएको भन्दै छिमेकमा खबर गरेका थिए। कुटपिटबाट घाइते वृद्धाको लुम्बिनी प्रादेशिक अस्पताल, बुटवलमा उपचारको क्रममा पुस २० गते मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका डिएसपी मिन घलेले बताए। शवको पोष्टमार्टम पुस २१ गते जिल्ला अस्पताल, गुल्मीमा भयो। प्रहरीले जिल्ला अदालतमा पुस २१ गते कर्तव्य ज्यान अभियोगमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको माघ १२ गतेको आदेशले आरोपितहरूलाई

पुर्पक्षका लागि थुनामा पठायो। यस वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

**दाङ**

गढवा गाउँपालिका-४ की २७ वर्षीया वसन्ता योगी कवरको २०७६ माघ ८ गते ६५ वर्षीय ससुरा कुलमान योगी कवरले छुरा प्रहर गरी हत्या गरेको भन्दै पीडित पक्षले इलाका प्रहरी कार्यालय गढवामा माघ ९ गते उजुरी दियो। आफूसँग आठ वर्षीया नातिनीलाई सुत्न नदिएको निहुँमा भएको विवादमा भान्सामा रहेकी बुहारीलाई कुलमानले छाति, घुँडा र हातमा छुरा प्रहार गरेको प्रहरीले जनायो। गहिरो चोट लागेकी वसन्तालाई लमही अस्पतालमा प्राथमिक उपचारपछि सोही दिन कोहलपुर मेडिकल कलेज बाँके लगिएकोमा उपचारको क्रममा माघ ८ गते मृत्यु भयो। शवको पोष्टमार्टम लमही अस्पतालमा माघ ९ गते गरियो। प्रहरीले माघ ८ गते आरोपितलाई गिरफ्तार गरी फागुन १ गते जिल्ला अदालतमा कर्तव्य ज्यानसम्बन्धी मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन २ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यसवर्षको मध्यसम्म मुद्दा फैसला भएन।

**नवलपरासी पश्चिम**

सुस्ता गाँउपालिका–३ की १४ वर्षीया बालिका धनेश्वरी बिनलाइ ६० वर्षीय बाबु लक्ष्मण बिन, ५६ वर्षीया आमा बर्फी बिन, २१ वर्षीय दाजु जितेन्द्र बिन, ३३ वर्षीय दाजु खेमनारायण बिन र १९ वर्षीय दाजु दिनेश बिनले २०७७ जेठ ११ गते राति टाउकोमा बेल्चाले प्रहार गरेर हत्या बाखाले अर्काको खेती खाइदिए पछि घरपरिवारमा कुरा लगाएपछि कुटपिट गर्दा मृत्य’ भएको। को गरी गाडेको भन्दै जेठ १२ गते इलाका प्रहरी कार्यालय, बेलाटारीमा उजुरी पऱ्यो। प्रहरीले जेठ १२ गते नै शवको उत्खनन गरी पोष्टमार्टमका लागि पृथ्वीचन्द्र जिल्ला अस्पतालमा लग्यो। आरोतिहरूमध्ये जितेन्द्र र खेमनारायण बाहेक अन्यलाई प्रहरीले जेठ १३ गते घरबाटै गिरफ्तार गऱ्यो। जितेन्द्र र खेमनारायण फरार रहेको प्रहरीले जनायो। प्रहरीले जिल्ला अदालतमा जेठ १३ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असार ५ गतेको आदेशले आमा बर्फी बिनलाई साधारण तारेखमा र दिनेश बिन ५० हजार रुपियाँ धरौटीमा रिहा भए। जिल्ला अदालतले बाबु लक्ष्मण बिनलाई २ लाख रुपियाँ धरौटी तोकेकोमा उक्त रकम बुझाउन नसकेपछि थुनामा पठाएको छ। यस वर्षको मध्यसम्म फैसला भएन। फरार रहेका अन्य आरोपित गिरफ्तार हुन सकेनन्। शवको पोष्टमार्टम जेठ १२ गते जिल्ला अस्पतालमा भयो।

**बाँके**

बैजनाथ गाउँपालिका-२ पहाडीपुरकी ३४ वर्षीया दिलमाया मगरलाई घरयासी झगडामा २०७६ चैत ३० गते ३९ वर्षीय पति पहलमान सिंह मगरले मदिरा सेवन गरी लाठीले कुटपिट गर्दै भित्तामा ठोक्काउँदा उनी घाइते भइन्। दिलमायाको टाउकोमा गहिरो चोट लागेकोले २०७७ वैशाख २ गते उपचारका लागि कोहलपुर मेडिकल कलेजमा लैजाँदै गर्दा बाटोमा मृत्यु भएको प्रहरीले जनायो। घटनाका बारेमा माइती पक्षले वैशाख २ गते इलाका प्रहरी कार्यालयमा उजुरी दियो। आरोपित मगरलाई प्रहरीले वैशाख २ गते घरबाट गिरफ्तार गऱ्यो। शवको पोष्टमार्टम वैशाख २ गते भेरी अस्पताल, नेपालगञ्जमा भयो। प्रहरीले जिल्ला अदालतमा वैशाख २९ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको वैशाख २९ गतेको आदेशले आरोपितलाई पुर्पक्षको लागि थुनामा पठायो। यस वर्षको मध्यसम्म मुद्दा फैसला भएन।

### कथित बोक्सी आरोपमा हत्या

**रुपन्देही**

कञ्चन गाउँपालिका-३ धौलागिरी चोककी २८ वर्षीया लिला सापकोटा पौडेलको २०७६ चैत १७ गते हत्या प्रयास गरेको भन्दै ५५ वर्षीय ससुरा चन्द्रमणी पौडेल र कञ्चन गाउँपालिका-४ बेलडाँडाका धाँमी २४ वर्षीय यमबहादुर कुँवरविरुद्ध लिलाका पति तिलकराम पौडेलले इलाका प्रहरी कार्यालय सालझण्डीमा चैत २९ गते उजुरी दर्ता दिए। प्रहरीले आरोपितहरू चन्द्रमणिलाई चैत २७ गते भाग्दै गर्दा गिरफ्तार गऱ्यो भने यमबहादुरलाई २०७७ वैशाख ३ गते गिरफ्तार गऱ्यो। मृतक सापकोटालाई आरोपित ससुराले चैत १७ गते बिहान बञ्चरो प्रहार गर्दा घाँटी पछाडीको भागमा चोट लागेर घाइते भएकी थिइन्। घाइतेको युनिभर्सल मेडिकल कलेज भैरहवामा उपचारको क्रममा वैशाख ३ गते मृत्यु भएको इलाका प्रहरी कार्यालय सालझण्डीका इन्सपेक्टर कमल परियारले बताए। धाँमी भनिने कुँवरले घरभित्रै बोक्सी भएको भनेपछि सो विषयमा बेलाबेला घरपरिवारमा मनमुटाव हुँदै आएको थियो। प्रहरीले जिल्ला अदालतमा चैत २९ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालत रूपन्देहीको वैशाख १५ गतेको आदेशले

आरोपितहरूलाई पुपर्क्षका लागि थुनामा पठायो। शवको पोष्टमार्टम चैत २७ गते लुम्बिनी प्रादेशिक अस्पतालमा भयो। यस वर्षको मध्यमसम्म मुद्दा फैसला भएन्।

### एसिड प्रहारबाट घाइते

**कपिलवस्तु**

महाराजगञ्ज नपा-१ की ६२ वर्षीया वेदमती देवी गुप्तालाई २०७६ फागुन २३ गते सोही ठाँउका ३९ वर्षीय हरिनारायण बरईले एसिड प्रहार गरेको भन्दै पीडितका छोरा २१ वर्षीय हनुमान गुप्ताले फागुन २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। बालबालिकाले क्रिकेटको ब्याट भाँचेको विषयमा भएको विवाद चर्किंदै गएपछि एसिड प्रहार गरेका थिए। एसिड प्रहारबाट घाइते गुप्ताको सामान्य उपचार शिवराज अस्ततालमा र थप उपचार युनिर्भसल मेडिकल कलेज भैरहवा भयो। चैत ६ गते युनिभर्सल मेडिकल कलेज भैरहवाबाट गुप्ता डिस्चार्ज भएको जिल्ला प्रहरी कार्यालयका डिएसपी सुनिल मल्लले बताए। आरोपितलाई प्रहरीले फागुन २४ गते गिरफ्तार गऱ्यो। प्रहरीले फागुन २५ गते ज्यान मार्ने उद्योगको मुद्दा जिल्ला अदालतमा दर्ता गऱ्यो। जिल्ला अदालतले २०७७ वैशाख २ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यस वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

### सबै प्रकारका जातीय विभेद

**गुल्मी**

कालिगण्डकी गाउँपालिका- ५ फोक्सिङमा २८ वर्षीय श्यामबहादुर परियारलाई २०७७ वैशाख २२ गते सोही ठाउँका ४३ वर्षीय नेत्र काउछाको घरमा पसेको भन्दै स्थानीयहरूले १ हजार ५ सय रुपियाँ जरिबाना तिराए। घटनाको विषयमा इन्सेकलगायत सङ्घ संस्थाले जेठ २ गते जिल्ला प्रशासन कार्यालयमा गएर प्रमुख जिल्ला अधिकारीको ध्यानाकर्षण गराउँदै जातीय विभेद गर्ने उपर कानुनी कारबाहीको माग गरे। पीडित पक्षले जेठ ६ गते आरोपित नेत्र काउचाविरूद्ध जिल्ला प्रहरी कार्यालयमा जातीय विभेदसम्बन्धी उजुरी दर्ता गरायो। प्रहरीले आरोपितलाई जेठ ८ गते घरबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतले जेठ ३२ गते ६० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो। यस वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### सम्पत्ति क्षति

**अर्घाखाँची**

सितगङ्गा नपा-११ को प्रगतिशील सामुदायिक वन उपभोक्ता समितिको काठ २०७६ माघ १४ गते नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको प्रतिबन्धित नेकपाले पार्टीको झण्डा गाडेर कब्जामा लिएको विज्ञप्तिमार्फत जनायो। बनको काठ अवैध रूपमा उपभोक्ता समितिका अध्यक्ष र काठ ठेकेदारले मिलेमतोमा काठ बिक्री वितरण गरेको आरोपमा कब्जा गरेको विज्ञप्तिमा उल्लेख गरिएको थियो। उक्त घटनाको आरोपमा यो वर्षको मध्यसम्म कोही गिरफ्तार नभएको प्रहरीले जनायो।

प्रतिबन्धित नेकपाका कार्यकर्ताले २०७६ माघ १३ गते सितगङ्गा नगरपालिका-६ को दा सि मा रहेको एनसेल टावरमा आगजनी गऱ्यो। विष्फोटक पदार्थ प्रयोग गरी आगजनी गरेको प्रहरीले जनायो। आगजनीबाट टावरमा समान्य क्षति भयो। यो वर्षको मध्यसम्म उक्त घटनाका आरोपितहरू पत्ता नलागेका प्रहरीले जनायो। क्षति हालसम्म कोही पक्राउ नपरेको र उजुरी पनि नदिएको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर प्रकाश खत्रीले जानकारी दिए। पीडित पक्षले पनि उजुरी दिएका छैनन्।

**दाङ**

तुलसीपुर उमनपा-१९ निवासी विजौरी उद्योग वाणिज्य सङ्घ (उवासङ्घ) को अध्यक्षका उम्मेदवार ३७ वर्षीय प्रेमनाथ योगीको घर अगाडि पार्किङ गरिराखेको बा १९ च १७६४ नम्बरको स्कारपियोमा पहिचान नखुलेको समूहले २०७६ फागुन ७ गते आगजनी गऱ्यो। फागुन ८ गते हुने उवासङ्घको निर्वाचनका क्रममा चुनावी घरदैलोमा गएका बेला घर अगाडि पार्किङ गरिराखेको गाडीको टायरमा पेट्रोल छर्केर आजगनी गरिएको पीडितले बताए। गाडीको टायर जलिरहेकै बेला गाडीधनी आइपुगेपछि थप क्षति भएन। आगजनीबाट गाडीको एउटा टायर, पछाडीको भाग जलेको र करिब १ लाख रुपियाँ बराबरको क्षति भएको इलाका प्रहरी कार्यालय तुलसीपुरले जनायो। आगजनी गर्ने माथि कारबाहीको माग गर्दै योगीले प्रहरी चौकी हेमन्तपुरमा फागुन ७ गते ठाडो उजुरी दिए। यो वर्षको मध्यसम्म प्रहरीले आरोपितहरूलाई गिरफ्तार गरेन ।

# कर्णाली प्रदेशको मानव अधिकार अवस्था : ६ महिनाका प्रतिनिधिमूलक घटना

## (०७६ पुस १६ गतेदेखि ०७७ असार १६ गतेसम्म)

**नागरिक तथा राजनीतिक अधिकार**

**सम्मानित रूपले बाँच्न पाउने अधिकार**

**हत्या**

**अन्य पक्षबाट**

**रुकुम पश्चिम**

जाजरकोट जिल्ला भेरी नपा-४ का २१ वर्षीय नवराज बिकसहित १८ जना रुकुम पश्चिमको चौरजहारी नपाकी १७ वर्षीया बालिकालाई लिन भनी २०७७ जेठ १० गते सोती पुग्दा सोतीका स्थानीय बासिन्दाहरूले पीडितहरूलाई लखेट्दै भेरी नदीको किनारमा पुऱ्याई कुटपिट तथा आक्रमण गर्दा नवराज बिकसहित ६ जनाको मृत्यु भयो। मृत्यु हुनेहरूमा रुकुम पश्चिम जिल्ला चौरजहारी नपा-१ का २० वर्षीय टिकाराम नेपाली, जाजरकोट जिल्ला भेरी नपा-४ का २१ वर्षीय सन्जु बिक, १७ वर्षीय गोविन्द शाही, १७ वर्षीय गणेश बीएम, सोही नपा-११ का १८ वर्षीय लोकेन्द्र सुनारको मृत्यु भयो। उनीहरू सबैको शव भेरी नदीमा भेटिएको थियो। घटनामा भेरी नपा-४ का १९ वर्षीय मदन शाही, १९ वर्षीय सुदिप खड्का, १७ वर्षीय लालबहादुर खड्का, १७ वर्षीय सरोज भँडेल, १८ वर्षीय इन्द्रजंग शाह, २१ वर्षीय डिल्ली सुनार, १८ वर्षीय विभाग पुन, १५ वर्षीय गोविन्द बिक, १७ वर्षीय भोला बिक, १७ वर्षीय सरोज खड्का, सोही नपा- ३ का १८ वर्षीय मनिष कार्की र सोही नपा-११ का १७ वर्षीय गोविन्द सुनार घाइते भए। घाइते सबैको उपचार जेठ १२ गते चौरजहारीस्थित मिसन अस्पतालमा भयो। नवराज र टिकारामको जेठ ११ गते, गणेशको जेठ १२ गते, लोकेन्द्रको जेठ १४ गते, सन्जुको जेठ १६ गते र गोविन्द शाहीको जेठ २१ गते फेला परेको शवको पोष्टमार्टम जेठ १३ गतेदेखि जेठ २१ गतेसम्म जिल्ला अस्पताल जाजरकोटमा भयो। मृतक नवराज बिक र चौरजहारी नपाकी बालिकाबिच प्रेम सम्बन्ध रहेको थियो। पीडित परिवारले जात नमिलेकै कारण आफ्नो छोराको हत्या गरिएको र सत्य तथ्य पत्ता लगाई दोषीलाई कारबाहीको माग गर्दै जेठ १३ गते जिल्ला प्रहरी कार्यालय जाजरकोटमार्फत जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिममा उजुरी दर्ता गरे। जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमले ३४ जनाविरूद्ध कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग र जातीय भेदभाव कसुरमा जेठ ३२ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। असार ७ गतेदेखि सुरु भएको थुनछेक बहस सकिएपछि रुकुम जिल्ला अदालतका न्यायाधीश विद्याराज पौडेलको असार १० गतेको इजलासले २३ जनालाई पुर्पक्षका लागि थुनामा पठायो भने ३९ वर्षीया बालिकाकी आमा प्रकाशी मल्ललाई १ लाख रुपियाँ धरौटीमा र चौरजहारी नपा-८ सोतीका २० वर्षीय दिपेन्द्र चन्द, सोही ठाउँका ५२ वर्षीय तुलबहादुर मल्ल र ५३ वर्षीय इन्द्रबहादुर मल्ललाई साधारण तारेखमा रिहा गर्न आदेश दियो। थुनामा पठाइएकाहरूमा चौरजहारी नपा-८ सोतीका वडाध्यक्ष ४१ वर्षीय डम्मर मल्ल, सोही ठाउँका ४२ वर्षीय डिल्ली मल्ल, ३९ वर्षीय प्रेमबहादुर ठकुरी, २६ वर्षीय सन्तोष मल्ल, ४२ वर्षीय मानबहादुर मल्ल, ३७ वर्षीय टोपबहादुर मल्ल, ४१ वर्षीय बालिकाका बुवा वीर बहादुर मल्ल,



*मृतकहरू क्रमशः नवराज विक, टिकाराम सुनार, गणेश बीएम, लोकेन्द्र सुनार, सन्जु विक र गोविन्द शाही*

३५ वर्षीय तिलक चन्द, ४६ वर्षीय हर्कबहादुर मल्ल, २१ वर्षीय विनोद मल्ल, ४१ वर्षीय नेत्रबहादुर मल्ल, ३१ वर्षीय रेशमबहादुर मल्ल, १९ वर्षीय विष्णु मल्ल, ५४ वर्षीय नन्दु मल्ल, ४२ वर्षीय इन्द्र भनिने इद्रबहादुर ठकुरी, ४९ वर्षीय लिपेन्द्रकुमार मल्ल, २४ वर्षीय धनराज राना, २५ वर्षीय कोविराज पुन मगर, ३४ वर्षीय भिमबहादुर पुन, २५ वर्षीय रेशम पुन, २४ वर्षीय सर्वजित भनिने सविन पुन, २८ वर्षीय मोहन पुन, २५ वर्षीय नविनकुमार घर्तिमगर रहेका छन्। जिल्ला अदालतका श्रेस्तेदार कृतबहादुर बोहराका अनुसार घटनामा संलग्न १७ वर्षीया बालिकालाई बाल सुधार केन्द्र काठमाण्डौं र १७ वर्षीय बालकलाई ०७७ असार १ गतेको जिल्ला अदालतको आदेशले बालसुधार गृह नेपालगञ्जमा पठाइएको छ। यसैगरी ०७७ असार ३० गते जिल्ला अदालतले चौरजहारी नपा-८ का ३१ वर्षीय तुलाराम घर्ती, ३९ वर्षीय डिल्ली घर्ती, २७ वर्षीय लोकेन्द्र घर्ती, २१ वर्षीय सौरभ पुन र ३८ वर्षीय भिमबहादुर बुढालाई पुर्पक्षका लागि थुनामा पठायो। यस वर्षको मध्यसम्म मुद्दाको फैसला भएको छैन। घटनामा मृत्यु भएका व्यक्तिका प्रति परिवारलाई ०७७ साउन २६ गते सङ्घीय सरकारले १० लाख रुपियाँ उपलब्ध गराउने घोषणा गऱ्यो। पीडित परिवारले रकम निकासा नभएकोले पाएका छैनन्। इन्सेकसहित मानव अधिकार संस्थाका प्रतिनिधिहरूले घटनाको स्थलगत अध्ययन जेठ १३ गतेदेखि जेठ १५ गतेसम्म गऱ्यो। स्थलगत अध्ययन पश्चात् जेठ २७ गते सार्वजनिक गरेको प्रतिवेदनमा घटनास्थल, स्थानीय तथा पीडित परिवारको भनाइ, मृतकको फोटो, प्रहरी प्रशासनको भनाइका आधारमा पूर्ववत योजना अनुसार सामूहिक हत्या गरेको निष्कर्ष अध्ययन प्रतिवेदनमा उल्लेख थियो।

## गोली/विष्फोटक पदार्थबाट घाइते

### राज्यपक्षबाट

#### सुर्खेत

कालिकोट जिल्ला महाबै गाउँपालिका-३ का २१ वर्षीय केशरबहादुर सिंको २०७६ माघ १४ गते बिहान मोटसाइकलमा सवार भइरहेको अवस्थामा सुर्खेत जिल्ला वीरेन्द्रनगर नपा-४ मा भे १ प २२४२ नम्बरको टिप्परले मोटरसाइकललाई ठक्कर दिँदा माघ १४ गते घटनास्थलमै मृत्यु भयो। घटनाको विरोध गर्दै पीडित पक्ष २०७६ माघ १४ र १५ गते आन्दोलनमा उत्रिए। आन्दोलनकारी र प्रहरीबिच झडप हुँदा प्रहरीले चलाएको गोलीबाट कालिकोट जिल्ला खाडाचक्र नपा-५ का १८ वर्षीय दिलबहादुर शाही, शुभकालिका गाउँपालिका-३ का १९ वर्षीय नरेन्द्र शाही, २२ वर्षीय कमान सिंह, जुम्ला जिल्ला तातापानी गाउँपालिका-४ का २५ वर्षीय महेश गौतम, दैलेख जिल्लाका १६ वर्षीय हिवेशकुमार शाही, १६ वर्षीय कृष्ण थापा र १७ वर्षीय गोकुल गिरी घाइते भए। घाइतेमध्ये दिलबहादुरको देब्रे गोडाको पैतला, नरेन्द्रको दाहिने पाखुरा तथा महेशको दुवै गोको पैतलामा गोली लागेको थियो। अन्य सबैजनाको टाउको, ढाड र गोडामा गोलीको छर्रा लागेको थियो। घाइते सबैको उपचार माघ १५ गते सुर्खेत अस्पतालमा भयो। आन्दोलनको क्रममा आन्दोलनकारीले सार्वजनिकस्थल तथा सरकारी कार्यालय तोडफोडमा उत्रिएपछि स्थानीय प्रशासनले माघ १५ गते साँझ ६ बजेदेखि माघ १६ गते बिहान ६ बजेसम्म वीरेन्द्रनगरको पश्चिममा बा ेसिमल, उत्तरमा कपासे व्यारेक, पूर्वमा इतराम खोला र कर्णाली राजमार्ग भन्दा ३ सय मिटर दक्षिणसम्म तोकेर कर्फ्यू आदेश जारी गऱ्यो। झडपमा परी जिल्ला प्रहरी कार्यालय सुर्खेतका एसपी ५० वर्षीय डिल्लीराज पन्त सामान्य घाइते भए। तीन दिनसम्म चलेको आन्दोलन चौथो दिनमा मृतक परिवारलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन स्थानीय प्रशासनले पहल गर्ने सहमतिमा स्थगित भयो। सुर्खेतका प्रमुख जिल्ला अधिकारी रमेश न्यौपानेका अनुसार एक सातापछि मृतक परिवारलाई बिमा वापतको ५ लाख रुपियाँ क्षतिपुर्ति उपलब्ध गराइयो। माघ १५ गते साँझ ६ बजेदेखि माघ १६ गते बिहान ६ बजेसम्म कर्फ्यू आदेश जारी गरिएको थियो।

## धम्की/कुटपिट

### राज्यपक्षबाट

#### दैलेख

महाबु गाउँपालिका-१ की वडा सदस्य ४६ वर्षीया गोमा ढकाल, सोही ठाउँका ३६ वर्षीय रमेशप्रसाद रोकाय र सोही ठाउँका ४३ वर्षीय मणिराम जैसीलाई २०७७ जेठ १९ गते क्वारेन्टाइनमा बसेका व्यक्तिलाई भड्काएको आरोपमा नेपाली सेनाको इन्द्रदल गुल्मका सहसेनानी (क्याप्टेन) ऐनबहादुर गुरुङको नेतृत्वमा रहेको १५ जनाको टोलीले पैंयुँको लाठी र २० एमएमको पाइपले कुटपिट गरेको पीडितहरूले बताए। क्वारेन्टाइन व्यवस्थापनका विषयमा छलफल गर्नुछ भनेर गाउँपालिका कार्यालय जाउँ भनी खरिगैराबाट ६ किलोमिटर टाढा महाबु

गाउँपालिका-४ गैंडाबाजमा लगी कुटपिट गरेको पीडितहरूले बताए। मष्टा नेरा आधारभूत विद्यालय दवाडा क्वारेन्टाइनमा बसेका नागरिकलाई खानबस्नको व्यवस्थापन सुधारका लागि सुझाव दिँदा भड्काएको भन्दै वडा नं. १ का वडाध्यक्ष हरिप्रसाद उपाध्यायको निर्देशनमा नेपाली सेनाको सुरक्षा टोलीले कुटपिट गरेको पीडित पक्षले आरोप लगायो। वडा सदस्य गोमा ढकाल उपचारको लागि अहमदावाद पुगेको बेला लकडाउनमा परेर तीन महिना उतै रोकिएर रोजगारीका लागि भारतबाट फर्किरहेकाहरूसँग २०७७ जेठ ११ गते दैलेख फर्किइ मष्टा नेरा आधारभूत विद्यालय दवाडाकामा क्वारेन्टाइनमा बस्दै आएकी थिइन। पीडितहरूलाई त्यहाँ औषधि पनि गरिएन। उतिबेला मेडिकलबाट औषधि किनेर खाएका र अहिले पनि दुखाइ भइरहेको कारण दैलेख जिल्ला अस्पतालमा जचाएर औषधि चलाइरहेका पीडित रमेशप्रसाद रोकायले बताए। पीडितहरूले राष्ट्रिय मानव अधिकार आयोगले जिल्लामा गठन गरेको मानव अधिकार अवस्था अनुगमन समितिमार्फत असार ११ गते आयोगमा उजुरी दिए। राष्ट्रिय मानव अधिकार आयोगले साउन ६ गते गाउँपालिका र नेपाली सेनालाई पत्र पठाएको र दुवैले जबाफ नपठाएको राष्ट्रिय मानव अधिकार आयोग कर्णाली प्रदेश कार्यालयका प्रमुख रमेश कुमार थापाले बताए।

**सुर्खेत**

पञ्चपुरी नपा- ८ की ६३ वर्षीया कमला शाहीलाई २०७६ पुस १७ गते इलाका प्रहरी कार्यालय बाबियाचौरमा कार्यरत सादा पोसाकका दुई जना प्रहरीले घर नजिकैको चुनेरी तालको ज लमा कुटपिट गरे। शाहीका पति प्रतिबन्धित नेकपाका जिल्ला कमिटी सदस्य हुन्। प्रहरीले प्रतिबन्धित नेकपाका जिल्ला कमिटी सदस्य ६० वर्षीय बज्रबहादुर शाही घरमा आएर बसेको सूचनापछि उनलाई गिरफ्तार गर्ने क्रममा अवरोध गरेको भन्दै कुटपिट गरेको पीडितले बताइन्। शाहीलाई गिरफ्तार गर्ने क्रममा प्रहरीले दुई फायर गोली प्रहार गर्नुको साथै प्रहरी र शाहीबिच ढुङ्गा हानाहान हुँदा प्रहरीलाई रोक्न खोज्दा प्रहरीले मुक्का प्रहार गरेको पीडितले बताइन्। प्रहरीको कुटपिटबाट कमलाको दाहिने आँखा र देब्रे कोखामा चोट लागेको थियो। पीडितको उपचार पुस १९ गते स्थानीय पञ्चपुरी अस्पतालमा भयो। प्रहरीले कमलालाई पुस १७ गते घरबाटै गिरफ्तार गरी इलाका प्रहरी कार्यालय बाबियाचौरको हिरासतमा राख्यो। पतिलाई प्रतिबन्धित नेकपा परित्यागका लागि सहजिकरण गर्ने शर्तमा पुस १८ गते उनलाई प्रहरीले रिहा गऱ्यो। प्रहरीसँग दोहोरो ढुङ्गा हानाहानपछि प्रतिबन्धित नेकपाका नेता शाही प्रहरीको घेरा तोडी भाग्न सफल भए। इन्सेकको अगुवाइमा पुस २३ गते स्थलगत अध्ययन गरेको प्रतिवेदनमा पतिलाई गिरफ्तार गर्ने क्रममा अवरोध गरेको भनी बज्रबहादुरका पत्नी कमलालाई प्रहरीले हात र मुक्का प्रहार गरी घाइते बनाएको र प्रहरीको कुटपिटबाट कमला शाहीको कर भाचिएको र आँखामा चोट लागेको निष्कर्ष अध्ययन प्रतिवेदनमा उल्लेख थियो। घटनास्थल, पीडितको भनाइलाई समेत समावेश गरी प्रहरीको कुटपिटबाट कमलाको बाँया भागको एउटा करङ भाँचिएको उल्लेख गरिएको छ।

**दैलेख**

नारायण नपा-६ का २८ वर्षीय राजन नेपाली, सोही ठाउँका २७ वर्षीय देवेन्द्रप्रसाद रेग्मी, सोही ठाउँका २१ वर्षीय विवेक सोनी र नारायण नपा-४ देवलकाँडाका १६ वर्षीय निरक नेपालीलाई त्रिभुवन मावि क्वारेन्टाइनमा विद्रोह गरेको आरोपमा २०७७ जेठ ३१ गते प्रहरीले कुटपिट गऱ्यो। कोरोना सङ्क्रमितको दोस्रो पटक परीक्षणको रिपोर्ट दुई हप्तासम्म नआएको भन्दै घर जान पाउनुपर्ने माग राखी क्वारेन्टाइनमा आन्दोलन गरेर जनप्रतिनिधि विरूद्ध नारावाजी गरिरहेको बेला प्रहरीले रोक्न खोज्दा भएको विवादमा प्रहरीले लाठी चार्ज गर्दा उनीहरू घाइते भए। क्वारेन्टाइनबाट बाहिर निस्केका सात जनालाई सम्झाउँदा पनि नमानेपछि लाठी चार्ज गरिएको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर उपेन्द्र आचार्यले बताए। घाइतेहरूको उपचार सोही दिन सरस्वती मावि तर्ता स्थित आइसोलेशनमा भयो। राष्ट्रिय मानव अधिकार आयोगले जिल्लामा गठन गरेको मानव अधिकार अवस्था अनुगमन समितिमार्फत पीडितले आयोगमा असार ११ गते उजुरी दिए। आयोगले प्रहरीलाई साउन ६ गते पत्र पठाएपनि जवाफ नपठाएको राष्ट्रिय मानव अधिकार आयोग कर्णाली प्रदेश कार्यालय, जुम्लाले जनायो। उक्त क्वारेन्टाइनमा २ सय ६ जना सङ्क्रमित रहेका थिए।

**हुम्ला**

चंखेली गाउँपालिका-५ निवासी नयाँ पत्रिका दैनिक र नेपाल टेलिभिजन हुम्लाका सम्वाददाता २९ वर्षीय नरजन तामाङलाई २०७७ वैशाख ५ गते फोटो

खिचेको आरोपमा सिमकोट विमानस्थलका सई ५२ वर्षीय देवबहादुर चन्दले धम्की दिए। तामाङले विमानस्थलमा हवाई जाहाजद्वारा आएको चामलको फोटो खिच्ने क्रममा धम्की दिएको भन्दै पीडितले वैशाख ६ गते जिल्ला प्रहरी कार्यालय हुम्लामा मौखिक उजुरी दिए। पीडितको मौखिक उजुरीपछि डिएसपी रामप्रसाद घर्तीमगरले सईलाई जिल्ला प्रहरी कार्यालय बोलाएर वैशाख ६ गते छलफल गर्दा सई चन्दले तामाङलाई थप दुर्व्यवहार गरेपछि डिएसपी मगरले घटनाको छानविन गर्ने आश्वासन दिए। यस वर्षको मध्यसम्म पनि त्यसको सुनुवाई र छलफल भएन। पीडितले लिखित उजुरी भने दिएनन्।

**रुकुम पश्चिम**

आठविसकोट नपा-९ की २१ वर्षीया नेहा बिष्टमाथि २०७७ जेठ १ गते मदिरा सेवन गरेर जथाभावी बोलेको भन्दै प्रहरीले कुटपिट गर्दै गरेको भिडियो सामाजिक सञ्जालमा असार २३ गते सार्वजनिक भयो। कुटपिट गरेको आरोपमा इलाका प्रहरी कार्यालय आठविसकोट काजमा रहेका प्रहरी हवल्दार ३५ वर्षीय पृथ्वीबहादुर आग्री, प्रहरी जवान ३२ वर्षीय शक्तिबहादुर परियार र आठबिसकोट नगर प्रहरी आठविसकोट नपा-९ की २१ वर्षीया निर्मला बिकलाई निलम्बन गरिएको जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमले जनायो। प्रहरी हवल्दार आग्री र प्रहरी जवान परियारलाई कर्णाली प्रदेश प्रहरीले असार ३१ गते र नगर प्रहरी बिकलाई आठबिसकोट नगरपालिकाले असार २५ गते निलम्बन गर्‍यो। कुटपिटबाट हातमा सामान्य चोट लागेकी पीडितको उपचार आठविसकोटको नगर अस्पतालमा भयो। पीडितले यस वर्षको अन्त्यसम्म घटनाका विषयमा कतै उजुरी दिइनन्। घटनामा संलग्न नगर प्रहरी एक महिनाका लागि निलम्बनमा रहेका थिए भने इलाका प्रहरी कार्यालयमा कार्यरत प्रहरीहरू यस वर्षको मध्यसम्म निलम्बनमा रहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी ठगबहादुर केसीले जनाए।

**अन्य पक्षबाट**

**जुम्ला**

सिंजा गाउँपालिका-१ धापा निवासी गाउँपालिका अध्यक्ष ५२ वर्षीय देवलसिंह रावललाई २०७६ चैत ४ गते सोही गाउँपालिका-२ विष्टवाडाका ६० वर्षीय देवीकृष्ण शर्माले गाउँपालिका कार्यालय अगाडिको चौरमा लाठी प्रहार गरी दुर्व्यवहार गरेको भन्दै पीडित पक्षले चैत ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। मौखिक उजुरीका आधारमा प्रहरीले आरोपितलाई चैत ४ गते गिरफ्तार गर्‍यो। प्रहरीले आरोपितविरुद्ध सार्वजनिक अपराधको मुद्दा जिल्ला प्रशासन कार्यालयमा चैत ५ गते दर्ता गर्‍यो। आरोपितले प्रहरीको नियन्त्रणमा रहँदा नदीजन्य वस्तु गिट्टी बालुवाका विषयमा गाउँपालिका अध्यक्षले आफूलाई कुटपिट गरेको आरोप लगाए। जिल्ला प्रशासन कार्यालयको चैत १० गतेको आदेशले आरोपितलाई १ हजार १ सय रुपियाँ धरौटीमा रिहा गर्‍यो। यो वर्षको मध्यसम्म मुद्दा फैसला भएन।

**जाजरकोट**

भेरी नपा-६ निवासी नगरपालिका प्रमुख ३८ वर्षीय चन्द्रप्रकाश घर्तीलाई २०७७ वैशाख १५ गते योजनाको विषयमा छलफल गरौं भन्दै कुटपिट गरेको आरोपमा भेरी नपा–७ पिन्मा निवासी ३२ वर्षीय दिपेन्द्र शाहीको समूहविरुद्ध पीडितले वैशाख १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। कुटपिटबाट प्रमुखलाई मुखमा सामान्य चोट लागेको छ। आरोपित दिपेन्द्र शाहीको समूहले वैशाख १८ गते प्रहरी समक्ष आत्मसमर्पण गर्‍यो। प्रमुख जिल्ला अधिकारीको जेठ १६ गतेको आदेशले आरोपितहरू भेरी नपा–७ का ३२ वर्षीय दिपेन्द्र शाही, २४ वर्षीय सूर्यप्रकाश बिक, सोही ठाउँका २५ वर्षीय सुशील शाही र २९ वर्षीय बुद्धि शाहीलाई प्रतिव्यक्ति १० हजार रुपियाँ धरौटीमा रिहा गर्‍यो। यो वर्षको मध्यसम्म मुद्दा फैसला भएन।

**हुम्ला**

अदानचुली गाउँपालिका-३ घर भई सोही गाउँपालिकाका सूचना प्रविधि अधिकृत २४ वर्षीय सुरेन्› फडेरा र सोही ठाउँ घर भई हाल गाउँपालिकाका कृषि जेटिए २४ वर्षीय कमल नेपाली र सोही गाउँपालिका-३ का ३५ वर्षीय स्थानीय मोहन फडेरालाई २०७७ जेठ ९ गते सोही गाउँपालिका-२ का नेपाली कांग्रेस समर्थक २४ वर्षीय बालक भण्डारी, सोही ठाउँका २१ वर्षीय अकिल भण्डारी, २१ वर्षीय धिरेन्द्र बुढा, १४ वर्षीय भरत भण्डारी, २३ वर्षीय मान भण्डारी र २१ वर्षीय विष्णु भण्डारी र दुइजना १७ वर्षीय बालकले कुटपिट गरे। कुटपिटबाट मोबाइल, कम्प्युटरको हार्डडिक्स, क्यामरा लगायतका सामग्री हराएको तथा फुटेको भन्दै पीडित पक्षले जेठ ९ गते अनलाइनमार्फत जिल्ला प्रशासन कार्यालय हुम्ला र जेठ १८ गते

जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले साउन २६ गते आरोपित चारै जनालाई गाउँबाट गिरफ्तार गऱ्यो। प्रहरीले भदौ ३ गते अभद्र व्यवहार अन्तर्गत जिल्ला प्रशासन कार्यालयमा मुद्दा पेश गऱ्यो। जिल्ला प्रशासनको भदौ ५ को आदेश अनुसार दुई बालकलाई परिवारको रोहवरमा रिहा गरिएको र अन्यलाई जनही ५५ हजार रुपियाँ धरौटीमा रिहा गरियो।

**कालिकोट**

पचालझरना गाउँपालिका-१ निवासी सोही वडाका अध्यक्ष ५२ वर्षीय रत्नलाल न्यौपानेमाथि उपभोक्ता समितिको विषयलाई लिएर २०७७ वैशाख १७ गते सोही वडाका तरुण दलका सदस्य २० वर्षीय पारस न्यौपाने, २२ वर्षीय उमेश न्यौपाने, २१ वर्षीय तिलक न्यौपाने, १९ वर्षीय कल न्यौपाने र २३ वर्षीय कमल न्यौपानेले धारिलो हतियार प्रहार गरी घाइते बनाए। पीडित पक्षले वैशाख १७ गते आरोपितविरुद्ध जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। टाउकोमा चोट लागेका घाइतेको उपचार वैशाख १९ गते कोहलपुर मेडिकल कलेजमा भयो। प्रहरीले तरुण दलका कार्यकर्ताहरू आरोपित सबैलाई वैशाख १७ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालत कालिकोटको जेठ ३ गतेको आदेशले आरोपितहरू सबैलाई पुर्पक्षका लागि कारागार चलान गऱ्यो। आरोपित सबै यस वर्षको मध्यसम्म थुनामा छन्।

पलाँता गाउँपालिका-८ निवासी सोही गाउँपालिका अध्यक्ष ३५ वर्षीय लक्ष्मणबहादुर बम, उनकी पत्नी ३२ वर्षीया गोरीकला बमलाई २०७७ वैशाख २७ गते ग्रामीण सडक योजनाको उपभोक्ता समिति गठन गर्ने क्रममा नेकपा पलाँता गाउँपालिका कमिटी अध्यक्ष ३७ वर्षीय इन्द्र रोकाया, वडा नम्बर-२ का वडाध्यक्ष ४२ वर्षीय मानबहादुर भण्डारीको समूहले कुटपिट गऱ्यो। कुटपिटबाट घाइते बमको स्थानीय मेडिकलमा र उनकी पत्नीको वैशाख २७ गते कर्णाली प्रदेश अस्पताल सुर्खेतमा उपचार भयो। पीडित पक्षले वैशाख २८ गते आरोपितविरुद्ध जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितहरूलाई प्रहरीले जेठ १ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश माधव सुवेदीको जेठ १५ गतेको इजलासले आरोपितहरूलाई साधारण तारेखमा रिहा गर्ने आदेश दियो।

## गिरफ्तारी

**कालिकोट**

नरहरिनाथ गाउँपालिका-२ निवासी नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको प्रतिबन्धित नेकपाका केन्द्रीय सदस्य एवम् पूर्व राज्यमन्त्री ५० वर्षीय नविन विश्वकर्मा र रास्कोट नपा-८ निवासी अखिल नेपाल महिला संघ (क्रान्तिकारी) का केन्द्रीय महासचिव ४१ वर्षीया धीरेन्द्रा उपाध्यायलाई विष्फोटक पदार्थमा संलग्न भएको आरोपमा प्रहरीले खडाचक्र नपा-१ मान्मबाट २०७६ फागुन १३ गते पुनः गिरफ्तार गऱ्यो। २०७६ भदौ १५ गते काठमाडौँबाट गिरफ्तारमा परेका दुवैजनालाई विष्फोटक पदार्थको मुद्दामा कालिकोट जिल्ला पुऱ्याइएको थियो। केन्द्रीय सदस्य विश्वकर्मा र उपाध्यायलाई प्रहरीले फागुन १३ गते जिल्ला अदालत कालिकोटमा पेस गरेको थियो। अदालतले साधारण तारेखमा थुनामुक्त गरेपछि जिल्ला प्रहरी कार्यालय पुगेका विश्वकर्मा र उपाध्यायलाई हातहतियारसम्बन्धी अर्को मुद्दा लगाई पुनः गिरफ्तार गरिएको थियो। दुवैजनालाई जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखिएकोमा २०७६ फागुन १४ गते दैलेख सरुवा गरेको प्रहरीले जनायो। दैलेखबाट तनहुँ हुँदै काठमाडौँ लगिएका नविन र धीरेन्द्रालाई सर्वोच्च अदालतको आदेशले ०७७ साउन २७ गते रिहा भए।

**दैलेख**

ठाँटीकाँध गाउँपालिका-६ लामामेलाका ३२ वर्षीय प्रदीप बिकलाई नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको प्रतिबन्धित नेकपा कार्यकर्ता भएको आरोपमा २०७६ पुस १६ गते प्रहरीले घरबाटै गिरफ्तार गऱ्यो। शङ्कास्पद गतिविधिमा संलग्न भएको जानकारीका आधारमा अनुसन्धानको लागि गिरफ्तार गरिएकोमा संलग्नता नदेखिएकाले ठाँटीकाँध गाउँपालिका-६ का वडाध्यक्ष नर्तम बुढाको जिम्मामा पुस १७ गते रिहा गरिएको जिल्ला प्रहरी कार्यालय दैलेखले जनायो। यो वर्षको मध्यसम्म प्रहरीले खोजी गरेको छैन। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन ।

आठबीस नपा-८ तिलेपाटाका ३३ वर्षीय नगेन्द्रबहादुर सिजापतीलाई २०७६ पुस १७ गते नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको प्रतिबन्धित नेकपाको कार्यकर्ता भएको आरोपमा प्रहरीले राकमबाट गिरफ्तार गऱ्यो। प्रहरीले अनुसन्धानका लागि भन्दै २२ दिन हिरासतमा राखेर माघ ८ गते जिल्ला प्रशासन कार्यालय दैलेखमा सार्वजनिक सुरक्षा विरुद्धको कसूर (अभद्र व्यवहार) मुद्दा पेस गऱ्यो। जिल्ला प्रशासन कार्यालयले माघ ८ गते सिजापतिलाई ४० हजार

रुपियाँ धरौटीमा रिहा गऱ्यो। यो वर्षको मध्यसम्म मुद्दा फैसला भएन।

### जुम्ला

सिंजा गाउँपालिका-१ निवासी नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको प्रतिबन्धित नेकपाका कार्यकर्ता २९ वर्षीय शक्तसिंह रोकायालाई गाउँपालिकामा मसाल जुलुस निकालेर एमसिसिको विरोध गरिरहेको अवस्थामा २०७७ जेठ २२ गते नराकोट प्रहरी चौकीका प्रहरीले गिरफ्तार गऱ्यो। आरोपितलाई म्याद थप गरी जेठ २३ गते जिल्ला प्रशासन कार्यालयमा अभ› व्यवहारको मुद्दा चलाएको जिल्ला प्रहरी कार्यालय जुम्लाले जनायो। जिल्ला प्रशासन कार्यालयले असार १६ गते रोकायालाई साढे ५ हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो। यो वर्षको मध्यसम्म मुद्दा फैसला भएन।

## बाल अधिकार

### हत्या

### हुम्ला

चंखेली गाउँपालिका-३ की ६ महिनाकी बालिका सोफिका चौलागाईंलाई २०७६ चैत ११ गते २९ वर्षीय बाबु दिनेश चौलागाईले हत्या गरेको आरोपमा प्रहरीले चैत १२ गते गिरफ्तार गऱ्यो। छोरीको हत्या गरेको भन्दै मृतककी आमा र आरोपितका बाबु भिमप्रसाद चौलागाईले सोही दिन पिपलाङ प्रहरी चौकीमा उजुरी दिए। शवको पोष्टमार्टम चैत १४ गते जिल्ला स्वास्थ्य सेवा कार्यालय सिमकोटमा भयो। जिल्ला अदालतको २०७७ वैशाख ३ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। आरोपितलाई जिल्लामा कारागार नभएकोले प्रहरीको हिरासतमा राखिएको प्रहरीले जनायो। यस वर्षको मध्यसम्म मुद्दा फैसला भएन।

### बाल विवाह

### रूकुम पश्चिम

१३ वर्षीया बालिकालाई बालविवाह गरेको आरोपमा प्रहरीले मुसीकोट नगरपालिका-१३ का २१ वर्षीय रगविर रोकालाई २०७६ चैत २१ गते गिरफ्तार गऱ्यो। छोरीले उमेर नपुग्दै विवाह गरेको भन्दै बालिकाकी आमाले चैत २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएकी थिइन्। प्रहरीले आरोपितविरुद्ध २०७७ वैशाख १७ गते जिल्ला अदालत रुकुममा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको वैशाख १७ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनमा पठायो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन। यो वर्षको मध्यसम्म मुद्दा फैसला भएन।

### बलात्कार, यौन दुर्व्यवहार

### सुर्खेत

चार वर्षीया बालिकालाई २०७७ जेठ १५ गते बलात्कार गरेको आरोपमा भेरीगङ्गा नपा-१० का २४ वर्षीय राज बिकविरुद्ध पीडित पक्षले जेठ १६ गते इलाका प्रहरी कार्यालय छिन्चुमा उजुरी दियो। आरोपितलाई प्रहरीले गाँउलेको सहयोगमा जेठ १५ गते घटनास्थलबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ १६ गते कर्णाली प्रदेश अस्पतालमा भयो। पीडितको स्वास्थ्य अवस्था गम्भीर रहेको कर्णाली प्रदेश अस्पतालका डाक्टर डम्मर खड्काले बताए। पीडितको उपचार यस वर्षको मध्यसम्म भइरहेको छ। प्रहरीले असार ८ गते जिल्ला अदालतमा पेस गरेकोमा सोही दिन अदालतको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यस वर्षको मध्यसम्ममा मुद्दाको सुनुवाई भएको छैन।

### जाजरकोट

चार वर्षीया बालिकालाई २०७७ जेठ २ गते बलात्कार गरेको आरोपमा भेरी नपा-३ का २० वर्षीय सिजनकुमार शाहविरुद्ध पीडित पक्षले जेठ ४ गते जिल्ला प्रहरी कार्यालय जाजरकोटमा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ २ गते घरबाटै गिरफ्तार गऱ्यो। बालिकाको स्वास्थ्य परीक्षण जेठ ४ गते जिल्ला स्वास्थ्य सेवा कार्यालय जाजरकोटमा भयो। जिल्ला प्रहरी कार्यालयले आरोपितविरुद्ध जेठ २१ गते जिल्ला अदालतमा जबरजस्ती करणी शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश देवकुमार गिरीको जेठ २३ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको मध्यसम्म मुद्दा फैसला भएन।

### दैलेख

१५ वर्षीया बालिकालाई २०७६ माघ १३ गते बलात्कार गरेको आरोपमा नौमुले गाउँपालिका-१ का २६ वर्षीय कपिल सिंह विरुद्ध पीडित पक्षले माघ १६ गते जिल्ला प्रहरी

कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ १७ गते घरबाट गिरफ्तार गऱ्यो। आरोपितलले बालिकालाई नौमुले बजारको एक होटलमा बन्धक बनाई बलात्कार गरेको पीडित पक्षले दिएको उजुरीमा उल्लेख छ। पीडितको स्वास्थ्य परीक्षण माघ १६ गते दैलेख जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपित विरुद्ध फागुन २ गते जिल्ला अदालतमा बन्धक बनाई जबरजस्ती करणी मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन २ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन। यो वर्षको मध्यसम्म मुद्दा फैसला भएन।

**जुम्ला**

१७ वर्षीय बालिकालाई २०७६ फागुन १८ र २४ गते सामुहिक बलात्कार गरेको भन्दै मुगु जिल्लाका १४ वर्षीय एक र १५ वर्षीय दुई बालकसहित खत्याड गाउँपालिका-४ का १९ वर्षीय ताराबहादुर बानियाँ, सोही गाउँपालिका-७ का १८ वर्षीय युवराज रोकायाविरुद्ध  पीडित पक्षले फागुन २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितहरूमध्ये तारा बानियाँलाई फागुन २५ गते घटनास्थलबाट र अन्यलाई फागुन २८ गते सदरमुकाम खलङ्गाबाट गिरफ्तार गऱ्यो। बालिकाको स्वास्थ्य परीक्षण फागुन २८ गते कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल जुम्लामा भयो। प्रहरीले आरोपितहरू विरुद्ध ०७६ चैत २८ गते जबर्जस्ती करणी अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको २०७७ वैशाख ३ गतेको आदेशले आरोपितहरूमध्ये तीन जना बालक बाल सुधार गृह नेपालगञ्ज पठायो भने अन्यलाई पुर्पक्षका लागि थुनामा पठायो। यस वर्षको मध्यसम्म मुद्दा फैसला भएन।

**दैलेख**

१७ वर्षीया बालिकालाई २०७७ वैशाख १० गते झारफुक गर्ने बहानामा बलात्कार गरेको भन्दै दुल्लु नपा-८ का ६१ वर्षीय नन्दाराम भण्डारीविरुद्ध पीडित पक्षले जेठ १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ १९ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ १० गते जिल्ला अस्पताल दैलेखमा भयो। प्रहरीले आरोपितविरुद्ध असार ८ गते जिल्ला अदालतमा जबरजस्ती करणी शीर्षकमा मुद्दा चलायो। जिल्ला अदालतका न्यायाधीश दण्डपाणी लामिछानेको असार ८ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको मध्यसम्म मुद्दा फैसला भएन।

**मुगु**

१३ वर्षीया बालिकालाई २०७६ चैत २१ गते बलात्कार गरेको भन्दै खत्याड गाँउपालिका-४ का १७ वर्षीय प्रमानन्द बिक विरुद्ध पीडित पक्षले चैत २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण चैत २९ गते जिल्ला अस्पतालमा भयो। आरोपितलाई प्रहरीले चैत ३० गते घरैबाट गिरप्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध २०७७ वैशाख १२ गते जिल्ला अदालतमा जबर्जस्ती करणी अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका निमित्त श्रेष्तेदार विद्याराज बुढाको वैशाख १२ गतेको आदेशले आरोपित बिकलाई नेपालगञ्जस्थित बाल सुधार केन्द्रमा राख्ने आदेश दियो। यो वर्षको मध्यसम्म मुद्दा फैसला भएन।

**सल्यान**

१५ वर्षीया बालिकालाई २०७६ माघ १ गते बलात्कार गरेको भन्दै शारदा नपा-१५ का २३ वर्षीय विराज योगीविरुद्ध पीडित पक्षले माघ ७ गते जिल्ला प्रहरी कार्यालय सल्यानमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ ७ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ ७ गते जिल्ला अस्पताल सल्यानमा भयो। प्रहरीले आरोपितविरुद्ध माघ २१ गते जिल्ला अदालतमा जबर्जस्ती करणी अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ २२ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको मध्यसम्म मुद्दा फैसला भएन।

**कालीकोट**

१८ वर्षीया युवतीलाई २०७७ असार ११ गते सामुहिक बलात्कार गरेको आरोपमा तिलागुफा नपा-५ का १८ वर्षीय गोविन्द रोकाया र सोही ठाउँका १९ वर्षीय नमराज चदाराविरुद्ध  पीडित पक्षले असार १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित युवतीले घटना बारेमा इन्सेक कालिकोटमा फोन गरेपछि तिलागुफा नपास्थित खल्लागाड प्रहरी कार्यालयको समन्वयमा जिल्ला प्रहरी कार्यालयमा उजुरी दर्ता गरिएको थियो। आरोपितहरूलाई प्रहरीले असार १३ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण असार १३ गते जिल्ला अस्पताल कालिकोटमा भयो। जिल्ला अदालतको साउन ३ को आदेशले

आरोपित रोकायलाई साधारण तारेखमा रिहा गर्ने आदेश दियो भने चँदारालाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको मध्यसम्म घटनाको फैसला भएन।

**सल्यान**

साढे २ वर्षीया बालिकालाई २०७६ फागुन १० गते बलात्कार गरेको भन्दै १३ वर्षीय बालकविरुद्ध पीडित पक्षले फागुन १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई फागुन ११ गते प्रहरीले गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण फागुन १२ गते जिल्ला अस्पताल सल्यानमा भयो। प्रहरीले आरोपितविरुद्ध फागुन १७ गते जिल्ला अदालतमा जबर्जस्ती करणी अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन १९ गतेको आदेशले आरोपित बालक भएकाले बाल सुधार गृह नेपालगञ्ज पठाउने आदेश दियो। यो वर्षको मध्यसम्म मुद्दा फैसला भएन।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

### परिवारजनबाट हत्या

**जाजरकोट**

बारेकोट गाउँपालिका-६ की २१ वर्षीया जेनिसा बिकलाई २०७७ वैशाख २७ गते हत्या गरेको आरोपमा २४ वर्षीय पति अविनास बिक, ७० वर्षीय ससुरा दलबीर बिक, ६९ वर्षीया सासू रतनकली बिक, २६ वर्षीया देवरानी दुर्गा बिक र २० वर्षीया नन्द विपसा बिकलाई जेठ २ गते प्रहरीले गिरफ्तार गऱ्यो। जेनिसाको शव वैशाख २७ गते राति आफ्नै कोठामा फेला परेको थियो। शवको पोष्टमार्टम वैशाख २८ गते प्राथमिक स्वास्थ्य केन्द्र लिम्सामा भयो। आफन्तहरूले कालगतिले मृत्यु भएको हुन सक्ने भन्दै दाहसंस्कार गर्ने भनिएको भएपनि कुशे गाउँपालिका-६ का २७ वर्षीय मृतकका दाइ दलविर कामीले हत्या भएको आशङ्का गर्दै जेठ २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले घटनास्थल पुगेर वैशाख २७ गते जेठ ३ गतेदेखि अनुसन्धान सुरु गऱ्यो। मृतकको शरीरमा निलडाम रहेको र आँखामा समेत चोट रहेको थियो। गिरफ्तार भएका सबैलाई प्रहरीले जेठ २४ गते जिल्ला अदालतमा मुद्दा पेश गरेकोमा सोही दिन अदालतको आदेश अनुसार सबै जना साधारण तारेखमा रिहा भए। यो वर्षको मध्यसम्म मुद्दा फैसला भएन।

**हुम्ला**

सर्केगाड गाउँपालिका-४ की २४ वर्षीया शान्ती थापालाई २०७७ वैशाख २६ गते ३० वर्षीय पति जुनराज थापाले हत्या गरेको भन्दै मृतकका बाबुले जिल्ला प्रहरी कार्यालय हुम्लामा वैशाख २८ गते उजुरी दिए। प्रहरीले आरोपितलाई वैशाख २८ गते गिरफ्तार गऱ्यो। शवको पोष्टमार्टम वैशाख ३० गते जिल्ला स्वास्थ्य सेवा कार्यालय हुम्लामा भयो। प्रहरीले आरोपितविरुद्ध वैशाख ३० गते जिल्ला अदालतमा कर्तव्य ज्यान अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ २६ को आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हुम्लामा जिल्लामा कारागार नभएकोले आरोपितलाई यस वर्षको मध्यसम्म प्रहरी हिरासतमा राखिएको छ।

**जाजरकोट**

नलगाड नपा-८ की १९ वर्षीया निरुता बिकलाई २०७७ जेठ ४ गते २० वर्षीय पति प्रकाश चँदारा, ४२ वर्षीया सासू सरस्वती चँदारा, ४९ वर्षीय ससुरा लक्षे चँदाराले कुटपिट गरी घर नजिक रुखमा झुण्ड्याएर हत्या गरेको भन्दै निरुताका ४६ वर्षीय बाबु विष्णुबहादुर बिकले जेठ ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितहरूलाई असार १५ गते घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितहरूविरुद्ध असार २६ गते जिल्ला अदालतमा कर्तव्य ज्यान अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असार २९ गतेको आदेशले आरोपितहरूलाई साधारण तारेखमा रिहा गर्ने आदेश दियो। शवको पोष्टमार्टम जेठ ४ गते प्राथमिक स्वास्थ्य केन्द्र दल्लीमा भयो।

### कथित बोक्सीको आरोपमा कुटपिट

**कालीकोट**

पचालझरना गाउँपालिका-१ का ६२ वर्षीया नौरता धामीलाई २०७७ जेठ ८ गते सोही ठाउँका छिमेकी ४२ वर्षीय सुनिल खड्का, ५२ वर्षीय शैलेन्द्र खड्काले कथित बोक्सीको आरोपमा कुटपिट गरे। घाइतेको गाउँपालिकाको सहयोगमा स्थानीय मेडिकलमा उपचार भयो। पीडितले आरोपितविरुद्ध जेठ १० गते इलाका प्रहरी कार्यालय जार्कोटमार्फत जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन। यो वर्षको मध्यसम्म आरोपित फरार रहे।

**मुगु**

छाँयानाथ रारा नपा-७ की २६ वर्षीया सौमती नेपालीलाई २०७६ पुस २५ गते उनका पति २८ वर्षीय लोकज नेपाली र छिमेकी ३६ वर्षीय जयबहादुर शाहीले कथित बोक्सीको आरोपमा कुटपिट तथा अभद्र व्यवहार गरेको भन्दै पीडितले पुस २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दर्ता गराइन्। प्रहरीले आरोपित लोकज लाई पुस २६ गते गिरफ्तार गऱ्यो। प्रहरीले ०७६ माघ १० गते जिल्ला अदालतमा कथित बोक्सीको आरोपमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका श्रेष्तेदार निर्मलाकुमारी खड्काको माघ १२ गतेको इजलासले आरोपितलाई ५० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो। अर्का आरोपित शाही यस वर्षको मध्यसम्म फरार रहे।

## बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

**सल्यान**

२३ वर्षीया बुहारीलाई २०७७ वैशाख ३१ गते बलात्कार प्रयास गरेको भन्दै ७० वर्षीय ससुराविरुद्ध पीडित पक्षले जेठ ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जेठ ४ गते सल्यान अस्पतालमा भयो। यस वर्षको मध्यसम्म आरोपित फरार रहेको र खोजी कार्य जारी रहेको प्रहरीले जनायो। यो वर्षको मध्यसम्म आरोपित फरार रहेका छन्।

**सुर्खेत**

६० वर्षीया महिलालाई २०७७ वैशाख ११ गते घरमा बसिरहेको अवस्थामा बलात्कार गरेको भन्दै भेरीगङ्गा नपा-१२ का २२ वर्षीय हेमराज विसीविरुद्ध पीडित पक्षले वैशाख १२ गते इलाका प्रहरी कार्यालय छिन्चुमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण वैशाख १२ गते कर्णाली प्रदेश अस्पताल सुर्खेतमा भयो। आरोपितलाई प्रहरीले वैशाख १२ गते घरैबाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जेठ ४ गते जिल्ला अदालतमा जबर्जस्ती करणी अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालत सुर्खेतको जेठ ६ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको मध्यसम्ममा मुद्दा फैसला भएन।

**रुकुम पश्चिम**

४२ वर्षीया महिलालाई २०७६ चैत १२ गते बलात्कार गरेको आरोपमा आठविसकोट नपा–१ का २१ वर्षीय खिमप्रकाश बिक, सोही ठाउँका २१ वर्षीय शशिराम बुढा र सोही ठाउँका २० वर्षीय दीपक यरीविरुद्ध पीडितले चैत १२ गते जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिममा उजुरी दिइन्। प्रहरीले आरोपितलाई चैत १३ गते मुसीकोट नपा–१ घिउखोलाबाट गिरफ्तार गऱ्यो। मादक पदार्थ सेवन गरी आफूलाई बलात्कार गरेको पीडितले दिएको उजुरीमा उल्लेख छ। पीडितको स्वास्थ्य परीक्षण चैत १३ गते जिल्ला अस्पताल सल्ले रुकुम पश्चिममा भयो। प्रहरीले २०७७ वैशाख ५ गते जिल्ला अदालत रुकुम पश्चिममा जबर्जस्ती करणी अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असार ७ गतेको आदेशले आरोपितहरूलाई साधारण तारेखमा रिहा गर्ने आदेश दियो। यो वर्षको मध्यसम्म मुद्दा फैसला भएन।

**जुम्ला**

अमेरिकन नागरिक २१ वर्षीया युवतीलाई २०७६ माघ २० गते बलात्कार गरेको भन्दै चन्दननाथ नपा-३ का २१ वर्षीय विश्वास भण्डारीविरुद्ध पीडितले महानगरीय प्रहरी परिसर काठमाडौँमा फागुन १ गते उजुरी दिइन। प्रहरीले आरोपितलाई फागुन १ गते काठमाडौँबाट गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय जुम्लामा पठाएको प्रहरीले जनायो। पीडित युवतीलाई आरोपितले पातारासी गाउँपालिका-३ मोहोरी गाउँमा बलात्कार गरेको उजुरीमा उल्लेख छ। पीडितको स्वास्थ्य परीक्षण फागुन १ गते पाटन अस्पताल ललितपुरमा भयो। जिल्ला प्रहरी कार्यालय जुम्लाले फागुन १९ गते जिल्ला अदालत जुम्लामा जबर्जस्ती करणी अभियोग पत्र दायर गऱ्यो। जिल्ला अदालतको फागुन २० गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको मध्यसम्म मुद्दा फैसला भएन।

## सबै प्रकारका जातीय विभेद

**हुम्ला**

खार्पुनाथ गाउँपालिका-२ का ४८ वर्षीय गड्के दमाई र २५ वर्षीय छोरा राजेन› दमाइलाई २०७६ चैत २८ गते सोही गाउँका ३० वर्षीय लालु रावल, ४० वर्षीय भक्ति रावल, ३० वर्षीय बुद्धी रावलले डुम भनी जातीय विभेद गरेको र कुटपिट गरेको भन्दै पीडितले चैत ३० गते जिल्ला प्रहरी कार्यालयमा जातीय विभेद र ज्यान मार्ने उद्योग सम्बन्धी उजुरी दियो। ओखरको हाँगो काटेको आरोपमा दुई बाबु छोरालाई ढुङ्गा, काठ, भाला, दाउराले टाउको तथा शरीरका विभिन्न अङ्गमा प्रहार गर्दा गड्केको

टाउकोमा र राजेन्द्रको आँखामा चोट लागेको थियो। घाइतेको उपचार चैत २९ गते जिल्ला स्वास्थ्य सेवा कार्यालयमा भयो। फरार रहेका आरोपितहरू यस वर्षको मध्यसम्म गिरफ्तार भएनन्।

**कालीकोट**

सान्नीत्रिवेणी गाउँपालिका-६ निवासी सोही वडाका अध्यक्ष ४५ वर्षीय रङ्गराज सार्कीलाई २०७६ फागुन २१ गते सोही ठाउँ घर भई वडा कार्यालयमा कार्यरत कार्यालय सहायक ३९ वर्षीय रामप्रसाद सञ्ज्यालले वडा कार्यालयमा जातीय विभेदित शब्द बोल्दै जातीय विभेद गरेको भन्दै पीडितले फागुन २५ गते जिल्ला प्रहरी कार्यालय, कालिकोटमा उजुरी दिए। वडा अध्यक्ष सार्कीले फागुन २४ गते मान्ममा पत्रकार सम्मेलन गर्दै वडा सहायक सञ्ज्यालले कार्यालयमा मदिरा सेवन गरेर आउने र कार्यालयको काममा बाधा पुऱ्याउने गरेकाले सोही विषयमा विवाद हुँदा आफूलाई जातीय अपमान र भेदभाव गरेको अध्यक्ष सार्कीले बताउनु भयो। यो वर्षको मध्यसम्म ओरोपित फरार रहेको प्रहरीले जनायो। यो वर्षको मध्यसम्म आरोपित फरार रहे।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### भौतिक संरचना/सम्पत्ति क्षति

**सल्यान**

कपुरकोट गाउँपालिका-५ को वडा कार्यालयमा २०७६ माघ १५ गते राति पहिचान नखुलेको समूहले आगजनी गर्दा सम्पूर्ण कागजात र सामग्री जलेर नष्ट भएको वडा कार्यालयले जनायो। वडा कार्यालयले माघ २६ गते इलाका प्रहरी कार्यालय लुहाममा उजुरी दियो। आगलागीबाट पञ्जिकरणका सम्पूर्ण श्रेष्तासहितका कागजात, डेक्सटप कम्प्यूटर एक थान, प्रिन्टर एक थान, सोफा सेट दुई थान, घुम्ने कुर्सी पाँच ओटा, टेबुल ६ ओटा, कार्पेट, पर्दा, इन्टरनेट सम्बन्धि सामग्री, दुई ओटा दराज लगायतका सामग्री पूर्ण रूपमा जलेको प्रहरीले जनायो। यसवर्षको मध्यसम्म घटनामा संलग्नको खोजी भइरहेको प्रहरीले जनायो। क्षति आगजनीबाट ७ लाख रुपियाँ बराबरको क्षति भएको वडा कार्यालयले जनायो।

शारदा नपा-१३ लेखटाकुरामा रहेको एनसेलको टावरमा २०७६ माघ १२ गते राति आगजनी भयो। उक्त घटनामा संलग्न भएको आरोपमा प्रतिबन्धित नेकपाका कार्यकर्ता छत्रेश्वरी गाउँपालिका-३ का ५५ वर्षीय महेन्द्र भनिने लोकमान खत्री, सोही ठाउँका ३२ वर्षीय टोपबहादुर खत्री, दार्मा गाउँपालिका-५ का २२ वर्षीय वैज्ञानिक भनिने मदन केसी, बागचौर नपा-५ का २३ वर्षीय चट्टान भनिने मोहन केसीविरूद्ध माघ १३ गते जिल्ला प्रहरी कार्यालय सल्यानले अपराधिक क्रियाकपालमा संलग्न भएको कसुरमा मुद्दा दर्ता गऱ्यो। यो वर्षको मध्य सम्म घटनाका आरोपित गिरफ्तार भएनन्। क्षति आगजनीबाट १९ लाख ५९ हजार ७ सय ४० रुपियाँ भएको बरावरको क्षति भएको एनसेलको कार्यालयले जनायो।

वनगाड कुपिण्डे नपा-४ देउलीस्थित एनसेलको टावरमा २०७६ माघ १२ गते राति आगजनी भयो। घटनामा संलग्न भएको आरोपमा प्रहरीले दार्मा गाउँपालिका-५ निवासी प्रतिवन्धित नेकपाका कार्यकर्ता ४२ चन्द्र बहादुर खड्का असल, सोही ठाउँका २४ वर्षीय टङ्क प्रकाश केसी, सोही ठाउँका २२ वर्षीय बसन्त केसी, कुमाख गाउँपालिका-२ का ४६ वर्षीय भिमे रावत, २२ वर्षीय गणेश आरसी विरुद्ध माघ १३ गते जिल्ला प्रहरी कार्यालय सल्यानमा अपराधिक क्रियाकलाप गरेको कसुरमा मुद्दा दर्ता गऱ्यो। घटनाका आरोपितमध्ये कुमाख गाउँपालिका-२ का ४६ वर्षीय भिमे रावतलाई २०७७ वैशाख ११ गते गिरफ्तार गरेकोमा जेठ ६ गते जिल्ला अदालतको आदेशमा २५ हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो। धरौटी रकम बुझाउन नसकेपछि यस वर्षको मध्यसम्म आरोपित थुनामा रहेका छन्। अन्य आरोपित सबै फरार रहेको प्रहरीले जनायो। क्षति आगजनीबाट ९ लाख ७५ हजार ४ सय ५ रुपियाँ बराबरको क्षति भएको एनसेलको कार्यालयले जनायो।

# सुदूरपश्चिम प्रदेशको मानव अधिकार अवस्था : ६ महिनाका प्रतिनिधिमूलक घटना

## (०७६ पुस १६ गतेदेखि ०७७ असार १६ गतेसम्म)

### बेवारिसे बम विस्फोटबाट मृत्यु

**कैलाली**

गोदावरी नपा–४ फुलबस्तीमा २०७६ चैत १० गते बम विस्फोट हुँदा ४० वर्षीय नरबहादुर विकको मृत्यु भयो। नजिकैको जङ्गलमा भेटिएको पित्तल जस्तो वस्तु आगोमा तताउँदा विस्फोट भएर बिकको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय, कैलालीका डिएसपी दक्षकुमार बस्नेतले बताए। पित्तल जस्तो देखिने वस्तु बिकले हँसियाको बिँड बनाउनका लागि आरनमा तताउन लाग्दा विष्फोट भएको थियो। शवको पोष्टमार्टम सेती प्रादेशिक अस्पतालमा चैत ११ गते गरिएको थियो। प्रहरीले घटना स्थलको मुचुल्का र अनुसन्धान गरेको भएपनि राज्यपक्षबाट कुनै क्षतिपुर्तिको व्यवस्था नभएको तर, उक्त वस्तु जङ्गलबाट ल्याएर दिने व्यक्ति धनबहादुर धामीले मेरो कारण ज्यान गएको भनेर ३ लाख रुपियाँ किरिया खर्च दिएको गोदावरी नगरपालिका–४ का अध्यक्ष प्रेम भण्डारीले बताए। शवको चैत १२ गते धार्मिक परम्परा अनुसार परिवारले दाहसंस्कार गरे।

**कञ्चनपुर**

माहाकाली नपा-३ दोधाराका नौ वर्षीय बालक महेन्› नेपाली २०७७ वैशाख २५ गते छिमेकी गाउँ शान्ति टोलको पटेराघारीमा भेटिएको शंकास्पद बस्तु खेलाउने क्रममा विस्फोट भएपछि घाइते भए। घर नजिकै शान्तिटोलमा खेल्न गएका बालक महेन्›ले नौलो वस्तु फेला पारेपछि समातेर ल्याउन खोज्दा विस्फोट भएर घाइते भएको माहाकाली नगरपालिकाका प्रवक्ता दिलबहादुर सिञ्जालीले बताए। विस्फोटबाट बालकको दुवै हातमा चोट लाग्यो। घाइते बालकको उपचार वैशाख २५ गते धनगढीस्थित सेती प्रादेशिक अस्पतालमा भयो। यसवर्षको मध्यसम्म घटनामा सङ्लग्न पक्षको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी रविन्द्रनाथ पौडेलले बताए।

### गिरफ्तार

**कैलाली**

बझाङ जिल्ला खप्तडछान्ना गाउँपालिका–५ निवासी प्रतिबन्धित नेकपाका कार्यकर्ता ३० वर्षीय बबरजङ्ग सिंह, सोही ठाउँका २६ वर्षीय सुवासराज जोशी, बाजुरा जिल्ला त्रिवेणी नपा–८ का ३० वर्षीय प्रकाश रावल, धनगढी उमनपा–९ का ४८ वर्षीय दलबहादुर बिक, धनगढी उमनपा–२ का ४० वर्षीय डम्बर सुनार, सोही ठाउँका २२ वर्षीय लक्की शाहलाई २०७७ असार १४ गते प्रहरीले धनगढी उमनपा–१२ जुगेडाबाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितहरूमाथि सार्वजनिक हितविरुद्ध कसुरमा असार १४ गते जिल्ला प्रशासन कार्यालय, कैलालीमा र चन्दा असुली मुद्दा जिल्ला अदालत, कैलालीमा दर्ता गऱ्यो। गिरफ्तारमा गरिएका सबै जनाको स्वास्थ्य परीक्षण असार १४ गते सेती प्रादेशिक अस्पतालमा भयो। जिल्ला अदालतका न्यायाधीश जयानन्द पनेरुको साउन ५ गतेको इजलासले दलबहादुर बिक र डम्बर सुनारलाई साधारण तारेखमा रिहा गर्ने आदेश दियो भने अन्यलाई प्रहरीले रिहा हुने बित्तिकै पुन: गिरफ्तार गरी कञ्चनपुर जिल्ला प्रहरी कार्यालयमा पठायो । पुन: गिरफ्तार गरिएका बबरजङ्ग, सुवास र प्रकाशलाई साउन ६ गते जिल्ला अदालत, कञ्चनपुरले बिनाशर्त रिहा गऱ्यो।

**अछाम**

बझाङ जिल्ला केदारस्युँ गाउँपालिका-४ निवासी नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको प्रतिबन्धित नेकपाका, अछाम जिल्ला सेक्रेटरी ३५ वर्षीय भरत मल्ल, तुर्माखाँद गाउँपालिका-८ धमाली निवासी सोही पार्टीका तुर्माखाँद गाउँपालिका इन्चार्ज ३० वर्षीय तिलक विष्ट र ढकारी गाउँपालिका-१ निवासी सोही पार्टीका कार्यकर्ता २२ वर्षीय प्रेमबहादुर बुढालाई २०७६ फागुन १८ गते प्रहरीले तुर्माखाँद गाउँपालिका-८ धमालीबाट गिरफ्तार गऱ्यो। गिरफ्तारीमा परेका सबै जनाको स्वास्थ्य परीक्षण फागनु २८ गते जिल्ला अस्पतालमा भयो। तुर्माखाँद गाउँपालिका-८ धमालीमा रहेको एक विद्यालयमा पार्टीको कार्यक्रम सञ्चालन

गरिरहेको अवस्थामा गोप्य सूचनाका आधारमा गिरफ्तार गरिएको जिल्ला प्रहरी कार्यालय, अछामका डिएसपी दीपक भारतीले बताए। गिरफ्तार गरिएका तिलक विष्ट र प्रेमबहादुर बुढालाई जिल्ला अदालत, अछामले चैत १० गते रिहा गऱ्यो भने भरत मल्ललाई अदालतले २० हजार रुपियाँ धरौटीमा रिहा गर्न आदेश दिएकोमा मल्लले धरौटी बुझाउन नसकेपछि थुनामा पठायो। मल्ल एक महिना पछि सजाय भुक्तान गरी २०७७ वैशाख ९ गते रिहा भए।

**बैतडी**

डिलाशैनी गाउँपालिका-७ धामीगाउँ निवासी नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको प्रतिबन्धित नेकपा निकट भातृ सङ्गठन युवा सङ्घका जिल्ला अध्यक्ष २४ वर्षीय लोकेन्द्रबहादुर धामीलाई २०७६ माघ २८ गते प्रहरीले दोगडाकेदार गाउँपालिका-६ सित्तडबाट गिरफ्तार गऱ्यो। धामीको स्वास्थ्य परीक्षण माघ २८ गते जिल्ला अस्पताल, बैतडीमा भयो। उनीमाथि प्रहरीले माघ २९ गते डिलाशैनी गाउँपालिकाको सम्पर्क कार्यालयमा आगजनी गरेको, चन्द असुली गरेको भन्दै जिल्ला अदालतमा माघ २९ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालत बैतडीका न्यायाधीश इश्वरीप्रसाद भण्डारीको इजलासले फागुन २२ गते धामीलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दियो। यो वर्षको मध्यसम्मआरोपित जिल्ला कारागार, बैतडीमा थुनामा छन्।

**बझाङ**

मष्टा गाउँपालिका-१ निवासी नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको प्रतिबन्धित नेकपा निकट विद्यार्थी सङ्गठन अनेरास्वविय (क्रान्तिकार) का जिल्ला अध्यक्ष २३ वर्षीय विनोद थापा र मष्टा गाउँपालिका-१ निवासी प्रतिबन्धित नेकपा जिल्ला सदस्य २२ वर्षीय सुरज भण्डारीलाई २०७६ चैत ६ गते प्रहरीले चैनपुर बजारबाट गिरफ्तार गऱ्यो। गिरफ्तार गरिएकाहरूको स्वास्थ्य परीक्षण चैत ६ गते जिल्ला अस्पताल, सिमखेतमा भयो। उनीहरूविरुद्ध प्रहरीले चैत ७ गते सार्वजनिक सम्पति तथा एनसेलको टावरमा आगजनी गरेको कसुर अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश पदमराज पाण्डेको चैत ९ गतेको इजलासले उनीहरूलाई १ लाख रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो। आरोपितहरू धरौटी रकम बुझाएर चैत ९ गते रिहा भएको जिल्ला प्रहरी कार्यालय, बझाङका इन्स्पेक्टर नेत्रबहादुर बोहराले बताए। धरौटी रकम बुझाएपछि मुद्दा टुङ्गीएको इन्स्पेक्टर बोहराले बताए।

जयपृथ्वी नगरपालिका-१ निवासी प्रतिबन्धित नेकपाका बझाङ जिल्ला जनपरिषद प्रमुख ३३ वर्षीय बाजिलाल शाहीलाई २०७६ चैत २ गते प्रहरीले थलारा गाउँपालिकास्थित भवानी माध्यमिक विद्यालयको प्रशासन कक्षबाट गिरफ्तार गऱ्यो। शाहीबाट एक थान पेस्तोल, चन्दा ठेली र ४ हजार रुपियाँ नगद सहित गिरफ्तार गरिएको इन्स्पेक्टर नेत्रबहादुर बोहोराले बताए। प्रहरीले शाहीविरूद्ध चैत ४ गते हातहतियार खरखजाना, चन्दा असूली, राज्यविरूद्धको कसुर अन्तर्गत जिल्ला अदातमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश पदमराज पाण्डेको २०७७ वैशाख ३१ गतेको इजलासले शाहीलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दियो। अरोपित जिल्ला कारागार, बझाङमा पुर्पक्षका लागि थुनामा रहेका छन्। यो वर्षको मध्यसम्म मुद्दाको फैसला हुन सकेन्।

**कञ्चनपुर**

भिमदत्त नपा-१८ निवासी नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको प्रतिबन्धित नेकपा निकट अनेरास्ववियु ( क्रान्तिकारी)का भेरी-कर्णाली क्षेत्रीय समन्वय समिति संयोजक २६ वर्षीय वीरेन्› लुहार, जिल्ला सदस्य २४ वर्षीय भरत लुहार र २४ वर्षीय अर्जुन लुहारलाई २०७६ फागुन १ गते प्रहरीले भीमदत्त नपा-१८ कटानबाट गिरफ्तार गऱ्यो। गिरफ्तार गरिएकाहरुको स्वास्थ्य परीक्षण फागनु १ गते महाकाली अस्पतालमा भयो। प्रहरीले सार्वजनिक शान्ति विरुद्धका क्रियाकलापमा सहभागी भएको आरोपमा फागनु २० गते उनीहरूविरुद्ध जिल्ला प्रशासन कार्यालयमा मुद्दा दर्ता गरेको जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका डिएसपी रवीन्द्र पौडेलले बताए। जिल्ला प्रशासन कार्यालय, कञ्चनपुरले उनीहरूलाई फागुन २० गते जनही २ हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो। यो वर्षको मध्यसम्म मुद्दा बिचाराधीन अवस्थामा रहेको छ। भीमदत्त नपा-४ निवासी नेपाल कम्युनिष्ट पार्टी (नेकपा) निकट अनेरास्ववियुका जिल्ला सदस्य २५ वर्षीय भुवन विष्ट र भीमदत्त नपा-४ निवासी अखिल क्रान्तिकारी कञ्चनपुरका नेता २९ वर्षीय नरेन्द्र भाटलाई २०७७ वैशाख १३ गते कञ्चन विद्या मन्दिर सामुदायिक कलेजमा आफूखुसी राहत वितरण गरेको आरोपमा जिल्ला प्रहरी कार्यालय कञ्चनपुरले गिरफ्तार गऱ्यो।

लकडाउनपछि खाद्यान्न अभावले समस्यामा परेका विद्यार्थीलाई राहत वितरण गर्दा एकद्वार प्रणालीमार्फत राहत वितरण गर्नुपर्ने नीतिको उल्लङ्घन गर्दै राहत वितरण गरेको आरोपमा गिरफ्तार गरेकोमा उनीहरुलाई प्रहरीले वैशाख १३ गते विनाशर्त रिहा गऱ्यो।

## धम्की/कुटपिट

### अन्यपक्षबाट

#### अछाम

पञ्चदेवल विनायक नगरपालिका-२ विनायकका ३७ वर्षीय वडा अध्यक्ष पदमबहादुर धामी २०७६ माघ २१ गते बिहान सोही वडाको गैरीगाउँमा रहेको भैंसी गोठमा मृत अवस्थामा फेला परे। नाक, मुख र कानबाट रगत बगेको अवस्थामा वडाध्यक्षको शव भेटिएको जिल्ला प्रहरी कार्यालय, अछामका डिएसपी दीपक भारतीले बताए। मृतकका आफन्तले फागुन १८ गते जिल्ला प्रहरी कार्यालयमा किटानी उजुरी दिएपछि प्रहरीले पञ्चदेवल विनायक नगरपालिका-२ विनायकका ५० वर्षीय पदम धामी, ३५ वर्षीय द्वारीका न्यौपाने, ३५ वर्षीय धनिराम ढकाल, ३० वर्षीय श्याम धामी, २६ वर्षीय रमेश शाही, २६ वर्षीय प्रेम धामी, २५ वर्षीय धर्म धामी, २५ वर्षीय जीवन धामी र २२ वर्षीय रमेश धामीलाई फागुन १८ गते घरबाटै गिरफ्तार गऱ्यो । गिरफ्तार गरिएकामध्ये पदम धामी, द्वारिका न्यौपाने, धनीराम ढकाल र रमेश शाहीलाई २०७७ वैशाख ७ जिल्ला अदालतका न्यायाधीश नविनकुमार जोशीको आदेशमा रिहा भए भने बाँकी पाँच जनालाई पुर्पक्षका लागि थुनामा पठाइएको जिल्ला प्रहरी कार्यालय, अछामका डिएसपी दीपक भारतीले बताए। आरोपित पत्ता नलाग्दासम्म पीडित पक्षले घटनास्थलबाट शव उठाउन रोकेपछि माघ २३ गते मात्र मृतकको जिल्ला अस्पताल, अछाममा पोष्टमार्टम भएको थियो। मुद्दा जिल्ला अदालत, अछाममा विचाराधीन अवस्थामा रहेको छ। यो वर्षको मध्यसम्म मुद्दाको फैसला हुन सकेन्।

जयगढ प्रहरी चौकीका हवल्दार ३० वर्षीय धनबहादुर कैला २०७६ माघ १८ गते छाउगोठ भत्काउन गएको अवस्थामा बान्नीगढी जयगढ गाउँपालिका-३ लामागाउँका ५५ वर्षीया धना साउदले आक्रमण गरी घाइते बनाएको आरोपमा प्रहरीले माघ १८ गते नै गिरफ्तार गऱ्यो। भैंसी बाँध्ने किलो प्रहारबाट पिठ्यूँमा चोट लागि घाइते भएका प्रहरी हवल्दारको उपचार स्थानीय जयगढ स्वास्थ्य चौकीमा भयो। प्रहरीले आरोपितलाई माघ २७ गते जिल्ला प्रशासन कार्यालयमा पेश गरिएकोमा जिल्ला प्रशासन कार्यालयले माघ २७ गते ५ सय रुपियाँ धरौटी तारेखमा रिहा गऱ्यो। मुद्दा जिल्ला प्रशासन कार्यालय, अछाममा विचाराधिन अवस्थामा छ। यो वर्षको मध्यसम्म मुद्दाको फैसला हुन सकेन्।

#### बैतडी

शिवनाथ गाउँपालिका-४ महरगाउँकी १८ वर्षीया गीता महरलाई २०७७ वैशाख १५ गते शिवनाथ गाउँपालिका-२ जोलापानीका २२ वर्षीय अम्मरसिंह साउदले विवाह गर्ने भनेर भगाएर लगेर बाटोमा अम्बर र उनकी १९ वर्षीया बहिनी सरस्वती साउदले हत्या गरेको भन्दै पीडित पक्षले वैशाख १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितहरूलाई प्रहरीले वैशाख १६ गते घरबाट गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले वैशाख १७ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। शवको पोष्टमार्टम वैशाख १६ गते प्राथमिक स्वास्थ्य केन्द्र पाटनमा भयो। जिल्ला अदालत, बैतडीका न्यायाधीश इश्वरीप्रसाद भण्डारीको जेठ ९ गतेको इजलाशले आरोपितमध्ये सरस्वती साउदलाई ५० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो भने अम्मरसिंह साउदलाई पुर्पक्षका लागि थुनामा राख्न आदेश दियो। आरोपत साउद जिल्ला कारागार, बैतडीमा पुर्पक्षको लागि थुनामा रहेका छन्।

पञ्चेश्वर गाउँपालिका-१ का ४५ वर्षीय धनीराम औझीको २०७७ जेठ १ गते सोही ठाउँका ६० वर्षीय कृष्णसिह साउद र ४५ वर्षीय प्रकास साउदले हत्या गरेको भन्दै पीडित पक्षले जेठ १ गते नै जिल्ला प्रहरी कार्यालय, बैतडीमा निवेदन दिए। प्रहरीले जेठ १ गते नै आरोपितहरुलाई गिरफ्तार गऱ्यो। मृतकको पोष्टमार्टम जेठ २ गते प्राथमिक स्वास्थ्य केन्द्र पाटनमा गरियो। जिल्ला अदालत, बैतडीका न्यायाधीश इश्वरीप्रसाद भण्डारीको ०७७ जेठ २८ गते इजलासले आरोपित दुवैलाई पुर्पक्षका लागि थुनामा पठायो।

पुचौंडी नगरपालिकाको हुलाक शाखामा कार्यरथ ५४ वर्षीय दिलबहादुर धानुकलाई ०७७ जेठ ४ गते कुटपिट गरेको भन्दै जेठ ५ गते पुचौंडी नगरपालिकाका नगरप्रमुख ५० वर्षीय रणबहादुर कुँवरलाई दिलबहादुरका छोरा २९ वर्षीय पुस्कर धानुक, ३४ वर्षीय रमेस धानुक र उनका साथी २५ वर्षीय चन्द्र भण्डारीले कार्यकक्षमै कुटपिट गरे। प्रहरीले उनीहरूलाई जेठ ५ गते गिरन्तार गऱ्यो। जिल्ला

प्रशासन कार्यालय, बैतडीले जेठ २८ गते आरोपित तीनै जनालाई जनही १ लाख २५ हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो। उक्त घटनाले एक हप्ता नगरपालिकाको दैनिक कामकाज समेत बन्द भयो।

पुर्चौडी नगरपालिका-५ कुवाकोटमा स्थापना गरिएको क्वारेण्टाइनमा आफन्तलाई राखेको भन्दै कुवाकोट स्वास्थ्य चौकीका अहेब ३० वर्षीय रनसिंह धामीमाथि चैत १२ गते पुचौडी नगरपालिका - ५ का ५० वर्षीय नरेन्द्र जागरीले हातपात गरेको भन्दै पीडित पक्षले चैत १२ गते पुरघाट प्रहरी चौकीमा उजुरी दियो। प्रहरीले आरोपितलाई चैत १२ गते क्वारेन्टाइन परिसरबाटै गिरफ्तार गऱ्यो। जागिरीले अहेब धामीको औँला मुखमा हाली चपाउँदा औँलामा चोट लागेको थियो। जिल्ला प्रशासन कार्यालयले आरोपितलाई ०७६ चैत २६ गते १० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो।

## बझाङ

खप्तड छान्ना गाउँपालिका-६ पाटादेवलका वडाध्यक्ष ३२ वर्षीय तिलक खड्कालाई २०७७ जेठ १२ गते सोही ठाउँका ४० वर्षीय प्रकाश खड्का, ३५ वर्षीय त्रिभुवन खड्का र ४५ वर्षीय तेजबहादुर खड्काले आक्रमण गरी घाइते बनाए। पीडित खड्काले जेठ १४ गते जिल्ला प्रशासन कार्यालय, बझाङमा उजुरी दिए। आरोपित पक्षले जेठ १५ गते जिल्ला प्रशासन कार्यालयमा पुगेर आफूहरूले हातपात र कुटपिट नगरेको बताए। दुवै पक्ष जिल्ला प्रशासनमा आएको र उहाँहरूले एकअर्कालाई आरोप-प्रत्यारोप लगाई मिलापत्र बिना नै घर गएका सहायक प्रमुख जिल्ला अधिकारी रामबहादुर सार्कीले बताए। हाल पनि दुवै पक्षबीच बेलाबेलामा झैझगडा हुने गरेको भएपनि मिलापत्र हुन नसकेको खप्तड छान्ना गाउँपालिका अध्यक्ष बर्कबहादुर रोकायाले बताए।

## डडेल्धुरा

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का आलिताल गाउँपालिका कमिटी अध्यक्ष ज्ञानेन्> जोशी आलिताल गाउँपालिका-३ को वडा बैठकमा सहभागी हुनका लागि बैठक स्थलतर्फ जाने क्रममा २०७६ माघ १७ गते प्रतिबन्धित नेकपाका कार्यकर्ताले आक्रमण गरी कुटपिट गरे। वडा अध्यक्ष जोशी बैठकमा सहभागी हुन जाने क्रममा प्रतिबिन्धित नेकपाका कार्यकर्ताहरूले आक्रमण गरी कुटपिट गर्नुको साथै उनको से ६ प ७९२६ नम्बरको मोटर साइकलमा पनि तोडफोड गरिएको आलिताल प्रहरी चौकीका असई कमलप्रसाद जोशीले बताए। कुटपिटबट जोशीको गोडा भाँचिनुको साथै टाउको र हातमा चोट लागेको थियो। घाइते जोशीको उपचार माघ १८ गते काठमाडौँस्थित टिचिङ अस्पतालमा भयो। घटनाको जिम्मेवारी माघ २० गते प्रतिबन्धित नेकपाले लियो। घटनामा संलग्न पक्षको खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय, डडेल्धुराका डिएसपी दधिराम न्यौपानेले बताए। यो वर्षको मध्यसम्म घटनामा सङ्लग्न व्यक्तिहरु गिरफ्तार हुन सकेनन्।

## दार्चुला

व्यास गाउँपालिका-४ निवासी नेपाल कम्युनिष्ट पार्टी जिल्ला कमिटी सदस्य ५१ वर्षीय जयलालसिंह विष्टलाई २०७६ माघ २७ गते विद्यालय व्यवस्थापन समिति गठनको विषयमा व्यास गाउँपालिका-४ निवासी नेपाली कांग्रेसका जिल्ला सचिव ४० वर्षीय हरकसिंह विष्टले व्यास गाउँपालिका-४ सुनसेरा डोकटको पसलमा कुटपिट गरेको पीडितले आरोप लगाए। कुटपिटबाट टाउको, आँखा, नाक र अनुहारमा घाउ चोट लागेका जयलालको उपचार जिल्ला अस्पतालमा हुन नसकेपछि थप उपचारका लागि माघ २८ गते कैलाली जिल्लाको गेटा रिफर गरियो। पीडितको उपचार तीन दिनसम्म गेटा अस्पतालमा भयो। गाउँकै ब्रह्मस्थान आधारभूत विद्यालयको व्यवस्थापन समिति अध्यक्ष पदको विषयलाई लिएर विष्टले आफूमाथि कुटपिट गरेको पीडितले बताए। पीडितको तर्फबाट आरोपित विष्टविरूद्ध जिल्ला अदालतमा माघ २७ गते सार्वजनिक मुद्दा दर्ता भयो। प्रहरीले आरोपित विष्टलाई फागुन ११ गते दार्चुला सदरमुकाम खलङ्गाबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालत, दार्चुलाले फागुन १५ गते आरोपितलाई ८ हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो। यो वर्षको मध्यसम्म मुद्दा विचाराधीन अवस्थामा रहेको छ।

## डोटी

शिखर नपा-७ लाठामाडौँ घर भई शिखर नपा-९ स्थित दानकोट स्वास्थ्य चौकीमा कार्यरत अहेब २० वर्षीय रमेश कुँवरलाई २०७७ जेठ १८ गते साँझ शिखर नपा-७ बोगटाका १९ वर्षीय रोशन खत्री, २० वर्षीय नबिन खत्री र २४ वर्षीय तेजबहादुर लुहारले कुटपिट तथा दुर्व्यवहार गरेको भन्दै पीडितले जेठ १८ गते जिल्ला प्रहरी कार्यालय डोटीमा उजुरी दिए।

आरोपितहरूलाई जिल्ला प्रहरी कार्यालय, डोटीले शिखर नपा-७ बोगटानबाट जेठ २० गते गिरफ्तार गर्‍यो। पीडितको उपचार जेठ १८ गते उपक्षेत्रीय अस्पाल, डडेल्धुरामा हुन नसकेपछि थप उपचारका लागि जेठ १९ गते काठमाडौँस्थित ट्रमा सेन्टरमा लगेर उपचार भयो। प्रहरीले आरोपितविरूद्ध जेठ २० गते जिल्ला प्रशासन कार्यालय, डोटीमा मुद्दा दर्ता गर्‍यो। जिल्ला प्रशासन कार्यालयको आदेशमा आरोपितहरूलाई जनही ७ हजार रुपियाँ जरीमाना तिरेर असार ८ गते रिहा गरेको जिल्ला प्रहरी कार्यालय, डोटीका इन्स्पेक्टर कर्ण बोहराले बताए। मुद्दा के भयो ? आरोपितले जरिवाना रकम बुझाएपछि मुद्दा टुङ्गियो।

के आई सिंह गाउँपालिका-४ काफली निवासी सोही वडाका अध्यक्ष जयबहादुर धामीलाई २०७७ वैशाख १७ गते केआई सिहँ गाउँपालिका-४ कार्कीबगरका २० वर्षीय लोकबहादुर कार्की र २२ वर्षीय मोहनबहादुर कार्कीले दुर्व्यवहार तथा कुटपिट गरेको भन्दै पीडित पक्षले वैशाख १७ गते प्रहरी चौकी, वायलमा उजुरी दिए। प्रहरीले आरोपितहरूलाई वैशाख १७ गते गाउँपालिका कार्यालय नजिकबाट गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय, डोटीमा बुझाएको प्रहरी चौकी, वायलका इञ्चार्ज भाष्करदत पन्तले बताए। पीडितको दिपायलस्थित शैलेश्वरीमा सामान्य उपचारपछि थप उपचार वैशाख १७ गते धनगढीस्थित माया मेट्रो हस्पिटलमा भयो। प्रहरीले आारेपितविरुद्ध वैशाख १८ गते जिल्ला प्रशासन कार्यालय, डोटीमा मुद्दा दर्ता गर्‍यो। कोराना भाइरसकका कारण लकडाउन भई मजदुरी गर्न नपाएका विपन्न वर्गलाई राहत वितरणमा पक्षपात गरेको भन्दै विरोध गर्दा वडा अध्यक्ष आक्रोशित हुँदा झगडा भएको प्रहरीले जनायो। जिल्ला प्रशासन कार्यालय, डोटीले वैशाख २३ गते आरोपितहरूलाई तारिखमा रिहा गरेकोमा जिल्ला प्रशासन कार्यालय, डोटीमा तारिख लिन आएका अरोपितहरू असार २२ गते जनही २ हजार रुपियाँ जरीबाना तिरेर रिहा भए।

**कञ्चनपुर**

शुक्लाफाँटा नपा-११ का वडा अध्यक्ष दिलबहादुर बुढालाई २०७६ पुस २२ गते हातपात र कुटपिट गरिएको आरोपमा शुक्लाफाँटा नपा-११ का ५५ वर्षीय अग्नि विष्ट र उनका छोरा २८ वर्षीय लोकेन्› विष्टकाविरुद्ध पीडितले पुस २२ गते इलाका प्रहरी कार्यालय, झलारीमा उजुरी दिए। छाडा चौपाया व्यवस्थापनका क्रममा खर्च भएको रकम भुक्तानीका लागि नपा जानुस् भन्दा आफूलाई हातपात र कुटपिट गरिएको वडा अध्यक्ष बुढाले बताए। कुटपिटबाट कम्मरमा चोट लागेका अध्यक्ष बुढाको स्थानीय मेडिकलमा उपचार भयो। घटनाका आरोपितहरु इलाका प्रहरी कार्यालयमा पुस २४ गते उपस्थित भएर माफि मागेपछि उपरान्त गल्ती नगर्ने सर्तमा दुबै पक्षबीच मिलापत्र भएको इलाक प्रहरी कार्यालय,झलारीका सई मोहन चन्दले बताए।

**बाजुरा**

त्रिबेणी नपा-१ छतारा घर भई सोही नपा- १ स्थित छतारा आधारभूत्त स्वास्थ्य केन्द्रमा कार्यरत अहेब २८ वर्षीय रामबहादुर नेपालीलाई ०७७ जेठ २७ गते ढुङ्गा प्रहार गरी घाइते बनाएको आरोपमा त्रिबेणी नपा-१ का ४५ वर्षीय भीम मिजारलाई प्रहरीले उनकै घरबाट गिरफ्तार गर्‍यो। क्वारेण्टाइनमा रहेका व्यक्तिहरूको दैनिक स्वास्थ्य परीक्षण गरिहेको अवस्थामा आरोपित मिजारले ढुङ्गा प्रहार गरी घाइते बनाएको भन्दै पीडितले जेठ २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको तोलि स्वास्थ्य चौकीमा जेठ २८ गते उपचार गरिएको त्रिवेणी नगरपालिका स्वास्थ्य संयोजक चिरन्जीवि साहले बताए। प्रहरीले अरोपित विरुद्ध ०७७ जेठ २९ गते जिल्ला प्रशासन कार्यालयमा अभद्र व्यवहार सम्बन्धी मुद्दा दर्ता गरेकोमा जिल्ला प्रशासन कार्यालय, बाजुराले ४ हजार रुपियाँ धरौटी लिएर आरोपितलाई तारेखमा रिहा गरेको जिल्ला प्रहरी कार्यालय, बाजुराका इन्स्पेक्टर लोकेन्द्र ठगुन्नाले बताए। यस वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

हिमाली गाउँपालिका-४ घर भई सोही गाउँपालिकाका स्वास्थ्य संयोजक २९ वर्षीय राजबहादुर भण्डारीलाई ०७७ असार १ गते ढुङ्गामुढा प्रहार गरी घाइते बनाएको आरोपमा सोही गाउँपालिका-५ का २३ वर्षीय पदमलाल बुढथापा, २६ वर्षीय केवल बुढथापा, २३ वर्षीय देवराज भण्डारी, १९ वर्षीय कविराज भण्डारी र २२ वर्षीय मनबहादुर भण्डारीलाई प्रहरीले असार २ गते गिरफ्तार गर्‍यो। हिमाली गाउँपालिका-५ कवाडीस्थित क्वारेण्टाइनमा बसेका व्यक्तिहरूको आरडीटी परीक्षण गर्दा रिपोर्ट पोजेटिभ आएपछि आफूमाथि ढुङ्गामुढा गरी घाइते बनाएको भन्दै पीडितले आरोपित विरुद्ध असार २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडित भण्डारीको असार २ गते कोल्टि प्रथामिक स्वास्थ्य केन्द्रमा उपचार भयो। प्रहरीले आरोपित विरुद्ध असार १० गते जिल्ला

प्रशासन कार्यालयमा अभद्र व्यवहार कसुरमा मुद्दा दर्ता गरेकोमा जिल्ला प्रशासन कार्यालयले असार १० गते जनही १० हजार रुपियाँ धरौटी लिएर अरोपितहरुलाई तारेखमा रिहा गऱ्यो। यस वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

## जेल र बन्दी

### मृत्यु

**अछाम**

पञ्चदेवल विनायक नगरपालिका-६ तोलीका ४३ वर्षीय जितेन्द्र बिक २०७६ फागुन ६ गते बिहान जेलभित्र सुतेकै अवस्थामा मृत फेला परे। जेलको कोठा नम्बर २ मा १५ जना कैदीसँगै सुतेका जितेन्द्र बिहान ढिलोसम्म नउठेपछि हेर्दा ओछ्यानमै मृत फेला परेका परेको जिल्ला कारागार, अछामका जेलर छत्रबहादुर माझीले बताए। मृतकको पोष्टमार्टम फागुन ७ गते नै जिल्ला अस्पताल मङ्गलसेनमा गरेपछि आफन्तले शव बुझे। मृतक बिक कर्तव्य ज्यान मुद्दामा २०६६ मा जन्मकैदको फैसला अनुसार कैद काटिरहेका थिए।

## बाल अधिकार

### बलात्कार, यौन दुर्व्यवहार

कैलाली

१५ वर्षीया बालिकालाई २०७६ माघ १ गते बलात्कार गरेको आरोपमा बर्दगोरिया गाउँपालिका–१ उत्तरमुडाका ३३ वर्षीय गोपाल चौधरीविरुद्ध पीडित परिवारले इलाका प्रहरी कार्यालय, बौनियामा माघ १ गते उजुरी दियो। आरोपितलाई प्रहरीले माघ १ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ १ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। आरोपितलाई जिल्ला प्रहरी कार्यालय, कैलालीले माघ २ गते जिल्ला अदालतमा जबरजस्ति करणी अन्तर्गत मुद्दा दर्ता गरेकोमा माघ २३ गते जिल्ला अदालतका न्यायाधीश जयानन्द पनेरुको इजलासले पुर्पक्षका लागि जिल्ला कारागार पठायो। यो वर्षको मध्यसम्ममा आरोपित पुर्पक्षको लागि थुनामा रहेका छन्।

१४ वर्षीया बालिकालाई २०७६ माघ २० गते आँखाको झारफुक गरिदिने र घोडाघोडी मन्दिरमा नरिवल चढाउन लैजाने बहानामा मन्दिर परिसरको जङ्गलमा लगेर बलात्कार गरेको आरोपमा घोडाघोडी नपा–१ का ४८ वर्षीय हरिप्रसाद डगौराविरुद्ध पीडित पक्षले इलाका प्रहरी कार्यालय, सुखडमा माघ २४ गते उजुरी दियो। प्रहरीले आरोपितलाई घोडाघोडी मन्दिर परिसरबाट माघ २५ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ २४ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। प्रहरीले आरोपितविरुद्ध माघ २५ गते जिल्ला अदालतमा जबरजस्ति करणी अन्तर्गत मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश बाबुकाजी बानियाको फागुन १८ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि कारागार पठायो। यो वर्षको मध्यसम्म अरोपित पुर्पक्षका लागि थुनामा रहेका छन्।

१४ वर्षीया बालिकालाई २०७६ माघ २६ गते यौन दुर्व्यवहार गरेको आरोपमा गौरीगङ्गा नपा–३ का २३ वर्षीय कोत्तारी चौधरीविरुद्ध पीडित पक्षले माघ २६ गते जिल्ला प्रहरी कार्यालल, कैलालीमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ २६ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ २६ गते सेती प्रादेशिक अस्पतालमा भयो। प्रहरीले जिल्ला अदालतमा माघ २७ गते जबरजस्ति करणी अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश जयानन्द पनेरुको माघ २३ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि कारागार पठायो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला हुन सकेन्।

१४ वर्षीया बालिकालाई २०७६ पुस २४ गते यौन दुर्व्यवहार गरेको आरोपमा गौरीगङ्गा नपा–११ का २८ वर्षीय सुरेश कुश्मी, सोही ठाउँकी २३ वर्षीया सपना लुइटेल, दाङ जिल्ला गढवा गाउँपालिका–४ परसपुरका ३५ वर्षीय उत्तम चौधरी र सोही ठाँउकी ३३ वर्षीया सोना चौधरीविरुद्ध पीडित पक्षले माघ ८ गते जिल्ला प्रहरी कार्यालल, कैलालीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण माघ ८ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। आरोपितहरू फरार रहेकाले खोजी भइरहेको जिल्ला प्रहरी कार्यालयका सई मोहनबहादुर सिंहले बताए। यो वर्षको मध्यसम्म अरोपित फरार रहेका छन्।

१७ वर्षीया बालिकालाई २०७७ वैशाख २ गते सामूहिक यौन दुर्व्यवहार गरेको आरोपमा गौरीगङ्गा नपा–४ का २० वर्षीय नरेश नेपाली, २९ वर्षीय अर्जुन साउद, २० वर्षीया निर्मल चौधरी र २४ वर्षीय नरेश भट्टविरुद्ध पीडितले इलाका प्रहरी कार्यालय, चौमालामा वैशाख २ गते उजुरी दिइन्। प्रहरीले आरोपितहरूलाई वैशाख २ गते गौरीगङ्गा नपा–४ खुरखुरीयाको जङ्गलबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख २ गते सेती प्रादेशिक अस्पताल धनगढीमा भयो। जिल्ला प्रहरी कार्यालयले वैशाख ३ गते आरोपितविरुद्ध जिल्ला अदालत,

कैलालीमा जबरजस्ति करणी अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश जयानन्द पनेरुको वैशाख ३१ गतेको इजलासले आरोपितहरूलाई साधार तारेखमा रिहा गर्ने आदेश दिएको जिल्ला अदालतका सूचना अधिकारी नरबहादुर नेगीले बताए। यो वर्षको मध्यसम्म मुद्दाको फैसला हुन सकेन्।

१५ वर्षीया बालिकालाई २०७७ वैशाख ३ गते सामुहिक बलात्कार गरेको आरोपमा जोशीपुर गाउँपालिका–४ लालपुर बाणीका २९ वर्षीय रामकुमार चौधरी, २२ वर्षीय मंगल चौधरी र भजनीका ३१ वर्षीय सुरेश चौधरीविरुद्ध पीडित पक्षले वैशाख ३ गते इलाका प्रहरी कार्यालय, भजनीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण वैशाख ३ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। प्रहरीले आरोपितहरूलाई वैशाख ३ गते भजनीबाट गिरफ्तार गऱ्यो। प्रहरीले वैशाख ४ गते जिल्ला अदालतमा जबरजस्ति करणी अन्तर्गत मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश जयानन्द पनेरुको वैशाख ३१ गतेको इजलासले आरोपितहरूलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको मध्यसम्म आरोपित पुर्पक्षका लागि थुनामा रहेका छन्।

सात वर्षीया बालिकालाई २०७७ जेठ ११ गते यौन दुर्व्यवहार गरेको आरोपमा गौरीगंगा नपा–११ उदासपिुरका ८० वर्षीय बालाराम सुवेदीविरुद्ध पीडित पक्षले जेठ १४ गते इलाका प्रहरी कार्यालय, चौमालामा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण जेठ १४ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। आरोपितलाई प्रहरीले जेठ १५ गते आफन्तको घरमा लुकेर बसेको अवस्थामा गिरफ्तार गऱ्यो। प्रहरीले जेठ १६ गते जिल्ला अदालतमा जबरजस्ति करणी अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश कृष्णप्रसाद शर्माको असार ९ गतेको इजलासले आरोपितलाई ५० हजार रुपियाँ धरौटी तारेखमा रिहा गर्ने आदेश दियो । यो वर्षको मध्यसम्म मुद्दाको फैसला हुन सकेन्।

१४ वर्षीया दुई जना र १५ वर्षीया एक जना बालिकालाई २०७७ जेठ २८ गते समूहिक बलात्कार गरेको आरोपमा टिकापुर नपा–१ का १८ वर्षीय सन्दिप ठकुल्ला, २१ वर्षीय दिपक बुढा, १९ वर्षीय डम्बर ठकुल्ला र २० वर्षीय दिपक ठकुल्लाविरुद्ध पीडित पक्षले जेठ २८ गते इलाका प्रहरी कार्यालय, टिकापुरमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण जेठ २८ गते टिकापुर अस्पतालमा भयो। प्रहरीले आरोपितहरूलाई जेठ २९ गते टिकापुरस्थित रानीजमरा कुलरीया सिचाई आयोजना नजिकबाट गिरफ्तार गऱ्यो। जिल्ला प्रहरी कार्यालयले जेठ २९ गते जिल्ला अदालतमा जबरजस्ति करणी अन्तर्गत मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश बाबुकाजी बानियाको असार २२ गतेको इजलासले आरोपितहरूलाई पुर्पक्षका लागि थुनामा पठाएको जिल्ला अदालत, कैलालीका सूचना अधिकारी नरबहादुर नेगीले बताए।

१६ वर्षीया बालिकालाई २०७७ जेठ २९ गते बलात्कार गरेको आरोपमा धनगढी उपमहानपा–४ का ४० वर्षीय बाबुविरुद्ध पीडितकी आमाले असार २ गते जिल्ला प्रहरी कार्यालय, कैलालीमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण असार २ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। आरोपितले घटनामा बारेमा कसैलाई भने आमा छोरीलाई मार्ने धम्की दिँदै बालिकालाई पटकपटक बलात्कार गर्दै आएको र पति घरमा नभएको मौका पारी जिल्ला प्रहरी कार्यालयमा उजुरी दिन आएको पीडितकी आमाले बताइन्। आरोपित फरार रहेकाकाले र खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय, कैलालीका सई मोहनबहादुर सिंहले बताए। यो वर्षको मध्यसम्म आरोपित फरार रहे।

१६ वर्षीया बालिकालाई २०७६ फागुन ५ गते बलात्कार गरेको आरोपमा चुरे गाउँपालिका–६ मदनपुर घर भई हाल गोदावरी नपा–२ मा डेरा गरी बस्ने २४ वर्षीय नरेशनाथ योगीविरुद्ध पीडित पक्षले फागुन २१ गते ईलाका प्रहरी कार्यालय, मालाखेतीमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण फागुन २१ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। प्रहरीले आरोपितलाई फागुन २१ गते गोदावरी नपा–२ अत्तरीयाबाट गिरफ्तार गऱ्यो। प्रहरीले जिल्ला अदालतमा फागुन २२ गते जबरजस्ति करणी अन्तर्गत मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश कृष्णप्रसाद शर्माको २०७७ वैशाख २ गते बसेको इजलासले भदौ ३० गते बकपत्र बझ्ने आदेश दिएको जिल्ला अदालतका सूचना अधिकारी नरबहादुर नेगीले बताए। यो वर्षको मध्यसम्म मुद्दाको फैसला हुन सकेन।

१५ वर्षीया बालिकालाई २०७६ फागुन २९ गते यौन दुर्व्यबहार गरेको आरोपमा डडेल्धुरा जिल्ला परशुराम नपा–५ घर भई हाल धनगढी उपमहानपा–२ डेरा गरी बस्दै आएका २१ वर्षीय रघुविर ठकुराठीविरुद्ध पीडित पक्षले फागुन २९ गते जिल्ला प्रहरी कार्यालय, कैलालीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण फागुन २९ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। प्रहरीले आरोपितलाई

फागुन २९ गते गिरफ्तार गर्‍यो। प्रहरीले जिल्ला अदालत, कैलालीमा फागुन ३० गते जबरजस्ति करणी अन्तर्गत मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश बाबुकाजी बानियाको इजलासले २०७७ वैशाख २ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन ।

१६ वर्षीया बलिकालाई २०७६ चैत ८ गते बलात्कार गरेको आरोपमा बझाङ जिल्ला छब्बीस पाथीभरा गाउँपालिका–४ का २७ वर्षीय नरेश थापाविरुद्ध पीडित पक्षले चैत ९ गते जिल्ला प्रहरी कार्यालय, कैलालीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण चैत ९ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। प्रहरीले आरोपितलाई धनगढी उपमहानपा–३ चटकपुरस्थित खप्तड होटेलबाट चैत ९ गते गिरफ्तार गर्‍यो। प्रहरीले चैत ९ गते जिल्ला अदालतमा जबरजस्ति करणी अन्तर्गत मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश जयानन्द पनेरुको इजलासले २०७७ वैशाख ९ गते आरोपितलाई पेशी तारेखमा रिहा गरेको जिल्ला अदालतका सूचना अधिकारी नरबहादुर नेगीले बताए। यो वर्षको मध्येसम्म मुद्दाको फैसला भएन ।

१२ वर्षीया बालिकालाई २०७७ जेठ १२ गते बलात्कार गरेको आरोपमा गौरीगङ्गा नपा–४ खुरखुरीयाका १९ वर्षीय नविन साउद र २० वर्षीय चन्द्र साउदविरुद्ध पीडित बालिकाकी हजुरआमाले जेठ १७ गते स्थानीय प्रहरी चौकी, राजीपुरमा उजुरी गर्न जाँदा प्रहरीले उजुरी लिन नमानेपछि गौरीगङ्गा नगरपालिका न्यायिक समितिमा असार ३ गते उजुरी दिइन्। न्यायिक समितिका संयोजक अञ्चला चौधरीले पीडित पक्षको उपस्थितिमा जिल्ला प्रहरी कार्यालय, कैलालीमा असार ४ गते उजुरी दर्ता गराइन्। पीडित बालिकाको स्वास्थ्य परीक्षण असार ४ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। प्रहरीले आरोपितहरूलाई असार ४ गते गिरफ्तार गर्‍यो। प्रहरीले जिल्ला अदालत, कैलालीमा असार ४ गते जबरजस्ति करणी अन्तर्गत मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश बाबुकाजी बानियाको इजलासले असार २६ गते आरोपितहरूलाई पुर्पक्षका लागि थुनामा पठाएको जिल्ला अदालतका सूचना अधिकारी नरबहादुर नेगीले बताए। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन ।

११ वर्षीया बालिकालाई २०७७ जेठ ३२ गते बलात्कार गरेको आरोपमा कैलारी गाउँपालिका–२ का २९ वर्षीय दिपेन्द्र चौधरीविरुद्ध पीडित पक्षले असार ११ गते इलाका प्रहरी कार्यालय, हसुलियामा उजुरी दियो । पीडितको स्वास्थ्य परीक्षण असार ११ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। प्रहरीले आरोपितलाई असार १२ गते गिरफ्तार गर्‍यो। जिल्ला प्रहरी कार्यालयले असार १२ गते जिल्ला अदालतमा जबरजस्ति करणी अन्तर्गत मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश जयानन्द पनेरुको इजलासले साउन ६ गते पुर्पक्षका लागि थुनामा पठाएको जिल्ला अदालतका सूचना अधिकारी नरबहादुर नेगीले बताए।

१५ वर्षीया बालिकालाई २०७७ असार ३ गते बलात्कार गरेको आरोपमा कैलारी गाउँपालिका–४ का ३२ वर्षीय राजकुमार कान्द्रीविरुद्ध पीडित पक्षले असार १२ गते इलाका प्रहरी कार्यालय, हसुलियामा उजुरी दियो । पीडितको स्वास्थ्य परीक्षण असार १२ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। प्रहरीले आरोपितलाई असार १२ गते गिरफ्तार गर्‍यो। जिल्ला प्रहरी कार्यालय, कैलालीले असार १३ गते जबरजस्ति करणी अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश जयानन्द पनेरुको इजलासले साउन ५ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको जिल्ला अदालतका सूचना अधिकारी नरबहादुर नेगीले बताए।

१७ वर्षीया लाई २०७७ जेठ ७ गते बलात्कार गरेको आरोपमा कैलारी गाउँपालिका–८ बसौटीका २० वर्षीय उमेश कथरियाविरुद्ध पीडित बालिकाकी आमाले असार १४ गते जिल्ला प्रहरी कार्यालय, कैलालीमा उजुरी दिइन् । पीडितको स्वास्थ्य परीक्षण असार १४ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। प्रहरीले आरोपितलाई असार १५ गते गिरफ्तार गर्‍यो। प्रहरीले जिल्ला अदालत, कैलालीमा असार १४ गते जबरजस्ति करणी अन्तर्गत मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश जयानन्द पनेरुको इजलासले साउन १४ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको जिल्ला अदालतका सूचना अधिकारी नरबहादुर नेगीले बताए।

१६ वर्षीया बालिकालाई २०७७ असार ८ गते बलात्कार गरेको आरोपमा गोदावरी नपा–३ का २८ वर्षीय भरत लोहारविरुद्ध पीडित पक्षले इलाका प्रहरी कार्यालय मालाखेतीमा असार १६ गते उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण असार १६ गते सेती प्रदेशिक अस्पताल, धनगढीमा भयो। प्रहरीले आरोपितलाई असार १६ गते गिरफ्तार गर्‍यो। जिल्ला प्रहरी कार्यालय, कैलालीले असार १६ गते जिल्ला अदालतमा जबरजस्ति

करणी शीर्षकमा दुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश बाबुकाजी बानियाको इजलासले साउन १२ गते पुर्पक्षका लागि कारागार चलान गरेको जिल्ला अदालतका सूचना अधिकारी नरबहादुर नेगीले बताए।

**अछाम**

१५ वर्षीया र १६ वर्षीया दुई जना बालिकालाई २०७६ फागुन २१ गते मङ्गलसेन नगरपालिका-५ का २८ वर्षीय देवराज भाट, सोही नगरपालिकाका-४ का २५ वर्षीय राजेश भुल, सोही नगरपालिका-३ का २५ वर्षीय कोषराज भाट र २७ वर्षीय प्रेम साउदले ललाइफकाइ मोटरसाइकलमा राखेर बान्नीगढी जयगढ गाउँपालिका-४ तिमिल्सैनस्थित सामुदायिक वनमा लगेर बलात्कार गरेको भन्दै पीडित पक्षले फागुन २३ गते जिल्ला प्रहरी कार्यालय अछाममा उजुरी दियो। प्रहरीले आरोपितहरू मध्ये वेदराज, कोषराज र राजेशलाई फागुन २३ गते घरैबाट गिरफ्तार गर्‍यो। प्रहरीले आरोपित प्रेम साउदलाई चैत १ गते गिरफ्तार गरी सोही दिन आरोपितविरुद्ध जबरजस्ती करणी अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गर्‍यो । पीडितको स्वास्थ्य परीक्षण फागुन २३ गते जिल्ला अस्पतालमा भयो। जिल्ला प्रहरी कार्यालय, अछामले आरोपितहरूविरुद्ध फागुन २३ गते जबरजस्ति करणी अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गर्‍यो। जिल्ला आदलत, अछामका न्यायाधीश नविनकुमार जोशीको इजलासले चैत ३० गतेको चारै जना आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दियो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला हुन सकेन्।

१३ वर्षीया बालिकालाई २०७७ वैशाख २२ गते ढकारी गाउँपालिका-६ ढुङ्गाचाल्नाका ३४ वर्षीय झुपा कामीले बलात्कार गरेको भन्दै पीडित पक्षले वैशाख २२ गते जिल्ला प्रहरी कार्यालय, अछामका उजुरी दियो । प्रहरीले अरोपितलाई वैशाख २२ गते घरबाट गिरफ्तार गर्‍यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण वैशाख २३ गते जिल्ला अस्पताल, अछाममा भयो। प्रहरीले आरोपितलाई जेठ ११ गते जिल्ला अदालत, अछाममा पेश गरेकोमा जिल्ला अदालतका न्यायाधीश नविनकुमार जोशीको इजलासले जेठ १४ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दियो। मुद्दा जिल्ला अदालत, अछाममा विचाराधीन अवस्थामा रहेको छ। यो वर्षको मध्यसम्म मुद्दाको फैसला हुन सकेन्।

**बाजुरा**

१६ वर्षीया बालिकालाई २०७६ फागुन १८ गते यौन दुर्व्यवहार गरेको आरोपमा बडिमालिका नपा-२ का १७ वर्षीय हिमाल महतविरुद्ध पीडित पक्षले ०७६ फागुन २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई फागुन २१ गते उनकै घरबाट गिरफ्तार गर्‍यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण फागुन २१ गते जिल्ला अस्पताल बाजुरामा भयो। जिल्ला प्रहरी कार्यालयले आरोपितविरुद्ध फागुन २२ गते जबरजस्तीकरणी उद्योगमा बाजुरा जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतले चैत १२ गते आरोपितलाई सामान्य तारेखमा अभिभावकको जिम्मा लगाउन आदेश दियो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

१७ वर्षीया बालिकालाई २०७६ चैत २६ गते बलात्कार गरेको भन्दै बुढीनन्दा नपा-१० का २० वर्षीय सौरे ल्वारविरुद्ध पीडित पक्षले चैत २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई चैत २६ गते उनकै घरबाट गिरफ्तार गर्‍यो। बालिकाको स्वास्थ्य परीक्षण चैत २६ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध चैत २७ गते जबरजस्ती करणी अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश माधवप्रसाद घिमिरेको इजलासले २०७७ वैशाख ११ गते अरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दियो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

१४ वर्षीया बालिकालाई २०७६ चैत २९ गते त्रिवेणी नपा-९ का २५ वर्षीय तुलाराम थापाले बलात्कार गरेको भन्दै पीडित पक्षले चैत ३० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण चैत ३० गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितविरूद्ध चैत ३० गते जबरजस्ती करणी अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतले २०७७ वैशाख २५ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश सनायो। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

१५ वर्षीया बालिकालाई २०७७ वैशाख २ गते बलात्कार गरेको भन्दै १६ वर्षीय बालकविरूद्ध पीडित पक्षले वैशाख २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण वैशाख २२ गते जिल्ला अस्पताल, बाजुरामा भयो। आरोपितलाई प्रहरीले वैशाख २२ गते घरबाटै गिरफ्तार गर्‍यो। प्रहरीले आरोपितविरुद्ध वैशाख २३ गते

जबरजस्तीकरणी अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतले जेठ १ गते आरोपितलाई बाल सुधार गृह केन्द्र, डोटीमा पठाउने आदेश दियो। यो वर्षको मध्यसम्म बोहोरा बालगृह, डोटीमा पुर्पक्षको लागि थुनामा रहेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर दानबहादुर रोकायाले बताए। यो वर्षको मध्यसम्म मुद्दा को फैसला भएन।

१७ वर्षीया बालिकालाई २०७६ चैत ६ गते बलात्कार गरेको आरोपमा बुढीगङ्गा नपा-३ का २० वर्षीय करन नेपालीविरुद्ध पीडित पक्षले२ ०७७ जेठ १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। उजुरी पश्चात आरोपितलाई प्रहरीले जेठ २२ गते उनकै घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ १९ गते जिल्ला अस्पताल, बाजुरामा भयो। जिल्ला प्रहरी कार्यालयले आरोपितविरुद्ध जेठ २२ गते जबरजस्ती करणी अभियोगमा बाजुरा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश माधवप्रसाद घिमिरेको असार १ गते बसेको इजलासले आरोपितलाई ६० हजार रुपियाँ धरौटीमा तारिखमा रिहा गर्ने आदेश दियो। हाल आरोपित जिल्ला अदातलमा तारिख लिइरहेका छन्। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

१८ वर्षीया युवतीलाई २०७७ जेठ ८ गते बलात्कार गरेको भन्दै बाँके जिल्ला डुडुवा गाउँपालिका-५ का २१ वर्षीय राजु सुनाम परियारविरुद्ध पीडित पक्षले जेठ १४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई जेठ १४ गते उनकै घरबाट गिरफ्तार गऱ्यो। पीडित युवतीको स्वास्थ्य परीक्षण जेठ १४ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जेठ १४ गते जबरजस्ती करणी अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश माधवप्रसाद घिमिरेको इजलासले जेठ २९ गते अरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल आरोपित जिल्ला कारागार, बाजुरामा पुर्पक्षका लागि थुनामा रहेका छन्। यो वर्षको मध्यसम्म आरोपित पुर्पक्षका लागि थुनामा रहेका छन्।

**डडेल्धुरा**

१७ वर्षीया बालिकालाई २०७६ माघ ९ गते बलात्कार गरेको आरोपमा आलिताल गाउँपालिका-५ बाहिरीसैनका २८ वर्षीय हकुम ताम्राकारविरुद्ध पीडित पक्षले माघ १० गते जिल्ला प्रहरी कार्यालय, डडेल्धुरामा उजुरी दिए। आरोपितलाई प्रहरीले माघ १० गते आलिताल गाउँपालिका-५ बाहिरीसैनबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ १० गते जोगबुडा अस्पतालमा भयो। प्रहरीले आरोपितलाई माघ ११ गते जिल्ला अदालतमा पेस गऱ्यो। जिल्ला अदालत, डडेल्धुराका न्यायाधीश हरिप्रसाद शर्मा उपाध्यायको फागुन ७ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। मुद्दाको फैसला हुन बाँकी रहेको छ। यो वर्षको मध्यसम्म आरोपित पुर्पक्षका लागि थुनामा रहेका छन्।

**दार्चुला**

१३ वर्षीया बालिकालाई २०७६ माघ ४ गते बलात्कार गरेको आरोपमा नौगाड गाउँपालिकाका १५ वर्षीय बालकविरुद्ध पीडित पक्षले माघ ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ ५ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ ४ गते गोकुलेश्वर अस्पतालमा भयो। सरकारी वकिल कार्यालयले माघ २३ गते जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतले माघ २३ गते नै आरोपितलाई बाल सुधार गृह, डोटी पठाउने आदेश दिएको श्रेस्तेदार किरन सिंहले बताए। अदालतले २०७७ साउन २६ गते बालकलाई ९ वर्ष कैद र अभिभावकबाट ५० हजार रुपैयाँ क्षतिपूर्ति भराउने फैसला सुनाएको जिल्ला अदालतका सूचना अधिकारी हेमन्त भाटले बताए। हाल कुसरदार बालक बालसुधार गृह डोटीमा रहेका छन्।

१६ वर्षीया अपाङ्गता भएकी बालिकालाई २०७७ वैशाख २९ गते बलात्कार गरेको आरोपमा दुहुँ गाउँपालिका-४ का २९ वर्षीय गणेशसिह लोथ्यालविरुद्ध पीडित पक्षले वैशाख २९ गते नै जिल्ला प्रहरी कार्यालय, दार्चुलामा उजुरी दिए। आरोपितलाई प्रहरीले वैशाख ३० गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख ३० गते जिल्ला अस्पताल, दार्चुलामा भयो। प्रहरीले आरोपितविरुद्ध जबरजस्ती करणी अन्तर्गत वैशाख ३० गते जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा सोही दिन जिल्ला अदालतले आरोपितलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। जिल्ला अदालतका न्यायाधीश गिरीराज गौतमको इजलासले साउन ३१ गते आरोपितलाई ४ वर्ष कैद फैसला सुनाएको जिल्ला अदालतका सूचना अधिकारी हेमन्त भाटले बताए।

१४ वर्षीया बालिकालाई २०७६ चैत १० गतेदेखि विवाह गर्छु भन्दै सँगै लगेर बलात्कार गरेको आरोपमा भारत नैनीताल जिल्ला तहसिल खटिमा वासुल घर भएका ३२ वर्षीय गुरुदेव रानाविरुद्ध पीडितले २०७७ जेठ १ गते जिल्ला प्रहरी कार्यालय, दार्चुलामा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण जेठ २ गते

जिल्ला अस्पताल, दार्चुलामा भयो। प्रहरीले आरोपितलाई जेठ १ गते दार्चुलाबाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जेठ २ गते जबरजस्ती करणी अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा सोही दिन जिल्ला अदालतले आरोपितलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो`। जिल्ला अदालतका न्यायाधीश गिरीराज गौतमको इजलासले साउन २५ गते अरोपितलाई १५ वर्ष कैद सजाय र ६० हजार रुपियाँ क्षतिपूर्ति भराउने फैसला सुनाएको जिल्ला अदालतका सूचना अधिकारी हेमन्त भाटले बताए।

### डोटी

१३ वर्षीय बालिकालाई २०७७ वैशाख १७ गते यौन दुर्व्यवहार गरेको आरोपमा शिखर नपा-१ का २४ वर्षीय कमल नेगीविरुद्ध पीडित पक्षले वैशाख १८ गते जिल्ला प्रहरी कार्यालय, डोटीमा उजुरी दियो। प्रहरीले आरोपितलाई वैशाख १८ गते घरबाट गिरफ्तार गरी सोही दिन जिल्ला अदालत, डोटीमा मुद्दा दर्ता गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण वैशाख १८ गते जिल्ला स्वास्थ्य कार्यालय, डोटीमा भयो। जिल्ला अदालतका न्यायाधीश बिदुर काफ्लेको जेठ २ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दियो। हाल आरोपित जिल्ला कारागार, डोटीमा रहेका छन्। यो वर्षको मध्यसम्म आरोपितपुर्पक्षका लागि थुनामा रहेका छन्।

### कञ्चनपुर

१५ वर्षीया बालिकालाई २०७६ चैत २ गते बलात्कार गरेको आरोपमा बेलडाँडी गाउँपालिका-१ का २३ वर्षीय महेश चन्द र बेलौरी नपा-२ का २१ वर्षीय भुपेन्द्र सिंहविरुद्ध पीडितका अभिभावकले चैत ३ गते इलाका प्रहरी कार्यालय, बेलौरीमा उजुरी दिए। आरोपितलाई इलाका प्रहरी कार्यालय, बेलौरीले चैत ५ गते गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरका डिएसपी रविन्› पौडेलले बताए। आरोपितले बालिकालाई प्रलोभन देखाएर आरोपित महेश चन्दको घरमा लगेर बलात्कार गरेको उजुरीमा उल्लेख छ। पीडितको स्वास्थ्य परीक्षण चैत ४ गते महाकाली अस्पतालमा भयो। प्रहरीले आरोपितहरूविरुद्ध २०७७ वैशाख ८ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालत कञ्चनपुरका न्यायाधीश शीवलाल पाण्डेयको वैशाख ८ गतेको आदेशले आरोपितहरूलाई पुर्पक्षको लागि थुनामा पठायो। हाल आरोपित जिल्ला कारागार, कञ्चनपुरमा रहेका छन्। यो वर्षको मध्यसम्म आरोपित पुर्पक्षका लागि थुनामा रहेका छन्।

१५ वर्षीया बालिकालाई २०७७ वैशाख २ गते बलत्कार गरेको आरोपमा भीमदत्त नपा -११ का ६८ वर्षीय तारादत्त ओझा विरुद्ध पीडित पक्षले वैशाख ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई प्रहरीले वैशाख ६ गते गिरफ्तार गऱ्यो। आरोपितले बालिका घरमा आएको मौका छोपेर बलात्कार गरेको भन्दै उजुरीमा उल्लेख गरिएको जिल्ला प्रहरी कार्यालयका डिएसपी रबीन्द्र पौडेलले बताए। बालिकाको स्वास्थ्य परीक्षण वैशाख ६ गते महाकाली अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध वैशाख २४ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालत कञ्चनपुरका न्यायाधीश गोपालप्रसाद बास्तोलाको इजलासले वैशाख २८ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दियो। हाल आरोपित जिल्ला कारागार, कञ्चनपुरमा रहेका छन्। यो वर्षको मध्यसम्म आरोपत पुर्पक्षका लागि थुनामा रहेका छन्।

१५ वर्षीया बालिकालाई २०७७ जेठ २८ गते बलात्कार गरेको आरोपमा बेलौरी नपा-७ पौलाहाका २५ वर्षीय वीरु चौधरीविरुद्ध बालिकाकी आमाले जेठ २९ गते इलाका प्रहरी कार्यालय बेलौरीमा उजुरी दिइन्। आरोपितलाई जेठ २९ गते इलाका प्रहरी कार्यालय बेलौरीले गिरफ्तार गऱ्यो। बालिकाको स्वास्थ्य परीक्षण जेठ ९ गते महाकाली अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध असार १५ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालत कञ्चनपुरका न्यायाधीश गोपालप्रसाद बास्तोलाको असार १६ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल आरोपित जिल्ला कारागार, कञ्चनपुरमा रहेका छन्। यो वर्षको मध्यसम्म आरोपित पुर्पक्षका लागि थुनामा रहेका छन्।

## महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

### कैलाली

३५ वर्षीया महिलालाई २०७६ माघ २६ गते बलात्कार गरेको आरोपमा धनगढी उमनपा–३ बडहराका ३७ वर्षीय श्यामकुमार सेवाविरुद्ध पीडितले माघ २७ गते जिल्ला प्रहरी कार्यालल, कैलालीमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण माघ २७ गते सेती प्रादेशिक अस्पतालमा भयो। प्रहरीले आरोपितलाई माघ २७ गते गिरफ्तार गऱ्यो। प्रहरीले अरोपितविरुद्ध जिल्ला अदालतमा माघ २७ गते मुद्दा दर्ता गऱ्यो।

जिल्ला अदालतका न्यायाधीश कृष्णप्रसाद शर्माको फागुन २२ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको जिल्ला अदालतका सूचना अधिकारी नरबहादुर नेगीले बताए। यो वर्षको मध्यसम्म आरोपित पुर्पक्षका लागि थुनामा रहेका छन्।

२१ वर्षीया महिलालाई २०७७ असार ८ गते बलात्कार गरेको आरोपमा चुरे गाउँपालिका–४ का ६३ वर्षीय परासिंह खड्का र २६ वर्षीय सुरेश थापाविरुद्ध पीडित पक्षले असार ११ गते इलाका प्रहरी कार्यालय, फल्टुडेमा उजुरी दियो । पीडितको स्वास्थ्य परीक्षण असार ११ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। प्रहरीले आरोपितलाई असार ११ गते गिरफ्तार गऱ्यो। प्रहरीले जिल्ला अदालत, कैलालीमा असार ११ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश कृष्णप्रसाद शर्माको इजलासले साउन १ गते आरोपितहरूलाई पुर्पक्षका लागि थुनामा पठाएको जिल्ला अदालतका सूचना अधिकारी नरबहादु नेगीले बताए।

२५ वर्षीया महिलालाई २०७६ पुस २५ गते बलात्कारको प्रयास गरेको आरोपमा धनगढी उमनपा–८ का २५ वर्षीय मनोज रानाविरुद्ध पीडितले माघ १४ जिल्ला प्रहरी कार्यालल, कैलालीमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण माघ १४ गते सेती प्रादेशिक अस्पताल, भयो। आरोपित फरार रहेकाले खोजी भइरहेको जिल्ला प्रहरी कार्यालल, कैलालीका सई मोहनबहादुर सिंहले बताए। यो वर्षको मध्यसम्म आरोपितलाई गिरफ्तार गर्न नसकिएको जिल्ला प्रहरी कार्यालयका सई सिंहले बताए।

३२ वर्षीया महिलालाई २०७६ माघ १६ गते बलात्कार गरेको आरोपमा धनगढी उपमहानपा–१४ फुलवारीका २२ वर्षीय महेश चौधरीविरुद्ध पीडित महिलाले फागुन ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण फागुन ४ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। प्रहरीले आरोपितलाई प्रहरीले फागुन ६ गते गिरफ्तार गऱ्यो। प्रहरीले फागुन ६ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालत, कैलालीका न्यायाधीश जयानन्द पनेरुको फागुन २८ गतेको इजलासले पुर्पक्षका लागि थुनामा पठाएको जिल्ला अदालत, कैलालीका सूचना अधिकारी नरबहादुर नेगीले बताए। यो वर्षको मध्यसम्म आरोपित पुर्पक्षका लागि थुनामा रहेका छन्।

३० वर्षीया महिलालाई २०७६ फागुन १० गते बलात्कार गरेको आरोपमा गोदावरी नपा–१२ का ४५ वर्षीय जयराज जोशीविरुद्ध पीडित पक्षले फागुन ११ गते इलाका प्रहरी कार्यालय, चौमालामा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण फागुन ११ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। प्रहरीले आरोपितलाई फागुन ११ गते गिरफ्तार गऱ्यो। जिल्ला प्रहरी कार्यालयले फागुन ११ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश कृष्णप्रसाद शर्माको चैत ५ गतेको इजलासले आरोपितलाई साधारण तारेखमा रिहा गर्ने आदेश दिएको जिल्ला अदालतका सूचना अधिकारी नरबहादुर नेगीले बताए। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

२५ वर्षीया महिलालाई २०७६ माघ २१ गते अछाम जिल्ला पञ्चदेवल नपा–७ पुल्लेतोला घर भई हाल धनगढी उमनपा–१ शिवनगरमा डेरा गरी बस्ने ४३ वर्षीय अक्कल रावलले बलात्कारको प्रयास गरेको भन्दै पीडित महिलाले फागुन १४ गते जिल्ला प्रहरी कार्यालल, कैलालीमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण फागुन १४ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। प्रहरीले आरोपितविरुद्ध फागुन १५ गते पकाउ पुर्जी जारी गरेकोमा आरोपित आफैं फागुन २१ गते जिल्ला प्रहरी कार्यालयमा उपस्थित भए। प्रहरीले आरोपितविरुद्ध फागुन २२ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश कृष्णप्रसाद शर्माको चैत १० गतेको इजलासले ५ लाख रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दिएको जिल्ला अदालतका सूचना अधिकारी नरबहादुर नेगीले बताए। यो वर्षको मध्यसम्म मुद्दाको फैसला हुन सकेन्।

३० वर्षीया महिलालाई २०७६ चैत ११ गते बलात्कारको प्रयास गरेको आरोपमा गोदावरी नपा-१० मालाखेतीका ३५ वर्षीय खड्क नेपालीविरुद्ध पीडित महिलाले चैत १२ गते इलाका प्रहरी कार्यालय, मालाखेतीमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण चैत १२ गते सेती प्रादेशिक असपताल, धनगढीमा भयो। प्रहरीले आरोपितलाई चैत १२ गते गिरफ्तार गऱ्यो। जिल्ला प्रहरी कार्यालयले चैत १२ गते आरोपित विरुद्ध जिल्ला अदालत, कैलालीमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश बाबुकाजी बनियाको २०७७ वैशाख ७ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको जिल्ला अदालतका, कैलालीका सूचना अधिकारी नरबहादुर नेगीले बताए। यो वर्षको मध्यसम्म आरोपित पुर्पक्षका लागि थुनामा रहेका छन्।

५२ वर्षीया महिलालाई २०७७ वैशाख ६ गते बलात्कार गरेको आरोपमा चुरे गाउँपालिका–१ का ४५ वर्षीय ठक्करबहादुर

थापाविरुद्ध पीडित महिलाले जेठ २७ गते जिल्ला प्रहरी कार्यालय, कैलालीमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण जेठ २७ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। प्रहरीले आरोपितलाई जेठ २८ गते घरमै काम गरिरहेको अवस्थामा गिरफ्तार गऱ्यो। प्रहरीले जेठ २९ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश कृष्णप्रसाद शर्माको असार १८ गतेको आदेश अनुसार भदौ २५ गते पेशी रहेको सूचना अधिकारी नरबहादुर नेगीले बताए।

३१ वर्षीया महिलालाई २०७७ जेठ ३१ गते राति सामूहिक बलात्कार गरेको आरोपमा लम्कीचुहा नपा-१ का २२ वर्षीय किशोर परियार, २० वर्षीया लक्ष्मण विक र १८ वर्षीय सर्जन विकविरुद्ध पीडित महिलाले इलाका प्रहरी कार्यालय, लम्कीमा जेठ ३२ गते उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण जेठ ३२ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। प्रहरीले आरोपितहरूलाई जेठ ३२ गते गिरफ्तार गऱ्यो। प्रहरीले असार १ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश जयानन्द पनेरुको असार २६ गतेको इजलासले आरोपितहरूलाई पुर्पक्षका लागि थुनामा पठाएको जिल्ला अदालत, कैलालीका सूचना अधिकारी नरबहादुर नेगीले बताए। यो वर्षको मध्यसम्म आरोपित पुर्पक्षका लागि थुनामा रहेका छन्।

३० वर्षीया महिलालाई २०७६ फागुन २८ गते बलात्कार प्रयास गरेको आरोपमा घोडाघोडी नपा–१२ का २३ वर्षीय शुभराज चौधरीविरुद्ध पीडित महिलाले फागुन २९ गते जिल्ला प्रहरी कार्यालय, कैलालीमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण फागुन २९ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। प्रहरीले आरोपितलाई फागुन २९ गते गिफ्तार गऱ्यो। प्रहरीले जिल्ला अदालतमा फागुन २९ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश बाबुकाजी बानियाको इजलासले २०७७ वैशाख २ गते आरोपितलाई साधारण तारेखमा रिहा गर्ने आदेश दिएको जिल्ला अदालतका सूचना अधिकारी नरबहादुर नेगीले बताए। यो वर्षको मध्यसम्म मुद्दाको फैसला हुन सकेन्।

३८ वर्षीया महिलालाई २०७६ फागुन ३० गते बलात्कार गरेको आरोपमा धनगढी उपमहानपा–१ का ४१ वर्षीय खुशीराम चौधरीविरुद्ध पीडितले जिल्ला प्रहरी कार्यालय, कैलालीमा फागुन ३० गते उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण फागुन ३० गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। आरोपितलाई प्रहरीले फागुन ३० गते बेलीबाट गिरफ्तार गऱ्यो। प्रहरीले फागुन ३० गते जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतले आरोपितलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।। यहाँ जिल्ला अदालतका न्यायाधीश कृष्णप्रसाद शर्माको इजलासले २०७७ जेठ २९ गते आरोपितलाई पुन:पुर्पक्षका लागि थुनामा पठाएको जिल्ला अदालतका सूचना अधिकारी नरबहादुर नेगीले बताए। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

३५ वर्षीया महिलालाई २०७६ फागुन २६ गते बलात्कार गरेको आरोपमा गोदावरी नपा–३ ओलानीका ३६ वर्षीय काले भुलविरुद्ध पीडित पक्षले चैत ९ गते जिल्ला प्रहरी कार्यालय, कैलालीमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण चैत ९ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। आरोपित फरार रहेकाले खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय, कैलालीका हवल्दार केबी रोकायाले बताए। यो वर्षको मध्यसम्म आरोपित फारर रहेका छन्।

१९ वर्षीया युवतीलाई २०७६ फागुन २१ गते बलात्कार गरेको आरोपमा गौरीगंगा नपा–९ का २५ वर्षीय दिपक जोशीविरुद्ध पीडित पक्षले चैत ८ गते जिल्ला प्रहरी कार्यालय, कैलालीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण चैत ८ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। आरोपित फरार रहेकाले खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय, कैलालीका हवल्दार केबी रोकायाले बताए। यो वर्षको मध्यसम्म आरोपित फरार रहेका छन्।

२० वर्षीया महिलालाई २०७७ असार १५ गते बलात्कार गरेको आरोपमा कञ्चनपुर जिल्ला बेलडाडी गाउँपालिका–५ का २२ वर्षीय धनबहादुर रानाविरुद्ध पीडित पक्षले असार १८ गते जिल्ला प्रहरी कार्यालय, कैलालीमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण असार १८ गतेसेती प्रदेशिक अस्पताल, धनगढीमा भयो। प्रहरीले आरोपितलाई असार १८ गते गिरफ्तार गऱ्यो। प्रहरीले जिल्ला अदालतमा शरीर बन्धक र जबरजस्तिकरणी शीर्षक अन्तर्गत असार १८ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश कृष्णप्रसाद शर्माको इजलासले साउन ८ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको जिल्ला अदालतका सूचना अधिकारी नरबहादुर नेगीले बताए।

४१ वर्षीया महिलालाई २०७६ चैत ४ गते बलात्कार गरेको आरोपमा भजनी नपा–९ डोडपुरका २४ वर्षीय रामस्वरुप चौधरीविरुद्ध पीडित महिलाले इलाका प्रहरी कार्यालय, भजनीमा चैत ४ गते उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण चैत ६ गते सेती

प्रादेशिक अस्पताल, धनगढीमा भयो। प्रहरीले चैत ६ गते आरोपितलाई गिरफ्तार गरी जिल्ला अदालत, कैलालीमा चैत ७ गते मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतका न्यायाधीश कृष्णप्रसाद शर्माको इजलासले २०७७ वैशाख १७ गते आरोपितलाई साधारण तारेखमा रिहा गर्ने आदेश दियो। हाल आरोपित जिल्ला अदालतमा तारिख लिइरहेका जिल्ला अदालतका सूचना अधिकारी नरबहादुर नेगीले बताए।

**अछाम**

२८ वर्षीया महिलालाई २०७६ पुस २८ गते बलात्कार प्रयास गरेको आरोपमा सोही ठाउँका ३५ वर्षीय बखत विष्टविरुद्ध पीडित पक्षले माघ १ गते जिल्ला प्रहरी कार्यालय, अछाममा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण माघ १ गते जिल्ला अस्पताल मंगलसेनमा भयो। आरोपित फरार रहेकोले खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय, अछामका असई जितेन्द्र धामीले बताए। हालसम्म आरोपित गिरफ्तार भएका छैनन्। यो वर्षको मध्यसम्म आरोपित फरार रहेका छन्।

**बैतडी**

१९ वर्षीया महिलालाई २०७६ माघ २९ गते बलात्कार गरेको भन्दै शिवनाथ गाउँपालिका-४ सोल्पलाका २१ वर्षीय लुलासिह महताविरुद्ध पीडित पक्षले फागुन १५ गते जिल्ला प्रहरी कार्यालय, बैतडीमा उजुरी दिए। प्रहरीले आरोपितलाई फागुन १५ गते सोल्पालाबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन १५ गते जिल्ला अस्पताल, बैतडीमा भयो। आरोपितविरुद्ध प्रहरीले फागुन १६ गते जबरजस्तीकरणी अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतले चैत ५ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दियो। यो वर्षको मध्यसम्म आरोपित पुर्पक्षका लागि थुनामा रहेका छन्।

**बझाङ**

१९ वर्षीया युवतीलाई २०७६ फागुन १२ गते बलत्कार गरेको आरोपमा दुर्गाथली गाउँपालिका- ४ का शिक्षक ३० वर्षीय बसन्त ओली र सोही ठाउँका २८ वर्षीय शिवराज जोशीविरुद्ध पीडित पक्षले फागुन १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितहरू मध्येका बसन्त ओलीलाई २०७७ जेठ ६ गते गिरफ्तार गऱ्यो। अर्का आरोपित शिवराज फरार रहेकोले खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय, बझाङका डिएसपी गणेश बमले बताए। प्रहरीले आरोपित ओली विरुद्ध जेठ १२ गते जिल्ला अदालतमा जबरजस्ति करणी अन्तर्गत मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश पदमराज पाण्डेको जेठ २७ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दियो। यो वर्षको मध्यसम्म फरार आरोपित शिवराज जोशीको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी बमले बताए।

**बाजुरा**

२३ वर्षीया महिलालाई २०७६ फागुन २२ गते बलात्कार प्रयासगरेको भन्दै त्रिवेणी नपा-२ का २४ वर्षीय लालबहादुर बुढाविरुद्ध पीडित पक्षले फागुन २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको फागुन २९ गते जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भयो । प्रहरीले आरोपितलाई फागुन २९ गते घर नजिकैबाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरूद्ध फागुन २९ गते जबरजस्ती करणी उद्योगमा जिल्ला अदालतमा मुद्दा दायर गरेकोमा जिल्ला अदालतले २०७७ वैशाख ३ गते आरोपितलाई १ लाख रुपियाँ धरौटी र तारिखमा रिहा गर्ने आदेश दियो। हाल आरोपित जिल्ला अदातलमा तारिख लगाइ रहेका छन्। यो वर्षको मध्यसम्म मुद्दाको फैसला भएन।

**परिवारजनबाट हत्या**

**कैलाली**

लम्कीचुहा नपा–९ गिधिनियाकी ६२ वर्षीया धारुदेवी धामीको घरयासी विवादमा २०७६ चैत ८ गते ६७ वर्षीय पति भक्तबहादुर धामीले टाउकोमा हथौडा प्रहार गरी हत्या गरेको आरोपमा प्रहरीले चैत १० गते गिरफ्तार गऱ्यो। चैत ८ गते धारुदेवी र भक्तबहादुरबीच सामान्य विवाद हुँदा धक्तबहादुरले धारुदेवीको टाउकोमा हथौडा प्रहार गरी घाइते बनाएका थिए। हथौडा प्रहारबाट घाइते भएकी धामीको मेडिकल कलेज कोहलपुरमा उपचारको क्रममा चैत ९ गते मुत्यु भयो। शवको पोष्टमार्टम चैत १० गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। प्रहरीले चैत १० गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश जयानन्द पनेरुको इजलासले २०७७ वैशाख ११ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको जिल्ला अदालतका सूचना अधिकारी नरबहादुर नेगीले बताए। यो वर्षको मध्यसम्म मुद्दाको फैसला हुन सकेन्।

**डडेल्धुरा**

गन्यापधुरा गाउँपालिका-२ कुवँरगाउँकी ७३ वर्षीया

राधादेवी नाथलाई २०७७ जेठ २७ गते २४ वर्षीय नाति रोशनराज गिरीले घरायसी विवाद हुँदा धान कुट्ने मुसलले हिर्काउदा घाइते भएकी उनको अस्पताल लैजादै गर्दा बाटोमा मृत्यु भयो। पीडित पक्षले जेठ २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। शवको पोष्टमार्टम जेठ २७ गते डडेल्धुरा अस्पतालमा भयो। शवको जेठ २७ गते नै परिवारजनले दाहसस्कार गरे।आरोपित नातिलाई जेठ २८ गते अमरगढी नगरपालिका-११ को जङ्गलबाट जिल्ला प्रहरी कार्यालयबाट खटिएको टोलिले गिरफ्तार गर्‍यो। आरोपित विरुद्ध जिल्ला प्रहरी कार्यालयले जेठ २८ गते जिल्ला अदालतमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालत, डडेल्धुराका न्यायाधीश हरीप्रशाद शर्मा उपाध्यायको असार ८ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल आरोपितलाई जिल्ला कारागार, डडेल्धुरामा पुर्पक्षका लागि थुनामा राखिएको छ। यो वर्षको मध्यसम्म ओरोपित थुनामा रहेका छन्।

**डोटी**

जोरायल गाउँपालिका-४ की २० वर्षीया अनिता बनलाई घरायसी विवादमा २०७६ चैत २३ गते गोली प्रहार गरी हत्या गरेको आरोपमा २२ वर्षीय पति खडक बनविरुद्ध मृतकका आफन्तले चैत २४ गते जिल्ला प्रहरी कार्यालय, डोटीमा उजुरी दिए। प्रहरीले आरोपित खडक बनलाई चैत २४ गते घरैबाट गिरफ्तार गर्‍यो। शवको पोष्टमार्टम चैत २५ गते जिल्ला अस्पताल, डोटीमा भयो। प्रहरीले चैत २५ गते जिल्ला अदालतमा मुद्दा दायर गर्‍यो। जिल्ला अदालत, डोटीका न्यायाधीश बिदुर काफ्लेको २०७७ वैशाख १७ गतेको इजलासले आरोपितलाई पुपर्क्षका लागि थुनामा पठाउने आदेश दियो। हाल आरोपित कारागारमा रहेका छन्। यो वर्षको मध्यसम्म आरोपित पुर्पक्षका लागि थुनामा रहेका छन्।

शिखर नपा-८ बेल्चौरकी ३० वर्षीया राजु दमाईलाई घरायसी विवादमा २०७७ वैशाख १२ गते कुटपिट गरी हत्या गरेको आरोपमा ३४ वर्षीय पति कृष्ण दमाईविरुद्ध मृतकका आफन्तले वैशाख १३ गते जिल्ला प्रहरी कार्यालय, डोटीमा उजुरी दिए। मौखिक उजुरीका आधारमा प्रहरीले आरोपितलाई वैशाख १२ गते शिखर नपा-८ बेल्चौर उनकै घरबाट गिरफ्तार गर्‍यो। शवको पोष्टमार्टम वैशाख १३ गते जिल्ला अस्पताल डोटीमा भयो। प्रहरीले आरोपितविरुद्ध वैशाख १३ गते जिल्ला अदालतमा मुद्दा दायर गर्‍यो। जिल्ला अदालत, डोटीका न्यायाधीश बिदुर काफ्लेको २०७७ वैशाख १९ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दियो। हाल आरोपित जिल्ला कारागार,डोटीमा रहेका छन्। यो वर्षको मध्यसम्म आरोपित पुर्पक्षका लागि थुनामा रहेका छन्।

**कञ्चनपुर**

शुक्लाफाँटा नपा-११ कलुवापुरका ५२ वर्षीय बाबु जयलाल भण्डारी र सौतेनी आमा ३४ वर्षीय धाना भण्डारीलाई घरायसी विवादमा २०७६ फागुन १४ गते हत्या गरेको आरोपमा २६ वर्षीय भरत भण्डारीलाई प्रहरीले चैत २ गते डडेल्धुरा जिल्ला अमरगढी नपा-२ जुगेनाबाट गिरफ्तार गर्‍यो। शवको महाकाली असपतालमा फागुन १६ गते पोष्टमार्टम भयो। प्रहरीले आरोपितविरुद्ध २०७७ वैशाख १० गते जिल्ला अदालतमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालत, कञ्चनपुरका न्यायाधीश शीवलाल पाण्डेयको वैशाख १० गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल आरोपित जिल्ला कारागार, कञ्चनपुरमा पुर्पक्षका लागि थुनामा रहेका छन्। यो वर्षको मध्यसम्म आरोपित पुर्पक्षका लागि थुनामा रहेका छन्।

**बेचबिखन तथा ओसारपसार प्रयास**

**कैलाली**

१९ वर्षीया मनिषा रानालाई प्रलोभनमा पारी २०७६ माघ १६ गते घोडाघोडी नपा–१२ का ५० वर्षीय परशुराम चौधरी र २३ वर्षीया ऐश्वर्य चौधरीले भारतमा बेचबिखन गर्न लैजान लागेको अवस्थामा ०७६ फागुन ८ गते प्रहरीले गिरफ्तार गर्‍यो। भारतको पलियास्थित कुटीमा गई २० तोला सुनको गहना लगाई देवीको रुपधारण गरेमा बाबाले करोडौ रुपियाँ दिन्छ भनी ललाईफकाई बेहोस बनाउने औषधि खुवाउन लाग्दा पीडित भागेर प्रहरीलाई खबर गरेकी थिइन्। प्रहरीले आरोपितलाई फागुन ८ गते धनगढीबाट गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण फागुन ८ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। प्रहरीले आरोपितविरुद्ध फागुन ८ गते जिल्ला अदालतमा मानव बेचबिखन तथा ओसार पसार अन्तर्गत मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालत, कैलालीका न्यायाधीश जयानन्द पनेरुको फागुन १३ गतेको इजलासले आरोपितहरूलाई पुर्पक्षका लागि थुनामा पठाएको जिल्ला अदालत, कैलालीका सूचना अधिकारी नरबहादुर नेगीले बताए। यो वर्षको मध्यसम्म आरोपित पुर्पक्षका लागि थुनामा रहेका छन्।

**कथित बोक्सीको आरोपमा कुटपिट**

**कैलाली**

गोदावरी नपा–९ सेहरीकी २६ वर्षीया मीना रानालाई २०७६ फागुन २५ गते सोही नपा–९ सेहरीकी २५ वर्षीया सीता चौधरीले कथित बोक्सीको आरोपमा गालीगलौज र कुटपिट गरेको भन्दै पीडितले फागुन २७ गते जिल्ला प्रहरी कार्यालय, कैलालीमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण फागुन २७ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। प्रहरीले आरोपितलाई फागुन २७ गते घरैबाट गिरफ्तार गर्‍यो। प्रहरीले जिल्ला अदालतमा फागुन २८ गते मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश बाबुकाजी बानियाको इजलासले जेठ २३ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको जिल्ला अदालतका सूचना अधिकारी नरबहादुर नेगीले बताए। यो वर्षको मध्यसम्म आरोपित पुर्पक्षका लागि थुनामा रहेका छन्।

कैलारी गाउँपालिका–२ पबेराका ३७ वर्षीया भागरती चौधरीलाई २०७६ फागुन २९ गते सोही ठाउँका ५० वर्षीय राजकुमार चौधरी र २८ वर्षीय राजु चौधरीले कथित बोक्सी भनी कुटपिट गरी घाइते बनाएको आरोपमा पीडित महिलाले जिल्ला प्रहरी कार्यालय, कैलालीमा फागुन ३० गते उजुरी दिइन्। पीडित महिलाको शरीरमा सामान्य चोट लागेकाले सेती प्रादेशिक अस्पतालमा फागुन ३० गते उपचार भयो। प्रहरीले आरोपितद्वयलाई फागुन ३० गते गिरफ्तार गर्‍यो। प्रहरीले जिल्ला अदालतमा फागुन ३० गते मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश बाबुकाजी बानियाको इजलासले चैत १३ गते आरोपितहरूलाई साधारण तारेखमा रिहा गरेकाले २०७७ भदौ २४ गते पेशी रहेको जिल्ला अदालतका सूचना अधिकारी नरबहादुर नेगीले बताए। यो वर्षको मध्येसम्म मुद्दाको फैसला भएन।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

**आगजनी/सम्पत्ति क्षति**

**कैलाली**

धनगढी उपमहानपा–८ बुद्धचोकस्थित दृष्टि फाउन्डेशनको आँगनमा राखिएको से ७ प २१८२ नम्बरको स्कुटरमा २०७६ चैत ६ गते राति पहिचान नखुलेको पक्षले आगजनी गर्‍यो। आगजनी कसले र किन गरेको हो नखुलेकाले घटनामा संलग्न पक्षको खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय, कैलालीका डिएसपी दक्षकुमार बस्नेतले इन्सेक प्रतिनिधिलाई बताए। घटनामा संलग्न पक्ष हालसम्म पनि गिरफ्तार हुन सकेका छैनन्। आगजनीबाट १ लाख ४० हजार रुपियाँको क्षती भएको फाउन्डेशनका संचालक कल्पना भट्टाले बताइन्। यो वर्षको मध्यसम्म घटनामा सङ्लग्न व्यक्तिहरूको पहिचान खुन्न सकेन।

**डडेल्धुरा**

अमरगढी नगरपालिका-५ किर्तिपुरस्थित सुदूरपश्चिम प्रदेश अन्तर्गतको पूर्वाधार विकास कार्यालयमा २०७६ माघ १२ गते राति प्रतिबन्धित नेकपाका कार्यकर्ताहरूले आगजनी गरे। प्रतिबन्धित नेकपाका डडेल्धुरा जिल्ला इन्चार्ज विजयद्वारा हस्ताक्षरित माघ १४ गतेको विज्ञप्तिमा उक्त आगजनी आफूहरूले गरेको स्वीकार गरेका छन्। आगजनीबाट कार्यालयको मुख्य ढोकामा क्षति हुनुका साथै झ्यालका सिसाहरू फुटेको जिल्ला प्रहरी कार्यालय, डडेल्धुराका डिएसपी दधिराम न्यौपानेले बताए। आगजनीबाट ५ हजार रुपियाँ बराबरको क्षति भएको पूर्वाधार विकास कार्यालयका प्रमुख रामचन्द्र भट्टले बताए। घटनामा संलग्न रहेका प्रतिबन्धित नेकपाका कार्यकर्ताको खोजी भइरहेको र हालसम्म गिरफ्तार गर्न नसकिएको जिल्ला प्रहरी कार्यालय, डडेल्धुराका डिएसपी न्यौपानेले बताए। यो वर्षको मध्यसम्म घटनाका आरोपितहरू गिरफ्तार भएनन्।

**डोटी**

सायल गाउँपालिका-१ छपालीको बाटो सफा गरेर राखिएको सायल गाउँपालिको बा १ ज ३२६७ नम्बरको स्काभेटरमा २०७६ फागुन ७ गते राति ११ बजे पहिचान नखुलेको पक्षले आगजनी गरेको गाउँपालिकाका अध्यक्ष तेजबहादुर डुम्रेलले बताए।

आदर्श गाउँपालिका-३ काँडि स्याउलेमा राखिएको आन्टीनेन्टल ट्रेडिङ इन्टरप्राईजेज काठमाडौँको बा १ क २१५९ नम्बरको स्काभेटरमा फागुन ७ गते राति करिब १० बजे आगजनी गरेको गाउँपालिकाका अध्यक्ष टेकबहादुर रोकायाले बताए। घटना कसले र किन गरेको भन्नेबारेमा थप अनुसन्धान भइरहेको र घटनामा संलग्न पक्षको खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय, डोटीका डिएसपी दिलिपसिंह देउवाले बताए। दुई ओटा घटनामा २ करोड बराबरको क्षति भएको सायल गउँपालिकाका अध्यक्ष तेजबहादुर डुम्रेलले बताए। घटनामा संलग्न पक्ष हालसम्म पनि पत्ता लाग्न नसकेको डिएसपी दिलिपसिंह देउवाले बताए।

# www.inseconline.org

# नेपालको पहिलो मानवअधिकार अनलाइन पोर्टल




## नेपाली र अङ्ग्रेजी भाषामा

मानवअधिकारसम्बन्धी विविध सामग्रीहरू समेटिएको यस वेबसाइटमार्फत्
देशको मानवअधिकार स्थितिको जानकारी लिनुहोस् ।

/inseconline

/inseconline

/INSECnepal